

अंक : ५

सम्पादक: नारायणप्रसाद बाँसकोटा

# प्रगति

## द्वैमासिक साहित्य संकलन

वि० सं० २०१०

पूस-माघ

सम्पादक

**नारायण बाँसकोटा**


प्रकाशक

**प्रगति प्रकाशन**

११।१०४, बागमतीपुल टोल

ललितपुर, काठमाण्डू

**नेपाल**

एक अंकको साढ़ेदुई रुपियाँ ]

[ एक वर्षको बाह्र रुपियाँ

# उपक्रमणिका


**कविता :—**

| | | | | |
|---|---|---|---|---|
| —साँझ | ... | माधव प्रसाद घिमिरे | ... | १ |
| —जाँदाजाँदै सम्झेर | ... | मोहन प्रसाद कोइराला | ... | २ |
| —दुइ कविता | ... | भीमदर्शन रोका | ... | ३ |
| —'रेली' प्रति | ... | भाइचन्द्र प्रधान | ... | ५ |
| —पाषाण म ता थिइन प्रिय ! | | लख्खीदेवी 'सेवा' | ... | ७ |
| —तीन कविता | ... | विजय मल्ल | ... | ८ |
| —प्रमिथस | ... | लक्ष्मी प्रसाद देवकोटा | ... | १० |
| —अस्तित्व को रूदन | | भवानी भिक्षु | ... | १५ |

**कथा :—**

| | | | | |
|---|---|---|---|---|
| —विचरी ऊ | ... | गोठाले | ... | १६ |
| —मृत्युपछिको जीवन | ... | कशवराज पिँडाली | ... | २६ |
| —पापको प्रायश्चित | ... | गंगाविक्रम सिजापति | ... | ३८ |
| —केरकार | ... | पूर्णप्रसाद 'ब्राह्मण' | ... | ४६ |

**निबन्ध :—**

| | | | | |
|---|---|---|---|---|
| —हाम्रो राष्ट्रभाषा | ... | बाबुराम आचार्य | ... | ४८ |
| —साहित्यमा शिवत्व | ... | लक्ष्मीप्रसाद देवकोटा | ... | ५६ |
| —दुसीको गन्थन | ... | रूद्रराज पाण्डे | ... | ६१ |
| —लेखक महासम्मेलन | ... | हृदयचन्द्र सिंह | ... | ६५ |

**आलोचना :—**

| | | | | |
|---|---|---|---|---|
| —कदाचित् बिर्सिएला | ... | रामकृष्ण शर्मा | ... | ७२ |
| —प्रजातन्त्रोत्तर नेपाली साहित्यमा विकास | ... | राजेश्वर देवकोटा | ... | ८३ |

**एकाङ्की :—**

—रुमा र बाली ... सिद्धिचरण ... ८६

**लोक साहित्य :—**

—जनगीतका विषयमा ... ईश्वर बराल ... ९४
—पंचेसुब्बा र नेपाली कपुंटारे लोकगीत ... सत्यमोहन जोशी ... १०२

**चिट्ठी :—**

—यूरोपको चिठ्ठी ... एल्० एस्० बाङ्गदेल ... १०५

**भेट :—**

—कथाकार विश्वेश्वरप्रसाद कोइराला ... शंकर लामिछाने ... ११४

**अनूदित साहित्य :—**

—जहाजी मामा ... मेरी लाम ... १२२

**सम्पादकीय :—**

—साहित्यको यथार्थवादी परिभाषा ... ... १३३

# प्रगति

द्वैमासिक साहित्य संकलन

वि० सं० २०१०, पौष–माघ

वर्ष १ ] सम्पादक—नारायण बाँसकोटा [ अङ्क ५

## साँझ.....

माधव प्रसाद घिमिरे

पारी भित्तातिर भइसक्यो घामलाली पहेंलो,
खेतालाले अनि त यतिमै आजको छोड्छ मेलो,
खेतालीका लहर घरमा जान लाग्छन् उकाली
नाके डाँडीउपर पसिना विन्दु साना खसाली।

★ ★ ★

चौतारीको सिरिसिरि हवा चल्छ बास्ना बहाई,
सारौं पन्छी पिपल रुखमा बोल्छ विश्रामलाई,
खेतालाका युवक युवती हाँस्तछन् खिल्खिलाई,
उठ्छन् सन्ध्या-समय सुनका टाकुरा झिल्मिलाई।

★ ★ ★

यो खोलाको नजिक जसको खेत पाँचै मुरी छ,
यो डाँडाको घर छ, रिनले उभ्रिएको धुरी छ,
चौतारिमा कृषक तर भन् गर्छ क्या अट्टहास,
छिर्छन् मुस्ला जब किरणका पश्चिमी शैलबाट।

★ ★ ★

छुट्छन् खित्का जब हृदयको बाफ रोकी सकिन्न,
झुक्छन् आँखा जब वइँसको भार बोकी सकिन्न
पस्छिन् मेरो यस हृदयमा गाउँकी ती किशोरी
सन्ध्यापारी चरम गिरिमा पस्छ छाँया जसोरी।

★ ★ ★

लान्छन् मौरीहरू कुसुमको झोल पाहाडबाट,
सन्ध्या लान्छिन् रँग र रचना लेकमा फाँटबाट,
गोठालाले पनि हृदयको लान्छ सर्वस्व सार
गाई गाईकन, दिनभरि लाइएको पियार

## जाँदा जादै सम्झेर......

मोहन प्रसाद कोइराला

ठूलो पहाड बेसीका हाम्रा गाँउको नजिक,
काख पसारेका चौरले
जहाँ हाम्रा बच्चाहरूलाई
प्रेम र ममताले स्थान दिएका छन् :
सप्रेम मेरो चुम्बन !
भयाउले चाउरिएको, काँसोले फुलेको,
बुढो चट्टान,-जसमा हामी गिल्लाले हाँस्छौं,
जो हाम्रा पितृहरू चपाउँदै हुरी र भेलमा टिक्यो
जो प्रतिध्वनिको मात्र गर्जेर जबाफ दिन्छ
ती झिच्च परेका सेता दाह्रालाई
सप्रेम मेरो चुम्बन !
त्यसैको अलिपर हाम्रो प्रेम गिज्याउँदै
भागिरहेकी स्वतन्त्र झरनाको स्वतन्त्र गीतलाई—
प्रिय, ( तिमी मेरी ! )
याद र दुःखका छिन छिनमा, हाँस्दै हसाउँदै
भुलाउन सकेको तिम्रो सलज्ज मुसकानमा
सप्रेम मेरो चुम्बन !
समय भन्दा पहिले भागेका ऋतुहरूले—
आँसुले लतारेका नक्ली नानीका
कोपिला आँखामा—
सप्रेम मेरो............

घच्चा र विना तक्लिफ मीठो हावा
साउती गर्दै हिड्छ,
जहाँ मैले फेरेका तातो सास र
बच्चामा किलकारी भरेको छ,
—त्यो विश्वको कुनामा मैले बासे सरेको
आँगन छ,
—त्यहाँ मेरा प्रियजन मरेका
चीसा ढुंगा र डढेका ताता चिहान छन्—,
औ चीसो सिरेटो, सेताम्मे तुषारो,
जाडो, दुःख, शर्म, काल,
अनिकालले
कक्रिंदै तापेको आँगनमा
सप्रेम मेरो चुम्बन !

## दुइ कविता

भीम दर्शन रोका

१

कुन आँउछ मेरो गीत खोस्न,
एकलै सफरमा मेरो मीत खोस्न,
सीमा नै टपि सकेको छु मैले,
कुन आँउछ मेरो जीत खोस्न,
कुन आँउछ मेरो गीत खोस्न
एकलै सफरमा मेरो मीत खोस्न ।
वर्तमान तिम्रो छ,
भविष्य मेरो होला,
कुन आँउछ मेरो अतीत खोस्न,

कुन आउँछ मेरो गीत खोज्न,
एकलै सफरमा मेरै मीत खोज्न ।

प्यार नै मेरो आरम्भ थियो,
प्यार नै मेरो अन्त होला,
कुन आउँछ मेरो प्रीत खोज्न,

कुन आउँछ मेरो गीत खोज्न,
एकलै सफरमा मेरो मीत खोज्न ।

२

नेपाल देख्दा कतै देखेको झैं,
बिहान कतै आँगन टेकेको झैं,
यसतो लाग्यो हृदयमा मेरो,
सपनामा कतै भेटेको झैं,
नेपाल देख्दा कतै.........।

टाढा टाकुराबाट गाएको झैं,
पखेराबाट गोरेटो आएको झैं,
यसतो लाग्यो हृदयमा मेरो,
चीर प्रवासको पसिना मेटेको झैं,
नेपाल देख्दा कतै.........।

हींड्दा हिंडदै अन्त पाएको झैं,
विहान निस्की घर आएको झैं,
अब फर्कुं कसरी लाग्दछ यसतो,
यो हिमालले मलाई छेकेको झैं,
नेपाल देख्दा कतै.........।

## 'रेली' प्रति........

भाईचन्द्र प्रधान

देखें आज तिमिकन, रेली, बन्दै बग्दै बड्दै अघि
पथमा अद्भूत नागबेली, छोडी सुन्दर स्मृति पछि !
बन्दै बग्दै बडदै अघि !!
कुन दिशा रे हो तिम्रो पथ,
कता-कहाँ हुने हो लक्ष्य,
लागेर सदैव अज्ञात-पथ,
पुग्छौ नै प्रतिपल-प्रतिपक्ष—
कता कहाँ हुने हो लक्ष्य—
तैपनि, त्यसैले देखें, रेली आज बग्दै बढेको अघि,
पथमा अद्भूत नागबेली, छोडी सुन्दर स्मृतिपछि !
आज बग्दै बढेको अघि !!
तिम्रो त्यो चिरालाप जो हो
सम्झूँ के त्यसलाई आज,
त्यो राग-रागिनी हो सुखको
कि अथाह विलाप को लाज
सम्झूँ के त्यसलाई आज !!
उसैले हेरें तिम्रो, रेली, आज प्रवाह बगेको अघि,
पथमा अद्भूत नागबेली, छोडी सुन्दर स्मृतिपछि,
आज प्रवाह बगेको अघि !
सुखको राग रे यस कारण कि
जन-जनार्दनका विह्वलता
स्पर्श भएन रे अघि वा पछि
मानो बनी मूर्ति-मूकता;
जन-जनार्दनका विह्वलता—
यसतो देखें तिमीकन, रेली, आज, बग्दै बढेको अघि,
पथमा अद्भूत नागबेली, छोडी सुन्दर स्मृति पछि,
आज बग्दै बढेको अघि !

विलाप-लाज यस कारणले
ढले उठे शृंग मैदान
तिमि मात्र खालि आफ्नो जलले
गरि हिड्छौ असफल-दान--
ढले उठे शृंग मैदान!
यसतै रूपमा भए पनि, रेली, देखें आज बढेको अधि
पथमा अद्भूत नागबेली, छोडी सुन्दर स्मृतिपछि!
देखें आज बढेको अधि !!
देखें आज तिमिकन, रेली,
फेरि बग्दै बढेको अधि,
पथमा अद्भूत नागबेली,
छोडी सुन्दर स्मृति पछि,
फेरि बढ्दै बगेको अधि !!

कालिम्पोङ शहरको पूर्वपट्टि 'रेली' खोला बग्दछ, जो अन्यमा गएर टिस्टा नदीसित मिल्छ। यसको प्राकृतिक सौन्दर्यले आकृष्ट भएर प्रतिवर्ष कालिम्पोङ शहर र छेउछाउका निवासीहरू त्यहाँ 'पिकनिक' खेलन जान्छन्। ता० २१-२२-'५२ मा यसतै पिकनिक खेलन जाँदाको यो पुण्य-स्मृति हो।

—लेखक

## पाषाण म ता थिइन प्रिय !........

लख्खी देवी 'सेवा'

पाषाण म ता थिइन प्रिय,
तिमीले उरको दाह गर्‍यौ,
मलाई घोच्न, उठाउन लाई
सुइरो अन्तरमा घोचि दियौ ।
पाषाण म ता थिइन प्रिय,
तिमीले मेरो अंजुली भरी
उत्पीडन, पीडा भरी दियौ,
तिम्रा लामा औंला ठड्याई
न पोख्ने मरून आदेश दियौ
पाषाण म ता थिइन प्रिय ।
मेरो हृदय-गगनमा,
कालो मेघ छरिदियौ
कैलो कैलो छ, न वृष्टि हुन्छ
मन्त्र घाम न लाग्ने फुकिदियौ ।
पाषाण म ता थिइन प्रिय,
तिमीले मेरो कण्ठमा,
विरहको गीत भरिदियौ,
मौनको पलेंटी कसेर,
रोदन गान सुन्ने मनसालियौ ।
पाषाण म ता थिइन प्रिय,
धात, होइन बज्र-घात गर्‍यौ
हिमलाई पाषाण सम्झी,
वज्र-घात गर्‍यौ
उरको दाह गर्‍यौ ।
हाय ! म ता जलेकै थिएँ,
भग्न मन्दिर यो भग्न थियो,
मेरो यो अशान्त अन्तरमा,
आघात पीडाको द्वन्द थियो

पाषाण सम्भयो, पाषाण बनुँ,
बज्रघात परोस् , म न पग्लुँ,
घात, आघात, बज्र-घात पाई
शान्त बनुँ, म प्रशान्त बनुँ ।

## तीन कविता

विजयबहादुर मल्ल

१

तिमी न तर्स,
म पत्थरमा खप्पर ठोकेर,
गहिरो पानिमा हाम्फालेर,
या खुकुरीले घिच्रो रेटेर,
दलीनमा झुन्डिएर,
अग्निमा कुदेर
मर्ने जानवर हैन ।
तिमी न तर्स,
चुम्बनमा रत्तिएर
अंकमालमा बँधिएर
ढुकुर झैं
पर्खँदा पर्खँदै रात काट्ने,
शिकारु प्रेमी झैं
सम्झनाको त्यान्द्रोमा झुन्डिएर,
यथार्थ बिर्सने
आईमाईलाई सर्बस्व सम्झने,
यौनको दास
परवस, विवस
म त्यसतो मानवाकार हैन ।
तिमी न तर्स
मेरो प्रेम अमर छैन ।

२

संसारमा एक हैन लाख झमेला छन्
सामना गर्ने साहसी लड़ाका, वीरको मात्र जरूरत छ।
एक हैन लाख अज्ञानीहरू छन्,
जसलाई बाटो डो-याउने, बुद्धिमानको जरूरत छ।
समाजको मात्र भार बोक्तै हिड्ने
सूर्य उदाएको कहित्यै नदेख्ने,
जीवन र मरणको बीचमा
सधैं अनवरत बढिरहने, बदलिरहने
समयको पात झर्दै, पल्हाउँदै, फेरि वैलाउँदै गइरहने
एक चुम्बन पछि अर्को चुम्बन
अर्को पछि अर्को,
प्यारको प्याला सिनित्तै रित्याउँदै
फेरि भर्दै,
हरेक वसन्तमा, नूतन हुनु पर्ने,
यो नबुझ्ने एक हैन लाख छन्;
नयाँ गीतले, जगाएर, बिउँझाउने
जागरूक कविको जरूरत छ!
मेरो जरूरत छ।

३

तिमीलाई यो परिचय,
कि जीवनको त्यो लहर
जो ताराहरुको काखमा पल्टेर बिउँझि रहेछ।
कि आगोको त्यो डल्लो,
जो गुलाफको फूलमा रंग बनेर देखा परिरहेछ।
कि मुसकानको त्यो झिल्को,
जो बादलको किनारमा लाली बनेर चम्किरहेछ।
कि मेरो दिलको त्यो सूनसान नगरी
जो एक आगन्तुकको प्रतीक्षामा जागा भइरहेछ।

तिमीलाई यो परिचय;
कि निम्नो चुम्बनकोनिम्ति एक मानिस याँहा खडा छ।
त्यही पर्याप्त छ !
त्यहि पर्याप्त छ !

## प्रमिथस ......

लक्ष्मीप्रसाद देव कोटा।

प्रथम अग्निचोर महावीर प्रमिथसले
जंग्याए स्वर्गाधिराज जिउस महाजंड
असहन प्रकृति, तिनी बलोन्मत्त रूद्र थिए
जाज्वल्यमान ! ओलिम्पसका पर्वतमा तिनी
अविजेय, अवरूद्ध कुलिशधारी देवेन्द्र
अयुत-सुरमणि-चर्चित-चरण-युगल
थिए महावीर्य ! तर ती थिए मानवका
अमित्र, ध्वंसन खोज्थे मानव जाति समस्त !

× × ×

यी जिउस थिए पितृहत्यारा, देवाधिराज
-क्रोनस-पुत्र ! -क्रोनस ! जसले महावीरतासँग
गरे स्वपिता यूरानस महादेबसँग युद्ध।
युद्ध गरे ती आदितेयहरुका पूर्व पुरुष
यूरानस महावली भूस्वर्ग विजयी विरोध,

× × ×

यूरानस थिए स्वर्गमण्डलका ओजस्वी सुर,
पूर्वपुरुष पाश्चात्य देवका यूनानी सब।
यिनले पाणिग्रहण गरे पृथिवीको जसको
नाम थियो जिया—ज्या ! अति सुन्दरी तिनी
अल्पस नगमालाका तुहिन वर्णले मीठी

जवारागफाले सुन्दर ! कौशेय परिधान
धानी धरेकी, कलकलस्वरा, कलाललिता
शश्यांचला, श्यामलचोली, घन पटुकी,
नृत्यमा थिइन् अति चतुरी, सूर्य वरीपरी
नाच्थिन् आकाशमा, चन्द्रहार-भूषिता,
सहनशील तिनको मिजाज थियो अति दानी ।
जुहारहरू हेर्न प्रसन्न बन्दथिन् स्वर्गका ।
ती बैंशेकन, फूलवेलीले सुन्दरी, एक दिन
सुधा-जूनमा स्वप्निल पाई नग-एकान्तमा
यूरानस स्वर्गराजले, लोभ्याई जुहारले,
लगे स्वराज्यमा बन्न वीर-माता महिषी !

× × ×

यस दिव्य विवाहको, भूस्वर्गको, भयो फल
तीन तनय सुन्दर, ब्रायरिओस, गाइज, कटोस,
यी थिए अजङ महावीर, पर्वत सदृश,
विशाल गात्र यी, पञ्चदशशीर्ष, शतबाहु
महीरुह-मूर्ति भए आदितेयहरु मध्ये ।

× × ×

यिनपछि भए समयमा नवप्रसूत
साइक्लोप्स्, आर्जिस्, स्टेरोप्स्, ब्रन्टीज । देवहरु ती
एकनेत्र, महादेह, महावीरहरु भए
जस्तो जन्मिन्छ अजङ अचलको पार्श्वमा
बाँझ बृक्षराज, झंझारोधी, लौहकलेवर त्यो
सहस्रकर, अयुतदलमण्डित, शतायु,
उन्नत शीर्ष...............

× × ×

तर अत्युच्छृङ्खल अति बलले
लोहतनु ती महावीर अदवले दबिएनन्
अब अवनीद्यौपति निज जनक यूरानसको ।
स्वेच्छाचारी तिनलाई कैद गरे यूरानसले

अथाह् अन्धकारमय, वेपींध खाडिमा
टार्टरसको-त्यति गहिरो जति छ पाताल

× × ×

जस्तो तुहीनाचलका सफेद कोखको सन्तान
जलनाग निम्नग शैलशिल्पक महावेग
खोला स्वेच्छाचारी वक्र विन्यासमा चल्छन् दूर
स्वपथ-गामी ती, शिलावाह, वृक्षोन्मूलक,
गुड्छन् गड्गड गतिले अनिरुद्ध, अविजेय,
पिता सदृश जलपुत्र, अनि लाख लाख
दृश्यपटको खडबड रंगमंचमा चारक
अधोगतिका करालीमा दुगुर्ने तिनलाई
मिल्दछ केवल खाडी-जीवन; मैदान चहारी
ती झन गड्दा चल्दछन् सागरोन्मुख बनी झर्ने
महापातालमा अगाध, अश्रुमय, अश्रु मय;
त्यहाँ कैद बनी चट्टानवार बीच बस्दछन्
युग, युग, अविमुक्त, त्यसरी गिरे यूरानस पुत्र

× × ×

प्रथम पुत्र संख्यामा यसरी अभागिनी ती
वीर जननी जियाले जन्माइन् तेरह तनय
महावीर अब फेरि-छ तनया, सात-सुपुत्र-
तिन मध्ये कनिष्ठहरुको नाम भयो टाईटन्
अजङ्, महावीर, अति बलवान् कनिष्ठतमको
नाम थियो क्रोनस ।

× × ×

जसरी महीरुह-समूह
दारूण गतिले-आँधीको हुन्छ ध्वस्त; घनघोर
प्रभंजनका झपेटाले शाखा ध्वस्त बनी झर्दछ
धडाक साथ मही वक्षमा; अनि त्यस विध्वंस पछि
पतित तरुवरको ठाउँमा नित्य-प्रसविनी
पृथिवी माता प्रसवाउँछिन् नव विटपवर्ग,
अझ विशाल गात्र, नव विहग नीड, महान्,

दोस्रा युगका सन्तान; त्यसरी जीयाले जन्माइन्
ती कनिष्ठवर्ग महावीर टाइटन ।

× × ×

ज्येष्ठपुत्रहरु ती जीयाका जब कैद परे,
जननी हृदय भो अति भग्न, अति प्रकुपित;
जीयाको ! जस्तो शावक खोर परेकी सिंहिनी
अश्रु दृशी, छटपट गर्दछे; ग्रीष्मबादल मनि
गर्जी घनघोर विरोध ! गह्वरनिनादिनी
महाकाली जंगलकी त्यो, विलास, विलासमा
बिजूलीको बोल्दी धराकम्प घोषमा "चोर हो !
कहाँ छ मेरो शेर शीशु ?"…त्यसरी वसुन्धरा
ज्वालामुख घोषले ठाउँ ठाउँमा उर चिरिंदी
गर्जिन् व्यर्थ । पितृ प्रकोलपे महापातालमा
कैद थिए जो मुक्त भएनन् कहिल्यै ती वीर

× × ×

रुन्थिन् रुष्ट जननी जीया, पुत्रवियुक्ता सदा,
ज्येष्ठ पुत्रहरुको क्रूर कैदले सवेदना,
जसरी रुन्छ बादलबाट बियुक्त पवन
"शावक भन्नी पशुराज यूरानस तिनसँग
मर्दछ, मर्दछ मन मेरो ! आफू भन्दा विक्रमी
होलान स्वपुत्र भनी यसरी डाहाले क्रूर !
लौह क्रूरता तिनको, अवर्णनीय, ओह !
कति दुष्ट ! कति पाषाण-हृदय ; कस्ता बाबु
वरु वज्र होला कोमल ! यी सन्तान थिचाहा,
भाले बिडालका, अति स्वार्थीछन्, विश्वास-
अयोग्य !

× × ×

"यी भीरका स्वरुप सदृश छन्, बड़ा बाङ्गा,
ठाडा पत्थरका ढेर ! सदा भ्रूकुंचित, रूष्ट !
आफ्नो छिमेकी डाहाड्ले अवलोकित महान्

उच्चतामा मदमत्त ! स्वर्गमा छु भन्ने घमण्ड !
आफ्ना कडा कोखबाट फलेका वृक्षका फल,
आढ्य-भविष्य सन्तान, मधुर-रस-संयुक्त,
यी अफाल्दछन् रीसका आँधी झोकामा तल
पातालमा फेदीमा ! मेरा सुन्दर, सुन्दर,
फल कुमारहरू ! सुवर्ण मुहार, मधुर !
ऋतुका धाइ-कामले संपोषित, सम्भावनाका
बीज-कोष ती झर्छन् पातालको अन्धकारमा,
हा ! विचरा ! महादरीमा शतचूर्ण, लाचार !
के यी सदा वायु वर्षाका प्रकृत क्षय द्वारा
खिइने छैनन् प्रति दिन ? यी क्रूर शावकाहार ?
अमृत रस सन्तान यसरी फ्याँकिन सक्ने
यी क्रूरको भ्रू पनि हेर्ने मलाई लाग्दछ च्याँठ !

× × ×

"धिक्कार यो स्वर्गलाई जो फयाँक्दछ आफ्ना पुत्र—
रत्न, स्वतारका, अन्धकारको वेपींध दरीमा,
निभ्न त्यहाँ जुगान्जुग ! पाताल मिट्टीमा मिल्न !"
सलिले-क्षिणी जीया रोइन् , हृदय-विदीर्णा,
"हाय ! कलेजाका ती टुक्राहरु आफ्ना मेरा
चुँडिए ! कठै ! कसरी बस्दाहोलान् ती सब ?
त्यस प्रकाशहीन कैदमा, त्यति चीसो स्थलमा ?
उम्रन मनाइ गरिएका, प्रकाशनिषिद्ध
वसन्तबीज सदृश विधिहत ती, पीलामुख !
सिकुडिएका खङ्ङङ निराश ! बरा ! ती वीर !
शक्ति सफल रुद्ध छ, छ आत्मा जंजीरमा !"

# अस्तित्वको रुदन .....

भवानी भिक्षु

एउटा क्षण पनि उज्ज्वलतर भै,
जीवनः व्यापी हुन्छ;
लिई मनोरमता त्यों झलमल-
झलमल, प्रतिपल घुम्छ;
कहिले त्यों अनुराग-व्याप्तिको,
सुन्दर साधन हुन्छ;
औ कहिले करुण विषाद पनि,
त्यहो माथि उडिहाल्छ;
आइ बितेको क्रम-स्मृतिमा, त्यो—
बचुञ्जेल नित्य छ, तर—
बाच्नुनै जगमा अनित्यतर ।

× × ×

कतिको पूजन कति आराधन,
कतिको स्वतः-समर्पण;
विरह-विकलता मूक निवेदन,
भावहरुको तर्पण;
मनोवेदनाले सिंगारिए—
को, सुकुमार कथा त्यो;
प्रतिपल नव्य रुप ली घुम्ने,
मधुरो आत्म-व्यथा त्यो;
यस्तो व्यापक 'प्रेम' "सृष्टिको—
नित नूतन मौलिकता"
अलि विषादमै उड्छ त्यो कता ?

× × +

भित्री हाहाकार भएर,
वाणी हुन्छ लाटो;
अन्तरोन्मुख भई. लिने गति—
आफ्नो अर्को बाटो;

प्रेमको मधुर, कटु अतीत नै,
स्मृतिहरु पछ्याउछन;
आफ्नो निधि सम्पति 'सपनाहरु'
क्रमशः बटुली राख्छन्ः
फलको साटो यो पूजा नै—
किन, हा ! छल भै हाल्छ ?
निष्ठा नै उफ ! प्राण पगाल्छ ।

\+ + +

ताराहरुलाई हेर्दै, यी
आँखा रजनीका—
पढ्छन् शेष पंक्ति, ढिटलाग्दो—
कुराहरु लेखेका;
अनि चढाइएका पीडाको—
पदमा, शुचि आँसु यो;
शीतका थोपा भई हाँस्छन्न्,
किरणहरुमा नै त्यो ;
कतै वेदना हाँस्तछ, हाँसो—
रुन्छ. यो कसरी कस्तो ?
शुचिमा अशुचि निहित किन यस्तो ?
मेरै अन्तरमा लहरन्छ,
ममता सागर यस्तो;
तृषित प्राणहरु मेरै छन, औ—
तिनकै गाग्रो रित्तो;
जुन जगमा मैले हाँसे, त्यो—
मेरै हँसी उडाउँछ;
मेरै आँखोको यो आदर,
अपमानित बनाउँछ;
माटो भैँ फाली राखेको,
हेर ! त्यसको क्षमता;
पूजित भैं ढुँगा भो देउता ।
कस्तो मानव ? सृष्टिको यो—
"अन्तिम कला-साधना;"

कस्तो मानव ? यस सृष्टिको;
यो "उच्चतर कल्पना,"
कस्तो मानव ? साध्य मात्रको,—
"सुन्दर, श्रेष्ट, सोच्य रुचि;"
कस्तो मानव ? विकासको यो—
"चरम सुचेष्टा, शुभ, शुचि;"
पायो मानवले 'प्रेम,' "जगत—
को अभ्रसम्मको कथा,"
तैपनि मानव भोग्छ किन व्यथा ?

× × × ×

भई पल्लवित पुटिपत हुन्छ—
'प्रेम' जहाँ, 'त्यो मानव';
फल्छ, पाक्छ औ हुन्छ स्वादिलो—
प्रेम जहाँ, 'त्यो मानव';
आदर पाउँछ, विजय गर्दछ—
प्रेम जहाँ, 'त्यो मानव'
प्रेमले निज पूर्णत्व पाउँछ—
जहाँ, "त्यही हो मानव"
मानव ! ओहो ! मानवबाटै,
घृणा पनि पाइन्छ;
अद्भुत पनि स्वाभाविक हुन्छ ।

× × × ×

करुणालाई सिञ्चित गर्दछ,
त्यो हो यो 'उत्पीडन';
अन्तर जसमा बाटो पाउँछ
त्यसको नाउँ छ'चिन्तन';
हृदय जहाँ आलोकित हुन्छ
तर्कको निम्ति त्यो 'तम';
प्राणलाई बाँधने सर्वतः—
अवरोधक, हो 'उत्तम'

"उत्तम" दम्भको वाह्य सजावट
अथवा भव्य हो, कुन्नि !
जे होस् , अन्धकार छ यस मुनि ।

× × × ×

जहाँ 'समर्पण' व्याकुल हुन्छ,
जगतै आँखा तर्ने;
जहाँ व्यथाहरु आश्रय खोज्छन्
जगत्—क्रूरता पुग्ने;
अर्थ लागने कुराहरुमा,
हेर्छ अनर्थ जगत् यो;
जहाँ प्रवाहित हुन्छ प्राण-रस,
जगतै भन्ने 'विष यो';
जुन धाराले पखालिई, यो
हुन्छ पवित्र मनोरम;
पतन भन्छ यसलाई त्यो चरम । ट

# बिचरी ऊ

**गोठाले**

अहिले मेरो बिहे भैसकेको छ। बा आमाले असल घरानको केटी खोजोर, बाजा बजाउँदै जन्ती लगेर मलाई स्वास्नी ल्याइदिनु भयो। मलाई बिहाको बारेमा केही चिन्ता गर्न परेन, न स्वास्नीको विषयमा नै। बिहे भन्नु, एउटी स्वास्नीमान्छे मेरी हुनु, म यसैमा तृप्त थिएँ।

चिह्नाको कृपाले भनुं या भाग्यले भनुं,—स्वास्नी राम्री र असल स्वभावकी, आकर्षक भेट्टाएको छु। स्वास्नी पाउनलाई प्रेमको वेदनाले छट्पटिनु, हाँसो उठ्दो घृणित प्रतीक्षाले आफूलाई हीन तुल्याउनु र कथामा झैं प्रेममा पर्ने अडकाउ र भीषण परिस्थितिलाई कुल्चेर जानु—यी सब मैले भोग्नु परेन। पुरोहितले मंत्रोच्चारण गरेर दुवैको जुठो चलाएको दिनैमा राती मेरी स्वास्नीले मसित राम्ररी हिलेर मिलेर कुरा गरी, माया गरी र आफ्नो आत्मा र शरीर केही आनाकानी नगरी नै सुम्पिदिई।

मेरी स्वास्नी मलाई देउता मान्छे, दिनका दिन ढोगिदिएर चरणको जल खान्छे, मलाई जीवनको देउता मान्छे र मेरो हुकुम तामेल गर्दछे। सती साध्वी स्त्रीमा हुनुपर्ने सब गुण छ उसमा। अर्को सबभन्दा ठूलो कुरा के त भने मलाई प्राण भन्दा पनि बढता गर्छे। त्यसो त म पनि उसलाई कम माया गर्दिन।

राती अबेर भयो भने आमा मेरी उसलाई भन्नुहुन्छ—"जा, सुत्न जा, अबेर भयो।"

उ धीमा पाइला गरेर आउँदिन, सबैले सुन्ने गरी ढोका ढ्यांग खोल्छे र मतिर हेरी मुसुक्क हाँसेर भित्र पस्छे। कसैले थाहा पाउला भन्ने डर छैन, कसैले शंका गर्ला भन्ने डर छैन। चियाएर हेर्ने र चाल नपाउने गरी सुन्न आउने कोही छैन; म सुखी छु।

अँ त, म पनि एक बखत प्रेममा फसेको थिएँ एउटी अर्कै ठिटीसित। त्यो कुरा संझदा पनि हांसो उठ्छ। भनुँ भने लाज लाग्छ। संझदा मनमा च्वास्स बिझ्दछ पनि।

ऐनामा आफ्नो मुख निहारिरहने प्रवृत्ति कुन वेलादेखिन् कसरी जागृत भयो त्यौ म भन्न सक्तिन। मलाई आफ्नो अनुहारदेखि मोहित हुने बानी बस्यो। एक दिन निधारमा खटिरा आए जस्तो लाग्यो—छोइ हेरें—दुख्यो। झटपट ऐनामा गएर हेरें खटिरा नै रहेछ। भित्रभित्रै मलाई एक तमासको आनंद भयो। सबैलाई देखाएँ। सबैले भने—"दंडीफोड हो दंडीफोड। पट्ठो भइस् पट्ठो! तरुनीले हेरी क्यारे!"

फेरी गएर ऐनामा हेरें। तरुनीको गोरो निधारमा सौभाग्यको टीका झैं जवानीले मस्केर बसेको रहेछ। मैले त्यस डंडीफोडलाई फोडिन, लोभ लाग्यो।

म पठो भएँ। त्यस बखत म सत्रह अठार वर्षको हुँदो हुँ। एउटा नयाँ साथीसित चिनाजानी भयो। त्यो साथी धेरै असल र स्नेहशील थियो। उसको नाम किन भन्नु। घर शहरको कुनै टोलमा हो। उसको र मेरो खूब हेलमेल भयो। एक दिन उसले मलाई घर लग्यो। घरको छिंडीमा पुग्दा एउटी ठिटी भर्याङबाट ओर्ली। हामीलाई (होइन खास मलाई) देख्नासाथ एक फेरा झस्की। अनि मेरो मुख एक निमेषैमा हेरिसिध्याइ, शरमाइ, खुम्चीइ र भागी। ठिटी गोरी, कट मिलेकी र राम्री थिई। त्यस बखत त्यस छिंडीमा भेटिएकी त्यो ठिटीको अनुहार उफ्! अझ पनि सम्झन्छु। छिंडीको अंध्यारो, सूनसान र दुर्गन्धमा पनि मेरो हृदयमा कुतकुति लाग्यो। त्यस बखत केटीले जांवे सुरुवाल लाएकीथिइ, फरिया लगाएकी थिइन। उ भाग्दा आएको सुरुवालको फटफट आवाज अझ पनि मेरो स्मृतिमा अंकित छ।

म माथि पुगेर कोठामा बसें। साथी र म दुवैजना गफ गर्न लाग्यौं। साथीले सोध्यो—"कृष्णामानको घर कहाँ छ हँ ?"

मैले कुरामा ध्यान नदिई टाल्ने किसिमले जवाफ दिएँ—"यतै, अँ यतै बांगे-मूढातिर"

उसले फेरि कोट्याउयो—"उसले पढ्न छोड्यो ?"

"कुन्नि"—मैले बेवास्तामा भनें।

वास्तवमा मलाई थाहा थियो—उ के गर्छ। म त्यही ठिटीको लज्जत र भगाइमा ध्यान दिइरहेको थिएँ। सोचिरहेको थिएँ—"को होली त्यो ?" तर मैले त्यो को हो भनी साथीलाई सोध्ने साहस गरिन। साथीकै बहिनी हो भन्ने अठोट गर्न मन लागेन। "बहिनी हो ? " भनेर सोच्दा आनंद लाग्यो, डर पनि।

हामी बसेको कोठा भर्याङनिरैको थियो। भर्याङमा कोही उक्लेको आवाज आयो। अनि मैले अनुहारको भावलाई दबाउने कोशीशमा साथीतिर हेरेर भनें—"भोलि सिम्भू जाऊँ।"

तर मेरो कान भर्याङतिरै थियो। उक्लेको आवाज सकियो, कोठाको ढोकासम्म पाइलाको आवाज आएर रोकियो। मैले ढोकातिर नहेरी सकिन। मलाई त्यो केटीले ताकी, मैले उसलाई। दुवैको आँखा जुध्यो। मैले हडबडाएर साथीतिर हेरेर भनें—"के भन्छौ ?"

त्यो केटी ढोका नाघेर पास भएको पनि सुनें। साथीले मेरो अनुहारको भाव बुझेको जस्तो लाग्यो। तब स्वास्स मनमा आयो—साथीकी बहिनी!—बहिनी

संझनु पर्दछ। मैले दोर्षाको झैं टाउको निहुराएँ।

साथीले भन्यो—"भोलि के छ र सिंगुमा ?"

"भोलि अष्टमी सिंगुमा जात्रा हुन्छ।"

बल्ल सास माथि आयो। त्यसै बखत उताबाट एउटी ठिटीको कंठ स्वर सुनियो—"दाई, दाई, आमाले झट्ट आउनोस् रे।"

त्यस दिन रातभरी मैले त्यस ठिटीलाई संझन्न भन्दा पनि संझिरहें। मोहनी लाग्दो किसिमले खुम्चेर भागेकी, कलिलो स्वरमा "आमाले झट्ट आउनोस् रे" भनेर बोलेकी।

भोलिपल्ट म साथीको घरमा जान तम्सिएँ। साथीले असनमा रामचाको पसलमा भेट्छु भनेको त थियो। कृष्णमान भन्ने मेरो अर्को साथी छ त्यसको घर पनि उतै पर्छ। उसलाई धेरै दिन भयो भेट नगरेको— भेट्ने रहर पैदा भयो। तर कृष्णमानको घर पुग्दा कृष्णमान होबैन जस्तो लाग्यो र बोलाइन। सीधा त्यही साथीको घरतिर लागें। घर पुग्न लाग्दा फर्कुं जस्तो पनि लाग्यो। सान सानो पाइला गरेर पनि साथीको घर पुगिहालेछु।

आँखा उठाएर माथि झ्यालमा हेर्छु त--उही केटी! झ्यालमा उही केटी देदीप्यमान रहिछ।

उसले मलाई देखिहाली र जिब्रो काटेर भागी। मलाई पनि शरम लाग्यो। मैले आफ्नो सोचाइलाई संभाल्दा संभाल्दै पनि यो कुरा सोचि हालेछु—"उसले मलाई नै पर्खिरहेकी होली।"

भर्याङमा पुगेर साथीलाई बोलाएँ। त्यस बेला शायद मेरो स्वर लरखरेको थियो, दुई तीन चोटि बोलाएँ। कसैले जवाफ दिएन। केटीले जरूर सुनेकी होली, तैपनि बोलिन। मेरो मनमा हांसोको लहर दौड्यो। तैपनि म दिक्क भएर भुनभुनाएँ—"कस्ती रहिछ!"

अर्कै स्वास्नीमान्छेको आवाज आयो—"तल को हँ ?" मैले भनें—'म'

फेरि पनि माथिबाट साथीको आमा बोलिन्—"तल को हँ ?"

मैले ठूलो स्वरमा भनें—'म'

त्यो केटीले भर्याङमाथि उक्लेर भनी—"दाइको साथी क्यार!"

"छैन भन्न सकिनस्, अहिले हो बोलाइरहेको!"

म फर्कन तयार भएँ। तैपनि पर्खें। तर "छैन" भन्न कोही आएन।

बाहिर निस्कन्छु त साथी टुप्लुक्क भेट भयो। पल्लोपट्टि छिमेकीको घरबाट बाहिर निस्केको रहेछ। म आफूलाई चोर समातिएको जस्तो लाग्यो।

साथीले भन्यो—"असनमा जान त बिर्सिहालेको !"

मैले उसको कुराको वास्तै नगरीकन भनें—"कृष्णमानकहाँ किताब लिनु थियो र आएको, भेट भएन। अनि......।"

साथीले भन्यो—"सिन्धु जाने ?"

एकछिन म टोहलाएँ।

उसले भन्यो—"हँ ? "

मलाई सिंधु जान मन लागेन। साथीलाई भेट हुँदा खुशी लाग्यो। मैले हाँस्दै भनें—"जाने र ?"

"जाऊँ न मज्जा हुन्छ"

"हुन्छ त एक छिनपछि जाउँला"

छिंडीमा कोही भेट भएन। भर्‌यांग उक्लें कोही भेट भएन। अनि कोठामा दुवै बस्यौं। साथीले लुगा लाउन थाल्यो। म मौन र गंभीर थिएँ। माथिबाट चुराको छिनिक्क आवाज आयो। भाँडा रवसेको शब्द आयो। उ काममा लागेकी होली। साथीले चाँडै लुगा लाइसिद्ध्यायो। साथीले भनेको थियो—"रामचालाई एक चोटी भेट्नुपर्छ।" हिंड्न त मन थिएन। तर कसरी सुख पाउनु। भवास्स मनमा आयो—साथीकी बहिनी ! हृदयमा एउटा गह्रुंगो बोझा लिएर भर्‌यांग ओर्ह्लें। ढोका बाहिरसम्म निस्कें र परसम्म पुगें।

तीन दिनसम्म मैले साथीको घर जानै पाइन। साथी कहिले बाटैमा टुप्लुक्क भेटिन्थ्यो, कहिले मेरै घरमा आइपुग्थ्यो। त्यो दिन साह्रै नीरस भयो।

चौथो दिन म उसकै घर पुगें। केटी साथीको कोठाबाट कुचो समातेर निस्की र यतातिर हेर्दै नहेरी छिटछिटो गई। म भित्र पसें।

एक छिनपछि फरिया लगाएकी एक तरूनी मेरो अघिल्तिर देखा परी। त्यो त्यही केटी रहिछ। उ त्यति चाँडै फरिया लगाएर मेरो अघिल्तिर किन देखा परी। एक छिनसम्म म अचम्भ भएँ। एकै पलकमा मैले उसको सारा वदनलाई देखें। उसको चुट्टक्क परेको शरीर पातलो पातलो, राम्ररी नमिलेको, माया लाग्दो मलाई लाग्यो। नयाँ किसिमको भावना आयो। उ भर्‌यांग ओर्ह्ली। तर एकै छिनमा माथि आई र हामी बसेको ढोकाबाट पाइलालाई तोलदै यतापट्टि हेर्न नचाहे झैं गरी पास भई।

त्यसदिन ओछ्यानमा पल्टेपछि खास्टो ओढेर सुत्न लाग्दा यसो विचार गरें—"हँ, साथीकी बहिनी, बहिनी हो मैले के विचार गरेको ! मैले बराबर प्रतिज्ञा गरें—म उसलाई बहिनी संझनेछु, कुभावना राख्ने छैन। तर घुमी घुमीकन अनेक किसिमको इन्द्रियलिप्साको भावना आइरह्यो।

बिहान उठेर मैले विचार गरें—'आज म जान्न' तर भात खानासाथ मलाई त्यही घरले खिच्न थाल्यो। 'जान्न' र 'जाउँ'को तानातानमा आखिर 'जाउँ'ले जित्यो र चार बजे घुम्न जाने बहानाले त्यहाँ पुगिहालें।

अब अरू कुरा म सम्झन्न। एक न एक बहानाले म त्यो घर रोजै जस्तो जान्थें। घनिष्ठता बढ्दै गयो। त्यो घरमा म निस्फिक्रीसित वेसंकोच पुगिहाल्दथें। जान्थें, साथी नभएको बेलामा कोठा खोलेर एक्लै बस्थेँ पनि। साथीकी आमा मसित कुरा गर्थिन् ठट्टा गर्दथिन्।

मैले केटीसित कुरा गर्न पाएको थिइन। म त्यहाँ कोठामा बसिरहेको बेलामा ऊ बाहिर ओहरा दोहरा गरिरहेकी हुन्थी। कहिले गाग्रो बोकेर पानी लिन जान्थी, कहिले कुचो लिएर ओहरा दोहरा गर्दथी। दिसा गर्ने लोहटा समातेर तल ओर्लन्थी, छिंडीमा जान्थी। कोही मान्छे आयो भने त्यही कोठा बाहिरै बसेर कुरा गर्दथी। त्यो सबै मेरैनिम्ति, मलाई देखाउन, हाँसो मेरैनिम्ति, ठट्टा मलाई सुनाउनको लागि हो जस्तो लाग्दथ्यो।

मैले कुरै गर्न पाएको थिइन। उसित बोल्ने साहस थिएन। साथीको बहिनी भनेर हो कि आफ्नै संकोच र लज्जाले हो अथवा उ अघिल्तिर परेर पछि हट्ने र लाज मानेर भाग्ने कारणले गर्दा हो। मैले उसित बोल्ने साहस गरिन।

राती सुत्नेवेलामा रोजै यसरी कुरा गर्छु उसरी कुरा गर्छु भन्ने कल्पना गर्दथें। भोलिपल्ट फेरि त्यस्तै।

उसको बानी कसैसित नबोल्ने हैन। हरिकृष्ण भन्ने मेरो साथीको अर्को एउटा साथी छ। ऊ म जत्तिकै पुरानो र नयाँ पनि हो। ऊ कहिले काहीं मात्र त्यो घरमा आउँछ। केटी उसित मज्जासित विनासंकोच कुरा गर्दथी। तर मसित चाहिं उहूँ! यसमा मलाई बिझ्ने कुरा केही छैन। म संतोषी नै थिएँ। यसमा मेरो आफ्नो जीतै भएको थियो। हरिकृष्ण मेरो अगाडि कुरूप थियो। ऊ कालो र छ्याकटे थियो। संकोच किन, म निस्फिक्रीसंग भन्छु—म राम्रो छु। साह्रै राम्रो नभए पनि ममा स्वास्नी-मान्छेलाई तान्ने आकर्षण छ। हृदय चाहिन्छ :–हृदय पनि त मेरो! मदेखि लाज मानेर भाग्नु पनि त प्रेमकै लक्षण हो नि!

एउटा अर्को कुरा संझन्छु। एक दिन केटीको भान्दाई भन्ने आएको थियो। उसित मैले सुन्ने गरी केटीले कुरा गरी—"ऊ त्यो घरको राममाया मन पर्छ? आउंछु भन्छे।"

मैले संझे—यो मलाई नै पेच हानेको हो। वास्तवमा त्यस घरकी राममाया झयालमा बसिरहन्थी र म उसलाई हेर्न चुक्तिन थें। यो कुरा केटीले चाल पाएकी

छ भन्ने मलाई थाहा थियो । उसको इर्ष्यालाई जगाउन म राममायालाई झन् देख्ने गरी ताक्दथें । केटीको राममायामाथिको इर्ष्याले मलाई तृप्ति दियो ।

प्रेमको मेरो हृदय भकभकी पाक्न थाल्यो । मैले कसैलाई केही भन्ने साहस गरिन । आमा बाबुलाई कसरी भन्ने ! तैपनि भन्छु भन्ने त लाग्दथ्यो, तर लाजले भन्न सक्तिनथें । केटीको जात मेरो भन्दा सानु थियो । पहिलो रोकावट त्यही आइपर्छ । आमालाइ ठट्टा गरेझैं छेड्को दिन्थें—"म बिहे गर्दिन, आफै उडाएर ल्याउँछु ।"

आमा हाँस्नु हुन्थ्यो—र भन्नु हुन्थ्यो "लिएर त आ चुल्ठो समातेर निकालिदिन्छु । होइन भने तंपनि बाहिरै बस् ।"

कथामा झैं प्रेममा भएको बन्धन र रुकावट ! सतहमा निराशा तर हृदयको गहिराइमा सन्तोष थियो ।

हामी दुई जनामा प्रेम परेको छ । यो कुराको पत्तो साथीले पायो पाएन । उसले मलाई केही भनेन न मैले उसलाई । ऊ लाटो त हैन । उसले बहिनीलाई—"ए आगो ले"—"ए पानी खानले" भनेर बराबर बोलाउँथ्यो । बहिनी झर्केर सक्तिन भन्दथी । तर एकै छिनपछि आगो अथवा पानी ल्याएर मुन्टो फर्काउँदै ढोकामा टक्क्याएर जान्थी । यो सब किन ? साथी अबुझ थिएन । तर उसले मलाई केही भनेन । म अनुभव गर्दथें—मैले नदेखिने गरी उ मेरो मुख निहारिरहन्थ्यो । तर केटीका आमा बाबु भने एकदम लाटा थिए । यी सब कुराहरूमा लाटोपन दर्शाएको हो कि, अथवा जात नमिल्ने हुनाले हो—म केही भन्न सक्तिन ।

एक दिन म साथीको कोठामा बसिरहेको थिएँ । साथी पसलतिर केही किन्न गएको थियो । पर्खिरहें, धेरै बेर भो आएन । साँझ पर्न लाग्यो आएन । कोठामा भएका सबै कितापहरू ओल्टाएँ पल्टाएँ । तर केही पढिन । कोठामा भएको सबै तस्वीरहरूलाई एक एक गरेर हेरें । केटीको बाबु, आमा, साथी र ऊ बसेर खिचेको तस्वीरमा बराबर दृष्टि परिरहन्थ्यो । केटी त्यस वेला भर्खर दुध खाने बालक, निर्दोष आमाको काखमा खेलिरहे झैं थिई । साथी चाहिं बुद्धु जस्तो भएर भैंमा बसेको थियो । बाहिर तला र फरियाको आवाज आयो । आँखा ढोकैतिर फर्क्यो । केटी गाग्रो लिएर जान लागेकी थिई । आँखा जुध्यो । म मुस्कुराइदिएँ । उ पनि मुस्कुराएर भर्याङ ओर्ली । उसको शरीरको बनावटलाई जवानीले परिपुष्ट बनाइसकेको थियो । मैले सुलुत्त परेको माछाको शरीर देखें । अनिपछि मेरो मन ढुकढुक हुनथाल्यो । बसें, उठें, झ्यालबाट बाहिर हेर्न थालें । भर्याङमा आवाज आउँछ कि भनेर कान थापें । केटीसित

कुरा गर्ने, अझ हात समातेर बोल्ने इच्छाले तुलबुल तुल्याउन थाल्यो। भर्‍याङको आवाज आयो। मेरो खुट्टा लगलगी काप्न थाल्यो। ढोकासम्म पुगें, फर्कें। केटो माथि आई। ओठमा हाँसो च्यापेर लाज मान्दै पास हुन आँटी। म अघिल्तिर बढेको मात्र थिएँ पास भइहाली। ढोकाबाट हेरें उ फट्का मार्दै भर्‍याङ चढी। अनि म आएर बसें। इच्छा एकदम कता गायब भयो कता ! त्यसको सट्टा भयले आएर छोप्यो। कहीं ऊ त रिसाइन, कसैलाई त भनिदिने हैन। म दोषी झैं उठें र ढोका थुनेर तल ओर्लें।

मैले मनलाई संझाउन खोजें—बहिनी हो बहिनी ! तर मनलाई संतोष गराउन सकिन। म चिसिएर सोच्न लागें—काम वासना प्रेम होइन। प्रेम शुद्ध हुन्छ ! प्रेममा वासना हुँदैन। र मैले उसलाई आदर्श प्रेम गर्नु पर्दछ। आदर्शप्रेम कमजोरीले रक्षा भएकोले मैले आनन्द मात्र खोजें। तर मनको एक कुनामा हातबाट माछा चिप्ले झैं पनि लाग्यो।

भोलिपल्ट संसय तथा भयले म गइन। पर्सिपल्ट गएँ त केटीको अनुहार देखेर मेरो मन हलुंगो भयो।

एक दिन अकस्मात् साथीले निन्याउरो मुख लगाएर मलाई भन्यो—"भोलि म वीरगंज जान्छु मौजामा।"

म खंग्रांग खुंग्रुंग भएँ। मैले भनें—"किन, किन र भोलि नै ?"

उसले भन्यो—"बा र म जानें, मौजामा कुन्नि के गोलमाल पर्‍यो।"

उसले फेरी भन्यो—"तीन चार महीना त्यहाँ बसिन्छ कि !"

साथीको घरमा गएँ। भित्र साथीको बाबु चाहिं लुगा फाटो बाकसमा राख्ने र गुंटा कस्ने आयोजना गर्न लागिरहेका थिए मटानमा झुम्रे-झाम्रे भरियाहरू चिलम्मातमाखु खान लागिरहेका थिए। तमाखुको खरो गन्ध वाक्क लाग्दो थियो। केटीबाबुलाई सगाइ रहेकी थिई। मलाई देख्नासाथ उ उठ्न खोजी तर बसी। एक चोटि खिस्स हाँसेर टाउको निहुराई। त्यो हँसाइ रमाइलो हँसाइ थिएन—खल्लो थियो।

जब मैले साथीको बाबुलाई 'जानोस् है राम्ररी' भनेर हिंड्न लागें, केटीले मेरो मुख ताकी। त्यो तकाइमा दीन याचना झैं थियो—देखा पर्नै गर है'। म ढोकाबाट बाहिर निस्कें। बाहिर निस्कंदा उसको तकाइको अनुसरण गरेको जस्तो लाग्यो। साथीलाई फेरि काँपेको स्वरमा हाँस्दै भनें—"चिट्ठी लेख है ?"—र म भर्‍याङ ओर्लें।

त्यति हो। त्यसपछि फेरि केटीको नाक मुख देखिन। साथीको घरतिर केही आशा लिएर जान्थें। तर भित्र जाने साहस भएन। कुन बहाना लिएर जाऊँ ? पछि यो पनि थाहा पाएँ दुवै आमा छोरी मावली घर गएका रहेछन्।

म यसैमा आनन्द पाउन लागें––उ मलाई लिएर राती कति कल्पना गर्दिहोली। कति देखिन र हेर्न चाहेकी होली उसले।

करीब दुई महीना बित्यों। साथी टुप्लुक्क घरमा आइपुग्यो। म आश्चर्यचकित भएँ, साथै दंग पनि।

मैले सोधें—"कहिले आयौ ?"

उसले संक्षेपमा गंभीर भएर जवाफ दियो––'हिजो'

"कस्तो छ त, मज्जा छ ?––मोटाएर आएछौ !"

"मजै भन्नु पर्‍यो, नत्र अन्त अन्त पनि जाने सुर थियो।"

"किन त ?"

"गाउँको गाउमै बसेर, यतातिर हत्तारिएर आएँ"

"किन ?"

"त्यसै––नत्र"––साथीले अनकन्नाउँदै जवाफ दियो र एकै सासमा बोल्यो–– "बहिनीको बिहे, ४।५ दिन मात्रै बाँकी छ।"

"हँ"––ठूलो चोट बज्र्यो ममाथि। म सोच्न लागें––मैले एक चोटि पनि कुरा गर्न पाइन। प्रेमको दुई वचन सम्म पनि बोल्न पाइन। जुनेली रातमा घुमफिर गर्ने कत्रो सपना थियो त्यो पनि पूर्ण भएन !!

पछि मनलाई सान्त्वना दिन खोजें। पाउनुमा नै प्रेम अडेको छैन। नपाउनाले झन् प्रेमको महत्व बढ्दछ। बिहे भयो––सिद्धियो ! प्रेम नैराश्यमा नै सजीव हुन्छ। यस धारणामा मीठो स्वाद पनि पाउन लागें।

केटीको बिहेमा भोज खान मलाई पनि निम्तो आएको थियो। पेट दुखेको बहानाले भोज गइन। चांदीको चंचालाई एक छिनसम्म निहालें र अनजानै ओठसम्म पुन्याएर गोडधुवा (दाइजो) पठाइदिएँ।

भोक लागेको त थियो। तैपनि पेट दुखेको बहानाले भात अलिकति मात्रै खाएँ। भात खाएर कोठाको ढोका थुनें। रात भरी निद्रा आउँदैन भन्ने थाहा थियो तैपनि सुत्न कोशीश गरें। ओछ्यानमा सिरक ओढेर पल्टेपछि सोचें–एक चोटि पनि 'मिलन' भएन। नत्र दुईजना भएर अन्धकारमा ताराहरू गन्थ्यौं।

बिहान उठ्दा मगज ताजा भइरहेको थियो। रातभरी मस्तसित सुतेछु। निद्रा लागेकोमा शरम पनि लाग्यो। पछि आड लिन पुगें––"केही नपाउनेलाई सहारा निंदै त हो नि।"

केही दिनपछि मलाई एक जनाले भन्यो––"उ तीनदिन देखि बिहे हुने कुरा सुनेर, टाउकै नउठाई रोईरहिछ रे।"

यो कुरा सुनेर म उत्फुल्ल भएँ। मैले मन मनै भनें––"बिचरीलाई कत्रो चोट पर्‍यो।" र मैले पनि आफ्नो हृदयमा चोट परेको ठाउँको अनुभव गर्न खोजें।

पछि यो पनि सुनें––"ऊ लोग्नेको घरमा दिनभरी झोक्राएर बसिरहन्छे रे!"

यसमा पनि मेरो मन फुलेर माथिसम्म आयो। उसको नव विवाहित पोइलाई मैले चिनेको छु। कालो, आँखा भित्रसम्म सिएको। मैले आफ्नो अनुहारलाई स्मृतिमा संझे। यसमा पनि मेरै जीत थियो। बिचरी पोइसित कसरी बस्ती होली। उसलाई पोइ देखेर कति घृणा हुँदो हो। म कल्पना गर्न लागें। कसरी भद्दा किसिमले उ बोल्दो हो। कसरी ऊ जिस्कँदो हो। म इर्ष्याले जल्न लागें। फेरि सोचें––"कसरी अनिच्छापूर्वक त्यो केटीले पोइलाई आत्म समर्पण गर्दिहो। कसरी चिसो भएर चुम्बन को गाला थाप्दी होली, अनि गालामा परेको घीन लाग्दो थूक पुछ्ती होली। बराबर यस्तै कल्पना आँखामा नाचि रहन्थ्यो।

लैला मजनूंको प्रेम झैं मेरो जवानीमा घटेको घटनाले मानो प्रेमको ध्येय पूरा भए जस्तो लाग्यो। मलाई संतोष भयो, आनंद पनि। मैले कसैलाई प्रेम गरेको थिएँ, कसैले मलाई हृदय दिएकी थिई। त्यो कम ठूलो कुरा हैन। कत्रो अहोभाग्य! प्रेम शुद्ध छ – वासनामय होइन। सबैको अघिल्तिर जवानीको धाक लाउने अधिकार पाएँ। सबैको इर्ष्याको अधिकारीपनि हुन पायें।

म त्यस वेलादेखि साथीको घरमा कमै जानलागें। उ मेरो घरमा आउँछ। कहिले काहीं मलाई उसको बहिनीको दीन वेदना-मिश्रित अनुहार हेर्न रहर लाग्दथ्यो र जान्थें। तर उ देखा परिन। शायद पोइको घरमा होली। त्यसैले देखा पर्ने साहस गरिन होली।

धेरै दिनपछि एक दिन म साथीको घरमा एक्लै गएँ। पहिले पहिले झैं छिडीमा बसेर बोलाएँ। त्यो केटी बोली–"तल को?"

म झस्कें र आश्चर्य चकित भएँ। मैलेसानो स्वरमा बोलें––"म"

"को म?"—भन्दै उ भर्‍याङको बीचसम्म ओर्ली।

यति चाँडै मेरो स्वर बिर्सी!––झट्ट सोचें––'शायद मलाई हेर्न चाहन्छे'––मलाई संकोच लाग्यो। झटपट संभालिएर अनुहार गंभीर बनाएँ र सकेसम्म पीडाको भाव पनि दर्शाउन खोजें। उसले मलाई देखी र आँखामा आँखा जुधाएर भनी––"ए तपाईं, कोही पनि छैन"

यंत्र झैं म फरक फर्कें। ऊ माथि गई। यो आशातीत घटना कहाँबाट भयो।

उसको आँखामा त्यो चमक खोई ! अनुहारमा हँसिलो पन खै ! त्यो संकोच खोइ ! त्यो शरम खै ! साह्रै तीतो अनुभव भयो बरू भेट न भएको भए हुने । तैपनि उसको अनुहारमा कारूण्य छ कि भंने ठानेर उसलाई भर्‍यांगमा बसेको सम्झें । धेरैबेर सोचे-पछि आँखाको कुनै कुरामा मप्रति प्रेमको रस पाएँ । म विचार गर्न लागें––उसले मनको भावलाई दबाएर एक्टिंग गरेकी होली । उसले मलाई टाढाको ठान्न खोजेकी हो । मैले पनि पापै गरेको हुँ । किन बिहे गर्न सकिन, लग्न सकिन !!

अब म उसलाई हेर्न भनेर जान्न । ऊ पनि यताउति चंचल भएर अब हिंड्डुल गर्दिन । कहिले देखाह पर्छे, तर नदेखे झैं रसहीन भएर हिड्छे । कहिले मेरो अघिल्तिर आएर दाजुचाहिंसित निसंकोच कुरा गर्दछे । मसित पनि बोल्न खोज्दछे, तर म बोल्दिन । एकै थलोमा बसेर खरो आवाजमा बूढीले झैं कुरा गर्दछे ।

म सोच्न कोशीश गर्दथें—"प्रेममा ठगिएकी बिचरी ऊ, असमयमै बूढ़ी भई ।"

# मृत्युपछिको जीवन

केशवराज पिंडाली

दुनियाँ मलाई पागल भन्दछ। रसिएर तहसम्म पसी मेरो कुरा जान्न खोज्ने चाहसम्म पनि मैले कसैमा पाइन। जो उकेलें, जति उकेलें पागलपनका प्रलाप मात्र संझिइए अनि कुरो मैले भन्ने पनि चाहिन। व्यर्थ मनको उद्गार पोखी जग हँसाईं अब के फाइदा! आफ्नै आफ्नो भएन, उल्टै जेल पठाइएँ, कैयन यातना झेलें, कष्ट उठाएँ। अब आज शहरका गल्लि गल्लिमा भौंतारिएर हिड्ने म एउटा पागल व्यक्तिमा दरिएको छु। नहुने भइसक्यो, अब म के को आशा राखूँ। साँचि भन्ने हो भने न मलाई अब केही चाह छ, न कुनै सुखको चिन्तन। यहाँसम्म कि तपाईँको दुनियाँदारी-सँग पनि मलाई केही वास्ता छैन। डढोस्, मरोस्, बगोस्, चाहे गलोस्, मलाई पर्वाह छैन।

आश्चर्य! तपाइँ एउटा दुनियाँदारी मान्छे भई म जस्तो कहलिएको भयङ्कर बौलाहासँग एकान्तमा बसी कुरा गर्ने साहस एवं फुर्सत लिई आउनु भएछ। शायद तपाइँ एउटा सज्जन व्यक्तिनै हुनु हुन्छ। तपाइँमा कपट भावना म देख्दिन। बस्नोस्, डर लिनु पर्दैन, शान्तिसँग बस्नोस्। म त्यत्तिको डरलाग्दो छैन जत्तिको मलाई तपाइँको पागल दुनियाँ सम्झन्छ। सज्जनता, सौजन्यता, मित्रता, सभ्यता आदि सबै कुरो ममा पनि तपाइँले त्यत्तिकै प्रचूर मात्रामा पाउन सक्नु हुन्छ जत्ति कि तपाइँ म प्रति निष्कपट भई ती सबै कुरा दर्शाउन सक्नु हुन्छ। तर पागल दुनियाँ बहुलट्टीपन नै मात्र लिएर मेरो छेउ आई दुनियाँदारीदेखि विद्रोही भएको मेरो आत्मालाई जिस्क्याउँछ। मेरो भित्रको शैतान तडफडाएर उठ्दछ। अनि म सारै तल वर्लन्छु। म मर्न र मार्नमा तयार हुन्छु। त्यस अवस्थामा म भन्न सक्दिन म के के गर्दछु। तपाइँको यो पागल दुनियाँले मलाई शान्ति सँग एउटा कुनामा बसी मेरा बितेका घटनाहरूको स्मरण गर्न सम्म पनि दिएन। जता जान्छु, जता हेर्छु पागल जन-समुहको लेखा-जोखा छैन। म के गरूँ?

. मैले आज परिष्कृत दिमाग भएको एउटै मान्छे तपाइँलाई भेटें। म आफ्नो कहानी तपाइँलाई जरूर सुनाउँछु। तर यसको माने यो नसंझनु कि म तपाइँसँग सहानुभूति या दया खोज्दछु। मैले अघिनै भनि सकें मलाई अब तपाइँको दुनिया-दारीसँग मतलब छैन। यो पक्का बुझ्नोस् म अब आशा, अभिलाषा, निराशा, जस्ता वस्तुहरूलाई नाघी धेरै धेरै टाढा पुगिसकेको छु। जहाँ पुगें म त्यहीनै संतुष्ट छु। म अब फर्केर फेरि आउन पनि चाहन्न।

लौ त, सुन्नुहोस्, म एउटा नेपाली जातियता प्राप्त एक भारतीय प्रजा थिएँ। पिताजीको बनारसमा निकै ठूलो कारवार थियो। संक्षिप्तमा म एउटा करोडपतिको छोरो थिएँ। बाइसै वर्षको उमेरमा हिन्दू युनिभर्सिटीबाट मैले एम० एस्सिको डिग्री हासिल गरें। त्यसै वर्ष पिताजी परलोक हुनु भयो। माताजीले छाडेको त करिब चार वर्ष पनि भइसकेको थियो। अब यस विशाल संसारमा मैले आफूलाई एक्लै पाएँ। मेरा अब अगाडि पछाडि कोहि पनि थिएन। म हरबखत उदाश रहन थालें। मेरा कैय्यन शुभ-चिन्तक हरूले विवाहको प्रस्ताव पनि ल्याए। तर मैले अहिले नै विवाहको बन्धनमा बाँधिने आवश्यकता देखिन।

मैले भनिसकें मेरा अगाडि पछाडि अब कोहि थिएन। मनमा कुरा के उठेथ्यो कारबारको सारा भार म्यानेजरलाई सुम्पी म एक दिन देश विदेशको पर्यटनकोनिम्त घरबाट निस्कें। भारतका प्राय जसो सबै ऐतिहासिक र अरू प्रसिद्ध-प्रसिद्ध ठाउँ हरूको भ्रमण मैले गरें। चीन, अमेरिका र यूरोपका प्रसिद्ध प्रसिद्ध ठाउँमा पनि म पुगें। एवं रीतले तीन वर्ष मेरो भ्रमणमैं बित्यो। तर कहिं पनि मैले आफ्नो एकाकिपन हटाउन सकिन। मेरो उचाट मन उचाट नै रहिरह्यो। आखिरमा म काठमाण्डूँ आएँ। तिनताक काठमाण्डूँमा हिजो-आज झैं होटल थिएनन्। म आफ्नो बनारसमा पढ्दाको साथी शेखरकहाँ गई बसें। हुनत म यस भन्दा अघि काठमाण्डूँ आएको थिइन। तर थोरै दिनमानै मलाई काठमाण्डूँ एउटा चीर परिचित ठाउँ जसतो लाग्नथाल्यो। मलाई काठमाण्डूसँग मोह हुन थाल्यो। किन हो कुन्नि यस नगरीमा म अब आफूलाई एक्लो अनुभव गर्दिन थिएँ। हुन सक्छ मेरो यो स्वदेशाभिमान या जातिय संस्कार त्यसतै केही थियो। या भनौं कुमुदिनीसँग ठहरिएको मेरो वैवाहिक प्रभाव। जे होस् विवाहपछि सबै कारबार उठाई काठमाण्डूमै आई बस्ने मैले निश्चय गरें। म अब शहरदेखि छुट्टै कतै एउटा खुला ठाउमा एउटा बंगला किन्ने सुरसारमा थिएँ। शेखर की बहिनी कुमुदिनी ( जो पटना विश्वविद्यालयको ग्रयाजुएट थिइन् ) सँग मेरो अब छिटै विवाह हुने पक्का भइ सकेको थियो।

★ ★ ★ ★

त्यस दिन हामी सबै चियाको टेविलमा थियौं। चैतको महिना, बतास जोरसोरसँग चलि रहेको थियो। अकस्मात भित्तामा टाँगिएको शेखरकी आमाको तसवीर भुइँमा खसी ऐना चकनाचूर भयो। काँचका सबै टुक्राहरू पञ्छाई मैले तसवीर हातमा उठाएँ। तस्बीर पछिल्तिर 'गोरखापत्र' साप्ताहिकको पूरा अंक नै पत्याई मोरिएको थियो। त्यसै 'गोरखापत्र' मा एउटा राम्रो बङ्गला बिक्रीको विज्ञापनमा मेरो आँखा पर्‍यो।

"यो विज्ञापनको बङ्गला लिन कसो होला कुमुद ! जाउँ, आज हेर्न" मैले कुमु-दिनीलाई पत्र र तसवीर थमाउदै सोधें।

कुमुदिनीले गोरखापत्रलाई वल्टाई पल्टाई हेरिन् र खित्का छाडेर हाँसिन्—"यो विज्ञापन त हामी भन्दा पनि जेठो रहेछ । कुनै ताजा विज्ञापन खोज्नोस् अनि बङ्गला किन्नु होला", एउटा व्यङ्ग पनि कसिन् ।

मैले फेरि पत्र आफ्नो हातमा लिई मिति हेरें । गोरखापत्र नभन्दै तीस बर्ष अगाडिको थियो । शेखरको पिताजीले पत्र मेरै हातमा पढेर भन्नु भयो--"ए ! भूताहा घरको विज्ञापन रहेछ ।"

शेखरले पनि पिताको हातबाट पत्र लिई सरसरी पढ्यो र मलाई सम्बोधन गर्दै भन्यो--"किन्छौ बच्चु ! यो बङ्गला ? अझै पनि बिक्रीलाई छ । तर दुइ दिनमै ठाडो पुच्छर नि ।"

म अवाक थिएँ । बीसौं-शताब्दीमा पनि हाम्रो देशमा अझै भूतको अस्तित्वलाई शिक्षित वर्गबाट पनि मानिएको छ । म इत्यादि कुराहरू सोच्दै नै थिएँ कुमुदिनीले पिताजीसँग अनुरोध गरिन्—"सुनौं न पिताजी ! त्यो भूताहा घरको कहानी ।"

चियाको चुस्किमा हामी भूतहा घरको कहानी सुन्न थाल्यौं । "तीसेक वर्ष अघिको कुरा हो" पिताजीले कहानी सुरु गर्नु भयो "त्यस घरमा एक संभ्रान्त परिवार बस्दथ्यो । घरका मालिक मेरा नवयुवक मित्र कृष्णशरण काठमाडौँ का एउटा ठूला व्यवसायी पुरुष थिए । घरमा उनकी एउटी नवयुवती पत्नी, एउटा काखको बालक, अनगिन्ति नोकर-चाकर, करिन्दा, उनको परिवार यस्तै थियो । एक रात कृष्णकुमारकी पत्नी काखको बच्चा लिई बस्दै माइत गएकी थिइन् । घरका दुइ-चारजना बदमास नोकरहरूले मिली त्यस राती बडो निर्दयतापूर्वक कृष्णकुमारको हत्या गरेछन् । करिब डेढ-दुइ लाखको सम्पत्ति पनि लगेछन् । पछि पकडाउ पनि खाए । तर त्यस दिनदेखि कृष्णकुमारको प्रेतात्मा सारा सारा रात त्यस घरमा घुमिरहेको घरका कैयन मानिसहरूले देख्नथाले । कृष्णकुमार की पत्नी, पतिको हत्याबाट जो पहिले नै अत्यन्त दुःखी थिइन् यस प्रेतकाण्डले झन उद्भ्रान्त नै बनिन् । अतः इष्ट मित्र बन्धू-वर्गको दवाबबाट मन नभए तापनि उनले त्यो घर बिक्री गरिदिई अन्तै सरिन् । त्यसपछि सो घर एक फौजी जनरलको कब्जामा गयो । जनरल परिबारमाथि त्यो प्रेतात्माले झन उधुम मचाउन थाल्यो । प्रेत भगाउन को निम्ति अनेक डाङ्ग्रे, झाँक्री र पीरहरू लागे तर केही लागेन । कैयन रात स्वयम जनरल भरी बन्दूक लिएर पनि बसे । एक दिन बिहान उनी बन्दूक सहित मुर्छित अवस्थामा पाइए । त्यसै दिन हार खाई उनले त्यो घर छाडिदिए र हाम्रो अगाडिको विज्ञापन उनै जनरलबाट दिइएको हो ।" पिताजी यति भनि चूप लाग्नु भयो ।

कुमुदिनीले शक-शक रोक्न सकिनन् । "फेरी कसले किन्यो त पिताजी !" उत्सुक हुँदै सोधिन् ।

"कसले किन्थ्यो ! घरको प्रसिद्धि नेपाल भर फिंजिइ सकेको थियो । अजसम्म बिक्री हुन सकेको छैन " पिताजीको जवाफ थियो ।

"हिजो-आज पनि त्यो भूत देखिन्छ त ?" कुमुदिनीले फेरि सोधिन् !

"के थाह ! आज तीस वर्षदेखि त्यो घरमा बस्ने साहस कसैको आएको छैन" पिताजी चूप लाग्नु भयो । वातावरणमा बिलकुल निस्तब्धता छाएको थियो । हामी सबै धेरै बेरसम्म मौन रह्यौं ।

"पिताजी !" मैले गम्भिर शान्त तर दृढ आवाजमा भने, "त्यो घर म किन्छु ।"

"तपाइँ छँटाउन लाग्नु भएन । म दिन्न त्यो घर किन्न ।" कुमुदिनीले अधिकारको स्वरमा भनिन् । "सम्झाउनोस् न दाई, तपाइँ, तपाइँको राकेशलाई ।" फेरि खिन्नताको स्वरमा दाजूसँग अनुरोध गरिन् ।

"सुन्यौ राकेश !" पिताजीले मलाई सम्बोधन गर्दै भन्नु भयो ।

"सुने पिताजी ! यो सबै केही होइन, केवल अन्ध-विश्वास र मनको हौवा मात्र हो । म त्यस हौवाको अनुसंधान गरी प्रकाशमा ल्याई राखिदिन्छु । म यस अन्ध-विश्वासको जरा नै उखेली त्यस घरबाट भूतको अस्तित्व नै मेटि दिन्छु । मेरो निश्चय अटल छ । मलाई यस कार्यमा अगाडि बढ्न नरोक्नु होस्" मैले यी सबै कुरा एक शासमा भने । "खान, पिउन, उठ्न, बस्न म यहाँ छाड्ने छैन । केही दिनको निमित्त त्यस घरमा मेरो वास केवल राती छः घण्टालाई मात्र हुनेछ, बस् ।" म चूप लागें । शेखर, कुमुदिनी र पिताजी सबैले मुखामुख गरे । अनि सबै मौन । मैले यो मौन नै सम्मति सम्झें ।

★ ★ ★

अब भूतहा घरको मालिक म थिएँ । भूतको अन्ध विश्वासी अस्तित्वलाई छर्लङ्ग पारी मान्छेको मनको हौवा भगाउनु नै मेरो उद्देश्य थियो । त्यसपछि अनि मेरो साथ थियो कुमुसँगको विवाह र अनि सानन्द एक सुखद जीवन यापन ।

त्यो आधा दिन त मैले फर्निचर, दरी, गलैंचा इत्यादि किन्दैमा बिताएँ । भूतहा घरको कोठाहरू सजाउन मा पनि मलाई कम समय लागेन । यस कार्यमा मलाई शेखर र कुसुदिनीको पनि खूब सहायता मिल्यो । घर सबै सजि-सजाउ पारी झ्याल ढोका सबै थुनी साँझ पर्नु भन्दा अगाडिनै हामी सबै फर्क्यौं । चौकिदारलाई म नआउन्जेल घरको कडा रखवारी गर्ने आदेश पनि मैले दिएँ । चौकीदार भूतहा घरबाट निकैनै वर सडकसँगको ठूलो ढोकामा बस्दथ्यो ।

रातको खान पिन मैले शेखर कहाँ नै गरें । ठीक नौ बजे पिताजी र शेखरसँग विदा भई भूतहा घरमा जान म तल वर्लें ! कुमुदिनी मेरो प्रतिक्षामा चोकमा थिइन् ।

"निष्ठुर ! लोक-लाज न हुँदो हो त म आज एक्लै जान कदापि दिने थिइन ।" एक घुँक्काकोसाथ कुमुदिनीको शीर अनायास मेरो बक्षस्थलमा आई अडियो । "राकेश ! मलाई सारै डर लागि रहेछ ।" उनले कम्पित आवाजमा भनिन् ।

दुवै हातले उनके कोमल पुष्ट गालामा भर दिई मैले उनको शीर उठाउन खोजें । मेरो हातले चीसोको स्पर्श गर्‍यो । हेरें उनको गाला आँसुले तर थियो, ओठ कामिरहेका थिए । भन्न धेरै चाहन्थिन् तर गला अवरुद्ध थियो ।

"पगली ! हेर त्यसै पनि डराएर रोएकी, सबेरै नै म फर्कि हाल्छुनि ।" गालामा प्याट्ट चार औंलाले प्यार जताएँ अनि हत्त पत्त म बाहिर निस्कि हालें । यदि म त्यहाँ अरू रोकिंदो हुं त शायद कुमु केही बोलिद हुन् । सम्भव थियो त्यस रात म रोकिन सक्थें । अनि शायद मेरो कहानीको ढाँचै अर्को हुन्थ्यो ।

म करिब साढे नौ बजेतिर आफ्नो भूतहा घरमा पुगें । बाहिर सडक निरको ढोकामा चौकशी गरिरहेको चौकिदारलाई मैले विश्राम लिने आज्ञा दिएँ । सडकको ढोका खोली लान् पार गरी म आफ्नो घरको पोर्टिको मुनि पुगें । वातावरण एकदम चकमन्न थियो । साथमा कोही थिएन, म अकेलो थिएँ । साथमा मैले कसैलाई ल्याउन पनि चाहिन र चाहेकै भए पनि शायदै मैले कोही साथी न पाउँदो हुं । मैले आफ्नो सतर्क दृष्टि एक बाजी चारैतिर घुमाएँ । जून टह-टह लागिरहेको थियो । मन्द हवाको प्रवाहले बगैंचाबाट सरसराहटको अविरल ध्वनि निस्कि रहेको थियो । झ्याल-ढोकाहरु सबै बन्दको बन्द नै थिए । म तीन खुड्किला सिंढी चढें, जेबबाट साँचो झिकी वर-भित्र पर्ने ढोकाको ताल्चामा मैले साँचो छिराएँ । एउटा 'खट' को आवाजले ताल्चा खुल्यो । एक छिन मैले त्यसै पर्खें, चाल सुनें र मनलाई कडा तुल्याई ढोका ध्याच्च मैले भित्र धकेलें । त्यस शून्य वातावरणमा, त्यस भूतहा घरमा, त्यस शून्सान रातमा शायद कसैमा म आफ्नो उपस्थितिको बोध गराउन चाहि रहेको थिएँ । कंकला शब्दले ढोका खुल्यो । उता सल्लाका रूखमा बास बसेका चरा फडफडाई उठे । मेरो हात अनायास जेबको लोड गरिराखेको 'रिबाल्बर' तिर पुग्यो । रिवाल्बर झिकी मैले आफ्नो अगाडि सोझयाएं, घरभित्र पसें र ढोका भित्रबाट बन्द गरें । अनि म जोरसँग खुट्टा बजादैं, भर्‍याङ्ग उक्लन थालें । म अब त्यस कोठामा थिएँ । यो कोठा उही थियो जुन कोठामा तीस वर्ष अगाडि कृष्णकुमारको हत्या भएको थियो । यो कोठा तीन तलामा थियो । अतः झयालबाट मलाई कुनै प्रकारको डर थिएन । झयालहरु सबै खोली ढोका भित्रबाट बन्द गरें र वसें अनि म केही निश्चिन्त भई भूतको चालचूलको प्रतिक्षामा । बाहिर हवाको जोड तेज हुँदै जाँदो थियो । यदा कदा स्यालको 'हुइया, हुइया' र फ्याउराको 'फ्याउ, फ्याउ' ले रात्रीको निस्तब्धता भङ्ग हुन्थ्यो । हवाको एउटा हलुका

झोकांले पनि म चौकन्ना हुन्थे । एवं प्रकारले मेरो एक घण्टा, दुइ घण्टा, तीन घण्टा बित्यो । मलाई अब निद्राले पनि जोड गर्दै ल्याएको थियो । म कोटसम्म पनि न फुकाली ओछ्यानमा पल्टें । कुन्नि कुन बेला निदाएँ म भन्न सक्तिन ।

* * * *

त्यस रात मैले एउटा भयंकर सपना देखें । सपना पनि त्यसतो सपना जुन सपनाले जीवनको प्रवाह नै पल्टाइ दियो । त्यो पनि म संक्षिप्तमा भन्दछु सुन्नुहोस् । सपनामा मैले देखें–म साहू श्यामसरणको एक मात्र छोरो थिएँ । विवाह मेरो बीस वर्षको उमेरमा भयो । विवाह हुँदा मेरो पत्नी आशा अठार वर्षकी थिइन् । शिक्षा समाप्त गरे पछि व्यवशायमा पिताजीलाई मैले मद्दत दिन थालें । चाडैनै म आफ्नो व्यवशायमा दक्ष पनि भएँ । पिताजीको मृत्युपछि मैले व्यवशायलाई झन झन बढाउदै लगें । तेइस चौवीस वर्षको उमेरमा नेपालका धनीमानी व्यक्तिहरुमा मेरो गणना हुन थाल्यो । समाजमा मेरो आदर, सम्मान, धाक सबै थियो । त्यसै साल मेरो सुपुत्र प्रिय आयुको पनि जन्म भयो । सँभाली नसक्नु कार बार, घरमा लाखौंको सम्पति, सुशिला, सुन्दरी पत्नीको स्वर्गीय प्रेम, चन्द्रमा जसतो पुत्र रत्न प्राप्ति, समाजमा पाएको उच्च स्थान, मान, मर्यादा, अब मैले सांसारिक सुखमा यस भन्दा बढी खोज्ने केही थिएन ।

त्यस रात मेरो ससुरालीमा कुनै शुभ समारोह थियो । निम्ता मानी आशा र आयु-लाई त्यहीं छाडी म राती घर फर्कें । नोकर-चाकर कारिन्दाहरुलाई जो आह्वउने अह्राई नियमित समयमा म आफ्नो ओछ्यानमा गइ पल्टें । कुन बेला निदाएछु थाह छैन । निन्द्रामै एक्कासी मैले आफ्नो गर्धनमा तिव्र वेदनाको अनुभव गरें । म पीडाले धेरै बेर छटपटाएँ, मडारिएँ, कराउने कोशिश गरें । त्यस पछि सबै शान्त निस्तब्ध, अन्धकार । अनि के भयो मैले धेरै बेरसम्म केही पनि थाहा पाइन । अनि फेरि विस्तार विस्तार मेरो चेतन शक्ति फर्केर आयो । आश्चर्यकासाथ मैले आफूलाई पृथ्वीको तहदेखि माथि फैलिएको बायु मण्डलमा व्याप्त पाएँ । म आफू सुतेको कोठामा पुगें । गर्धनमा छिनिई दुइ टुक्रा भएको मेरो लाश रगतमा लथ पथ, ओछ्यानमा पडि रहेको थियो । यस भयङ्कर दृश्यले म सारै नै आतंकित भई चिच्याएँ, कराएँ । मैले आफ्नू त्यस लाशलाई उठाई हिंड डुल गराउन चाहें । तर सबै व्यर्थ । अनि मैले थांह पाएँ यो सब मेरो शक्तिदेखि बाहिरको कुरा थियो । मैले कराएको कसैले सुन्दैनथ्यो, न त मलाई कसैले देख्यो नै । अनि म आफ्नो लाशको अगाडि एउटा विवश मुद्रामा लाश हेर्दै बसिनै रहें ।

मेरो हत्याको चाल घरमा बिहानी पख मात्र थाह भयो । होहल्ला मच्चियो । अनेक मानिस आए, पुलिस आयो, तहकिकात भयो शुशिलाको क्रन्दन बडो कारुणिक थियो । बेलुकी चार बजेतिर मेरो लाश घरबाट श्मशान घाटतिर लगियो । म पनि

पछि पछि गएँ । चितामा हुर्र हुर्र बलेको आफ्नो शरिरलाइ मैले अन्तसम्म पनि हेरिनै रहें । म बडो दुःखी थिएँ । मेरो अब कतै बस्ने थात सम्म पनि थिएन । वायुमा यसरी लरखरिँई रहनु मलाई अत्यन्तनै कष्टप्रद लागि सकेको थियो । मलाई सारैनै उकुस-मुकुस भएर आयो । एक्कासी म सपनाबाट बिउझें । मेरो शरिर पसिनाले निथ्रुक्क भिजेको थियो । मैले कोठाको चारैतिर एकबाजि आँखा घुमाएँ । कोठाको ढोका खोलें । भडभडाएर मैले तल र माथि गरें । बगैंचा चोक पनि सारातिर म घुमें । घर मेरो चीर परिचित थियो । यसै घरमा मैले आमा बाबुको वात्सल्य पाएँ । यसै घरमा मैले आफ्नो बाल क्रिडा गरें, यसै घरमा म हुर्कें, यसै घरमा जवान भएँ । यसै घरमा मैले शुशिलाको प्रेम पाएँ, यसै घरमा मेरो आद्यको शुभागमन भयो र यसै घरमा मेरो निर्मम हत्या पनि भयो । यो घर मेरो हो, म यस घरको हुँ । मैले चिच्याएर भने म 'कृष्ण शरण' हुँ । मैले आफ्नो नाडीको घडीतिर हेरें भरखर विहानको चार बजेको थियो । मैले एक घन्टा बडो मुश्किलसँग चहलकदमी मै बिताएँ । पाँच बजेतिर म आफ्नो घर बन्द गरी बाहिर ढोकामा आएँ । मैले चौकीदारलाई उठाएँ । चौकिदार उही हर्के तामाङ थियो जसलाई मैलेनै यस कामकोलागि नियुक्त गरेको थिएँ । मैले उसलाई शुशिलाको घर देखाइ दिने आज्ञा दिएँ । उ एक छिन अकमकियो । एक छिनसम्म मलाई टुल-टुलति हेरिरह्यो र अगि लग्यो । म उसको पछि पछि हिंडे । शुशिलाको घर पुगी मैले उसलाई इशाराबाटै फर्कने आदेश दिएँ ।

मैले चोकबाटै शुशिला, शुशिला भनी पुकारें । एउटी बृद्धा स्त्रीले भयालबाट हेरिन् तर मैले चिनें शुशिला तिनै थिइन् । "कसलाई खोज्नु भएको" अनि उनले सोधिन् पनि । म उनको सोधाईको जवाफ सम्म पनि नदिई हुर्रिदैं माथि पुगें ।

"शुशिला ! आद्य खोइ ?" मैले कोठामा पस्नासाथ प्रश्न गरें ।

"उ प्रातः भ्रमणकालागि गएको छ । महाशय । पहिले आफ्नो परिचय दिनोस् ।" उनले भनिन् ।

मैले उनको अनुहारतिर आँखा गाडेर हेरें । कपाल उनको खिचडी भइसकेको थियो, गाला चाउरि परि सकेका थिए । तर पनि तीस बर्ष अगाडिको तारुण्यता मै मैले उनको चेहरामा देखें ।

"महाशय ? तपाइँ आफ्नो परिचय दिनोस्", मेरो विचित्र आचरण देखी उनले फेरि त्यही प्रश्न दोहर्याइन् ।

"शान्तिसँग बसौं अनि कुरा विस्तारमा गरौंला ।" मैले उनलाई बस्ने इशारा गरें र म पनि उनी नगिचै गई बसें । उनी केही हिच्किचाएको जस्ती देखिन्थिन् ।

"शशि ! मलाई तिमीले चिनिनौ । म तिम्रो उही प्यारो कृष्ण हुँ, पुनर्जन्म लिई

आएको । यस कुराको मलाई हिजोसम्म पनि पत्तो थिएन । सत्य, मलाई केही थाह थिएन । मैले मेरो त्यो हत्या भएको घर किनें । म हिजो राती त्यसै घरमा सुतेको थिएँ । मैंले एउटा सपना देखें; जुन सपनाले आज मेरो अगिल्लो जीवनको स्मरण गराई दियो । मैले अब तिमीलाई पाएँ । शुशी ! म अब तिमीलाई छाड्न शक्तिन ।" मैले एक शाशमा भने । मेरो अगिल्लो जन्मको अभ्यस्त हात शुशिलाको पिठिउँ सुमसुम्याउन पुग्यो । शुशिला झस्केर दुइ हात पर पुगिन् । मैलें देखें उनको आँखा डरले फैलिएको थियो र देह थर थर काँपि रहेको थियो । उनलाई केही बोल्ने औसरनै नदिई मैले फेरि भन्न सुरु गरें—"शुशी ? तिमीलाई यादै होला हाम्रो विवाह निश्चित हुनु भन्दा अगाडि म तिमिलाई हेर्न गएको थिएँ । त्यहाँ सबैको आँखा बचाएर मैले आफ्नो दुबै ओठ गोल चुच्चे पारी तिमीलाइ गिज्याएको थिएँ । अनि सुहाग रातको दिन मैले तिमिसँग "म कसतो लागें ?" भनी सोद्धा तिमीले त्यही गिज्याएको कुरालाई लिई "बितपाते" भनी भनिथ्यौ । उ हेर ! तिम्रो त्यो कान्छी औंलामा लगाइ राखेको औंठी तिम्रो उंडाइसौं जन्म दिवसमा मैले दिएको उपहार हो । आयको नामकरणमा तिम्रो र मेरो बीचमा परेको ठाक-ठाक ठुक-ठुक-को पनि तिमीलाई स्मरणै होला ।" म एक टक उनको मुखमा हेरि रहेको थिएँ । उनको मुखमा खुशीको एक लहर दौडियो । उनले बिस्तारै आफ्नो शीर लगी बालिष्टमा टेकाइन् । उनी धेरै बेर सम्म यसै अवस्थामा बसिरहिन् । मैले पनि उनी उठ्ने प्रतिक्षामा चुपचाप नै समय बिताएँ । आखिर केही नलागी मैले उनको पाखुरा समाती उनलाई उठाउन खोजें । तर, अफसोच ! उनको प्राण-पखेरु उडि सकेको थियो । म चित्कार गरी त्यहीं लडें । कुन्नि कति बेर सम्म मूर्छा परें । ब्युँझदा मैले आफूलाई अस्पतालमा पाएँ । मैले आफ्नो पुनर्जन्मको कुरा सबैलाई बताएँ । तर कसैले पनि मेरो कुरा सुनेन । उत्तरमा सबैबाट एउटा व्यंगात्मक हाँसो म पाउँदथे । यहाँसम्म कि कुमुदिनी, शेखर, र पिताजी हरूलाई पनि मेरो कुराले कुनै असर गरेन । मैले आयसँग एक पटक भेटाई दिने अनुरोध गरें । पापी दुनियाँले मेरो यो अनुरोधलाई पनि ठुकराई दियो । अनि मैले पनि तपाई-को दुनियाँदारीदेखि मुख फर्काएँ । पछि मलाई कठघरमा पनि उभ्याइयो । मैले चार-बर्ष जेल पनि काटें । मलाई तपाइँको दुनियाँले बौलाहाको उपाधि पनि दियो । कुमुदिनी क्षयरोगले परलोक भएको कुरा जेल काटी फर्केपछि मैले थाहा पाएँ ।

इन्सपेक्टर जनरल अफ पुलिस आयकुमारलाई त तपाइँले चिन्नु भएकै होला । त्यही हो शुशिला र मेरो प्रेमको चिनु । नाथे मदेखि डराउँछ । मलाई उसको नगिच सम्म पनि पर्न नदिने भित्री आदेश उसले पुलिस हरूलाई दिइ राखेको छ । आफ्नो सन्तान प्रति पिताको बात्सल्य प्यारको त्यसलाई के थाह । त्यसको एक झलक पाउन सीत, घाम, आँधी, पानीमा सकी नसकी घरणै म यहाँ उभिइन्छु । अनुहार देख्छु,

मेरो वात्सल्य प्रेम भित्रै देखि लुँढिएर आउँछ, आँखाबाट तप-तप आँसुका थोंपा झर्दछन्। 'ए बौलाहा !' कतैबाट केटाकेटीहरूले चिच्चाएको कर्कश आवाज आई कानमा ठक्कर खान्छ। मेरो एकाग्रता भङ्ग हुन्छ। अनि म रीसले आँखा देख्दिन। ढुंगा, इँट टिपी म त्यतै लाग्छु।

# पापको प्रायश्चित्त

गंगाविक्रम सिजापति

अकस्मात कहिले-काँहि जब आफ्नो बितेको जीवनको घटनापट्टि ठुलु-ठुलु सजल नजर दौडाउँछु, विस्मृतिका मालहरू स्मृतिको धागोमा गुँथ्दैमा नजाने मेरो कति समय बित्तछ, म थाहा पाउन्न । जीवन-चक्र फनफनी मेरो नजरको सामु घुम्न थाल्दछ । एक-एक घटना शोणित पाषाण-रूपले मेरो कमलो छातीमा ठक्कर खान्छ, वर्षादी सामुद्रिक तूफानी छालले छोप्दछ, आर्तनाद गर्छ, चित्कार सुन्दछु, कान बहिरो हुने कोशिस गर्दछ, आँखा धमिलिँदै अन्धो हुने प्रयासमा लाग्दछ, मुटु धड्कँदै छातीको सानो पर्दा च्यात्ने प्रयत्नमा लाग्दछ; परन्तु अकस्मात् आवाज चित्कार शून्यमा मिल्दछ; अनि लामो श्वासको साथै छातीमा दुइ हत्केला राख्दै फेरि त्यो एक पटकको विस्मृतिको त्यान्द्रोको आधारमा जुन शब्द रमाको अगाडि भनेथें सम्झन्छु—"रमा म निर्दोष छु, र साथै तिमी अलमस्त ।" अनि सपना विपना हुन्छ । विपनाको डोरोले हृत्तन्त्रीमा मेरो कमलो जीर्ण शरीरमा चाबुक मार्न थाल्दछ । रमाको त्यो कोमल दीप्तिमान् हँसिलो मुहार, त्यो कृषकाय वदन र त्यो अन्तिम निमन्त्रण । यी कुरा, यी घटनाको याद हुँदा पनि मेरो अंग-प्रत्यंग अझ जुरुङ्ग भएर फुल्दछ !

म एक पहाडी किसानी खानदानको हुँ, घर पहाड हो । नमालुम मेरा बाजेले कुन कुराबाट यस दुनियाँमा प्रतिष्ठा प्राप्त गर्नु भएकोले हो हामी शहरका बासिन्दा भएका थियौं । पिताजी सरकारी अफिसरी गर्नु हुन्थ्यो । माताजी कुशल गृहिणी हुनु हुन्थ्यो । जत्तिको कार्य-दक्ष र कुशल हुनु हुन्थ्यो, उत्तिकै कोमल हुनु भएको भए—अफसोस अब कुरो बढाउनु वहाँको अनादर सम्झन्छु । माताजीको संरक्षण तथा हामी सन्ततिमाथिको अनुशासन सम्झँदा मेरो मन अझै पनि दङ्ग हुन्छ ।

हामी दुइ भाइ छोरा थियौं । दाजी उच्च शिक्षा प्राप्त गरी शायद पिताजीको चिरकालदेखिको भारदारीको फल स्वरूपले हो कि सरकारी नोकरीमा मस्त हुनु हुन्थ्यो । अकस्मात् सरकारी रीझ बापत उहाँलाई तराइको उच्च पद प्राप्तभयो, र विस्तार विस्तार आउनु-जानु एक किसिमले बन्द जस्तै हुन गयो । बाँकी थिएँ केवल कान्छो छोरो म एक सारा घरमा । कान्छो छोरोको र घरमा अरु कोही न हुनाको कारण ममाथि पिताजीको ठूलो स्नेह थियो । करीब करीब वृद्धा वस्थाको आँखाको तारा एक मात्र साथको पुत्र-रत्न हुँदा मेरो सारा आकांक्षा पूरा गर्नमा पिताजीलाई खुशी तथा आनन्दको विषय हुन्थ्यो । पिताजीको यो स्नेहले छोरो नबिग्रोस् भन्ने मेरी आमालाई ठूलो पीर थियो ।

घरको यही सब आकांक्षाको लहरीमा पौडँदै मेरो शैशव-काल बित्यो । अनि चलन अनुसार दिउँसो स्कूल, बेलुकी बिहान मास्टर साहेबहरुको रेखदेखमा मेरो दिन बित्न थाल्यो । साथै मेरी छिमेकी बालसखा रमाको पनि !

रमाको शैशवकालको अनुहार, रूप, र लावण्य सम्झँदा मेरो मन अझै दंग हुन्छ । मनमनै भन्दछु—"विधाताले जब रूप, लावण्य प्रदान गर्दछ त्यसको कीम्मत पनि उठाउँछ क्यार ! रमाको, लावण्यश्रीमा अरुको के कुरा मेरी माताजी पनि मुग्ध हुनु हुन्थ्यो । मेरो र रमाको ता कुरै बिर्सौं । संगसंगै स्कूलमा जान्थ्यौं, करीब-करीब संग-संगै फर्कन्थ्यौं पनि । छः घण्टा स्कूलमा भए गरेको शरारती कुरोको एक एक वर्णन नगरी उनको चित्तै बुझ्दैनथ्यो । भन्थिन्—"प्रभात, आज अमुक मास्टरजीलाई यति छकाएँ, यति छकाएँ के भनुँ" अनि यति हाँस्थिन् हामी घर पुगेको थाहै पाउन्नथ्यौं ।

बाल्यावस्थाको अनेक यस्तै सम्झना अझै मनलाई कैले-काँही ओत-प्रोत गर्दैछ । रमासँग कति खेल्थें, कति शैशव ठट्टा गरिन्थ्यो, प्यारो प्यारो कुरा कति गरिन्थ्यो, कति आफ्नो जीवनको गुप्ती गुप्ती कुरा-कहानी हामी गर्दथ्यौं, यो कुराहरु संझदा अझै पनि मन कति उल्लासपूर्ण हुन्छ । बिस्तार बिस्तार हामी बढ्दै गयौं । रमा अब केही बुद्धिमती हुँदै गइन् । जुन शैशवको निर्मल प्यारले भरिएको वातवरण थियो त्यो बिस्तार बिस्तार बदलिंदै केही अस्पष्ट अज्ञात सांसारिक सहबासमा परिणत हुंदै जान थाल्यो । रमाको लावण्यश्रीमा अझ वृद्धि नै हुंदै गएको थियो तापनि उनमा नजाने जुन चांचल्य-चपलताको मात्रा थियो सो बिस्तार बिस्तार कम हुंदै गाम्भिर्यको मात्रा बढ्दै जान थालेको थियो । बिस्तार बिस्तार उनको वाक्-स्वतन्त्रतामा पनि कमी पाइनथाल्यो । म सोद्धथें—"रमा, हाल खबर के छ ?, स्कूलको खबर के छ ?" उनी भन्दथिन्—"प्रमोद केही खबर छैन ।" यति भन्दा भन्दै सहसा मेरो मुखतिरबाट उनी आँखा हटाउथिन्, म जिद्दी गर्दै भन्थें – "रमा अबत मसित कुरा गर्न पनि·········।" अकस्मात् मेरो उत्सुक मुहारलाई भोला दृष्टिपात गर्दै मन्द मुस्कानकोसाथ भन्थिन्— "प्रमोद तिमीता अझै आफूलाई बालकै सम्झन्छौ ।"

मास्टर साहेबहरुको अनुशासनबाट फुर्सत पाएर कौशीमा पुग्दथें, रमा एक्लै बत्ती कातेर बसेकी हुन्थिन् । उनी भन्थिन्—"प्रमोद कहाँ बाट आयौ ?"

"यहीं त थिएनि ।"

"अब त बोल्न पनि गह्रारो लाग्ने भो हगि ।"

विना जवाफ म नगिचैको पिर्कामा बस्तथें । बिस्तार बिस्तार पिउरीको डाली एक छेउमा सारी भन्दथिन्—"हेर, हेर लखनौ-चंगा ।" एकै छिनपछि फेरि भन्दथिन्—

"चंगा उडेको हेर्न मलाई सारै शौख लाग्दछ । छिः तिमी ता चंगा पनि कहिल्यै उडाउन्नौ ।"

"पिताजीलाई मन पर्दैन के गरुं ।"

"हिंड तिमी र म पनि चंगा उडाउँ । माथि माथि आकाशमा बादल भित्र है.........।"

"पैसा छैन चंगा किन्न ।"

मेरो यो जवाफमा मर्मान्तक हुंदै मपट्टि एकहरो दृष्टि ट्वाल्ल हेरिरहिन्थिन् र एकाएक भन्दथिन्—"यो चंगा उडाउने गर्नाले खस्ने डर हुन्छ ।"

स्कूलको जीवनमा पनि केही अन्तर हुँदै गयो । आखिर पिताजीको आग्रहले म आफैं स्कूलमा भर्ना भएँ । मेरो बाटो बेग्लै तथा रमाको बेग्लै । दिन भरको दिन-चर्या संबाद् बाटोको सट्टा दिन बिराई बिराई कहिले मेरो घरमा, कहिले रमाको कौसिमा हुन थाल्यो । एक दिनको कुरा रमा स्कूलको समय भन्दा धरै नै वेर पछि घर फर्किन् । मैले सोधें—"रमा आज किन अवेर भयो ?" "साथी कहाँ गएको थिएँ ।" रमाले उत्तर दिइन् ।

नमालुम् रमा किन हो केही अस्थीर देखा पर्थिन् । उनको मुखमा प्रसन्नताको चिन्ह झल्कन्थ्यो । परन्तु हलका विषादको कालीमा पनि टपक्न्थ्यो । सधैं झैं हामीहरूले अनेक कुरा-कानी गर्‍यौं । "प्रमोद, एक दिन चिडिया खाना हेर्न जाउँ है; जान्छौ ?" अकस्मात् कुराको प्रसंगमा रमाले मलाई सोधिन् , साथै —"खोइ, चंगा ल्याउछु भनेको तिमीले, तिमी ता खालि गफ मात्र गर्छौ । हिंड हिंड कोठामा, यहाँ के बस्नु ! चिसो हवामा मन ता प्रशन्न रहन्छ । है, के भन्छौ ? " यौटा कुरा नटुं-गिंदै अनेक कुरा बरबराउन थालिन् । न उनको कुरामा कुनै विचार थियो, न अविचार वेमतलब हाँस्नु, कहिले कहिले उठ्नु, यसतो व्यवहार देख्दा म ता करिव करिव ज्ञान शून्य भएँ । अनि सोधें—"रमा आज के भयो ?" "उ, हेर हेर त्यो गौंथली कसरी उडी रहेछ । अहा चरा भए म कसरी उड्ने थिएँ ।"चरा ?"

"अँ, चरा ! अहा ! सानो सानो पखेटा, सानो सानो पुच्छर, मन त कति राम्रो ! अहा, मन जहाँ लाग्यो उतै उड्यो । अहा म चरा भएको भए... ... ...!"

त्यस दिन हामी दुइ धेरै वेर यसतै कुरा गर्दै बस्यौं । अकस्मात् रमाको मुहार गम्भिर हुँदै आयो; अति गाम्भिर्यपूर्ण परन्तु मृदु शब्दले भनिन्—"प्रमोद ! के तिमीलाई मेरो माया लाग्छ ।" असामयिक, गम्भिर मुद्राले भनिएको यो कुरा सुन्दा मेरो मुखबाट के प्रत्युत्तर निस्कन सक्थ्यो । शीर झुक्यो, सारा शरिर पुलकित भयो । तर हाय ! एक आवाज निस्कन सकेन । फेरी उही गम्भिर मुद्रामा रमाले भनिन्—"प्रमोद न जाने मलाई किन यसतो माया लागेको ।" यी बचन मेरा कर्ण-गुहरमा गुञ्जन

थाले। म घर फर्कें। चुपचाप मनमा अनेक प्रकारको तर्कना-लहरी उर्लाउदै घर पुगें। बसें, अनि आफ्नो दिन-चर्या बमोजिम आफ्नो कार्यमा डुबें, लस्त भएँ र मस्ति पनि।

तीन-चार दिन कार्यवस न जाने किन हो, ऐले संम्भन सक्किन, मैले रमाको केही खबर लिन सकिन। सन्ध्या ढल्कँदै रातको निखतातिर ढल्कन थालेको हुँदोहो, डुल्दै फिर्दै रमाको घरको ढोकाभिन्न पसें। चञ्चले स्वभाव कुनै गानाको तरज गुनगुनाउँदै भरेङ चढ्न थालें। परन्तु चोटामा के पुगेको थिएँ दक्षिण पट्टिको कोठाको ढोका ढ्याम्म लागेको सुनें: अनि पटापट कुनै अज्ञात शरिरमाथि लट्ठिको चोट बर्सेको सुनें। मेरो आनन्द, उमंग केही बाँकी रहेन। मेरो खुट्टाको गित रोकियो। सुकेको काठ झैं म जहाँको तहि अकडिएँ। भित्रबाट वेदनाको आवाज सुनिन्थ्यो, अनि निसहाय रुदनको करुण नारी क्रन्दन। म विवस थिएँ। एकै क्षण पछि ढोका खुल्यो। रमाको विधवा माता जसको सुकुमार र कोमल शरिर तथा मुहारमा सदैव वैधव्यको गहिरो छाप मेरो वाल्यावस्थादेखि अंकित देख्दै आएको थिएँ, जसको प्रौडा स्नेह म मात्र होइन टोलका सारा बाल-संसारमा प्रख्यात थियो, जसको मुहारमा दया र सहिष्णुताको आभा सदैव टलपल टलपल भइ नै रहन्थ्यो, जसको हृदयमा बाल्य-प्रेम तथा दया, माया सिवाय केही थिएन, आज सो ही सुकोमल शरिर र मुहार रोषाग्नी सन्तप्त भइ एक एक अंग-प्रत्यंगबाट क्रोधको ज्वाला धप धप बलिरहेको थियो। उनको मृदु मुस्कान तथा सहिष्णु सन्तप्त मुहार बिलकुल कालो कान्ति भावले ढाकिएको छ। ओठ नीलो रंगमा परिणत छ र हात बेतको साथसाथै थर-थर काँपि रहेछ। उनको मुहार र शरिरको गति देख्दा कतै आफ्नो हातको बेतले आफ्नो शरिरमाथि बेत बर्साउछिन् कि भन्ने मेरो मनमा धारणा हुन थाल्यो। मेरा अगाडिबाटै मलाई धक्क्याएर उनी अर्को कोठामा पसिन्। म हत बुद्धि भई टुलु टुलु हेरिरहें। सहसा नजाने कुन प्रेरणाले हो मेरो गति चलेछ। पछि मैले आफूलाई आफ्नी आमाको अगाडि आफ्नो कोठामा लडि रहेको पाएँ।

त्यस दिनदेखि रमाको र मेरो भेट-घाट प्राय बन्दै भयो। उनको पढाइ बन्द भयो। उनको मेरो घरमा आवत-जावत पनि प्राय बन्द जसतै हुन थाल्यो। जुन आँगनमा प्रमोद तथा रमाको शैशव-काल शुरु भएको थियो, जुन चोकको तेलिया इँटको काखमा रमा र प्रमोदको जीवन हुर्केको थियो त्यो सायद केवल अब गोधुलीको चिन्ह मात्र बाँकी थियो कि क्या!

एक महिना बित्यो, र दोस्रो महिना लाग्यो; यसै किसिमले करिब आठ-दस महिना वार-पार भए। रमा अब आजकल हिसाबको सट्टा सियो-धागोमा रमाए कि छन्,

बिहानको पाठ पठाई उनको आजकल झाडु बडारूमा व्यतित हुन्छ, र स्कूलको पाठ्यक्रम जसतै तरकारी के लाउनु, तरकारी पकाउनु, भाँडा चोख्याउनु इत्यादि उनको दैनिक कार्य हुन थाल्यो। काम र मामदेखि अतिरिक्त उनलाई अरू कुनै कुरासँग मतलब थिएन। उनी न कसैलाई भेट्न खोज्थिन्, न कसैसँग भेटिन् नै। धोबीले कपड़ा ल्याउँथ्यो, कसरी एक डेड घण्टैमा मैल्याउने हो उनी यसमा प्रवीण भइसकेकि थिइन्। कालो कुर्कुटा मैली भई बस्नुमै उनको पसन्दी हुंदै आएको थियो।

बिहानको समय थियो। पिताजी बैठकमा बसी बिहानैको हुक्का गुडगुडाउन लाग्नु भएको थियो। म उहाँको सामुन्ने बसी अर्ती सुनिरहेको थिएँ "कलकत्ता ठूलो शहर छ। शहरको रौनकमा लागी पढाइमा कुनै किसिमको त्रुटि नपरोस्। इत्यादि।" दुइ तीन महिना भित्रैमा कलकत्तामा इंजिनियरिङ्ग पढ्न जाने भएको थिएँ।

सहसा ढोकाको पर्दा हट्यो। एउटी प्रौढा स्त्री शरिरभरी वैधव्यको आभालाई चारै दिशातिर फिँजाउँदै कोठाभित्रा पसिन्। उनको उमेर ढल्केको थियो परन्तु उनको शरिरको हरेक कुनाबाट सुकुमार शरिरको भग्नावशेषबाट उनी अवश्य एक दिन सौन्दर्यको रासि थिइन् भन्ने सहजै कल्पना हुन सक्दथ्यो। छोटो कद खिरिलो वदन कोमल चरण, केही लामो मुहार, गोल तर वदामी तेजिलो रसपूर्ण युगल, शायद वैधव्यको कडा घातले हो कि क्या केही झुकेको, रसिलो पातला पिपल पाते ओठ, अनारका दाना झैं टम्म मिलेका चहकिला दन्तपंति, तील चामले लामा केश, उच्च चौडा उर्द्ध शीषाले सुसज्जित भाल, हँसिलो सदैव करुणा हास्य संयुक्त मुहार, साथ सेतो एक रंगा कपडा परिवेष्टित देख्दा उनी अवश्य उनको उमेरमा एक उम्दा सुन्दरी स्त्री होलिन् भन्ने कुरामा कुनै शंका हुँदैन थ्यो। म ट्वाल्ल परी ढोकातिर हेर्दैथिएँ आगन्तुकले मृदुहास्यको साथ आफ्नो कर युगललाई नमस्कारको संकेतबाट उठाउँदै पिताजीलाई सम्बोधन गरी भनिन्—"दाजीलाई फुर्सत थियो थिएन, सवेरै ता अवश्य फुर्सत होला भनी आएँ।"

"फुर्सत ता त्यसतै हो, विहान को अवस्था फुर्सतै छ बहिनी।"

"अरु बेला दर्शन पाउन मुस्कील देखेकिले आजको विहान खोजेकि हुँ।";

दिउसै पनि त कहाँ जानु छर, उमेर गयो प्रायः घरै मीठो लाग्ने।" पिताजीले एकसरको तमाखु तान्दै भन्नु भो।

"दाजी एउटा सानु कुरा बिन्ती गर्नु परेको थियो।"

"के ठाडे गाउँबाट आए झैं बस्ता पनि नबसी उभिइ उभिइ कुरा गरेकि, बसन, यता धेरै दिनमा भेट भयो।" भन्दै नगिचैको चकटी तिर संकेत गर्दै पिताजीले नजाने किन हो कुन स्मृतिको आधारमा एक दर्द भरी निश्वास लिनु भो।

"दाजी कुरो त केही थिएन, परन्तु म ठहरिएँ राणी मान्छे, इष्टमित्र दाजुभाइ आफ्नो जे भने पनि दाजै मात्र होइ बक्सिन्छ, मैले हजूरको सल्लाह बेगर केही काम पनि हात हालेकि छैन । उहाँले पनि हजूरको सल्लाह बेगर केही काम गर्नु हुन्नथ्यो ।" 'उहाँ'–यस शब्दको उच्चारणमा एक दर्दभरी आर्त भरिएको थियो, साथै प्रौढा विधवाको गहभरी अश्रु जल छचल्केको ! उनी भन्दै गइन्– "दाजु, सानी ठूली हुँदै आइ । अठार बर्षकी लागी । उसलाई कसैको हिल्ला लगाइ दिनपाए शेष जीवन भगवत्भक्तिमा बिताउन सक्नेथिएँ ।"

"किन, बा, किन यति हडबडाएकि, सानी पढ्दै छ, पढाई खतम हुन देउन । भर-खर अठारै वर्षकि त लागिनी । तिमीहरु त छोरो अलि बढ्यो भने बुहारी ल्याउन हडबड, छोरी बढीं भने ज्वाइँ खोज्न तत्पर । " पिताजीले बीचबीचमा मेरो मुखतिर हेर्दै जवाफ दिनु भयो ।

"दाजीले मर्जी भएको त मनासिब हो । तर के गर्नु । अब हाम्रो दिनै पनि कति छ र । घरले जा जा, वनले आ आ भन्ने अवस्था भइसक्यो । स्वास्निमानिसले पढेर मात्रै पनि त के हुन्छ र । दुइ चार अक्षर पढि हालि । स्वास्निमानिसको निमित्त गृहस्थी चलाउनु नै उच्च शिक्षा सान्दछु । उमेर पनि पुगि गयो । योग्यलाई जिम्मा लगाइदिन पाए आफूलाई फुर्सद होला भन्ने लाग्छ ।"

"तिम्रो त्यसतै विचार छ भने म के भनुँ । केटाको बन्दोवस्त भयो ?"

"दुइ चार ठाउँबाट माग्न त आएका थिए । तर छोरी जसतो त्यतमा पनि छोरी दिनु पर्ने ।"

कुरा काट्तै पिताजीले भन्नु भो––"कुरा त ठीक हो............... ।"

"बटौलका जिम्दार रे ! बीस–पच्चीस हजार सालको आम्दनी छ रे । हाम्रो सानदीको नातो पर्दै रहेछ । अघि पकनाजोलमा विवाह भएको रहेछ, तर विवाह भएको दुवै वर्षमा दूलै मरिछन् । उमेर पनि पैंतीस–छतीस मात्र छ रे ।"

"ए रमालाई अर्धोसंग विवाह गरिदिने प्रस्ताव लिएर आएकी ? ।"

"कुमार मात्र मुखले भनेर के गर्नु असल कंसलको पो कुरा । मैले ता सान्दीलाई त हुन्छ भनि पनि सकें । यही आषाढको दस गते सुभ मूहुर्त छ रे । तेसैमा ठीक गरूँ भनी मन गरेकि छु ।"

"रमाको विचार के छ, रमा खुशी छन् ?"

"बाबु आमाले जहाँ दियो उहीं रमाउनु पर्छ । के मलाई, विवाह गरिदिंदाँ कसैले मलाई रोजाए र ? बाबु आमाले जसलाई रोजीदिए उसैलाई वरनु हरेक कन्याको धर्म हो... ... ... ।"

"बहिनी, तिमीले भूल गर्यौ।" गम्भीर स्वर तथा मुद्रा ली पिताजीले भन्नु भयो। मेरो त्यस अवसरमा के अवस्था हुँदो हो मलाई थाह छैन। चेतना सब चूप थिए। मैले के सुनि रहेछु अथवा के सुन्नु पर्यो मलाई पत्तो थिएन। म अवाक् थिएँ। मेरो आँखा कहिले पिताजीको मुहार पट्टि दौडिन्थ्यो कहिले आगन्तुक प्रौढा विधवाको मुखतिर। मेरो मनमा तील–जौ पाकिरहेको थियो। पिताजीको पक्ष लिंदै प्रौढामाथि वाक्‌वाणको प्रहार गर्न तयार थिएँ। तर पिताजी को सामु बीचमा, एक गम्भीर विषयको बहसमा भागलिनु मेरो शक्तिदेखि बाहिरको कुरो थियो। हृदय कपाँउँदै, दिललाई धैर्य दिएर, मनमा ढाड्सका मात्रा बढाउँदै चूपचाप दुइ वृद्धको बीचको वहस प्रतियोगिताको दर्शक बन्नुनै मेरो निमित्त एक मात्र साधन देखेँ। अनि यसैमा लव–लीन भइरहेँ।

आखिर दिन बित्दै गयो। अकस्मात् आषाढमा रमाको विवाह बुटौलका जिम्दार–संग हुने घोषित भयो। विवाहको कुरा सुन्दा मेरो हृदयतलमा कुन वेदना अथवा कुन किसिमको उच्छ्वास अथवा आनन्द–तरंग दौड्यो होला सो म भन्न सक्तिन। मेरो मनमा एउटै कुरा थियो—"अब चाडैनै बाल–सखा रमा मेरो आँखाको सामुबाट हराउने भइन्। मेरो मात्र यो दशा थिएन। मेरो धरमा पनि यही कुरो थियो।

विवाहको शुभ मुहुर्त आइ पुग्यो। पुरोहितजीले कन्यादानको मङ्गल सुत्र पढे। हामीले खुट्टा धोयौं। रमा आफ्नो हृदय साफ गर्न आँसु टप्काइ रहेकि थिइन्। भोलि पल्ठ भयो। दुलही अन्माइयो। मोटरमा रमालाई दुलहाको साथमा राखे; दुलही पुर्याउने काममा म अर्को मोटरमा खटिएँ।

विदाइको समय आयो। रमा कोठामा थिइन्। माइती पक्षका एक एक गरी मुख हेर्दै आफ्नो दिलमा उठेको ढाड्स अर्ति सल्लाह दिंदै कोठाबाट निस्कन थाले। आखिर मेरो पालो आयो, पुछारमा म पुगें। कारण एक त म कच्चा उमेरको थिएँ त्यसो हुँदा पनि म पछिनै परें, अर्को कुरा म भरखरको केटाकेटी नै हुँदा यस व्यवहारमा सर्व–प्रथम अनुभव पनि गर्नु पर्ने तथा बाल्य–सौहार्दको विछोडको वेदना द्वन्दको समेत प्रतिघात परेको बाट आना–कानी गै कोठाभित्र पस्न सकेको थिइन। आखिर पस्नै पर्यो, कोठाभित्र पुगें। रमाको सजल नेत्र निराशाको कान्ति आभाले परिवेष्ठित भएर पनि आशामा क्षणिक ज्योतिको दर्शनको प्रत्याशामा हो कि केले हो त्यो निरव मनुष्य शून्य कोठाको ढोकातिर टुलु टुलु घुमि रहेको देखें। आँखा चार भयो। चारै आँखा बाट अश्रु जल अचानक छचल्किएर वैरो लाग्न थाले छ। अकस्मात् रमाले भनिन्—"प्रमोद! रमा अब गृहस्थिणि भई। प्रमोदकी रमा मरि! रमा संसारमा छैन भन्ने संझे। मेरो तिमीसंग यही पुकारा छ, मेरो भन्नु यति हो। प्रमोद यो तिमीसंग मेरो आखिरी भिक्षा हो।"

मेरो मुखबाट केही वाक्य निस्क्यो निस्केन मलाई थाहा छैन ! केवल रमाको आवाज मात्र सुनि रहेथें ।

"प्रमोद ! मेरो यति बिन्तीसम्म पालन गर्दैनौ त ! जाउ, प्रमोद, जाउ ।"

रमाको वेदनायुक्त बचनले मेरो हृदयमा के चोट पार्‍यो जसले पनि कल्पना गर्न सक्छ । परन्तु वेदना सन्तप्त हृदयले मुखबाट आवाज निकाले छ—"रमा ! के यही आखिरी भेट हो त ? के फेरि भेट हुने छैन ?"

"ईश्वरको हातम छ ।"

"होइन रमा किरिया खाउ ।"

"प्रमोदको कसम ।"

हेर्दछु त पिताजी मेरो अगाडि खडा हुनु हुंदो रहेछ । गम्भिर स्वरले भन्नु भयो—प्रमोद भो घर हिंड । वहाँको वाणीमा मीठास भरिएको तथा कुन सहानुभूति पूर्ण थियो अझै पनि सो सम्झदा मेरो हृदय आनन्द विभोर हुन्छ ।

# केरकार

पूर्णप्रसाद 'ब्राह्मण'

'चोरेको हो कि हैन ?'..............

'घरबार केही छैन, कामको नाउँमा गरीब-पार्टीको सदस्य रे ! नचोरे के खान्थ्यो ? अझ पुगेन यसलाई'—भन्दै पुलीसले मच्चाएर एक कोर्रा हान्यो । यसतो मर्का पर्‍यो, एक छिनको लागि शेखर अर्को दुनियाँमा पुग्यो ।

* * *

शेखर व्यहाँबाट कसरी छुट्यो ! लखौं गरीब जनताहरूको नेतृत्व गर्दै उसले नेपालमा फेरि अर्को क्रान्ति छेड्यो । गद्दारीको सम्मिश्रण, अवसरवादको शोरगुल, गुण्डाशाहीको स्वप्न, प्रतिक्रियाको जादुगरी खेल, धोकेबाज टुकडखोरहरूको पैशाचिक तथ्यहीन क्रान्ति-अभिनय पहिलो क्रान्तिको संशोध, यो दोस्रो क्रान्ति थियो । यो क्रांति वास्तबमा कसैले गरेको थिएन । नेपालका दलित, शोषित, पीडित लखौं नरकंकालहरूको जागृति र जोशले स्वयं गरिएको थियो । क्रान्तिकारीहरूले मानो प्रथमगणको भयंकर दृश्यको उतारु गरेका थिए । यो उनीहरुको प्रलयंकारी ताण्डव क्रान्ति-नृत्य थियो । नेपालको एक एक कण व्यथित र ज्वलित थियो । भूमि सर्वत्र कम्पित थियो । हवा शानदार, सन्तप्त र प्रेरक थियो । लता वृक्षहरु हवामा शिर हल्लाउँदै उत्साह र समर्थन दिरहेका थिए । पहाडा खोलाहरु मानो उत्तेजक रणगीत गाइरहेका थिए । गरीब पार्टीको झण्डा विजयकासाथ अगाडि बढिरहेको थियो । प्रतिक्रियावादी थैलीशाहहरुको मोर्चाभित्र आँखा खुलेका स्वयं उनकै भाडावालहरुबाट उनीहरुको कत्लेआम शुरू भइरहेको बुझिन्थ्यो । गरीब पार्टीको नाराले आकाश गुञ्जिरहेको थियो । बाँकी थैलीशाहहरुको होस हवास थिएन । यो पहिलो क्रान्ति थिएन, ता कि कालो सम्झौतावादी अवसर आँउथ्यो । जन-क्रान्तिको अन्तिम सफलता, युग सन्देशको सक्रिय अनुभूति—सयौं सामन्तवादी, पूँजीवादी र उनका दलालहरुको पूर्णाहुतिपछि केही तिनका अवशेषहरु जन-न्यायालयमा खडा गराइए । अब केवल उनीहरुलाई ज्यानको आशा छ । कर्ण पिशाची बोले झैं उनीहरु प्रश्न पछि आफ्नो यथार्थ बयान दिंदै छन्——

जनता—'तिमीहरुको दरबार महल ?'

अवशेष—'हैन । तपाइँहरुको रगत पसिना, त्यसमा हाम्रो अधिकार छैन ।'

जनता—'तिमीहरुको बेखब्रिर्ता ।'

**अवशेष—**'हैन । हिलो चिप्लो, बर्षाधूप हामीले केही सहेका छैनौं, त्यसमा हाम्रो अधिकार छैन ।'

जनता—'त्यो ब्यांक, त्यो राजकोष ?'

अवशेष—'यहाँ हरुकै रगत पसिना, यहाँ हरुकै हो ।'

जनता—'हामीहरुको रगत पसिना चुसेर बनाएको कलेज, स्कूलमा पढेर तिमीहरुका सन्तान ग्र्याजुएट, एम० ए०, जान्ने भएर गर्ने के ? हाम्रो नेतृत्व ! बनाउने के हामीलाई अरु चुस्ने विधान !······बिदेशी साम्राज्यवादीहरुको दलाली ! हाम्रा सन्तान चाँहि निरक्षर, उनकोनिम्ति न्याय माग्नेसम्म अवसर छैन । कारण-अशिक्षित नालायक ! बन्दगर इनका शाखा-सन्तानको लागि कलेज, स्कूल ! बन्द गर यिनीहरुको निम्ति नागरिक अधिकार ! देखो पहिले गोलघर, कालकोठरी, पिंजडा । जहाँ पहिले दलित, शोषित, पीडित हामी गरीब सत्याग्रहीहरु सडाइन्थ्यौं, कुहाइन्थ्यौं ।

नव-नेपालको नयाँ विधान, नयाँ कानून ! जो एक पेटको लागि न्याय वञ्चित, अधिकार वञ्चित, गतिबञ्चित भएर चोर्थे, डकैती गर्थे, बगली मार्थे, दयनीय क्लेशकंकाल ती बन्दीहरु सब छुटे, सदाको निमित्त छुटे । उनीहरुलाई अब चोर्न, ढाट्न पर्दैन । राज्यले नै पहिले उनलाई शिक्षा दिन्छ, रोजी, रोटी दिन्छ । अब अन्यायमा जेलिनु पर्दैन । त्यस्तो ऐन, कानून आफ्नो निम्ति अब उनीहरु आफैं बनाउछन् । उनीहरु जो जमीन जोत्छन्, अब आफ्नै निमित्त र बाँकी सामुदायिक समृद्धिको निमित्त । ती विष-किटाणु, ती जुगा ! जो समाजलाई मक्याउँथे र चुस्थे, तिनको अन्त भयो । अब समाजमा विकासको लालिमा चढ्दै जान्छ । राज्य-धन अब दश बीस चुसाहा रक्तबीज र उनका भाडावालहरुको स्वार्थको लागि नभई सर्वत्र राष्ट्रीय रचनात्मक कार्यमा, सार्वजनिक उत्पत्तिकर श्रममा लाग्छ । जनताको स्तर दिन परदिन उठ्दै जान्छ । ती बन्दीहरुको बदला क्रान्तिका धोखेबाज नेता, जनप्रतिनिधित्वको ढोंग रच्ने ज्ञात-परिचित शोषक रजौटा, र पुराना डाँका, चोर, दुनियाँमा ठूला पूँजीपति गरायमान्य, उपाधिप्राप्त ऐशीहरु, जो वर्गीय स्वार्थको लागि राज्य र विधानको ढोंग रच्थे, उनै आज बन्दी बनेर गोलघरको हावा खान लागे । जसमध्ये पूँजीका दलाल, न्यायका हराम उनै पुलीस अधिकारी पनि थिए, जो शेखरको निम्ति कोर्राको आदेश गर्थे । तिनलाई हेरेर गर्वपूर्ण स्वरमा गर्जिएर शेखरले भने—थानामा कोर्रा लाउने तैं हैनस् ?"

☆ ★ ☆

"कोर्रा लाउने तैं होइनस् ?"

'मैं हुँ'—झन गर्जिएर पुलिसले अर्को कोर्रा हान्यो—'आँखा पल्टाएर स्वाँग पो देखाएको रहेछ । यसतो फूर्ति !"

शेखरलाई एक कोर्राले अर्को दुनियाँ देखायो, एक कोर्राले वेदनाको साथ ब्युँझाई दियो । पुलिस चाँहि फेरि कोर्रा देखाउँदै केदै थियो—'चोरेको हो कि हैन ?'

# हाम्रो राष्ट्रभाषा

बाबुराम आचार्य

भाषाको आविष्कार गरेपछि मात्र दोपाया जन्तु मनुष्य-पदवीमा पुग्न आएको छ। यदि यस प्राणीले भाषा नजानेको भए यसमा र बानरमा विशेष अन्तर रहँदैनथ्यो। भाषाले आपसमा सहयोग गराएर मानिसका बथानलाई मनुष्य-समाज बनाउने गरेको छ, जसका सदस्य प्रत्येक मानिस हुन्छन्। समाजमा रहेरनै मानिस उन्नति गर्दछ अथवा अवनतितिर गिर्दछ। मानिसका सुख-दुख, हर्ष-विस्मात आदि सबै समाजभित्रनै सिर्मीत रहन्छन्। समाजबाट छुट्टिएर अकेला रहन मानिस कदापि सक्दैन। परन्तु मानिसमा स्वार्थी स्वभाव पनि रहेको छ। यसका प्रभावले बाबु छोरा आमा छोरी र लोग्ने-स्वास्नी तकमा तेरो-मेरो भन्ने भावना जागेर मनुष्य समाज अनेक टुक्रामा फुट्ने गरेको छ।

भिन्न भिन्न भूभागमा छरिएका समाजका टुक्राहरूमा विचार क्रान्तिका लहरहरू उठेर शासन-संस्थाहरूका भुल्का उठी राष्ट्र बन्नेर नासिने गरेका छन्। प्रत्येक राष्ट्रमा एउटा शासन-संस्था रहेको हुन्छ। त्यो राजतन्त्र, प्रतिनिधि तन्त्र अथवा प्रजातन्त्र जेसुकै होओस्, राष्ट्रको एक अंग हुन्छ। प्रत्येक राष्ट्रमा एउटा भाषा मात्र हुनुपर्दछ भन्ने नियम छैन तापनि राष्ट्रिय एकता कायम राख्नलाई एक राष्ट्रभाषा बन्न आवश्यक छ। यो भाषा राष्ट्रको अर्को अंग भएर रहेको हुन्छ। शासन संस्था भनेको राष्ट्रको हात र राष्ट्र-भाषा भनेको उसको बोल्ने मुख हो। शासन संस्थाले हतियार वा औजार चलाई राष्ट्रको रक्षा र उन्नति गर्दछ। हात नभएका मानिसहरू जम्मा भएर मुखद्वारा आपसमा एकता कायम गरे पनि तिनबाट कुनै काम हुन सक्दैन, यो कुरा साँचो हो। तर बोल्न नसक्ने लाटाहरू मिलेर पनि कुनै ठोस काम हुन सक्दैन। यस कारणले राष्ट्र कायम राख्नाका निमित्त शासन-संस्थाको जत्तिको जरूरत छ, राष्ट्र भाषाको पनि उत्तिकै आवश्यकता रहन्छ।

परचक्रीको आक्रमण नभएसम्म राष्ट्रभाषा नभए पनि राष्ट्रले कला कौशलको उन्नति गर्न सक्छ। यस कुराको उदाहरण हाम्रै देशमा पाइएको छ। सातौं शताद्वीका नेपाल-राज्यका सीमामा चीनियायात्री ग्वान-च्वांगका भ्रमण-वृतान्त र कल्हणाका राजतरंगिणीअनुसार पूर्वपट्टि टिस्ता नदी र पश्चिमपट्टि करनाली नदी थिए। त्यस समयमा लिच्छवी राजाहरूले राज्य चलाइरहेको पाँच छ सय वर्ष भइसकेको थियो तापनि एउटा राष्ट्रभाषा कायम गर्न सकेका थिएनन्। तैपनि आफ्ना राजधानीमा र दोलखा गोरखासम्म कला-कौशलको बृद्धि गराई राखेका थिए। परन्तु नवौं शताद्वीका

आरम्भमा काश्मीरी राजाको आक्रमण हुंदा लिच्छवीहरू निर्बल भई तिनको स्थान वैसहरूले लिए। यो लिच्छवी राज्य टुट्दा पूर्वपट्टि सिंगिलिला पारको पश्चिमपट्टि सखीकोलेकदेखि परतिरको र दक्षिणपट्टि चुरेदेखि पल्लापट्टिको प्रदेशहरू नेपालबाट छुट्टिए।

तैपनि बीचमा रहेको नेपाल राज्य पाँचसय वर्ष-सम्म बाँचेर रह्यो। यी बैस र यी पछिका पहिला मल्लहरूले पनि राष्ट्रभाषा खड़ा गर्ने उद्योग गरेनन्। अबधतिरबाट नेपालका केन्द्र स्थलमा आएर बसेतापनि लिच्छवीहरू सरह यिनीहरुले पनि नेवारी भाषालाईनै आफ्नो भाषा गराए। यो भाषा आग्नेय-देशी वर्गको एउटा बोली थियो। यस वर्गका मगर, तामांग, थामी, चेपांग आदिका अरू तीन दर्जन जाति जो बोल्दा थिए तिनसंग मुकाविला गर्न शक्ति नहुंदा यो राजभाषा बने तापनि राष्ट्रभाषा हुन सकेन। यस कारण वैस र पहिला मल्ल हरूले पनि मगर, मुर्मी आदि आग्नेय-देशी बोली बोल्ने रैतीलाई एकताका सूत्रमा गुथ्न सकेनन्। तैपनि परचक्रीको आक्रमण नभएसम्म यी वैस र मल्ल हरूले शिल्प-कलाका उन्नतिको पराकाष्ठा देखाए। तर तेह्रौं शताब्दीका अन्त्यदेखि पश्चिमबाट सेंजाका मल्लहरूको र दक्षिणबाट सिमरावनगढका कर्नाट राजाहरूको राजधानीसम्म आक्रमण हुंदा यो राज्य निर्बल हुंदै आयो। चौधौं शताब्दीका मध्यमा बंगालका पठानहरू आई राजधानीसमेत ध्वस्तगरी दिंदा यो राज्य अत्यन्त निर्बल भई तीस वर्षपछि राजवंशको समेत समाप्ति भयो र यसका बदलामा अनेक रियासत खडा भए। तिनमा काठमाडौं, ललितपुर र भक्तपुर रियासतका राजधानी नेपालका केन्द्र स्थलमा परेका हुनाले त्यहांका राजाहरूले मात्र आफूलाई 'नेपालेश्वर' भन्ने गरे। अरू राजाहरूमा एक 'दोलखाधिपति' र अर्का 'गोरखाधीपति' कहलाए। पछिल्ला मल्ल राजाहरूका समयका नेपालभित्र यस्ता तीस बत्तीस अधिपति खड़ा भएर नेपाली राष्ट्रलाई छिया छिया पारे। यो राष्ट्रभाषाका अभावको परिणाम थियो।

( २ )

लिच्छवीराज्यका समयमा यस राज्यका अधिनमा रहेको करनालीका व्यांसीको मल्ल-राज्य उन्नत भएर वैस राज्यलाई भत्काउनामा अग्रसर भयो। यस राज्यमा खश जातिका आर्यहरूको आवादी थियो। खशहरूको मुलघर कश्मीर थियो तापनि यिनी हरूले इरानी भाषासंग नजीकको संवन्ध राख्ने आफ्नो पुराना भाषालाई छोडेर भारती आर्यभाषाको शौरसेनीप्राकृत भाषा लिएका थिए। तर यिनीहरूका पुराना भाषाको असर परेर खश अपभ्रंश भाषाको उत्पत्ति भयो र यसबाट सतलजदेखि मेरी नदीसम्मका अनेक पहाड़ी बोलीहरू बने। यिनमा पूर्वपट्टिको एउटा सिंजाली बोली सेंजा राजधानीमा बोलिन्थ्यो। वैस राज्य नासिएपछि काली गंडकीका शिरानमा परवत

नामक रियासत खड़ा हुँदा त्यहाँका राजाहरूले सिंजाली बोली ल्याए। त्यहीं मगर र गुरुंगका बोलीको समेत प्रभाव परेर त्यस बोलीले 'परबतिया' भन्ने नाम लियो। यो बोली लिएर पश्चिमतिरबाट बाहुन, क्षत्री, सार्की, कामी र दमाईहरू पूर्वतिर बसाई सर्दै आएर दुइसए वर्षका बीचमा सिंगिलिलासम्मका पहाड प्रदेशहरूमा फैलिए। आग्नेय देशी बोलीहरू भन्दा यो बोली सजिलो हुनाले मगर, गुरुंग, मुर्मी, धामी, सुनुवार, खंबू, याकथुंवा आदिले पनि यो बोली जान्न लागे। यस तरहले मध्य युगका वैस राज्यका सीमानाभित्र यो परबतिया बोली राष्ट्रभाषाका रूपमा परिणत भयो। मगरहरू पश्चिमपट्टिका सिंजाली बोलीलाई र यस परबतिया बोलीलाई समेत खश कुरा भन्दथे। यो नाम सार्थक पनि थियो। यस कारणले नेवारहरू यस भाषालाई खश भाषा (खय भा) भन्दथे। सत्रौं शताब्दीका उत्तरार्धमा काठमाडौंका राजा प्रताप मल्लले अलकनन्दादेखि कोसी सम्मका तीर्थको जलल्याई रानी-पोखरी तीर्थ बनाएर यस तीर्थको संदेश पूर्व पश्चिम सर्वत्र फैलाउनलाई एक शिलालेख प्रकाशित गरे। राजधानीको नेबारी भाषा पूर्व-पश्चिममा नचलेको हुनाले यसै खश भाषाको त्यसमा उपयोग गरेर राष्ट्र भाषा माने।

राजनैतिक भिन्नताले फुटाएका वैस र पहिला मल्लका राज्यलाई यस परबतिया बोलीले एकताका सूत्रमा बाँधी दियो। जसरी चुनले इंटहरूलाई जोड्दछ उसै गरी यस परबतिया बोलीले मगर, गुरुंग आदिलाई पनि एकताका सूत्रमा गुथ्न थालेको थियो। यसै अवस्थामा अठारौं शताब्दीका मध्यमा गोरखाका महाराज श्री ५ पृथ्वी नारायण शाहले साम, दान, भेद र दंड यी चारै उपायलाई लिएर छरिएका रियासत-हरूलाई एकत्र गरी राज्य स्थापना गर्ने काम आरम्भ गरे। परबतिया बोलीले जो राष्ट्रीय एकता स्थापना गरिरहेको थियो त्यसका विरुद्ध काठमाडौं आदिका राजाहरू लड़ाईमा अधि सरे। तर राष्ट्रिय एकतासंग राजनैतिक भिन्नताले मुकाबिला गर्न नसकी यी रियासतहरू एकएक गरी गिर्दै गए। इ० सं० १७६९ सम्ममा गोरखादेखि पूर्वपट्टि दूधकोसीसम्म फैलिएका पाँच रियासतहरूलाई र गोरखालाई समेत मिलाएर काठमाडौंलाई राजधानी गरी नया राज्यको जग बसाले। यसलाई पूर्वपट्टि सिंगलिला-सम्म बढाउने काम पनि यिनलेनै गरे।

गोरखादेखि पश्चिमपट्टिको गंडकीका व्यांसीहरूको क्षेत्र परबतिया बोलीको मुख्य घर बनिरहेको थियो। यस कारणले यस भागमा रहेका चौबिसी रियासतका संगठनलाई श्री ५ पृथ्वीनारायण शाहका उत्तराधिकारीहरूले भेद-नीति लगाई फोरेर इ० सं० १७८७ सम्ममा एक-एक गरी गिराएर यस नयाँ राज्यका अधीनमा गराए। चार सय वर्ष अगाडि फुटेको राज्य ज्यौंकात्यौं भयो। यति मात्र होइन सेंजाका मल्ल राज्यहरूले र सिमरावनगढका करनाट राजाहरूले खोसेर लिएको तराईको लगभग आधा भाग

जति पनि यस राज्यमा सम्मिलित भयो । यस काममा मुख्य भाग लिने श्री ५ पृथ्वी-नारायण शाह र उनका भाइ-छोराको तथा उनका भारादार र अधिकांश सैनिकहरूको जन्म गोरखा रियासतमा भएको थियो । यो राज्य बनाउने श्रेय यिनै गोरखालीहरूले लिएर राज्यको र देशको नाम समेत गोरखा भन्ने दिए । तर यति काममा गोरखामा पैदा नभई अरु रियासतमा घरद्वार भएका हजारौं मानिसले सहायता गरेर यो काम सिद्ध भएको हुनाले गोरखालीको मात्र यसमा हात थिएन । नेपालका केन्द्रस्थलका काठमाडौं शहरमा राजधानी कायम भएको हुनाले राज्यको समृद्धि बढाउनमा नेबार-हरूले समेत प्रशस्त भाग लिएका थिए । यो देखेर भारतवर्षमा राज्य-स्थापना गरीर-हेका अंग्रेजहरूले गोर्खा राज्य र नेपालदेश भन्न लागे । यस कारणले नया बनेका राष्ट्रका नाममा गोर्खाली र नेपाली दुवै शब्दका प्रयोग हुनलाग्यो । तर जुन राष्ट्र भाषाले यसरी नेपालको एकीकरण गराउनामा मध्यस्थताको काम दिएको थियो, उसको नाम न गोरखाली रह्यो, न नेपाली ।

( ३ )

यो राज्य स्थापना गरिसकेपछि नेपाल सरकार र गोरखाली सेनापतिहरू राज्य बढाउने धुनमा लागे । दक्षिणपट्टि अंग्रेज जमिसकेका हुनाले त्यसतिर बढ्न सकेनन् । उत्तरपट्टि हिमालय पार भोटमा पनि अधिकार बढाउने चेष्टा गर्दा चीनिया सैन्यसँग टक्कर पाएर फिरे । पूर्वपट्टि सफल भएर सुखिम रियासतलाई अधीनमा ल्याई टिस्ता नदीलाई राज्यको पूर्व सीमाना गराए । पश्चिमपट्टि झन् सफल भएर सतलज नदी-लाई सीमाना बनाउन पुगे । तर यस बढे चढेका राज्यलाई रक्षागर्न राष्ट्र-भाषाद्वारा हुने सहयोगको सहारा नलिई तरवारको भर परे । सखिकोलेकदेखि पश्चिमपट्टिका पहाडी बोलीहरू परबतियाका नजीकका नातादार थिए । तराईमा बोलिने, अवधी, भोजपुरी, मैथिली र बंगाली बोलीहरू पनि भारतीय आर्य भाषाका सन्तान हुनाले ज्यादा टाढाका नातादार थिएनन् । अलिकति परिश्रम गरेमा परबतिया बोली बोल्न यिनीहरूलाई गाह्रो पर्दैनथ्यो । यस विषयमा नेपाल सरकारले वास्ता नगरेका हुनाले तिनीहरूले परबतिया बोली सिकेर गोर्खाली वा नेपाली बन्ने चेष्टा गरेनन् । यसको परिणाम ई० सं० १८१४-१६ का अंग्रेजसंगका युद्धमा देखियो । त्यस युद्धमा सुखिमका राजाले आफ्नो रियासत छुट्याएर अंग्रेजहरूका सामन्त बने । तराईका थारू जातिता नेपाल सरकारका पक्षमा रहे । तर बाजी जतिले अंग्रेजको शरण पक्रे । पश्चिमपट्टिका बासिन्दाहरूमा कुमाउँ र बाह्रठकुराईका बासिन्दाहरू आफ्ना सरकारका विरुद्ध भएर अंग्रेजहरूलाई महाभारतभित्र पहाड खंडमा ल्याएर गोरखाली शासनलाई हटाए । तर प्यूठानादेखि इलामसम्मका परबतिया बोलीका क्षेत्रका

रैतीहरू टम्म मिलेका हुनाले सरकारको पक्ष नछोड्दा अंग्रेजहरूले यसपट्टि महाभारत भित्र घुस्नलाई माथा पिटेर परिश्रम गरेतापनि सकेनन्। यो भाषाका भिन्नता र एकताको परिणाम थियो।

यस युद्ध पछि नेपाल सरकारले सिंगलिला र महाकालीका बीचको पहाड प्रदेश र त्यसमा जोडिएको चुरेसम्मको भित्री तराई मात्र आफ्ना राज्यमा थामेर संधिगर्नु पर्‍यो। यस भागमा परबतिया बोलीको क्षेत्र पुरै रहेको हुनाले राज्यको अंग भंग भएतापनि बल ज्यादा घटेको थिएन। यस कारणले अंग्रेजहरू लाचार भएर एक बर्षभित्रैमा बाहिर तराईको तीन चौथाई भाग फिरता दिए, बांकी एक चौथाई भाग भने चवालीस वर्ष पछि मात्र सुपुर्द गरे। त्यस युद्धपछि पनि यहांका शासकहरूले राष्ट्रिय एकताको महत्व नबुझी बेलायती ढाँचाका महल बनाएर र तिनमा बेलायती फर्निचर र चित्रहरू जडेर राष्ट्रियताका अरू अंगलाई पनि काट्तै रहे। शासक वर्गले वास्ता नगरे तापनि केही नेपाली सज्जनहरूले आफ्नो भाषामा ज्ञानको प्रसार होओस् भनेर संस्कृतका केही ग्रन्थ अनुवाद गरे। केही कविहरूले कविता पनि लेखे। तर यी गरीब अनुवादक र लेखक हरुले पुस्तक छपाई प्रचर [illegible] साधन जोड्न नसक्दा त्यस युद्धका समाप्तिदेखि श्री रणोद्दीपसिंह राणाका हत्या सम्मका वर्ष सत्तरी त्यसै बितेर गए। यस बीचमा राष्ट्र भाषाका नामका विषयमा एक काम भयो। ई० सं० १८६०- सम्म खश कहलाइ रहेका थापा, बस्नयात, पांडे आदि क्षत्रीले खश कहलाउन इनकार गरिदिएका हुनाले आफ्नो बोलीलाई पनि खश भाषा भन्न रोके। यस कारणाले यस सालदेखि केवल परबतिया भन्ने नामले पुकारिंदै रह्यो।

(४)

यस राष्ट्र-भाषाका उत्थानको वास्तविक आरम्भ नेपालका कुनै प्राइमिनिष्टर, राजगुरु अथवा राजपण्डितबाट भएन। एक नवयुवककवि मोतिराम भट्टबाट भयो। उनले काशीमा अंग्रेजी पढ्न बसेका बेलामा आफ्ना मित्र श्री रामकृष्ण बर्मालाई उठाएर भारत-जीवन नामक छापाखाना खडागराई त्यसबाट आफ्ना भाषाका किताबहरु प्रकाशित गर्ने अठोट गरे। इ० सं० १८८६ तिर त्यो छापाखाना स्थापित भएर हिंदी भाषामा भारत जीवन नामक साप्ताहिक पत्र निस्कन लाग्यो। अर्को सालमा यसै छापाखानाबाट भट्टजीले भानुभक्तको रामायण प्रकाशित गराए। इ० सं० १८८८ मा राजनैतिक छूत लागेर नेपालबाट भागेका श्री डमरू बल्लभ पोखर्‍यालले काशीमानै एक छापाखाना स्थापना गरेर रघुनाथ पोखर्‍यालले लेखेको सुन्दरकांड प्रकाशित गराए। राजनैतिक छूत लागेका हुनाले यिनले छपाएका पुस्तक नेपालभित्र पस्न सक्दैनथे। यसकारणले आफूले प्रकाशित गराएका पुस्तकहरुको प्रचारित क्षेत्र भारतमा रहेका गोर्खा सैन्यका छाउनीलाई बनाउनु परेकोथियो। यी पल्टनियाहरुको मन

खिच्नालाई आफ्ना छापाखानाको नाम गोर्खा यन्त्रालय राखी भाषाको नाम पनि गोर्खा भाषा राखे। केहीपछि भट्टजीले भारत जीवनको 'गोर्खा भारत जीवन' भन्ने संस्करण निकाली श्री डमरू बल्लभजीले गरेका नामकरणको अनुमोदन गरे।

परन्तु राष्ट्रभाषालाई उन्नत गराएर यसै भाषामा नेपालीहरुलाई शिक्षा दिने ठोस कामको आरम्भ इ० सं० १६०५ मा श्री राजा जयपृथ्वीबहादुर सिंहले गर्नु भयो। उहाँका जन्म डोटी जिल्लाका बझांग रियासतमा भएको हुनाले मातृभाषा पनि सिंजाली बोलीको एक शाखा थियो। तैपनि राष्ट्र भाषा परबतिया वा गोरखाली भएको हुनाले यसै भाषामा पाठ्य पुस्तकहरु बनाएर बालक बालिकालाई पढाउने कामको परीक्षा आफैंले गर्नु भयो। यस भाषाको व्याकरण र कोष तयार गर्ने काममा श्री सुब्बा वीरेन्द्र केसरी पण्डितज्यूलाई सहायक बनाउनु भयो। यस कामका निमित्त यस भाषामा प्रकाशित र अप्रकाशित पुस्तकहरुको विशाल संग्रह पनि गर्नु भयो। यो काम अघसरो छदै पाँच छः वर्षका बीचमा केही पाठ्य पुस्तक प्रकाशित भएर उहाँका काठमाडौंका घरमा रहेका पाठशालामा र बझांगमा रहेका पाठशालामा पढाइए। तर एक पाठ्य पुस्तकमा जापानका राज्य-क्रान्तिको वृतान्त लेखिएको हुनाले सरकारका दृष्टिमा यो पुस्तक खराब जंचिदा व्याकरण र कोष तयार गर्ने काम समेत बन्द गरियो। यस कामको उठान हुँदा राष्ट्र-भाषाको नाम परबतिया वा गोर्खाली राख्दा सांप्रदायिकताको भावना देखियो र "नेपाली" भषा भन्ने नाम दिनु भएको थियो। हुनता भट्टजी कै समयमा इ० सं० १८८७ मा श्री टर्नबुलने यस भाषाको व्याकरण र शब्दकोश लेख्दा नेपाली भाषा भन्ने नाम दिएका थिए। यस नामलाई भट्टजी आदिले स्वीकार नगरेतापनि श्री जयपृथ्वी बहादुर सिंहले समर्थन गर्नु भयो। यस तरहले खूद नेपाली-मा नेपाली भाषा भन्ने नाम व्यवहार गर्ने लेखकहरुमा पहिला श्री जयपृथ्वी बहादुर सिंहनै हुनुहुन्थ्यो।

श्री जयपृथ्वी बहादुर सिंहबाट पाठ्य पुस्तक लेखने काम झिकेपछि नेपाल सरकारले इ० सं० १६१३ मा गोर्खा भाषा प्रकाशक समिति खडागरी पाठ्य पुस्तकहरुलाई नियन्त्रणमा राख्न थाल्यो। ई० सं० १६२० मा एक ऐन बनाएर नेपाली भाषामा लेखिएका पुस्तकहरु यस समितिका अध्यक्षबाट जांच गराएर मात्र प्रकाशित गर्न पाउने नियम भयो। यस नियम अनुसार आफ्नो रचना प्रकाशित गराउनालाई मेची-देखि महाकाली सम्मका लेखकहरुले काठमाडौंमा आएर दरखास्त दिनुपर्दा यात्राका कठिनतालेनै आफ्नो कलम बन्द गरे। काठमाडौंमा रहेका लेखकहरुले लेखेका पुस्तक आदिमा अनेक बिंगा लगाएर प्रकाशित गर्ने अनुमति नदिने गर्दा स्वतन्त्र लेखकहरु-लाई कलम बन्द गर्न करै लाग्यो। संसारमा कुनै सभ्य राज्यमा नरहेको यस्तो ऐन लागू गर्नाको उद्देश्य राष्ट्रियताको नाश गर्नु थियो। यस तरह संग राजधानीमा

राष्ट्र-भाषालाई बाँध छाँद गरिराखेका समयमा दोर्जलिंगमा रहेका प्रवासी नेपालीहरूले बंगालका स्कूल कलेजहरूमा बंगाली भाषाको सट्टा नेपाली भाषामा सानातिना पुस्तकहरू पढाउने आज्ञा प्राप्त गरे। इ० सं० १९२० तिर त्यहीं नेपाली-साहित्य-सम्मेलन भन्ने एक संस्था खोले। त्यहांबाट श्री पृथ्वीनारायण शाहको जीवन-चरित्र प्रकाशित हुँदा यस तरहका पुस्तकबाट राष्ट्रिय एकता पैदा हुने भए भएर नेपाल सरकारका आँखामा त्यो संस्था कसिंगर बन्यो। त्यहांबाट प्रकाशित भएका कुनै पुस्तक पनि नेपाल राज्य-भित्र पस्न मनाही गरिए। तर त्यो संस्थाको प्रभाव राजधानीमा आइपुग्यो र गोरखा भाषा प्रकाशक समितिले पनि काँचुली बद्लेर नेपाली-भाषा प्रकाशिनी समिति कहलायो। मध्यम कक्षाका स्कूल पाठशालाहरूमा पढाइने पाठ्य पुस्तकहरू बराबर निस्कन लागे। केही शिक्षाप्रद नाटक र फुटकर ग्रंथ पनि निस्के। तर प्रवासी नेपालीहरूले जति पाठ्य-पुस्तक र उपन्यास आदि प्रकाशित गराए, उति पुस्तक नेपाल राज्य-भरबाट प्रकाशित हुन सकेनन्। ने० भा० प्र० समितिबाट आर्थिक सहायता पाएर दुई-तीन मासिक पत्र पनि काठमाडौंबाट निस्के। तर यिनमा भएका लेखमा रस र ओज भरिन नदिने सरकारको नीति हुँदा कुनै पत्रिकाका पनि ३०० भन्दा बढी ग्राहक हुन सकेनन्।

( ५ )

महाराज श्रीचन्द्रशमशेरका समयमा इ० सं० १९२० देखि नेपाल राज्यभरमा प्राथमिक पाठशालाहरू खोलिन थाले। तर सत्तरी लाख मानिसका आबादीमा दुइसए पाठशालासम्म पनि खोलिएका थिएनन्। अधिकांश पाठशालाहरूमा केवल एक जना संस्कृतका पण्डित रहन्थे। यी मध्ये पहाड़खंडका पाठशाला जातिमा नेपाली भाषाका र तराईमा हिन्दी भाषाका पाठ्य पुस्तकहरू पढाउनु भन्ने नियम भयो। तराईका बासिन्दाहरूका अवधि, मैथिली वा बंगाला मातृभाषा हुन्छन्। यिनीहरूलाई नेपाली भाषा सिक्न र पछाई हिन्दी सिक्न बराबरै परिश्रम पर्दछ। यो कुरा तराईमा डुलफिर गर्ने शिक्षितहरू जान्दछन्। तैपनि एउटा सानो राज्यमा दुइथरी भाषामा प्राथमिक शिक्षा प्रचारगर्नु राष्ट्रिय एकताको घातक थियो। आज सम्म यही घातक नियम चलिरहेको छ। पछि तराईमा अंग्रेजी स्कूलहरू खुल्दै जाँदा तिनमा शिक्षाको माध्यम नेपाली भाषा गराउने नियम भएको छ। तर शिक्षकहरू ज़्यादा जसो उत्तर प्रदेश वा विहारमा हिन्दीलाई माध्यम गराएर पढेका र नेपाली भाषा बोल्न नसक्ने भएको हुनाले नियमको उल्लंघन गरेर हिन्दीलाईनै शिक्षाको माध्यम गराइरहेका छन्। भारतवर्षका अनेक विश्वविद्यालयले पनि राष्ट्रभाषालाई शिक्षाका माध्यम बनाउने घोषणा गरिसकेका छन्। यस अवस्थामा पनि नेपाल तराईका प्राथमिक पाठशाला र प्रवेशिका कक्षा-सम्म पढाउने स्कूलहरूमा पनि राष्ट्रभाषाको अनादर हुनु राष्ट्रका निमित्त घातक छैन भन्न को सक्ला? यसै कारणले त्यहाँका बासिन्दाहरू आफूलाई नेपाली कहलाउन पनि

संकोच मान्दछन् । पुरी, रामेश्वर आदि भारतमा रहेका तीर्थमा जांदा नेपाली लाल-मोहरिया पंडाको वास्ता नगरेर महोत्तरीका बासिन्दाहरू दरभंगे पंडालाई मान्दछन । यो भेदभाव राष्ट्रभाषाका अवहेलनाबाट पैदा भएको हो । नेपाली भाषा बोल्ने बर्मामा बसेका याकथुंवाहरू पनि लालमोहरिया पंडालाई नै मान्दछन् । यो केको परिणाम होला ?

तराईका बासिन्दालाई हिन्दी पढाउनमा बाधादिने लेखकको अभिप्राय होइन । संसारसंग व्यवहार राख्नाका निमित्त सात समुद्र पारको अंग्रेजी भाषा समेत पढाउन आवश्यक मानिएको छ भने छिमेकमा रहेका भारतवर्षसंग व्यवहार गर्नाको निमित्त तराईमा मात्र होईन पाहाड़ खंडमा पनि हिन्दी भाषाको शिक्षा दिन भन् आवश्यक छ। तर प्रवेशिका कक्षासम्म शिक्षाको माध्यम राष्ट्रभाषालाई नै गराउन र मध्यम कक्षासम्मको सारा विषय राष्ट्रभाषामानै पढाउन आवश्यक छ । त्यहाँ रहेका शिक्षित वर्गले यस विषयमा ध्यानदिन आवश्यक छ । महात्मा गांधीको मातृभाषा गुजराती हुनाले पैंतालीस वर्षका उमेरसम्म उहाँले हिन्दी भाषामा लेख-पढ गर्न सक्नु हुँदैनथ्यो । त्यस उमेरमा उहाँले आफ्नो राष्ट्रभाषा हिन्दी सिकेर व्याख्यान र लेखमा समेत हिन्दीनै व्यवहार गर्नु भएको थियो । कायदे आजम जिन्ना मुसलमान भएर पनि साठी वर्षका उमेरसम्म उर्दू बोल्न सक्दैनथे । पाकिस्तानको राष्ट्रभाषा उर्दू गराउने निश्चय भएपछि यो भाषा सिकेर यसै भाषामा लेख–पढ़ गर्ने र व्याख्यान दिने गर्दथे । यो दृष्टान्त देखेर पनि तराईमा रहेका हाम्रा नेताहरू अझसम्म हिन्दीमा नै लेख–पढ र भाषण गर्नु हुन्छ । उहाँहरूलाई नेपाली सिक्न केही गाह्रो छैन । एक-दुइ महिनाका परिश्रमबाट सिकिन्छ । यदि उहाँहरूले नेपाललाई आफ्नो देश मान्नु हुन्छ भने नेपाली भाषालाई महत्व दिएका पक्षमा स्कूल पाठशालाका अध्यापकहरूले पनि नेपाली भाषालाई शिक्षाको माध्यम गराउनामा हच्कने छैनन् । यो ध्रुव सत्य हो, शिव हो, सुन्दर हो ।

# साहित्यमा शिवत्व

लक्ष्मी प्रसाद देवकोटा

शिव शब्दले कल्याण जनाउँछ । शिवत्वलाई भलोपन अथवा कल्याणकारितासँग समीकरण गर्न सकिन्छ । यो चीज त्यसकारण वस्तु अथवा धर्मबाट खारेर शिकिएको सार अथवा गुण हो । चीनी चीजबाट हामी गुलियोपन मनले पृथक् पारेर, अनुभवका आधारमा अडेको, एक काल्पनिक अथवा मानसिक तथ्य बनाउछौं । त्यसतै साहित्यमा शिवत्वको अस्तित्वको कल्पना गरिन्छ ।

"तब के साहित्य शिवत्वकै आधारमा अडेको छ ? अथवा त्यससँग एकाकार छ ?" हामी सोध्न सक्छौं ।

साहित्य शब्दलाई असली साहित्य अथवा समाजको कल्याणप्रद वा प्रगतिबाहक वस्तु संभिएदेखि, त्यसको एक आवश्यक अंग अथवा गुण शिवत्व रहनै पर्दछ भन्ने अनुमान गरिन्छ । यसको समाज तर्फको हितकारी परिणाम होस् अथवा यसको कल्याणप्रद भावनाको समूह रूप होस्, जुन सुकै मनको आँखाको अगाडि परिचार्थ ल्याए पनि, साहित्य र शिवत्वमा हामी एक किसिमले अनिवार्य तथा घनिष्ट सम्बन्ध रहेको स्पष्ट अनुभव गर्न सक्छौं ।

जसले समाजको हानी गर्दछ, त्यो जहर हो जरूर, असली साहित्य होइन । हृदय र मस्तिष्कको संतुलित विकासको पैदावारी गराउने चेष्टा द्वारा प्रकाशवान व्यक्तित्वबाट प्रवाहित सिर्जनाका धारालाई हामी साहित्य भन्दछौं । यसको अस्तित्वको समर्थननै सामाजिक चक्षुको उन्मीलन, हृदयको विकाश र त्यसद्वारा बुद्धिको उद्बोधनमा अडेको छ । यो युगको प्रतिविम्ब हो, त्यसतै प्रगति पनि यसको उपयोगिता, यसको शिवत्वमा आधारित पाइन्छ ।

कल्याणको भावना मनुष्यको बुद्धिविकाशको इतिहासको पहिलो पंक्ति भएर निस्केको होला । तर कल्याणका विषयमा छः दर्शनको भारतमा झगडा छ, र अठार पुराणको पनि । त्यसतै हितको बाटो देखाउनेहरूमा हजारौं वादविवाद सभ्यताको प्रातःकालदेखि चलिरहेको पाइन्छ ।

शिव-भावनालाई लक्ष्य गरेर धर्महरूको जन्मभयो, तिनको द्वन्द हामीहरू अझ भोग्दैछौं । यो भावनालाई यति ठूलो महत्व र दिव्यता दिइयो कि यसलाई ठोस बनाउँदै प्राचीन ऋषिले ईश्वरलाई शिव बनाए, शिवलाई ईश्वर । स्रष्टा र शिवत्वको समीकरणबाट पशुपति बाबा, भोलानाथ, विश्वनाथको प्रसव मानव कल्पनाले वहन

गरिनु । आधुनिक उज्यालामा यी दार्शनिक अथवा धार्मिक मूर्तिकरण फिसलिने जगमा उठाइएर अडाइएका सम्भिन्छन् । यी चीजहरू सम्प्रदाय वा धार्मिक कल्पनासँग सम्बन्ध राख्तछन्, र यिनको मूल्यह्रास वेगशील हुंदै आएको देखिन्छ । नत्र शिव-पुराणभन्दा ठूलो साहित्य हामी पाउने थिएनौ र श्रेयउपरका उपनिषद्को पंक्ति यसका सुनौला गजूर बन्ने थिए ।

तब शिवभावनाको विकाशको इतिहासमा यसको धार्मिक व्यक्तीकरणको प्राधान्य उपर टिप्पणी गर्दै हामी भन्न सक्तछौं प्राथमिक कालमा यस भावले मानव हृदयमा अतिशय ठूलो प्रभाव डालेर, पूज्य वस्तुको रूप लिएर, कल्पनालाई उत्तेजित बनाएको थियो । यसले प्रकृति कथाहरू जगायो, दर्शनहरूलाई जन्म दियो, तथा साहित्यिक स्तरमा आएर सिर्जनात्मक शक्ति र विश्लेषणात्मक बुद्धिको पारस्परिक क्रियाको प्रदर्शनहरू देखायो ।

तर यस अवस्थासम्म शिवत्वको भावना चर्को भए पनि कोरा र काँचै थियो भन्न सकिन्छ । कारण, यो विज्ञान र विवेकको ठह्रो आधारमा उठेर पाको इँटको घर हुन सकेन । हामी यस बेलासम्म विश्वकल्याणको भावनासम्म भाव्दछौं तर यसको ठोस बाटो र वास्तविक चेहरा अनुमान गर्न सक्तैनौं । यससँग विज्ञानाभाव र अन्धविश्वास तथा साम्प्रदायिकता मिसिन्छन् र यसको आत्मा अधिकांशमा मासिदिन्छन् ।

शायद 'शिव'-को सच्चा रूप अथवा राह कुनै युगले पनि राम्ररी जानोइन । यसको अन्वेषणनै सभ्यताको गति हुन सक्तछ, तैपनि हामी प्राचीनको काँधमा चढेर बाजेका, गलेका र फुलेका रौंहरू प्रशस्त टिप्न सक्तछौं ।

युगयुग 'शिव' भन्ने वस्तुतर्फ मनुष्यको, समाजको दृष्टिकोण बदलिंदै जान्छ; ती परिवर्तनका क्रममा हामी एक विकाशको क्रिया पनि अनुभव गर्न सक्तछौं ।

शिवलाई पहिले ढुङ्गा द्वारा झलकाउने चेष्टा गरिन्थ्यो; नाम द्वारा पक्रिन खोजिन्थ्यो । निर्जीव मूर्तिबाट सामाजिक सम्बन्ध र मोलमोलाइको तर्फ शिवजी पछि ओर्लदै गएर. सिर्जनात्मक प्रतिभाको सफल क्रियामा विलास लिंदै, स्वर्गबाट पृथिवी तर्फ अवतरण गरिरहेका पाइन्छन् ।

सृष्ट विश्व काल्पनिक पदार्थ सम्झिन्थ्यो; एक अतिमानव आत्माको पैदायस एक दिव्य इच्छाको कविता हुन सक्ला । तर ठोस प्रमाण पाइन्न । हामी त्यति सजीलो-सँग सहज स्वीकार गर्न सक्तैनौं; गरे विवेकले डरछ । यसकारण आजकल अप्रमाणितको त्याज्यताको आधारमा, भौतिकवादी प्रगति चलेको देखिन्छ । तर शिवत्वको भावना इनलाई उत्ति अनिवार्यता तथा स्वाभाविक छ जति अध्यात्मवादीलाई थियो र छँदै छ । केवल दृष्टिकोण बदलिएर गयो । हामीहरू आज अरू वस्तुसम्बन्धमा यस भावलाई पोषेर मानव-हितको उपासना गर्दछौं ।

मानिसको नीति बद्लियो । नीति विज्ञान भन्ने शास्त्र जन्मिन शक्ने छैन भन्ने केही आधुनिक विद्वानहरूको भनाई छ; किनकि यसलाई ठोस आधार पाइन्न । यस-कारण अघिको अमृत धरै जहर जाँचिन आइसकेको देखिन्छ । तैपनि शिवत्व भन्ने एक चीज खारिएर बेटर-सुन बन्न सक्छ । बिलाउन सक्दैन ।

मानवको पहीलो कर्तव्य आफू तर्फ :—आत्मकल्याण,–अरू तर्फ, विश्व कल्याण । यी दुइ भाव व्यवहारमा जुझ्न र बाझ्न पनि शक्छन् ; तर एक बेरामा तिनीहरू एकाकार पनि देखिन्छन् । जहाँ परकल्याण छ त्यहीं आत्मकल्याण छ भन्ने उक्ति सागर भरिएर मात्र नदी बग्न सक्दछन् भने जसतो जँचत छ । प्रत्येक व्यवहार क्षेत्रमा यो लागु हुन सक्दैन भन्ने केही व्यवहारवादीको उजूर छ । व्यक्तित्ववादी भन्दछ व्यक्ति पहिले; समाजवाद वा अरू यसतो वाद भन्दछ, समाज पहिले । तर यी दुइ विरोधी बहसको एक सन्तुलन विन्दुमा अडेर हामी भन्न सक्छौं, व्यक्ति अथवा समाज पारस्परिक विकास सूत्रमा बाँधिने वस्तु हुनाले, दुवैको अविरोधी विकासपंक्तिनै कल्याण-को रेखा हुन शक्ला । शिवत्व शायद त्यही विन्दु हो । यो ज्यादै सूक्ष्म छ, करीव अग्राह्य ।

यसै तत्वको सचा अन्दाज र निर्देशनमा साहित्यकारको प्रतिभाको फाँद नापिन्छ; किनकि साहित्यले सचा तवरले जिउन सिकाउनै पर्दछ । सूत्रद्वारा होइन; यांत्रिक बुद्धिले होइन । न त लीलावतीको आधारमा । तर वस्तुस्थितिको सचा समझ, सामाजिक मोलमोलाइको सचा परीक्षा गर्न सक्ने उच्च अन्दाज, व्यक्ति र समाजको सम्बन्ध पारख गर्न सक्ने गहीरो निरिक्षक बुद्धि, खाल्डा र मैदानको उपर उज्यालो डाल्न सक्ने मानसिक चिराँक, भूतभविष्यवर्तमानको अस्तित्व एक समीक्षित विषयमा अनुभव गर्न सक्ने सूक्ष्मवीक्षण, धी र हृत्को सहयोग द्वारा निष्कलुषित निर्देशन र प्रेरणाको सामर्थ्य—यी सबै चीजको अस्तित्व विना साहित्यकार असली साहित्यकार भनिन सुहाउन्न । उसले उच्चतर जीवनको इशारा र चारा दुवै प्रदान गर्दछ । साहित्यले हृदयद्वारा मस्तिष्क अथवा उच्च बुद्धिमा स्पर्श, र यसतो प्रभावकारिता राख्ने नव सिर्जनालाई कला भनिन्छ । यसको नव्यता विकाशोन्मुख मानव-जीवनको गत्यात्मकतामानै निर्भर छ, प्रत्येक युगमा आफूनै आफ्नो आश्चर्य चमत्कार बनेर चम्केर निस्किरहन्छ ।

अन्ततोगत्वा हृदयस्पर्शिताका क्रिया द्वारा उत्तरोत्तर गतिपथमा मानवसमाजलाई प्रेरित गर्ने यसको गुणनै यसको मुख्य शिवत्व जाँचिन आउँछ ।

तैपनि यहाँ हामीले "सत्यं शिवं सुन्दरम्" जस्ता नित्य प्रभावकारि तर खतरादार-तवरले भोर भइसकेका उक्तिको पतझडको सडलपनबाट होशियारी साथ आफूलाई बचा-उनु पर्दछ । हामी 'सत्यं' लाई विवादास्पद सम्झन सक्छौं । 'शिवं' मा झगडा गर्न

सक्छौं । 'सुन्दरं' मा प्रतियोगितामा चल्न सक्छौं । धार्म्मिक बनाउन सक्छौं यिनलाई; त्यस्तै साम्प्रदायिक, त्यस्त चौडा, विशाल, सजीव पनि । तिनको सच्चा अन्दाज र सजीव अनुभूति नै हाम्रा आदती भूलका सुधारक हुन सक्छन् ।

साहित्यकारले आत्म-सत्यलाई सत्य मान्न शक्कछ । आफ्नो मिटान जसद्वारा दुनियाँको हृदय र बुद्धि जगाउन सक्छ, त्यसैलाई आफू भित्रको शिवत्वको परमानन्द रूपमा भोग गर्न शक्कछ । आफ्नो आदर्शको मोहनीमा सुन्दरलाई साक्षात्कार गर्न सक्कछ, इत्यादि । यि आत्मविषयी त्रितत्व विना उसबाट असली साहित्य रूखबाट हात्ती फल्नु जस्तो हुन आउँछ । साहित्यकारको जीवननै साहित्यको मूल छहरा हो । त्यसभित्र विश्वको जीवन भावुक माप-यंत्रमा परेझैं ऐनिन्छ । त्यस प्रतिच्छायाँ द्वारा ताति गर्दो समाज कुद्न सक्कछ ।

तर औपदेशिकता पुराणको पण्डितमात्र हो; कलात्मक उच्चारण र त्यसको अन्तर क्रिया साहित्यको आत्मा र त्यसको ध्वनि हो । पहिलोमा ढुङ्गाका चीसा महादेव छन् जो बोल्दैनन् । दोस्रामा चन्द्रमा र आगो दुबै पाइन्छ । हामीहरू आखिरमा दृष्टान्त गुन्न सक्कछौं ।

कमीलाका गुण बनेका शिवभावी ऋषिको जीवनबाट भारतीय इतिहासको प्राचीन खण्डमा वैज्ञानिक राजतन्त्रको जमानामा प्रादुर्भाव भएका महोदात्त व्यक्तित्वको क्रियात्मक शिव प्रतिष्ठाको बुट्टादार कथायथार्थ—पायौं जसले प्राथमिक युगले सभ्यताका आधारिक कल्याणतथ्यहरू चिन्न थाले । यिनैका समरेखामा सबै धार्म्मिक र पुराण साहित्य चले । यस अधि अझ सत्यको एक विश्वव्यापी मुहार र शिवको सच्चा मूर्ति भावना गर्दै ध्याएका वैदिक कविहरूको प्रभाती कलखमा हामी उही उच्चतर जीवनको पहिलो अन्वेषण पाउछौं । यस बेलासम्म धर्म धेरै जसो साहित्य बन्यो; साहित्य धर्म्म रह्यो । शिवत्वले शिवत्व बोलाउँदै युग-लहरीहरू चढेर चल्यो । त्यो प्रेरणा सम्झनोस् ; त्यसबेलाको त्यो प्रभाव ! कविहरू आफ्ना साँचामा मानिस ढाल्दथे; किनकि मनुष्यमा शैशवी लचलचाई थियो । विश्लेषण बढेर गयो; दर्शनले साहित्य समालोचनाको कार्यभार लियो; तर त्यही कल्पनाले मुछियो, रंगियो, रँगमँगियो पनि । अझसम्म मान्छे शिवत्वलाई मान्छे बनाएर जन्माउँदथ्यो र मान्छे नपाएर, मान्छे तत्वको सूक्ष्म सृष्टिधूली भनेर केलाई रहन्थ्यो । तर मनुष्य अझैं तवरले ढालिइ रहेथ्यो, बनिरहेथ्यो । ती कविभावनाबाट द्रौपदी जन्मिन्; राम प्रसूत भए; कृष्ण जन्म भयो; राधा खेल्न लागिन् । अनि रामलाई गुन्नोस् सयले; द्रौपदीलाई एकसय दसले; कृष्णलाई हज्जारले; राधालाई लाखले ।

एक समाज जन्मो जसमा व्यक्तिहरू यी सुन्दर अथवा शिवका साँचामा थिए । सभ्यताको विकाश भयो शंतोषले अतिशयिता लियो । कुइरो र धूलो

लाग्यो । अनि धेरै दिन सुतेर मानिस फेरि बिउँझियो र फेरि अर्को नयाँ काँचुली खोज्न लाग्यो । धर्मले राणाप्रताप बनायो; राणाप्रतापले फेरि एक राष्ट्रको धर्म बनाए; तर नक्कली कविहरू कवाब खानलाई हरेक नवाबलाई महावीर र हरेक महावीरलाई चिडिया बनाउन थाले । जहर पियो दुनियाले, अनि छटपटाएर त्यसको मारक खोज्यो । कोही प्राचीन तत्व तर्फ दुगुरे—जस्तो तुलसी । कोही वर्तमानको सजीव संदेश तर्फ—जस्तो कवीर—जसले आफ्नो सक्रिय जीवनतानबाट दिव्य कविता बुनेर दिल फेरि फर्क्यो । उद्बोधन, नवजीवनप्रदान-यी असली साहित्यका शिवक्रिया हुन् । तिनलाई पुस्ता पुस्ता दोहर्‍याएर सस्ता, उराँलँदा बनाउँदै, दुनियाले फेरि अरू उत्तेजनका तत्व खोज्दै गयो । अर्को जीवनको खोजी हुन लाग्यो । अनि पछि निस्के अरूहरू—विश्व सांग्रिदै र बढ्दै आयो । पूर्व र पश्चिम अँगालो हाल्न लागे । उदाए रविन्द्र इत्यादि ।

आजकलको शिवत्व विश्व जति चौडा हुनु पर्दछ; कम-से-कम भूगोलको परिमाणको ।

मान्छेको क्षितिज फैलियो । उसको पकड जब्बर हुंदै आयो । उ केन्द्रकेटी छैन । अब चाणक्यले हाँसो उठाउछन् । मनुस्मृति साहित्य गनिन्न । कन्था-बाबाको उपदेशमालाले आधुनिक हृदय छुँदैन । हामी विश्व-जीवन अथवा मानव-जीवनको पूरा घेराको झलकका उज्यालामा धप्केका क्षणका अतिमानव ध्वनि र प्रकाश चाहन्छौं । हाम्रा साहित्यकारका प्रतिभा वर्गोल्लंघक र मानवताको पवित्र पूर्णताले प्रस्फुरित हामी देख्न चाहन्छौं । हाम्रो शिवत्वको भावना अझ कठोर कोमल, कठिन-सहज बनेर विकास खोजिरहेछ । साहित्यकारको उत्तरदायित्वको अभिवृद्धि साथ असली साहित्यको परम हितकारितामा प्रगतिशील समाजको विश्वास र श्रद्धा झन झन दृढतर भएर आइरहेछ ।

हामी साहित्यका प्रभावमा नीरव प्रतिज्ञा गरेर अन्तर पखाल्दछौं, उज्याल्दछौं । उच्च जीवनको तयारी उही पुरानो टेबिलमाथि चलिरहेछ । सहस्र युगका उदात्त चरित्र र भावना हामीभित्र पसेर जीवन बनिरहेछन् । हामी अझ आजको सुनचलीमा छट्ने साहित्यिक उकालो खोज्दै चुलीबाट अरू पछिका युग-मानवलाई बोलाउन खोजिरहेछौं ।

तर हामी मानव समूह भित्र छौं—त्यहाँ जहाँ जनताको भित्री कोठरीको अप्रकाशित प्रकाशमा दिव्य शिखा अचेत तवरले धप्केर बोल्दछ—उच्चतर, उच्चतर जीवन । १.

—००१००—

१. रेडियो नेपालको सौजन्यताबाट ।

# ढुसीको गन्थन

रूद्रराज पाण्डे

जस्तो यो सृष्टि अनादि छ, उस्तै म पनि अनादि छु, मेरा भाइ पनि अनादि छन्, मेरो दुश्मन पनि अनादि छ। यसतै अनादि वस्तु कति छन् कति। तर हामीले जस्तो मानवको तिरस्कार र लाञ्छना कसैले सहनु परेको होला, होओइन। हाम्रो खप्परमा जस्तो अपजस अरू कसैको खप्परमा लेखिएको छ कि छैन, भन्न सकिंदैन। हामी अनादि छौं तापनि हाम्रो पनि त जन्म, मरण छ। हामी पनि हुर्कन्छौं, वैलाउछौं। यो त प्रकृतिको नियम हो। यसमा हाम्रो के दोष छ? फेरि किन मानवले हामीलाई देख्यो कि ठुस्सिएर थोक्रो पसार्छ, रिसले चुर हुन्छ र हामीलाई गलहत्ती लगाई, फोहर नालमा मिल्काई हाम्रो बिजोग पारिदिन्छ। हाम्रो दुश्मनलाई लगाई हामीलाई टट्याई हाम्रो अस्तित्व मेटाइदिन्छ। हामी त हाम्रा मित्रका परम मित्र छौं। जुन बखतमा हाम्रा मित्रहरू रमाउछन्, हामी रमाउछौं। हाम्रा मित्रहरूका आगमनमा संसारै रमाउँछ, हाम्रा मित्रहरू चानचुने छैनन् त। उनी नभए त सारा संसार स्वाहा भइ हाल्छ। बेलामा आइदिएनन्, व्यापक रूपमा आइदिएनन्, भनेको जति आइदिएनन् अथवा आवश्यकभन्दा बढ्ता संख्यामा आइदिए भने पनि मानवमा हाहाकार र कोलाहल मच्चिन लाग्दछ। अझ आइनै दिएनन् देखै परेनन्, वास्तै गरिदिएनन् भनेत मानवको पेटमा भोकको ज्वाला दनदन दन्कन थाल्दछ, उ बहुलाउँछ, संसारै बहुलाउँछ, प्रकृतिका सबै नियमहरू बहुलाउँछन्, सात्विक वृत्तिहरू सबै गुम हुन्छन्, असुरहरूको राज चल्दछ। यसता महान शक्तिहरूनै हाम्रा मित्र छन् भने हामीलाई देखा पर्न के गाह्रो! हामी पनि जतासुकै शिर उठाउछौं। तर हाम्रो जन्म पनि यसतो अनौठासँग हुन्छ, मानवले धेरै जसो त होशै पाउदैन। उसले खूब सजाएर फलानो चाडबाडमा बा जात्रा सात्रामा सजिसजाउ हुन राखेको पोशाक नै हामी लगाइ दिन्छौं। कहिले कसता कसता राम्रा राम्रा शिरपोशहरू नै हामी उडाइ दिन्छौं। आफ्नो जहान-बच्चाको मन कल्पाएर राखेको मिठा मेवा मिष्टान्नहरू पनि हामी नै चट पारिदिन्छौं। जीब्रोलाई टाठो पार्न मरमसालाहरूले सुसज्जित भएको नाना किसिमका अचार मुरब्बाका पनि रस हामी नै लिइ हाल्दछौं। सेकुवा, भुट्टुवा, कवाब, पक्कु, चप, कट्लेट, जे होस्, जसमा पनि हाम्रो हात नपरी छोड्दैन। कति भने हाम्रा यी सब भोग-विलास दुइ-तीन कुरामा निर्भर गर्दछ। पहिलो कुरा त हाम्रो मोज मज्जा ज्यादा हाम्रै मित्रमा निर्भर छ। दोस्रो, मानव बेबकुफ र लोभी नभई हामीले लाभ उठाउन पाउदैनौं। फेरि हामी हाम्रो दुश्मनको चाँडै नै शिकार बनि हाल्दछौं। मानवले हामीलाई लगेर हाम्रो दुश्मनको अघिल्तिर भिडाइदियो कि हामी सुकुमार र

कलिला छौं भने त हाम्रो सर्वनाश होइ हाल्छ । हाम्रो बडो हबिगत छ । फष्टाएर हृष्टपुष्ट भएका छौं भने मानवले हामीलाई हुर्र्याइदि हाल्छ । कमजोरै छौं भने वैरीका आहारा बनि हाल्छौं । हामीलाई सुख त केही गरे पनि छैन । हुन पनि हो, यो दुनियाँमा हामीले हाम्रो ध्येय नै खानुपिनु, मोज गर्नु भन्ने सम्झेका छौं त कसरी हुन्छ ? खोइ हाम्रो जीवनको आदर्श ? चारवाकै हाम्रा परम गुरु भने अरु के गति हुने ? हामीले हाम्रो सिद्धान्तलाइ नै छाडिदियौं । हामी भौतिकवाद पट्टि ज्यादै लाग्यौं । हुन त हाम्रो जति कदर पूर्वमा छ त्यति पश्चिममा छैन । पहिले हुँदो हो, अब त वहाँ हाम्रा अर्का थरि वैरी निस्के । मानिसको संग्रहि प्रवृत्ति नभई हाम्रो खाँडो जाग्दै जाग्दैन । उनीहरूले नमालुम के के यन्त्र तन्त्र बनाएर हाम्रो हुनसम्म खेदो गरिरहेका छन् । हामी त संहारी रे, हाम्रा गर्भमा कोटियन् जीव छन् रे । ती जीवले मानिसको शरिरभित्र पसेर फोक्सो नै सुकाइदिन्छन् रे, आन्द्रै सडाई दिन्छन् रे, कलेजै फुलाई दिन्छन् रे । फूलमा जसतो माउरीलाई खिच्ने तागत छ, त्यसतै हामीमा किडालाई आकर्षण गर्ने ताकत छरे । फेरि यिनीहरू जहाँ गएर बसे त्यसैलाई दुषित पारेर मनुष्यको आन्द्रा बटारेर डाहा छटपटी गराएर मार्दछन् रे । बस् यसतै रङ्ग विरङ्गका मत मतान्तर निस्कि रहेछन् । यसता यी भडुँवाहरूका देशमा त हाम्रो जन्म पनि हुन छाड्यो । हामीलाई शिर ठाडो हुनै दिन्नन् । यसता यसता उपाय निकालि रहेछन् कि यिनी-हरूका नयाँ नयाँ आविष्कारले हाम्रा शत्रुका भने बडो बढतीकला भएको छ । जता हेर, उनीहरूकै बोलबाला छ । पहिले त दिउँसो मात्र उनीहरूको रजाईं चल्दथ्यो, अब त राती पनि जतासुकै उनीहरूकै प्रभुत्व बढ्न लागिरहेछ । त्यसैको देखासिकी गरेर पूर्व पनि लहै लहैमा लाग्यो । सकेसम्म हाम्रा वहिष्कार भइरहेछ ।

तथापि हुने खानेले पो हामीलाई छोड्दै ल्याए । महल अटालीबाट पो हाम्रो निकाला भयो । दीनदुःखीका त अझ पनि हामी संगी नै छौं । अझ जहाँ जेसुकै होस्, हिमवत् खण्डत हाम्रो प्रधान क्षेत्रै छ । हाम्रो तपस्या यहाँ जल्दो छ, बल्दो छ । जसको हामीमाथि अनुग्रह छ, तिनीहरूको संख्या बड्दो छ । यही रहेसम्म हामी ढुक्क छौं । हाम्रो चाडबाड गम्कँदो छ । हामीले जसतो दशैं तिहार कसले मनाउन पाएको छ ? हाम्रो कसतो मान्यता छ । मानें लौ कहिले कौंहि शत्रुले दबाउछन्, तर हामी फेरि उठिहाल्छौं । यत्तिमा त हाम्रा भाइसाहब भाग्यमानी । वैरी त हामी दुबैका एउटै हुन् । तर उनीहरूमाथि वैरीको प्रहार लरतरो चोटले पर्दैन । फेरि कुनाकापचामा, पानि सानीमा ज्यादा उनको बास हुन्छ । मानवलाई बिहोशीको दण्ड त उनीबाट पनि खूब मिल्दछ, चार बल्ड्याङ् खाइहाल्नु पर्दछ । उनको अवहेलना गर्‍यो कि मानिसले नकली माछा मार्‍यो । तर कति भने हामीले जसतो पक्कुमा हात डुबाउन पाउदैनन् । हामी भोगैका किरा भएर नै हामीले ज्यादा

दुःख पाएको हो कि त प्रभो ! हाम्रो अनुहारै पनि त मानवले हेर्न सक्तैन । हाम्रा साथीलाई त देखी देखी पनि केही गर्दैन । अर्को कुरा छ-हाम्रा साथीबाट ज्यादा ठूलो खतरा छैन । चोटपटक सम्म लाग्ला, ज्यानै जाने त कमै होला । तर हामी त साह्रै संहारी छौं । बडो बदला लिन तयार रहन्छौं । त्यसैले हो त प्रभो ! हामी शौखीन प्रतिहिंसावादी भएर नै हाम्रो जीवन यसतो संघर्षमय भएको ! हो त प्रभो ! हुन पनि किन नहोस् ? कसतो जतन गरेर मानिसले मीठा मीठा स्वादिष्ट पदार्थहरू-लाई पुर्याइ पुर्याइ खाउँला भनेर मुख भरी पानी लिएर भिक्छ र के हाम्रो दर्शन गर्छ, भस्किहाल्दछ, किनभने त्यस पदार्थको धेरै जसो मिठास त हामीले लिइसकेका हुन्छौं । यसरी अर्काको बिगार्नेको पनि कहिले भलो होला ? त्यसैले हो त प्रभो, पश्चिमले हामीलाई बहिष्कार गरेको ? तर अब त पूर्वमा पनि हाम्रो दुर्दशा हुंदै आइरहेछ । हामी त एकतन्त्र शाशनका परम उपासक छौं । एक मुठ्ठिभर धनकुबेरले हाम्रो वास्ता नगरून् । साराका सारा जनता त हाम्रै पक्षमा थिए । अन्धकार र अज्ञानकै राज्य भएसम्म हामीलाई आत्तिनु पर्ने केही थिएन । अबत यसरी मस्त निद्रामा सुतिरहेको हिमालय पनि सलमलाउन लाग्यो । मानिसहरू जरफराँउदै उठे । तीन मिनेट भित्र एक अदृष्ट शक्तिले कसरी सैकडौं वर्षदेखि खडा भएको एकसे एक इमारत हरूलाई छिया छिया पार्यो, जमीन फट्याइदियो र पानी छचल्काइ दियो; हामी नै सब-कुछ हौं भन्ने अहंकारी जीवहरूलाई क्षुद्रताको तस्वीर देखाइदियो । कति थिचिए, कति मिचिए, कति निलिए, स्वभावतः मनुष्य जीवनको असारता र सदुपयोगको भावना जागृत भयो ।

"कसैको पनि रहने छैन गरजगुमान", भन्दै गाइने हरूको धोक्रो सुक्यो । संसार परिवर्तनमय छ, संसार उन्नति चाहन्छ, संसार अगाडि बढ्न चाहन्छ, पुरानो भत्कनु क्या हो, नयाँ बन्नु हो; मर्नु के हो, बाच्नु हो; त्यसकारण बुढिन्डिलाई छाडिदेऊ । समयानुसार आफ्नो जीवनमा परिवर्तन ल्याऊ, मेरो गोरुको बाह्रै टका नभन भन्दै एउटा नयाँ वातावरण खडा भयो । अनि त क्या प्रभु, मेरो मुटुमा ढ्याङ्ग्रो ठठाउन लाग्यो । आँखा तिर्मिराउन लागे । चारैतिर अन्धकार चकमन्न हुने पो हो कि ? मेरो कहिं गुजारा नै नचल्ने हो कि ? यसतै भइरहेको थियो, एकतारे बजाउने-हरूले तार बिसुरा भएको पनि पनि थाहै पाएनन् । ज्यादा कस्दै जाँदाखेरि तारै चुडिएको जसतो भयो, तथापि कसदै गए । आखिर एकैतन्त्र मात्रै न थियो, के अड्थ्यो ? चटक्क चुडिं हाल्यो । हाय ? लौ, सर्वनाश ! मेरो अस्तित्व मेटिने भयो । अब मलाई कसले पुच्छ, मेरो खोजखबर कसले लिन्छ ? लौननि प्रभो ! एकतारे बज्छ, अँध्यारोमा, चकमन्न सूनसानमा, निर्जन वनमा, दुःखिको कुटिमा, फिरन्ताको भ्रमणमा । तर अब त यसतो बाजा बज्न लाग्यो जसमा कैयन तारहरू छन् । उ तारबाट त एउटै आवाज निक्लिन्थ्यो । ल्याऊ सोर, मै पोसिउँ, मै

थुपारू—त्यसमा त प्रभु, मैले पनि कत्रो मौका पाउथें। स्वयं श्रीजीमा समेत फुर्‍यो, हरियो पोशाक पहिरन्थे। अब त कुनै तारबाट मूर्ख नहोऊ, शिक्षा नभई केही हुन सक्तैन, पढ, आफूलाई सर्वसम्पन्न बनाऊ, देश सेवा गर भन्ने शब्द निस्कन्छ; कुनैबाट–दरिद्रता, रोग, भय सबै एकतन्त्रै साधन हुन्। शासनको मुख्य ध्येय आर्थिक समानता हो कम-से-कम खान लाउन र आफ्नो भित्र रहेको गुप्तशक्तिहरूलाई विकास हुन दिने मौका हरेकले पाउनु पर्छ, जीवनको स्तरलाई उँचा बनाउँ भन्दै अर्को तारले कराउन लाग्यो। अब यसतो हुन लागेपछि सबैले आफ्नो आफ्नो होश सँभालेर आधुनिक ढंगसँग चल्न लागे भने मैले कहाँ बस्ने होला, के खाने होला? मेरो त अड्नेसम्म ठाउँ भएन।

दुसीको यो विलौना सुनेर आकाशवाणी भयो, "आफ्नो स्वरूपलाई चिन्ह। जनसेवामा लाग। हेर यो संसारमा परोपकार जसतो ठूलो केही छैन।" "हामीबाट के परोपकार हुन सक्छर प्रभो?"—भन्दै के चिल्लाएको थियो "विषय वासनामै डुबिरहेको हुनाले तिमीहरूले आफूलाई बिर्स्यौं। तिमीहरूबाट मानवलाई कसतो लाभ भइसक्यो, तिमीहरूलाई नै थाहा छैन। दृष्टिकोण विशाल बनाऊ। वैज्ञानिक युगमा अन्धकार प्रिय हुन हुँदैन।" यो सुने पछि म टाठटाठो भएको छु। हेरौं के हुन्छ?

# लेखक महासम्मेलन

**हृदयचन्द्र सिंह**

लेखक महासम्मेलनको निम्तो मलाई निकै मीठो लाग्यो। सम्मिलन र सहयोगको आग्रह गरेर श्री रासमणि आ० दी० जीले विशेष चिट्ठी पठाउनु भएकोले निम्तोको मिठास झन् बढेको थियो। त्यसैले ढल्मलिरहेको स्वास्थ्यको कारण कमजोरीले पछाडि तानिरहेतापनि आ० दी० जीको आग्रहले मलाइ हिड्ने हौसला दिइरहेको थियो। आफ्नो घरबाट आ० दी० जीको घर झन्डै एक कोसको टाढा छ। आखिर श्री 'व्यथित' जीको साथ सकीनसकी उचित समयमा पुगेर संतुष्ट भइहालें।

पुग्नासाथ स्वागतको रूपमा आ० दी० जीले सस्नेह दुई अँगालो दिनुभो। मेरो पुड्को, निर्धो र करङ कटुवा खिप्टे आङमाथि उहांको भीमसेनी शरीर लादिंदा पनि अँगालोको रूपमा भएको हुनाले मलाइ कति गह्रौं अनुभव भएन। स्वागत-सत्कार र स्नेह भनेको वस्तु साँच्चिनै मीठो रहेछ। अँगालो नत्र गह्रुंगो पनि हुने थिएन, म पुड्को र उहाँ भीमसेन जस्ता मोटा र अग्लो हुनुभएकोले मलाई अँगाल्दा उहांलाइ निहुनैंपर्‍यो, निहुर्दा आफ्नो गह्रुंगोपनलाई उहांले नियन्त्रणमा राख्न अलि सक्नुभएन, त्यसैले अँगालो जस्तो प्यारो पदार्थले पनि म अलि थिचिएँ र सास्तिएँ।

सभा-स्थल निकै खाफिलो देखिन्थ्यो। मञ्च पनि खूबै शानदार थियो। सामन्ती अँगालोमा हुर्केका र राजसी भर्‍याङ्ग उक्लिरहेका मानिस आफ्ना कामकारवाईमा रौनक चढाउन त स्वभावैसित जान्दछन्, त्यसैले रोबरवाफ पुगेर फुर्तिलो भएकोमा सभा-स्थलको म बढता तारीफ नगरूं। वास्तवमा सभा उति महत्वपूर्ण नभएतापनि सभा-स्थल र मञ्च आदि बाह्य पृष्ठभूमिको सजावट त वर्णननीय नै छ। हुनपनि सभाको वास्तविक उद्देश्य सभाको कुनै महत्वपूर्ण आदान-प्रदान वा छलफल वा निष्कर्षको निम्ति पनि त होइन, आफूले साहित्यको उत्थान गरेको पचास वर्ष भइसकेको र त्यो पचास वर्षलाइ आफूले गरेको कामको रजत-जयन्ती मानी त्यसभित्र आफूले गरेको सेवा सबैमा विदित गराउनु हो।

तर उहाँको भाषा-सेवा मध्ये 'माधवी'--को प्रकाशन त प्रशंसनीय नै काम छ र त्यसको ज्ञापन त सबैलाई गराउनु जरूरी पनि छ। भाषामा हलन्त-प्रथाको अतिशयताले गर्दा शब्दहरू दुर्घटनाले घाइते भएर अस्पतालमा परिरहेका बिरामीहरूको बथान जस्ता देखिन्थे। उस वेलाका किताबहरू हेर्दा खुट्टा भांचिएका लङ्गडा र बुई चढिएका अङ्गभङ्गी शब्दहरू शरणार्थीहरू परिरहेका झैं देखिन्थे।

'माधवी' को उदय भएदेखि यो रोगको फैलावट दूरमात्रै होइन समाप्तै भयो। 'माधवी' का संपादक हुनहुन्छ पं० मातृकाप्रसादको गुप्त नाममा लुकिरहनु भएको श्री राममणि आ० दी० जी। यो भद्दा र अपरिष्कृत हलन्त-प्रथा हटाउने श्रेय म एकमात्र उहाँलाइ नै दिन चाहन्छु। तर एउटा अन्ध परम्परा उहाँले हटाउनु त भयो, अर्को अन्ध परम्परामा फेरि उहाँ आजसम्म लर्खराउँदै हुनहुन्छ। हलन्त प्रथाका विरोधी हुँदा-हुदै उहाँ हलन्त चाहिने र भाषाको पन र स्वभावले हलन्त माग्ने ठाउँमा समेत 'गरदछ, भनदछ'-को व्यवहार प्रचार गरी अजन्तका कट्टर हुन थाल्नु भो। आजसम्म पनि उहाँ एक्ला बृहस्पति र एक्ला भएर यही सही भनी कराइरहनु भएकैछ। तर उहाँको सिद्धान्तमा बल नभएर हो वा प्रामाणिकता न भएर हो उहाँको मतलाई 'मत' नमानीकन गैह्र नेपाली भाषा-भाषीले केवल जिद्दी मानिरहेका छन्।

उहाँले एउटा बृहत् नेपाली कोष पनि तयार पारिराख्नुभएको रहेछ। यो पनि उहाँको भाषा-सेवामध्येको एउटा तारीफ गर्नुपर्ने कुरा हो। सभामा उहाँले बोल्नु भएको थियो, यो कोष प्रकाशित हुनलाइ साठी-सत्तरी हज्जार जति भारतीय मुद्राको खर्च लाग्छ। सभा आरम्भ नहुँदै "नेपाली-भाषा प्रचारक संघले आधा मदद गर्ने कुरा श्री महानन्द सापकोटाजीले गर्नु भएको छ" भनी श्री 'व्यथित'-जीले भन्नुहुँदा कि सरकारी मददले कि आफ्नै तर्फबाट मात्र प्रकाशित गर्नचाहेको कुरा व्यक्तिगत रूपमा गर्नु भएको थियो। लाख रूपियाँले पनि नपुग्ने भएको र अरूको मदद पनि उहाँलाई खल्लो लागेको हुनाले त्यो कोष सितिमिति निस्कला भन्ने मलाइ आशा भएन। नेपाली भाषाको पूँजी हाल्नलाइ लाख रूपियाले पनि न पुग्ने भाँडो चाहिएला भन्ने पनि मलाइ विश्वास छैन। हाम्रो भाषालाइ संस्कृत शब्दमय गर्नुको पनि केही जरूरत देखिन्न। प्रचलित र खाँचो टार्नसम्मको निम्तिमात्र हामीलाइ संस्कृत वा अन्य भाषाका शब्द भए पुग्छ। त्यसैले उहांका संग्रह र सम्पादनमा जम्मा भइरहेका ठेट नेपाली शब्दहरु मात्रको नै भएपनि अहिलेलाई अलग सानो संस्करणको रूपमा भएपनि झट्टै पाउने आशा गरिरहेको छु। संस्कृत, हिन्दी, उर्दू आदि अन्य भाषाका शब्दहरुको निम्ति तिनका बृहत् कोष पनि प्रशस्त छन्। नेपाली भाषाका अहिलेसम्म निस्किरहेका कोषमा ठेट नेपाली शब्द र प्रचलित वा खाँचो टार्ने अन्य भाषाका शब्दहरुको बिघ्नै कमी देखिन्छ। त्यसैले उहांको कोषबाट अभाव पूर्ति गर्नेसम्मको रूपमा भएपनि अंश निकालिएको छुट्टै एउटा कोष चांडै निस्कोस् भन्ने प्रतीक्षामा छु।

महासम्मेलनमा देवकोटाजी बहेक प्राय: गण्य-मान्य कवि लेखक सबै सम्मिलित हुनहुन्थ्यो। लेखकहरुको अतिरिक्त माननीय प्रधान मंत्री र अरू पनि धेरै प्रतिष्ठित मानिसहरु पनि उपस्थित हुनहुन्थ्यो। सभा शुरू भन्दा अगि लावा, फूल, अबीरले

सबै अभ्यागतलाई पूजा गरी खूब स्वागत गर्नु भो। त्यसमा पचन्नीहरु पनि राखिएका थिए। नेपालमा भएका आजसम्मका कुनै सम्मेलनमा लेखकहरुले त्यती पूजा र स्वागत कहिल्यै पाएका होओइनन्। अनि सभा शुरू हुनलाग्यो। सभापतिको आसन माननीय प्रधानमंत्री मातृकाप्रसाद कोइरालालाई ग्रहण गर्न राममणिजीले अनुरोध गर्नु भो। अरू धेरै योग्यता र प्रतिष्ठाको साथसाथै उहाँ ब्राह्मणमा पनि शुद्ध ब्राह्मण पनि हुनु भएकोले मातृकाजीलाइ सभापति रोज्नुभएको रहेछ। सभापतित्वको प्रस्तावमा यही वाक्य थियो। तर राममणिजीको दाँजोमा मातृकाजी पनि शुद्ध ब्राह्मण हुनुहोओइन भन्ने मलाइ विश्वास छ। त्यसैले शुद्ध ब्राह्मणको नातामा आफै सभापति पनि बन्नुभएको भए सभा झन् चोखो हुनेथियो। यस्तो बिटुलो संसारमा एकाध अझै पनि शुद्ध ब्राह्मण बाँकी रहेकोले नै संसार अडिरहेको होकि कुन्नि !

सभापतिको आसनबाट मातृकाजीले बोल्नुभएको वक्तव्य सुनेर लेखकहरु संतुष्ट भएको देखें। किनभने लेखकहरुले योजना दिएमा नेपाली भाषा, साहित्य र लेखकहरुको राम्रो कदर गर्ने आश्वासन दिइएको थियो। आफ्नो भनाइमा मातृकाजी बाँचिरहनुहोला भन्ने म आशा गर्दछु।

सभापतिको भाषणपछि सभाका संयोजक सर्व श्री राममणिजी, कविशिरोमणि लेखनाथजी, पं० मुरलीजी आदिको वक्तव्य दिइनलागे। भाषणको चालूमा नै पुस्तक वितरण गर्ने काम पनि चालू भइरहेको थियो। पुस्तकको चाङमा दुइथरीका पुस्तक थिए: एक अजिल्द र एक सजिल्द। मैले ठानेको थिए आज दुइ किसिमका पुस्तकको दान पाउनलागें। तर पुस्तक बाँढ्दा प्रत्येकलाई दुइ-दुइ पुस्तक दिइएका देखिन। कसैलाइ अजिल्द चाहिं, कसैलाइ सजिल्द चाहिं एउटा-एउटामात्र दिइयो। सबभन्दा पहिले श्री केदारमान 'व्यथित' जीलाइ दिइयो : अजिल्द चाहिं। कुन आधारको निम्नोच्च स्तरमा अजिल्द र सजिल्द पुस्तक बांडिएका हुन्, त्यस बेला झट्टै मैले बुझ्नसकिन : सिद्धिचरण, व्यथित, भिक्षु, भीमनिधि आदि बड़े बड़े कविहरुलाई पनि अजिल्द पुस्तक दिइएको देखें, फेरि बालकृष्णसम र लेखनाथलाई भने सजिल्द। जब जनार्दनसमलाइ पनि सजिल्द दिइयो, अनि मलाइ थाह भयो, राणा बाबुसाहेब र ब्राह्मणदेवतालाइ उच्च स्तरमा गन्नु भएको रहेछ। बालचन्द्र शर्मा, बाबुराम आचार्य पनि ब्राह्मण भएको हुनाले नै सजिल्दका भाग्यमानी हुनुभएको रहेछ। तर भीमनिधि, गोपाल पांडे पनि ब्राह्मणै हुनुहुन्छ, उहाँहरुलाइ भने अजिल्द नै दिइए। धेरै विचार गरिसकेपछि मलाइ अनुमान भयो, उहाँहरु कुमाई हुनुभएकोले राममणिजीको दृष्टिमा शायद शुद्ध ब्राह्मण भएन कि। पूर्वीमात्र उहाँको आँखामा शुद्ध ब्राह्मण ठहरिएको जस्तो मलाइ लाग्यो। दर्जाको विचार गरेर बाँड्नु भएको हो

भनू भने पनि उपमंत्री जस्तो भइसकेका धर्मरत्न 'यमि'–लाई पनि अजिल्द, फेरि काजी मीनबहादुरलाइ भने सजिल्द । शायद प्रजातन्त्रको दर्जा र मर्यादा उहाँलाइ तीतो लाग्यो कि कुन्नि । मीनबहादुर काजी राणाशाहीको जमानाका काजीसाहेब हुनुहुन्छ, त्यसैले उहांले सजिल्दको लक्खू मार्न पाउनु भएको होला ।

एउटा मानिस त हाम्मोपहां पनि देखिए अर्थात् विना निमन्त्रणामा आएका । उनको निम्ति त लेखक महासम्मेलन एउटा कलेज जस्तो भयो होला, किनभने "तपाईंको नाउँ त मेरो लिस्टमा छैन" भन्ने बेइजत मात्र पाए, कितापको दाम र फलफूलको टपरी-सपरी केही पनि पाएनन् । हाम्मोपहां भएर जानेहरूलाइ यो सानो शिक्षा होइन । उनको लोभी बानीलाइ राममणिजीले लोप्पा ख्वाएर ठूलो उपकार गर्नुभयो । किनकि अब उनी कहिल्यै त्यस्ता लोभी हुनेछैनन् ।

पुस्तक-वितरणको साथसाथै सभाको चालूमा नै टपरीमा राखी फल फूल पनि बाडनलगाउनु भएको थियो । मलाइ त पुस्तक भन्दा अगि फलफूलको टपरीले-मिजास गर्न आयो । मैले संझै शायद फलफूलमा पनि भेदभाव रहेको होला । अर्काको भागतिर आँखा दौडाउन पनि मलाई लाज लाग्यो, आफूलाई सबै सरह बराबर गरिएको होला भन्ने पनि विश्वास केही गरेपनि भएन । नखाईकन त्यसै फ्याँकिदिनु पनि मैले भद्दा अशिष्टता देखें । वास्तवमा फलफूलको वितरणमा पनि भेदभाव राखिएकै रहेछ । फलफूल मीठो कुरो भएर पनि मैले मीठो स्वादले खान-सकिन ।

वक्तव्य दिनेहरूमा पं० मुरलीजीको पालो आउँदा फलफूल बाँडिनलागेको थियो । मुरलीजीको आग्रह थियो, खाना छोडेर मेरो वक्तव्य नै सुनून्. तर उहाँको भनाइमा प्रभाव र कला नभईकन आदेश र उपदेश श्रोताहरूमा लदांउनलागेको जस्तो मानि-सहरूलाइ लाग्यो । उहिले असनमा पुराण भन्दा त्यत्रो प्रभावशाली व्यक्ति, आज किन हो कुन्नि मानिसहरूलाइ प्रभावहीन लागेको होला भन्ने उहाँप्रति मलाइ माया लाग्यो । हुनत श्रोताहरूले फलफूल खांदै गरेर पनि उहाँको वक्तव्यमा ध्यान दिन लागिरहेका थिए । त्यसको वास्तै नगरीकन आफ्नो वक्तव्यले लट्ठ पार्नसक्नुभएको भए खान रोकेर मानिसले ध्यान बिछ्याउने थिए । खाना पनि राम्रो, अनि सुनिने कुरा पनि राम्रो भएको खण्डमा म त मुख र कान दुवैले उतिकै काम लिन सक्छु । आखिरमा मुरलीजी रिसाएर वक्तव्यै नदिईकन मञ्चबाट ओर्लनु भो । उहाँको वक्तव्य सुन्न नपाएकोमा मलाई त अफशोच लाग्यो । तर समय किफायत भो भनेर धेरै मानिस खुसी भएको देखें ।

मेरो साथमा आउनुभएको श्री 'व्यथित' जी त अगावै हिड्सिक्नुभएछ । मैले

अड्कल गरें कि पुस्तक-वितरणमा भेदभाव गरिएकोले उहां 'वाक् आउट' को रूपमा जानुभएको होला। 'ठीक हो' भन्ने विचार गरी म पनि पुस्तक दिन नपाउदैमा त्यहांबाट निस्कनखोजें। 'कसलाई सजिल्द दिने, कसलाइ अजिल्द' भन्ने नामावलीको सूची सभाबीच्चमा उभिएर हेरिंरहेको देखेर मलाई बान्ताहुन लागिरहेको थियो, त्यसैले निस्कन भनी म उठें। तर पुस्तक नलिईकन मैले निस्कनपाइन। मलाई पनि अजिल्द पुस्तक दिइयो। पुस्तक हातमा पर्दा मलाई पोइल गएकी आमाको साथमा उनको दाइजो माल बोकी भड्किलो बाबुकहां पुर्‍यांउन जाने नादान मानिसलाई केही बोल्न नसकेकोले झन् भारी गह्रौं भए जस्तो त्यो पुस्तक अफट्यारो र गह्रौं भयो। घर आइपुगिसकेपछि केही बोल्न र फ्यांकेर आउननसकेको आफ्नो कमजोरीदेखि घृणा भयो। जुवामा हजार हारेर दश जिताउरी लिएर आएको रूपैयामा जस्तो त्यो पुस्तक लिएरआएकोमा मलाइ पछुताउ, वेमजा र अपमान अनुभव भयो।

त्यो वितरणको पुस्तक हातमा लिएदेखि अगाडि पुग्नासाथ स्वागतमा दिनु भएको फूल जस्तो हलुङ्गा, राम्रो र मीठो राममणिजीको अँगालो त अपमानले थिचेको जस्तो गह्रौं अनुभव भयो। गह्रौं अनुभावमात्र होइन, उहाँका ती दुई अँगालो अहिलेसम्म पनि अपमान बोकिराखेकै जस्तो भइरहेकाछन्। स्वस्थानीकी सात वर्षकी गोमा ब्राह्मनीलाइ सत्तरी वर्षका शिवशर्मा ब्राह्मणले अँगाल्दाको तीतो अनुमान कहां-कहांबाट एकासी अनुभूत भएर राममणिजीको अँगालोले झन् मलाइ राक्षसी धावा गर्‍यो। घर फर्कन्दा त कहिले पुगूं जस्तो भयो। बाटो झन् लामो लाग्यो। आउँदा मेटिसकेको थकाइ पनि फेरि फर्केर आयो। तर दुइ-चार शय कदम के आइ सकेको थिएं, प्रधान मंत्री मातृका बाबु पनि फर्कनु भएको भेटियो। उहांले मोटर रोकी आरामसित राखेर घर (काठमाडौं) पुर्‍याइ दिनुभो। उहांको त्यो अनुग्रहको निम्ति कृतार्थ छु।

त्यहां त किताफको नाउंसमेत पनि हेरेको थिइन, घर आएर हेर्छु ता पुस्तकको नाम रहेछ "भलो कुराको नमूना"। भलो कुराको नाउंले दिल अलि ठंडा भयो। बाँड्दा भेदभाव भएरै पनि के भो, किताप त भलो कुरा सिकाउने रहेछ भनेर संतुष्ट भएं। अगाडिको असंतुष्टि बिर्साएर पुस्तक पल्टाउनथालें। पुस्तक उल्टाउनासाथै :—

नेपालीको भातनै छ नेपालीत्व जगाउँने।
हाम्रो कट्टरतामा छ प्रभाव त्यहि भातको ॥ ७०९

प्रभावले भातको नै हाम्रो रगत शुद्ध छ।
यत्रो विज्ञान महिमा त्यै जानो भातबाट छ ॥ ७१०
भातैले हामरो रक्त वगेको शुद्ध देख छू।
ठीमाहा बरू पेपेर दीदैनौ भात बिम्रन !! ७११

भोटे, पोडे, अनी सार्की, दमाई र कसाइँमा ।
सरोवरी गरी हाम्रो धज्जी फ्याँकलान विचार है ॥ ७१२
मध्याहा वेगलै पारी सद्‌को मान राखछौं ।
यसको अर्थ हो, प्यूरीफीकेसन ब्लड स्पष्टमा ॥ ७१३

यी कुराहरू देखें । त्यो दिन एक निम्तामा भातै खाएर आएको थिएँ । निम्ता वाल थिए, भात न मिल्दा, एक किसिमका ठिमाहा, मठ्याहा नै थिए । तर भात खाने निम्त्याहाहरू भने बाहुन पनि थिए, क्षत्री पनि थिए, अझ झन्डै एक दर्जन जातिका मानिस । "जावो भातमा पनि केको नेपालीत्व, यो त झन नरक पठाउने कुरा पो हो, केको भलो कुरा ?" भन्ने मलाइ खट्क्यो । तर एउटा-दुइटा खट्-कने कुरा त प्रायः किताबहरूमा हुन्छन् , भन्ठानेर कितावलाई नफ्याँकीकन मैले फेरि पल्टाउनथालें, यस्तो पल्टाउँछु त देख्न थाले :—

जंगली, पर्वते, कांठे, भूस तिघ्रे, गँवारको ।
यो देश हो भगवन ! राखी द्यौ यो त्यस्तै गरी ॥ ४३६
जंगली हामीमा ऊँचो शिक्षा चाहिन्न क्यै पनी ।
शिक्षाले पेट भर्दैन पेट भर्दछ काम नै ॥ ४३८

★ ★ ★

तिघ्रे र पर्वते स्वांठे जुन हाम्रा दाज्यु-भाइ छन् ।
ती तेही रहि वाचून हुनू पर्दैन सभ्य ती ॥ ६०१

★ ★ ★

हरे ! शहर हो खोप्रो, पाखंडी हरूको गढ ।
वरू पर्वत कै वासी हाम्रो आर्यत्व पालछन ॥ ६०५

यस्तै सरसरी पुस्तक हेर्नथालेको त प्रजातन्त्रको निन्दा[१] र हुकुमी[२] शासनको समर्थन, अनि आर्य जातिको तारीफ र आर्य बाहेक अरू गैह्र जातिको अवहेलना[३], आर्यमा पनि ब्राह्मणको एकछत्र अधिकार[४], राणाशाहीको फेरि गुप्त आह्वान[५], इत्यादि इत्यादि मात्रै देखें । किताव त साच्चिकै 'भलो कुराको नमूनै' रहेछ, यो हो २०१० साल अर्थात् विसौं शताब्दीमा निस्केको किताव भनेर बन्दमात्र के गरेको थिएँ, कानमा जनै वेह्री निदारभरी टीका लाएका लमटुप्पी एउटा बाहुनबाजे टुप्लुक्क आइपुगे । उनी 'चोखो चना चमेना भण्डार' का मालिक पनि हुन् , चाकर पनि । पात महंगो भएर उनी बडो दिक्दार थिए, किनभने कागज पनि उनी जे पायो त्यो व्यवहार गर्दैनथे, केही नलागेर चोखोमात्र भएर पुग्ने होइन, चोखो कुरा लेखिएको पनि हुनुपर्ने भएकोले चना पोको पार्नको लागि संधै चोखो लेखोट भएको कागज खोजेर हिड्थे ।

झोलीमा गरमागरम चना बोकिएको पनि थियो। उनलाइ देख्नासाथै मेरा केटा-केटीहरू झुम्मिन थाले। मलाई पनि खाउँ खाउँ लाग्यो। 'भलो कुराको नमूना' लाई देख्नासाथै उनले बडो रूचाए। किनभने त्यसमा शीर्षकको पनि निदारमा "आचारः परमो धर्मः" लेखिएको थियो। एक माना चना दिने कुरा गरे। मैले पनि बिचरा भन्ठानेर तीन रूपियां मूल्य लेखिएको किताप भएपनि 'लौ' भनिदिएँ। त्यस्ता मानिसलाई प्रोत्साहन नेदिउँभने पनि चोखो कागज नपाएर चना बेच्नै छोडि-दिन पनि बेर छैन, अनि श्री राममणिजी जस्ता चोखो भएका, तर गरीव आर्य बाह्मणहरूको मोक कहिलेकाहीं चना-चमेनाले टरिरहेको पनि एकातिर जान सक्छ। खाली कागजमा पोका पार्नलाइ पर्ता पनि त पर्दैन। मलाई पनि लाग्यो—एकमाना चनामा तीन रूपियां जाने 'भलो कुराको नमूना' बेचेको 'भलो कुरा' अर्थात् 'भलो कामै' गरेको मानें।

---

१ ठीक छैन प्रजातन्त्र पक्षपात जगाउँछ। १०४४

२ राज-तन्त्रै छ एउटा हितसाधक आर्यको।
आर्य रैती हामिहरू चाहन्नौं लोक-तन्त्र त्यो॥ ११४४

३ अरू जातहरूको झैं पुरख्यौली आर्यहरूको।
डाँका मारी, लुटेरा भै, बसेका पाउँछौ कहीं ?॥ १२८०

४ बाहून-क्षत्रियैबाट मन्त्रिमण्डल जोरनू। १२६२
बाहून क्षत्रियहरूमा पनि उच्चकोटिको। १२६३

५ प्रतापयुक्तका धीर, वीर, चन्द्र समानका।
अन्वर्थ रैती हूँदानै यो देश यसरी चल्यो॥ ४४२

# कदाचित् बिर्सिएला !

रामकृष्ण शर्मा

हेन्री फोर्डले इतिहासलाई 'झूट' र रविन्द्रनाथ टाकुरले 'मिथ्यामयी' भनेको सुन्दा राम्ररी विवेचना नगर्ने मानिसले यसतो कटु शब्द प्रयोग किन गरियो त्यसको तात्पर्य अवश्य बुझ्ने छैनन् । तर अधीर नभई निश्वञ्चल मगजले विवेचना गरे यसतो अभियोग निराधार छैन भन्ने निश्चय हुन्छ । इतिहासले घटना निर्णय गरुञ्जेल झूठो बोल्ने अवकाश कम मात्रामा पाउँछ । कारण जुन साल घटना घटेको छ त्यस-लाई त्यो साल घटेको नभनी अर्को वर्ष घटेको हो भनेर उल्लेख गरे त्यसतो समय निर्णयी भूल जसकसैले पनि खण्डन गर्छ । तर कुनै महत्वपूर्ण घटनाको चर्चा नगरी त्यसलाई दबाएर राखे इतिहासले मिथ्या बोलेको जाहेर हुँदैन तथापि पूर्ण सत्य बोल्न नसकेकाले त्यस प्रकारको इतिहासलाई हामीले भ्रमोत्पादक नै ठान्नु पर्छ । फेरि, कुनै घटित घटनालाई स्वीकार गरी त्यसको कारण, व्यवधान, परिणाम इत्यादि विषय लिएर इतिहासका पृष्ठमा त्यसको पक्षपातपूर्ण चर्चा भयो भने त्यस ग्रन्थलाई मिथ्यामयी भन्न हामी बाध्य हुन्छौं । कुनै घटनाको कारण, व्यवधान, परिणाम आदि विषयको अनु-सन्धान गर्दा प्रत्येक लेखकले अन्तिम परिणाममा आफ्नै विवेचनाको भर गर्नु पर्ने हुनाले इतिहास पनि यो कक्षामा अवतीर्ण भएपछि स्वप्रवृत्ति प्रचारक हुन आउँछ । 'काली कोठरी'-को घटना जो अधिका इतिहासकारले सत्य ठान्दथे अहिलेका भारतीय इतिहासकारले कपोल कल्पित मान्दछन् । यसर्थ स्वप्रवृत्ति प्रचारकको चपेटामा परी इतिहासले पनि 'मिथ्यामयी' हुन परेको छ । यो भो मेरो भूमिका ।

कुनै घटनालाई पनि समसामयिक व्यक्तिले निष्पक्ष हृदयले जाँच्न गाह्रो छ । कारण हाम्रो सहानुभूति र पक्षपातिताले नरङ्गाएको समसामयिक घटना पाउन दुर्लभ छ । तर इतिहासकारले आफ्नो अनिच्छाको पर्वाह नगरी र आफ्नो सहानुभूतिको पचेरा नलगाई आफ्नो निष्पक्ष विवेचनाले बताए बमोजिम भएको र देखेको कुरामा सकेसम्म निरपेक्ष भई सत्यलाई प्रकाशमा ल्याउनु पर्दछ । समसामयिक व्यक्तिबाट यसतो उच्च नैतिक स्थिरता पाउन दुर्लभ हुनाले समयान्तरबाट मात्र इतिहासकारले सत्य पहिल्याउन सक्द-छन् । तर समयको बगरमा मेटिन आँटेका पाइला पच्छ्याई सत्यको टुंगो लाउन गाह्रो पर्ने हुनाले कैयन् विषयमा इतिहासको 'क्यानभस'-मा घटना फीका छाप मात्र अंकित भएको देखिन्छ । यो खुशीको विषय होइन ।

बोल्नेको पीठो र नबोल्नेको चामलको व्यावहारिक अर्थ आजको संसारमा लाउन परे प्रकाशक र प्रेसवालाले जुन कुरो प्रचार गर्न चाह्यो त्यही मात्र अकाट्य सत्य प्रमाणित

हुन आउँछ भन्नु अनर्थ नहोला । नेपाली साहित्यका कति कवि, कति लेखक र कति पुस्तक आज कुनामा थन्किएकाछन् किन ? हाम्रा नवयुवक साहित्यिक जिज्ञासुहरु स्कूल र कलेजको मेसिनबाट जन्मिएर एकनासेपना जहेर गरी किन तिनै लेखकहरुको मात्र चर्चा गर्छन् ? लेखक, आलोचक, पाठ्यतालिका निर्णायक र आधुनिक सम्पादक-को षडयन्त्रको जालमा परेर बिर्सिएका साहित्यसेवीका कृतिको खोजी हामीले कहिले गर्ने ? बनारसबाट सस्तो प्रचारार्थ प्रकाशित भएका नेपाली ग्रन्थलाई कतिञ्जेल कुनामा राख्ने ? आफूले लेखेका, आफ्ना मित्रले लेखेका र प्रकाशन कार्यमा आफ्नो हात परेका ग्रन्थ बाहेक अरु ग्रन्थलाई पाठ्यपुस्तकको तालिकामा हाली हामीले कहिले हाम्रा नवयुवलाई विस्मृति सागरमा डुब्न लागेका साहित्यिकका कृतिसँग परिचय गराउने ? यसता प्रश्नले गधेपच्चीसी नाघेको कुनै साहित्यिक विरलै सताइएको होला । 'शारदा' र 'साहित्यस्रोत'-का सम्पादकले पूर्ण मात्रामा दर्शाएको सादगीपूर्ण व्यवहारको भव्यता-लाई लत्याई, आधुनिक रिवाजको ससतो पत्रकारितालाई अँगाली, पत्रिकाको मात्र होइन स्वयं आफ्नो विज्ञापन छपाउन नेपाली पत्रिकाका सम्पादकहरूको अशिष्ट प्रयत्न देख्दा 'विद्या ददाति विनयम्' भन्ने उक्तिलाई जमानाले मिथ्या तुलाएको भान हुन लागिरहेछ । 'शारदा' र साहित्यस्रोत'-का सम्पादकले भैं साहित्यसेवालाई मात्र लक्ष्य गरी पत्रिका संचालन गर्ने सम्पादकको प्रादुर्भाव हराएपछि साहित्यिक उन्नति कतिसम्म होला भन्न गाह्रै छ । तर हाम्रा नवयुवक साहित्यिक जिज्ञासुले हाम्रा पुराना साहित्य सैनिकको चर्चा गर्न थाल्नु पर्छ । त्यसता सैनिकका निम्ति आज स्मारकको किन अभाव छ सो बुझ्ने चेष्टा गर्नु पर्दछ र नेपाली साहित्यको इतिहासको पृष्ठमा तिनको नाउँ न लेखिए-को भए दर्ता गराउनु पर्दछ, लेखिएर धमिलिएको भए उज्ज्वल बनाउनु पर्दछ ।

'भानुभक्त स्मारक ग्रन्थमा' श्री बालकृष्ण समज्यूले 'भानुभक्त आचार्य' शीर्षक मुनि लेख्नु भएको छ, "भानुभक्तीय श्लोकको विषयमा कुरा गर्दा हामीले पं० होमनाथका पुस्तकहरू र बडाकाजी मरीचिमान सिंहको 'सत्य हरिशचन्द्र वर्णन' लाई बिर्सनु हुँदैन—ती तुल्य योग्य छन् ।" पण्डित होमनाथका कृति कति छन् , के हुन् यस विषयमा कहिल्यै चर्चा भएको छैन । हामीमध्ये थोरैले मात्र यिनका कुनै कृति एकाध हेरेका हौंला । बडा काजीको 'सत्य हरिश्चन्द्र वर्णन' सँग पनि हाम्रो परिचय छैन । यस हिसाबले हेरेका पक्षमा हामीले साहित्यलाई दुइ भंगालामा बाँडी, एउटा भंगालोलाई छाडी अर्को भंगालोको गड्तिरै गडतिर हिंडिरहे जसतो लाग्छ । यी दुइ भंगालालाई अब दोभान पारी एक स्रोतमा बगाउनु पर्ने प्रयास हामी जसता एकाकी व्यक्तिबाट भन्दा 'नेपाली भाषा प्रकाशिनी समिति' जसता ल्याकतपूर्ण व्यक्तिले बनेको संस्थाबाट मात्र उपयुक्त रूपमा हुन सक्छ । तर यो काम हओस् , योग्य रूपले हओस् , चाँडो पनि बरू नहोस् ।

जुन लेखकका लेख पुस्तिका रूपमा प्रकाशित भएका छैनन् तिनका कृतिको आलोचना हुन गाह्रो हुन्छ। कारण आलोचकले पत्रिकामा प्रकाशित भएका लेखको संग्रह गर्नु पत्रिकाका पुराना कापीको संग्रह गर्नु पर्दछ। पुराना कापी र पत्रिका संग्रह गर्नु सजिलो छैन। तर जुन लेखकका लेख पुस्तिका रूपमा प्रकाशित भएका छन् तिनको सम्म चर्चा नहुनु साहित्यक शिथिलताको द्योतक मान्नु पर्दछ। समज्यूले दुइ जना लेखकको कृतिलाई बिर्सन हुँदैन भन्ने कुरो उल्लेख गर्नु भो तर संम्झनु पर्ने बिर्सिएका लेखक अरु धेरै छन्।

कवि मोतीराम भट्टलाई नै सम्झौं। तिनको आज जति चर्चा भइरहेको छ सो भानुभक्तीय चर्चामा प्रसंगवश मात्र भएको छ। कवि मोतीराम भट्टको होइन तर साहित्यान्वेषक मोतीराम भट्टको चर्चा भइरहे छ। कवि भानुभक्तको नाउँ र कृतिसङ्ग नगुथिई मोतीराम भट्टले नेपाली साहित्यको इतिहासमा जिउन पाउने के अधिकार छ त्यस विषयमा केही चर्चा भएको छैन। जे जति भएको छ सो नरदेव शर्मा लिखित उनको जीवनीमा मात्र भएको छ। कविवर मोतीराम भट्ट लिखित बीस काव्यको नाउँ उनका जीवनीमा दिइएका छन्। तीमध्ये तेह्रवटा ग्रन्थ प्रकाशित भएका छन् भन्ने पनि लेखिएको छ। तर हाम्रा साहित्यिकलाई मोतीराम लिखित ग्रन्थका कति नाउँ थाहा छ भन्ने प्रश्न गरे 'भानुभक्तको जीवनी' बाहेक अरु तीनोटा ग्रन्थको नाउँ बताउन गाह्रो छ। साहित्य चर्चाको ढोंग रचेर हिड्ने हामीले नाक लुकाउने ठाउँ छैन। आलोचकको पनि के दोष! अप्राप्य ग्रन्थको चर्चानै कसरी गर्न सकियोस्! साहित्यिक पुस्तिका प्रकाशित गर्ने संस्थाको अविवेकी व्यवहारले हामीलाई हाम्रा बिर्सिएका कविसित परिचय गर्न पाउने सौभाग्यबाट बञ्चित राख्यो। हाम्रा ग्रेजुएटले हाम्रो साहित्यको अञ्चलसम्म नछोई डिग्रीधारीको कालो लवेदा पैह्रने सुअवसर प्राप्त गर्दछन्। कवि मोतीराम भट्टका श्लोक जाँच गरी हेरे कवि भानुभक्तकै जसता सरल र सुललित देखिन्छन्। 'प्रहलाद भक्तिकथा'-बाट लिइएको एउटा उदाहरणले नै यो कुराको पुष्टी गर्ने छ

"एक लाख् दानवले कठोर बलले लाख् खड्गका धारले।
हान्दमा पनि क्यै भयेन र फिर्या विन्ती गर्या लाखले॥
हे राजन्! अधिकै कुट्यौं अनि चुट्यौं काट्यौं र प्रह्लादता।
मर्दैनन् किन हो कसे हुन गयो हार् मान्दछौं हामीता॥"

यी ग्रन्थको प्रचार र अध्ययन सुचारु रूपले भए हाम्रो साहित्यको विस्तीर्ण रूप देखिने थियो। हाम्रो आफ्नै साहित्यका पुस्तकले पुस्तकालय बनिने थियो। तर केबल भानुभक्त नै हाम्रानिम्ति यथेष्ट छन् भने झैं गरी हामी नीच मारेर बसेका छौं।

मोतीराम बाहेक उनका जीवनीमा उल्लेखित राजीवलोचन, लक्ष्मीदत्त पन्त तीर्थराज, पद्मविलास पन्त, गोपीनाथ लोहनी इत्यादि हाम्रानिम्ति आज नयाँ नाउँ जचिन थाले। मोतीराम र यी कविका कृति र मसौदा कहाँ छन् तिनको खोजीसम्म गरिएन, हामीलाई याद छैन। यस लेखकका विचारमा भानुभक्तको जीवनी अध्ययन गर्नालेभन्दा मोतीराम भट्टको जीवनी अध्ययन गरी साहित्यिक अन्वेषण गर्न थाले हाम्रो धमिलिएको साहित्यिक इतिहास स्वच्छ जलाशय बनिने छ। शेक्सपीयरप्रतिभाको महत्ता बुझ्न शेक्सपियर अघिका, शेक्सपियरका समसामयिक, तथा पछिका अंग्रेजी नाटककारका नाटक अध्ययन गर्नु पर्छ। त्यसतै नेपाली साहित्यमा भानुभक्तको स्थान निर्धारित गर्न उनी अघिका उनका समसामयिक, र उनी पछिका कविका काव्य पनि अध्ययन गर्नु पर्दछ। यसर्थ मोतीराम भट्ट र उनका साहित्यिक गोष्ठिका अरु कविका कृतिलाई हामीले बिर्सनु हुँदैन। 'पुराना कवि र कविता' जसता ग्रन्थको द्वितीय, तृतीय, र चतुर्थ भाग प्रकाशित हुनु नितान्त जरुरी देखिन्छ।

सम्बत् १९५६ मा गोपीनाथ लोहनी कृत 'ध्रुव चरित्र कथा' प्रकाशित भएको देखिन्छ। यस पुस्तिकामा जम्मा एकसय तेइस श्लोक छन् साहै उच्च कोटिका जसता छैनन् तथापि तत्कालीन नेपाली भाषामा त्यसतै 'जहाँ र यहाँ', 'पनि र भनी' को अन्त्यानुप्रास र खुट्टा काटेका वर्ण सबै कविले प्रयोग गरेकै छन्।

"श्री स्वायम्भुव जो मनू हुन गया छोरा तिनीका तहाँ।
जन्मे बेस उदार्प्रियव्रत भनी उत्तानपाद् फेर्जहाँ॥
यो पृथ्वीभर राज्य भो ति दुइको डाकेर यस्ले जहाँ।
भन्छू केहि कथा म ता यस घरी उत्तानपाद्को यहाँ॥"

यसतै श्लोकले उक्त ग्रन्थ बनिएको छ। तर जे भए पनि साहित्यिक इतिहास लेखिदा यिनको खोजी र उल्लेख अवश्य हुनु पर्दछ। कवि मोतीराम भट्टका शृंगाररसका श्लोकको बयान गोपीनाथ सरह धरैले गरेका छन् र त्यस विषयका ग्रन्थ र श्लोक खोजिगरी चर्चा गर्ने प्रयत्न हुनु पर्ने हो।

अर्का सुविख्यात कवि जसलाई हामी बिर्सिरहेछौं ती हुन् आशुकवि पण्डित शम्भुप्रसाद उपाध्याय। कवि लक्ष्मीप्रसादको जसतै यिनको कवित्व शक्ति प्रखर देखिन्छ। यिनले जम्मा कति ग्रन्थ लेखेका छन् यस लेखकलाई याद छैन। तथापि यिनका दुइचार ग्रन्थले नै यिनको बहुमुखी प्रतिभा जाहेर हुन्छ। सन् १९२४ मा प्रकाशित 'महाभारत द्रोणपर्व'-मा प्रायः बाइस सय श्लोक छन्, भानुभक्त कृत रामायणमा भन्दा झण्डै दुइ गुना वेशी। खुट्टा काटेका वर्ण अर्जुनका बाणले काटिएका अंग जसतै यत्र तत्र सर्वत्र लडेका छन्। तर वर्णका खुट्टा काट्तैमा कविता बिग्रने र खुट्टा नका-

ट्तैमा सुध्रने अवश्य होइन । रमायण पढेर मात्र सबै कुराको बोध हुने पनि होइन । बरु धेरै तर्फको पुराणोक्ति इतिहास जान्न महाभारतकै अध्ययन बेश छ । तर विश्व-विद्यालयको नेपाली भाषाको पाठ्यतालिका निर्णय गर्ने अधिकारीवर्गले शम्भुप्रसादका कतिसङ छात्रवर्गलाई अपरिचित राख्न नै उचित ठानेको कारण के हो उनीहरू नै जानुन्। "एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी" मा मात्र भुलिएर "दश् दिनसम्म लढी पितामह गिरे भन्ने सुने थे जसै"—लाई हेर्दै-न-हेर्नु भन्ने संकेत किन ? शम्भुप्रसादले महाभारतका अरू पर्व्व पनि लेखेका होलान् तर यस लेखकले 'आदि पर्व्व' र 'कर्ण पर्व्व' का लेखकको नाउँ याद राखेन ! बरू प्रायः एक हजार श्लोकमा सुब्बा होमनाथ द्वारा लेखिएको 'विराट पर्व्व' सँङ धेरै परिचित छन् । "जुआले गरि राज्य हारि पहिले पाण्डवहरू बन्महाँ" श्लोकले एक वर्षको गुप्तवासको कथा शुरू गर्दछ । तर हाम्रा कालेजका विद्यार्थीलाई सुब्बा नेपाली कवि हुन भन्नेसम्म पनि ज्ञान छैन ।

आशु कवि शम्भुप्रसादले धेरै ग्रन्थ लेखेको जाहेर हुन्छ । "मैताल् छोरीको र तीजको व्रतको कथामा" दुइ ग्रन्थ गँसिएका छन् । स्वामीका घर जान आतुर छोरीको अहबालको वर्णन मनोवैज्ञानिक झल्कन्छ ।

**"सौकिनको लहडका बिच पर्न जावस्"** भन्दै काव्यलाई समाप्ति गर्ने श्लोक-को दृष्टिकोणले काव्यको आलोचना गर्नु उचित छ । 'तीजको व्रतको कथा' महा-नन्द सापकोटाको 'तीजको बयान' सँङ दँजाएर पढ्न लायकको छ ।

प्रायः चार सए पृष्टको पुस्तिकामा 'शम्भु भजन माला' ग्रन्थ बनिएको छ । त्यहाँ ललित सोहनी, बिहाग, खेमटा, गजल, दरबारी, छाया, कव्वाली, काहरा, भजन, झँझौटी, मुलतानी, ठुमरी, इत्यादि गीतिकाव्यका अंगमा भजनको तर्जुमा गरिएको छ । शम्भुप्रसादको कवित्व शक्तिको आंशिक चमत्कार यहाँ अवश्य देखिन्छ । एक,दुइवटा भजन उद्धृत गेर कुठाउँमा परेको नदेखिएला । कुनै कुनै भजन भने शृंगार रसमा चोभिएका जसता छन् ।

**गजल :—** दहीता बेच्न चौ मोहन् !
दही बेचेर आउँला।
तिमीलाई रूचाएको,
घरैमा नौनी ख्वाँउला ।
जगत् जुन माग्दछौ यसको,
जगात् यस्तो न ल्यौ फोरूो

जगात् ल्यौ मस्त जोवन्को,
म त्यै जोवन् चढाऊँला ॥
पछ्यौरा छोडियौ जान्छु,
नदेखुन् छाति क्वै मेरो ।
म यस्को हक् कुनै एक् दिन्,
तिमीलाई दिलाऊँला ॥
न खुस्काऊ यहाँ सारी,
बचाऊ लाज हात् जोडछु ।
दुबै हामी मिली डुल्दा,
म आशा सब पुर्याऊँला ॥
भयो बेर, बेर हुँदा भन्नन्,
कुरौटेले कुरा काट्नन् ।
भरे त्यस कुञ्जमा भेटी,
लहड् खूब गर्न जाऊँला ॥
समात्छौ शम्भुले देख्ला,
मलाई लाग्छ लाज् साह्रै
तिमीलाई वहीं एक्लै,
म छातीमा लगाउँला ॥

ठेठ दादरा

तिमी देउ प्रिये ! अब आइ अलख्,
म जगाउँ अलख् सब मोह त्यजी ।
तिमी आँसु न भार विचार लिई,
बस मोक्ष दिने पदलाई भजी ॥
धन रूप जवानि रजाविर महल,
सब हुन् क्षणका बिनु कारणका ।
तिमि नै पनि हौ क्षणकी रसिली !
पर आज शरण् भवतारणका ॥
न भुलाउ मलाइ अनित्यमहाँ,
न दुखाउ तिमी दिल एक् रती ।
जति आउँछ जान्छ अवश्य यहाँ
जगको अघिदेखि छ येहि गती ॥

न त राज्य छ साथ दिने रति भर्,
न त सम्पति हुन्छ सहाय कहीं ।
न त पुत्र कलत्र नमित्र कुनै
सँग लानु छ छोड्नु छ अन्त्य यहीं ॥
जब जन्म लियो तब मर्नु पर्‍यो,
अब मर्नु छँदैछ भने जगमा ।
किन शम्भु अजान सरी हुनगै,
भुलि हिड्नु भुलाई दिने मगमा ॥

यसता अनेकौं भजनहरु बाहेक स्वदेश प्रेम दर्शाउने गजल पनि यस ग्रन्थमा समावेश गरिएको छ ।

"हर्बखत् हर एक कुरामा
ध्यान होस् नेपालको ।
जुन मुलुकमा जाऊँ,
हामी मान होस् नेपालको ॥
जन्मभूमिदेखि बढता,
छैन क्यै संसारमा ।
चित्तले तस्वीर खिंची
सम्मान होस् नेपालको ॥
प्रेम होस् नेपालको,
भक्ति रहोस् नेपालको ।
जातिमा आदर्श बन्ने
ज्ञान होस् नेपालको ॥
बोलुँ नेपाली, भजूँ
नेपालीकै नाउँ सदा ।
देह हामीले धर्‍यौं ता
प्राण होस् नेपालको ॥
......................"

'शम्भु भजन माला' मा समावेश गरिएका गीत र कविता अब्बल दर्जाका छन् भन्ने यस लेखकको तात्पर्य होइन तर अरू लेखकका भन्दा कमसल छैनन्। कुनै कुनै त बहुतै असल बनिएका पनि छन्। 'बयासी र बीस गजल मेरो' सित तुलना गरी हेरे साहित्यमा यी गजलको स्थान ठम्मिने छ। उपर्युक्त उद्धरणबाट नै पाठकवर्ग-ले उनको गजल लेखाइको नमूनासम्म पाउन सक्छन्।

भजनमाला लेख्ने कविले सन् १९२६ मा 'वेश्यावर्णन' लेखेर प्रकाशित गराएर यसतो विषयान्तर पर्ने रचना लेखेकोले आशुकवि शम्भुप्रसाद उपाध्यायको बहुमुखी प्रतिभा जाहेर हुन्छ। वास्तबमा यिनलाई कविता लेख्ने शौक थियो। जुन विषयमा भने पनि लेख्न सक्थे र सृंगाररसले यिनलाई लोभ्याएको देखिन्छ। यिनको वैराग्य-रस प्रधान भजनमालामा सृंगाररसको प्रभाव परेको छ। तर यिनको 'वेश्यावर्णन' मा भौतिक सुखनै जीवनको ध्येय हो भन्ने सिद्धान्त स्थिर गराइएको छैन। यी हुनु-पर्दछ संस्कृत साहित्यका कविशिरोमणिहरू जसतै रसिक; र रसिक हुनाको हैसियतले सृंगाररसमा यिनको र मोतीराम भट्टको अभिरूचि तुलना योग्य छ। 'वेश्या वर्णन' शायद 'वेश्या विलाप' भन्ने अन्य भाषाको ग्रन्थका आधारमा लेखिएको हुन सक्दछ। तर यो कुनै एउटा ग्रन्थको अनुवाद होइन।

'वेश्याका पदमा पर्‍यो न जन जो वेश्या न भोग्यो कबै।
बेश्याका मृदु ओंठका रसमहाँ जो दिन्न तन् मन् सबै॥
वेश्याकासँङ रात दीन रहि जो प्रीति न राखी गए।
मातर्यौबन वन् विनाश् भवमा खाली कुठारी भए॥"

यो श्लोक अर्धांशमा निम्नलिखित संस्कृत श्लोकको अनुवाद जसतो देखिन्छ :–

' न ध्यातं पदमीश्वरस्य विधिवत् संसारविच्छित्तये।
स्वर्गद्वारकपाट पाटनुपटुर्धर्मोऽपि नोपार्जितः॥
नारी पीन पयोधरोरूयुगलं स्वप्नेपि नालिंगितं।
मातुः केवलमेव यौवन वनच्छेदे कुठार वयम्॥"

यस पुस्तिकाको वेश्या वर्णनमा कालिदासादि कविका उपमाहरूको प्रचुर अनुवाद भएको छ।

"टेढो भौं जब देखि भो धनु टुट्यो शेखी आशीको छुट्यो।
दाँतले झल्कि दिंदा अनार विजको शोभा अकस्मात् टुट्यो॥

छातीलाई उभाडि फल् जब फल्यो पीयूषरस सींचदै ।
अम्बा लट्कन गो गयी रूखमहाँ ठण्डी हवा खींचदै ।।

यसता पौराणिक उपमालाई आजकल थाङ्नामा पारिसकेका हुनाले यिनले आधुनिक साहित्यका पाठकलाई उति आकर्षित गर्दैनन् । अंग्रेजी शब्द बटुलेर नेपाली भाषामा छन्दोबद्ध श्लोक रचना गरेको देख्दा बाइरनले ढाक्टरले 'प्रेस्क्रिप्सन' लाई 'अटाभारिमा' छन्दमा लेखेको याद गराउँछ ।

"ब्रेस्लेट बेङ्गल वेस्टचेन बढिया फीमेल नेक्लेसले ।
गोल्डन रिङ्ग अपूर्व नोज रिङमा बर्स्यो छटा मेशले ।।
अर्नामेन्ट इअर सफा इअर-रिङ अङ्क्लेट छन् हाथमा ।
हार्लोटको कनकोर्ड देखि रीतको पानी बह्यो माथमा ।।"

तर नीतिकारको आक्षेपदेखि जोगिन हो वा वेश्याको आजन्म संगत अनुचित संझेर हो~~~

दिल्देखी चतुराई दूर रहने पाण्डित्य जाने सदा ।
विद्या, मान, विचार, होश सहजै जाने सदा सर्वदा ।।
हुन्छन् विज्ञ, न जानने हर घडी लट्टु बनी बस्तछन् ।
वेश्याको रसले भिजी जब छटा मन्मा गयी पस्तछन् ।।"

★ ★ ★

"प्यारे शम्भुप्रसाद लठ् परि न बस बराङ्गनामा गयी" भन्ने सदुपदेश दिंदै काव्य अन्त्य गराइऐको छ । यथार्थमा आशुकविको उपाधि चरितार्थ गराउने शम्भु-प्रसादको नाउँ साहित्यिकहरूमा प्रचलित नहुनु खेदको विषय हो । आशा छ उपर्युक्त उद्धरण पढेर कसै-न-कसैले उनका रचना खोजी गरी प्रकाशमा ल्याउने हौसला कसो नदेखाउला !

शिखरनाथा विषयमा पनि कहीं चर्चा भएको देखिदैन । यिनमा कवित्व शक्ति भन्दा ज्यादा हसाउँन सक्ने शक्ति थियो । यिनको वाक्चातुरीका विषयमा धेरै मीठा गफहरू सुनिन्छन् । शब्दोत्पति सम्बन्धी हास्योत्पादक रचना गर्ने कुशलता जो प्लेटो यूनानी लेखकहरूमा पाइन्छ यिनमा पनि थियो । गधालाई खरायोले मार्छ भन्ने पुष्ठी गर्न 'खरं हनन्ति ( घ्नन्ति ! ) ये ते खरहा : " भन्ने तर्क पेश गर्थे । गुन्द्रुक-को गुण दिने र छिटो पाक्ने अर्थ उसको नाउमै समावेश भएको छ भन्ने गफ यिनी गर्थे । समस्यापुर्ति प्रतिद्वन्दितामा यिनको र पण्डित धरणीधरको बीचमा वैमनस्य

उब्जिएको कुरा पनि यत्र तत्र सुनिन्छ। 'कवि पो हुँ त' भन्ने गर्व यिनमा अवश्य थियो। कारण 'थर गोत्र प्रवरावली'मा आफ्नो परिचय दिंदै यिनी लेख्छन्—

"थर मेरो सुवेदी भारद्वाज गोत्र।
तारानाथ पण्डितको कान्छो म हूँ पुत्र॥
नाम मेरो शिखरनाथ कवि जानि लिनू।
............ ............ ............॥"

यो श्लोकको अनुसार यिनका पिता 'राघव विलाप' लेखक पण्डित तारानाथ रहेछन् भन्ने भान हुन्छ। यिनको 'शिखरनाथ भाव्य' पढी यिनका वाक्चातुरी, रसिकतादि विषय भने जसतो आलोचना गर्न सके नेपाली साहित्य समुद्रका कुना काप्चाको सौन्दर्य पनि नजर आउने थियो।

सिद्धिबाहादुर बस्न्यात कृत 'भोटको लडाइँको सबाई'का दुइ-चार श्लोक यत्र-तत्र उदाहरण गरिएका हुनाले यस ग्रन्थको नाउँ धेरैलाई थाहा छ। तर यसको ऐतिहासिक महत्वका बारेमा केही उल्लेख भएको छैन। सबाई पनि हेर्नाका हुन्छन्। कतिपय सबाईमा सबाई-छन्दको प्रयोग असल भएको छैन। यस विषयमा 'सवाई पचिसी' ग्रन्थको चर्चा हुनु उचित छ। हाम्रा गाइने र यूरोपका 'बार्ड'को भेट हुने प्रांगणमा हामीले फूलबारी लाउनु पर्छ। पण्डित धरणीधरले छोएको यो सवाई छन्दमा स्कटको 'द ले अफ द लास्ट मिनिस्ट्रेल' (अन्तिम गाइनेको गीत) जसतो कविता रच्ने मानिस जन्मन असम्भव छैन। इङ्ल्याण्डका किंग आर्थर र फ्रान्सका शर्लमेन झैं हाम्रा गाइनेले महाराज जंगबाहादुरलाई तुल्याएका छन्। यूरोपका प्राग्ऐतिहासिक कालका वीरको बयान भए झैं हामा अर्वाचीन वीरको कपोल कल्पित फुंदाले भरिएको जीवनी गाइनेले गाउँछन्। हामीकहाँ भएको वीरपूजा शक्तिको यो एउटा उदाहरण हो।

"भोटको लडाइँको सवाई" लेखकको नाउँ बिर्सि सकिएको छ। तर उनको 'बाह्र मासे' पनि कम प्रचलित छैन। नब्बे प्रतिशत 'सिलोके' जसले सुन्दरकाण्ड रामायण बिहेको यज्ञमा लेघ्रो तानेर अलापछन् तिनले त्यही यज्ञमा 'बाह्रमासे' पनि गाउछन्। तर साहित्यमा 'बाह्रमासे'को चर्चा भएको छैन। यो 'बाह्रमासे'पति वियोगिनी पूर्णवयस्का युवतीलाई परदेशमा भएका पतिले संझी उनको विलौनाको कल्पना गरी गाएको गीत संग्रहो। यो सङ्सङै सृंगार-रसका अरू श्लोकहरू पनि छन्। यसतै 'बाह्रमासे' श्लोकको उल्लेख अंग्रेजी साहित्यको प्राचीन इतिहासमा पाइन्छ। 'बाह्रमासे'को रचनामा नेपाली कवि र अंग्रेज कविको संयोग भएको

देखिन्छ । 'बाह्रमासे'को रचना साहित्यको प्रारम्भिक अवस्थाको द्योतक हो र यसमा समाविष्ट भएका शृंगार र करूण रसको श्लोक कर्मस्पर्शी छैनन् भन्न सकिदैन ।

"असल चन्दा मन्दा अनिल फुल गन्धा त बह्न्या ।
मदन् भन्दा फन्दा भ्रमरहरू ता बोली कह्न्या ॥
फुलैको ता फूँदा हृदय बिचको बन्द खुलन्या ।
सँगीनी अन्धा हुन् पुरूष कति भन्दा नबुझन्या ॥"

यो श्लोकमा भएको अनुप्रासको चमत्कारले पद्य रचना कलामा लेखकको प्रौढता जाहेर गर्दछ । "यौवनकी धनि छू खसमूकी कमि छु विरही म फालूँ कसैले शब्द योजनामा लेखक सिद्धहस्त रहेछन् भन्ने देखिन्छ । शृंगार रसका कविता देख्दा बनावटी नफ्रत देखाएर मुण्टो फर्काउने नीतिकारले साहित्योद्यानमा खुट्टा नहाल्नु नै बेस छ ।

यसता अरू लेखकहरू पनि आज बिर्सिन लागि रहेछन् र तिनको खोजी गरी उचित उल्लेख हुनुपर्दछ । 'रामायण अश्वमेध काण्ड', 'केदार कल्प', 'नल दमयन्ती', र अरू दुइ-चार काव्यका लेखकका नाउँ नआएकाले चर्चा हुन सकेन । कथा साहित्यको चर्चा हुँदा 'लालहीरा', 'मधुमालती' इत्यादि सँङसङ्गै 'दयाकी भावी'को चर्चा हुन पर्दछ । यो युगलाई नेपाली साहित्यको पुनर्जन्म युग मान्ने हो भने हामीले कसैलाई भारमाथि थन्क्याएर धूँआ लाउन हुँदैन । स्कूल र कालेजका पाठ्यतालिका निर्णय गर्दा कुनै कविको काव्यमाथि सानिमाको छोरामाथि जसतो व्यबहार प्रदर्शित गर्नु हुदैन ।

यस लेखकले नचाहिदो प्रशंसाको सदैव विरोध गर्छ । यसर्थ यो लेखमा उल्लेखित कवि र काव्यलाई न चाहिंदो महत्ता दिने तात्पर्यले यो लेख लेखिएको होइन । तर जिउँदा र रुमुन्नेकालाई मात्र सत्कार गर्ने चलनको पक्षपातिता देखाउन यो लेख लेख्ने प्रयत्न गरिएको हो । नेपाली साहित्यका इतिहासमा साना ठूला सबैको आफ्नो आफ्नो स्थान अवश्य निर्धारित हुनेछ तर न्याय सबैले पाउनु पर्दछ । साहित्यिक जिज्ञाषुहरूले यसता बिर्सिएका लेखकको काव्य खोजी गरी एकै पल्ट मात्र हेरिदिए भन पनि प्रस्तुत लेखकको ध्येय पूरा हुनेछ ।

# प्रजातंत्रोत्तर नेपाली साहित्यमा विकास

—राजेश्वर देवकोटा

साहित्यमा स्थायी रसको साथ समयको पनि प्रतिविम्ब परेको हुन्छ । यदि कुनै साहित्यमा तात्कालिक समाजको प्रतिविम्ब पाइन्न भने त्यो रस-गुण-सम्पन्न भएर पनि भूमिकाहीन पुस्तक जस्तो हुन्छ । विभिन्न रस-गुणमा आफ्नो अभिप्राय प्रकट गर्ने आधार नै समय हो । यस प्रकार साहित्यले परंपरामा अवलम्बित नरहेको खंडमा उसमा नवीनता आइरहन्न । समय नै एउटा यस्तो चीज हो जो सदा आदिम सनातन र नव्य हुन्छ । वाल्मीकि, कालिदास, तुलसीदासका पात्र र चरित्र एउटै भएर पनि उनीहरूको रचनामा अलग अलग जुन वैशिष्ठय छ त्यस मधुरिमामा तात्कालिक उत्कर्षापकर्षको जालो छ । कुनै रस-सार सुरक्षित राख्न बोक्रो निःसार भएर पनि त्यसको अत्यन्तावश्यकता नै रसको जीवन हो । यसरी साहित्य साहित्यको कसीमा अकवरी भएर पनि समयले त्यसलाई बुर्जुवा सावित गरिदिन्छ ।—साहित्य बुर्जुवा वा सर्वहारा कहिल्यै हुन्न तर साहित्यिक गुण पुट गर्ने जालो समयानुसार बुर्जुवा र सर्वहारा हुन्छ । जनतंत्रवादी युगले स्वभावतः नवीनतालाई प्रश्रय दिन्छ ।

युगको प्रेरणा अनुसार प्रजातंत्रोत्तर नेपालमा पनि गंभीर साहित्यको श्रोत कलकलाउन लागेको छ । विभिन्न काव्य शास्त्रीको कसीमा त वाल्मीकिदेखिका कवि पनि निर्दोषको अत्यन्ताभावदेखि बच्न सकेनन् । सुनको कसीमा पित्तल घोटिँदै घोटिन्न भने ती दुइटाको वैषम्य ( पार्थक्य ) देखाउने कुरै के !—जुन गुणमा केही सादृश्य प्रतीत हुन खोज्छ त्यही नै वैषम्यको दूरी नापिन्छ । तर दिनमा बत्तीको प्रकाश नदेख्ने कोरा साहित्यिकले त्यस बत्तीले राती काम दिएको थियो र दिनेछ—यो विचारेको खंडमा कुनै साहित्यांश उपेक्षित हुने छैन र नवरूपको आवश्यकता प्रतीत हुनेछ । विभावका पंक्तिलाई कसैले साहित्य भने भन्दैमा साहित्य-प्रेमीलाई त्यस्तो साहित्यको निराकरण गर्न हात जोड्ने व्यक्तिमाथि केही हाँसो हैन दया लाग्नु स्वाभाविक नै हो ।

साहित्यमा पनि प्रचारवाद हुन्छ र साहित्य पक्षीय ( वर्गीय ) पनि हुन्छ । तर साहित्यको रसानुभूतिमा प्रचारवाद वा पक्षले केही बार हाल्दैनन् नत्र भने त्यो साहित्य नै होइन ।

काव्य शास्त्रका लक्षणकारका साथ बरालिनु भन्दा यहाँ लेखको लक्ष्य—प्रजातंत्रोत्तर नेपाली साहित्यको विकासतिर कलम बढाउनु उचित होला ।

प्रसन्नताको कुरा हो कि प्रजातंत्रको साथ नेपाली साहित्यले पनि केही नयाँ साथी प्राप्त गर्‍यो । प्रजातंत्रको अरुणोदयमा धर्मराज थापाको कोपिलो फुल्यो । रातका

केही अधफुलेहरू पनि यसै प्रभातमा फुरेका देखिए। धर्मराज थापा पहिले नभएका होइनन् तर प्रजातंत्रमा नै उनको कलकले नीर गुन्ज्यो। केदारमान ''व्यथित''को युग युगको व्यथा प्रजातंत्रको पहिलो संगममै प्रस्फुटित भयो। 'पुराना' लेखनाथले महत्तम ( उनका कृतिहरु मध्ये ) र नव्यकाव्वको रचना गरेर नेपाली साहित्यको तरुण तपस्या गरे। यसै प्रजातंत्रोत्तरकालमा कतिपय नौजवान कविहरुलाई प्रजातंत्रले नै नेपालको दर्शन गर्ने रोकावट तोड्यो। सिद्धिचरण र माधव प्रसादको मलमल शैली-लाई प्रजातंत्रले धोएर माड हालिदिएको छ। प्रजातंत्र नै एउटा यस्तो कडी थियो जसले तोपदेखि डराउने यिनीहरुको कलमसित अब तोपले डर्न पर्नेछ। यिनीहरुको प्रजा-तंत्रोत्तरीय दान पोथीको रुपमा आउन कुबेरलाई कुतकुतत्याइरहेका छन्। पूर्णप्रसाद बाजेले यही औसर छोपेर झिल्कोको साथ अगुल्टोको फटारो हान्नु भयो। प्रजातंत्रो-त्तर कालले नै सीमित कोणमा रहेको भानु र मोतीको वैजयन्ती खुला मैदानको वाता-वरणमा फहराइरहेछ। बालकृष्णशमशेर जसले सर्वमा नै नेपाली जीवनदेखि तटस्थ रहेर इश्कलाई प्रधानता दिए आज उनलाई प्रजातंत्रोत्तर कालले नै उपचार गर्‍यो। भक्त भानुभक्त लेखेर बढेको उनको कफको व्यथा र रुघा निको भैसकेको छ। उनी 'क्रान्तिकारी भानु'को किरण फैलाउन समर्थ भए। 'भयालबाट' जो नेपाली आलोचना साहित्यको नवजात शिशु हो, प्रजातंत्रोत्तरीय देन हो। परन्तु नेपाली-आलोचना-साहि-त्य भयालबाट भित्र नपस्दै कतै बरालियोस भन्ने चाहिं डर छ।

परन्तु नेपाली साहित्यको वास्तविक परिचायक ''प्रगति''को स्तम्भमा शिथिलताको सन्देश सुनाउनेहरुको कमी छैन।

लक्ष्मीप्रसाद देवकोटाको नेपाली नयाँ शब्दहरुको आविष्कारमा बूढाहरु दुब्लो नाक खुंच्याउंछन्। यसदेखि डराएर हाम्रा नेपाली आलोचक बन्धुहरु पाणिनीका पूर्वजको व्याकरण फुक्न लागिरहेछन्। नेपाली कोष समृद्ध पार्न लुके-छिपेका नेपाली शब्दलाई साहित्यिक रूप दिनु विद्वत्तामा बाधा पर्ने देखेर होला हावाका कोष पल्टिरहेका छन्।

एउटा देशको साहित्य अर्को देशको निमित्त पनि साहित्य हुन्छ; एउटा भाषाको शब्द अर्को भाषामा पनि प्रयुक्त हुन्छ। तर आजकलका प्रजातंत्रवादीलाई भने वाक्-स्वतंत्रता व्याकरणमा पनि मिलेको छ। परंपरागत शब्दमाथि आफ्नो पांडित्य देखाई व्याकरणको नाममा हिलो फेक्नु नै बहादुरी प्रतीत हुन्छ। जेहोस् हामी फोहर रछान देखि भाषालाई दूरस्थ नै देख्न चाहन्छौं। लक्ष्मीप्रसाद देवकोटाको शब्दमा आलोचक कलाकारको चिप्रा पुछिदिन्छ, दिशा धोइदिन्छ, सिङान, खकार सोहोर्छ र आइन्दालाई सचेत गर्छ। तर हाम्रो नेपाली साहित्यमा आलोचकले आचिगरिरहेको उसैलाई भन्दा कलाकारलाई लाज लागिरहेको छ।

आलोचक साहित्यको कसी हो तर दागको पारख केवल पाठक नै गर्छ तर दुःखको कुरा हो कि नेपाली साहित्यले शुद्ध कसी फेला पारेको छैन । हुन त सुनका पारखीलाई कसीको जरूरत छैन । तर आजकल सुनका ढेर हेरिरहनु भन्दा कसीमा घोटाएर मगाउने चलन छ । यस व्यावसायिक युगमा साहित्यको ठेक्काचाहिं धेरै जसो आलोचकलाई प्राप्त हुन्छ । र उसैको मोल भाउमा पनि बजारको चल्ती हुन्छ ।—आलोचकको साहित्यप्रति उत्तरदायित्व अलि धेरै छ । प्रजातंत्रोत्तर वा पूर्व नेपाली साहित्यमा आलोचकको अत्यन्ताभाव नै रह्यो र जो एकाध व्यक्तिहरू निस्के तिनीहरूको आलोचनाको बजारमा मोनोपली चल्यो । यसै कारण पनि नेपाली आलोचना साहित्य उन्नत हुन सकेन ।

ईश्वर बरालले आलोचकको सूचीमा आफ्नो नाम दर्ता गराइसक्नु भएको हो तर हाल केही हाल थाहा छैन । 'प्रगति'को पहिलो अंकमा एउटा खुट्टो अडकाएको देखियो । उहांले ती पंक्तिहरूमा नेपाली साहित्यले प्रजातंत्रोत्तरीय प्रगति नगरेको देखाउने प्रयत्न गर्नु भएको छ र विशेष गरेर जन साहित्यदेखि उहाँ चिढिनु भएको छ। अघि भनि सकियो कि साहित्यिक रसगुण सुरक्षित राख्ने जालो वा बोक्रो समयानुसार बुर्जुवा वा गतिशील पनि हुन्छ र त्यस जालोले केवल इतिहासको काम गर्छ । र साहित्यको रसानुभूतिमा कुनै बाधा पार्दैन । यस प्रकार बुर्जुवाहरूले प्रगतिशील साहित्य वा प्रगतिशीलहरूले आरोप गरिने बुर्जुवा साहित्यदेखि नाक खुंच्याउनु साहित्यदेखि अनभिज्ञता प्रकट गर्नु हो ।

प्रजातंत्रोत्तर कालमा नेपाली भाषामा जुन खँदिलो साहित्यको निर्माण भयो त्यसको संगठित रूप दर्शाई सकिएको छ । र बरालजी अरूमाथि आरोप लगाउँदै स्वयं जुन आरोपको पात्र बन्नु भएको छ त्यसमा उहाँलाई अझै केही सल्लाह दिनु छ । नेपाली भाषामा हामीले नयाँ शब्दको निर्माण गर्नु छ, अन्तर-छिन्तरका प्रादेशिक रूपमा प्रचलित शब्दलाई साहित्यद्वारा व्यापकता दिनु छ । तर जुन संस्कृत शब्दहरू असल भाषाले पनि अधिकृत छन् तिनका अशुद्ध रूप ( नैलिप्तता आदि ), कर्णकटु रूप ( सप्रशंस सश्रद्ध आदि ), अप्रचलित रूप ( अवसित समुदाय आदि ) विदेशी विद्वानहरूले नाक खुंच्याउने विषय हुन्छ । अस्तु !

—००ॐ०ॐ००—

# रुमा र बाली

—सिद्धिचरण

( भाव नाटक )

पात्र-पात्री :—

वाली—किष्किन्धाको प्रतापी राजा.

रुमा—सुग्रीवकी पत्नी तथा वालीकी भाइ-बुहारी

हेमा—रुमाकी सहेली.

[ समय—आधि रात (त्रेता युगको)। दृश्य—प्राचीन द्रवीड संस्कृतिको कला-वस्तुले सिंगारिएको किष्किन्धाको राजभवनको खोपी। बाघ, मृग आदिका विभिन्न छालाहरु बिछ्याइएका छन्। हस्तीहाड र श्रीखण्डका सामानहरु छन्। बीचमा पानसबत्ती र भित्तामा ठाँउ-ठाँउमा जडिएका हीरा, माणिक, जुवाहिरातहरुले चारैतिर रंगी-बिरंगी प्रकाश पोखिरहेछन्। बत्तीको केही पश्चिमपट्टि अनेक सुगन्धित वस्तुहरुको धूँवा आइरहेको मकल छ। चतुर कलाकारको हातको खूबीले चारैतिर बुट्टा भरिएको आरशी दक्षिणतर्फको भित्तानेर सजिएको छ। खोपीमा उत्तरतर्फ भित्रको खोपीबाट आउने आधा खुलेको एउटा कारीगरीपूर्ण सुनको ढोका छ—ढोकामा कुँदिएको नाग, माछा, कमलका रूपहरु सजीव जस्ता देखिन्छन्। अरु भित्तामा लेखिएका देवदेवीहरुका मूर्ति र चित्रहरु पनि त्यस्तै जिउँदा प्रतीत हुन्छन्।

मय दानवसितको मल्लयुद्धमा मारियो भनी ठानिएको वाली जिउँदै फर्केको थाहापाई भोग्न लागेको राज्य छोडी चारजना आफ्ना मन्त्रीहरु सहित सुग्रीव भागेर गएको यो दिन छ । वाली फेरि फर्केर शासन सँभालेकमा देश खुशी छ । त्यसैको खुशीयालीमा देशमा धूमधाम नाचगान भइरहेको अहिलेसम्म टुंगिएको छैन । नेपथ्यबाट बाजा र गीतहरुको मधुर झंकार गुंजिरहेको छ ।

सुग्रीवकी पत्नी रुमा पनि पति भागेर गएको ठाँउमा जान गुप्त प्रबन्ध गरिरहेकी छन् । अन्तर्वासको बारीको पछिल्तिरको ढोकाबाट भागेर जाने योजना अनुसार पालेहरुकहाँबाट त्यसको साँचो चोरेर ल्याउन हेमा गइरहेकी छन् । उनैको प्रतीक्षामा कहिले झ्यालबाट चियाएर र कहिले यताउता ओहरदोहर गर्नलागेकी रुमा देखापर्दछिन् । दृश्य झ्यालबाट अर्थात् पूर्व मोहडाबाट देखिएको छ ।

रूमा— (झ्यालनिर आई बाहिर आकाशतर्फ हेरेर)

माथि आकाशमा तारा चम्किन्छन् कसरी । तर,
अन्धकार हटेपछि हुन्छन्, विलीन ती त्यहीं !
के ताराहरूको दीप्ति केवल अन्धकारमै ?
जसरी लिन्छ शोषेर ताराको ज्योति घामले
त्यसै गरी शाषेको मेरो सौभाग्य आजको ?
किष्किन्धाको उज्यालोले । किष्किन्धा अन्धकारमा
पहुन्जेल म चम्केथें । उक्लिसन्छ जत्ति माथि यो,
त्यत्तिनै म उँधो लाग्छु ताराकै तुल्य घाममा ।
चम्क, ताराहरु चम्क अँध्यारो साथ लीकन
भोलीता साफ ढल्ने कौ मैं झैं कालो विपत्तिमा ।

( अनि भित्र आएर लामो शास फेर्दै कपालमा हात राखेर )

भत्क्यो दर्बार आशाको, ढुब्यो संसार स्वप्नको
बिग्र्यो सिंगार कायाको, फुट्यो आधार भाग्यको,
बज्यो घंटी निराशाको, निभ्यो, बत्ती निधारको,
ढुंगियो मूल हासोको ! ( केही आवेशमा )

निस्क, निस्क रूमा अब,
महल यो हैन यो तिम्रो, पालो तिम्रो खतम भयो ।

कालको द्रुत झोक्काले, ल्याएथ्यो जसरी सुख
त्यसै गरी लग्यो फेरि उडाई दूर शून्यमा ।
उडी वैभव सम्पूर्ण, मुछिएको पराभव
कालको स्रोत उम्लेको मेरो संतप्त जीवन
यहीं देखि शुरु हुन्छ । ( एक छिन अडिएर )

जल्लाई भन्दथ्यौं अछि
मेरो, अब अरुको भो । अघि आज्ञा चलाउथ्यो !
अब आज्ञा मानी बस । राजसी ठाट होइन
तापसी भेषले बाच्दै जिउँद। सपना सब
होम, होम निराशाको कुण्डमा । ( आशु पुछ्ने हात हेरेर )

किन आँसु यो ?
रुमा, के हुन्छ रोएर ? नरोउ अब दुःखको
अथाह सिन्धुमा डुब्दै र उत्रदै जिई रहू !
( आँसू पुछ्दै )
तिम्रो आँसु पुछिदिने कोही छैन । यहाँ बसी,
ममता, स्नेह, मायाको यत्रो यो अनिकालमा
तिमी आँसु चुहाउँछयौ पगाल्न कसको दिल ?

( हेमाको प्रवेश )

हेमा— नरुनु होस् महारानी, रुने यो काल होइन,
आँसुले पखेटा रुभछ मौकारुपी विहंगको ।
धारिला चर्चाहरुको धार मारेर नींदले
बांधेको छ सबैलाई स्वप्नडोरीहरु कसी ।
ल्याएँ साँचो ( साचो देखाएर )

अब हिंडौ चाल मारेर सुस्तरी
झैलेको [illegible] देरी, आँसु मै भरजन्मको
पीछा लाग्ने छ नत्र त !

रुमा— यो कालो अन्धकारमा
तिम्रो पछि पछि हिंडी भाग्यको त्रिल खुल्छु म ।

होओस् जसो जसो हुन्छ, निस्कूँ महलबाट त
यो बल्दो अग्निझैं पोल्ने धराप त असह्य भो !

( जान तम्सिएर )

हेमा यो दुःखको बेला तिमीले साथ छाडिनौ,
मानो मैसंग नै तिम्रो भाग्यको वज्रलेप छ ।
तिम्रो गुण म·········

हेमा— ( ढोका बाहिर जानलाग्दा कोही माथि उक्लेको आवाजले झस्केर ) को हँ त्यो !

रुमा— ( हेमाको अघिल्तिर आएर ) के ! को ?

हेमा— ( झन्पछि हटेर ) बित्यास भो !

मा— किन ?

हेमा— कोही !

( वालीको प्रवेश )

( हेमा डराएर भित्रपट्टिको कोठामा पसेको वालीले देख्दछन् । रुमा 'यस्तो पनि' भन्ने मूडमा नहटी वालीलाई हेरिरहन्छन् ।)

वाली— पले क्षमा माग्छु म यो तिमीहरूसङ
आएकोमा विनाआज्ञा, अनि मेरो कुरा सुन ।
किष्किन्धामा म पस्नाले तिम्रो शान्ति र सुख्खमा
यस्तो पर्छ भने बाधा आजकै रातमा पनि
किष्किन्धापुर छाडेर जानलाई तयार छु !

( के जबाफ दिने थाह नपाई रुमा अक्कबक्क परिरहन्छिन् )

बुहारी, किन यो काण्ड रचेको गुप्त चालले !
कोमल भावना तिम्रो, कुल्चेर क्रूर शासन
यस्तो भोग्न म चाहन्न, पृथ्वीले सूर्य भोलिको
नघुम्दैमा मनोकांक्षा तिम्रो पुर्याउँला । जुन
हातले राज्य फर्काएर अन्याय साथ भाइले
भोगेको भनी, यै हात उठाई प्रेमपूर्वक

दिन्छु, दिन्छु उसैलाई । मलाई छैन चाहना
राज्यको अथवा केही तिम्रो सुख विरुद्धको ।

( कुरोको सिलसिलामा रुमाको भाव बदलिँदै जान्छ )

रुमा— राजाको उच्च गुणमा प्रजाको भक्ति अड्दछ
त्यस्ता ती गुणलेहीन व्यक्तिको निंति राज्य यो
केवल हो भार मात्रै नै। शक्ति छैन भने यहाँ
के हुन्छ प्राप्तिले मात्र ? कसरी राज्य गर्दछ ?
किष्किन्धाका निवासीले यो किष्किन्धा छ निर्मित।
प्रजाको शक्तिको जिम्मा राजाको भित्र बस्दछ
जिम्मा त्यो लिन नसके राजा नै बन्नु व्यर्थ छ।

वाली— जुन व्यक्ति समष्टीको भएर बाँच्न जान्दछ,
त्यसको निम्ति शक्तिको धारा सदैव साथ छ।
हो सुग्रीव कलीलै छ समष्टी भित्र पोखिई
व्यक्ति आफ्नू जगाउन जान्दैन, तर के भयो ?
यो दाज्यू उसको राज्य निष्कन्टक तुल्याउन
सदैव कांध थाप्ने छ, जस्तै विपत्तिमा पनि।

रुमा— किन भन्नुहुन्छ यसो ? किन यस्तो उदारता ?
बढ़ी आशा, बढी इच्छा, छैन मेरो कुनै पनि ;
हिलोको तुच्छ कीरा म, हिलो नै खोज्छु केवल ;
रम्नेछु नित्य त्यसमै राज्य पाएर के गर्छु ?
छ भाँडो लघु इच्छाको धेरै नै किन चाहियो ?
आँसुकी दाग लागेको उहाँको पाउको चिनो
पैल्याउँदै त्यहीं जाने हुकुम मात्र बक्सियोस्।
पाऊँ यति तपाईको दिनुको सहकाजमा।

वाली— तिम्रो हरेक इच्छामा मेरो छ पूर्ण स्वीकृति।

( एक छिन अडेर )

प्रेमको सामु के राज्य, के वनवास धन्य हो,
पतिको प्रेम यो तिम्रो चिरायु होस् म भन्दछु।
लेऊ त उसकै निम्ति जस्को छाँया फगत तिमी।

रुमा— होइन म कुनै छाँया कसैको पनि ! किन्तु यो
समाज भित्र पतिको हुनु नहुनुमा सँधै
नारीको भाग्य गँसिन्छ । समाजमा अटाउन
प्वाँरव अफ्नो निमोठेर संकोचिनु प्रथा बन्यो,
यै प्रथा भित्र हुर्केको म अवला अभगिनी ।
परन्तु दानको धारा लिएर देवदूतझैं
तपाई रहँदा यहा, जाग्छ मेरो मनुष्यता ।
अनि 'तिर्न नसक्नेले लिनु रोएर माग्नु हो'
भन्ने सिद्धान्त जागेर लिन दिन्न मलाइ क्यै
पनि । म राज्य यो लिन्न ।

वाली— हो लिनु छैन निश्चय
जो कोहीले दिएको । यो सहानुभूति भार हो—
स्वच्छ जीवनको ।

रुमा— यैत माने मेरो भनाइको ?
किष्किन्धाको गौरब र शान वानर वंशको,
युवक मात्रले पुग्न खोज्ने आदर्श राज्यको
राजालाई नजानेर मैले नभन्नु क्यै भनें ?
क्यै भनेको भए त्यो त साह्रै ठूलो कसूर हो ।
जसलाई चमा आफैं म पनि दिन सक्दिन ।

वाली— सर्व साधारण मह्रूँ । कोही अलग्ग माथिको
नसंभीदेऊ मलाई, म पनि यै जमीनको
हाँसो रोदनको यौटा पुतला मात्र । मनिस
अपूर्ण छ; सँधै खोज्छ यसले पूर्णता लिन ।
पूर्ण बन्न म चाहन्छु तिमीलाई दिई दिई
समस्त ती छ जे आफ्नू र आफैं पनि । मान या
तिमी नमान क्यै छैन, जन्मको हेतु वासना
साथ रही पीछा तिम्रो छुटने छैन कहीं, कवै ।—
चितामा पनि नडढी यो रहने छ जीवित ।

रुमा— म केही बुझ्दिन। किन ममाथि यो विशेषता ?
यो तुच्छ हीन प्राणीमा यत्तिको यो उदारता !
बिर्सेको एक थोपाले हुन सक्थ्यो निहाल जो
त्यल्लाई सिन्धु ल्याएर किन पर्थ्यो बढाउनु !

वाली— सानु ठूलो कुनै हैन, उस्तै वास्तवमा सबै,
परन्तु मनले जाँची सानो ठूलो गराउँछ।
यो मेरो मनको जाँखा लिएर हेर्न सक्छ जो
रुमा के कति ठूलो हो हेर्न त्यही समर्थ छ।
लम्ब्याउन्न कुरा धेर। किष्किन्धा पनि साथ ली।
प्रेमले जिन्दगी भोग—यही तृप्ति मलाइ छ।
गएको दिनको याद मनभित्र उदाउँदा
उच्च प्रेमप्रांगणमा मेरो सौगातको पनि
राखिदियौ भनी भाउ फेर्न'ला शास शान्तिको--
म पुरुषार्थ संझन्छु यसैमा। बलले जिती
धेरैले धेर साम्राज्य यहाँ भोगेर गैसके,
कालका राशमा त्यस्ता धेरै छन्। सुन चित्तले,
यो अन्तर्वेदनाभित्र आत्माकै मात्र केवल
लेनदेन चल्छ अरू सम्पूर्ण बाहिरी कुरा।
जल्लाई मनले रोज्यो त्यसको मनको पनि
रोजीलाइ पुरा गर्न कर्तव्य हो मनुष्यको।

रुमा— निगाह यो तपाईंको मेरो जीवन मार्गको
जुनसुकै अवस्थामा पनि श्रेष्ठ र सुन्दर
पाथेय हो भनी मैले संझनु अनिवार्य छ।
म लिउँ या त नलिउँ पाएँ तैपनि आज जो
पाउनुको पराकाष्ठा त्यो धन्य धन्य धन्य हो।

वाली— चाहेको गर फुक्का छौ, तिम्रो हैन म बन्धन,
आज्ञा मात्र तिमी देऊ आज्ञा मान्न तयार छु
यत्ति हो प्रार्थना मेरो।

रुमा— आज्ञा म के दिउँ ? यहाँ !
जसले मलाई दियो मेरो आज्ञा दिने हक
उनलाई छ यो आज्ञा, आदेश उनको सँधै
पालन् गर्न म राजी छु, अतएव उनै दिउन्
आज्ञा मलाई !

(लाजले नुहिन्छिन्)

वाली— (स्वागत) म जितें या हारें फैसला पछि,
तर मैले गरेको छु ठीक यो आँट भन्दछ।
(प्रकट) तिमी बनिदियौ मेरो सृष्टिको मूल प्रेरणा।
सृष्टि नै धर्म हो, मूल, प्रकृति मूल कर्म हो,
श्रद्धा हो मूल त्यो भक्ति, समाज फल मूल हो।
प्रेरणाबाट नियम जन्मी अनेक खालका
समाज यो बनेको छ--सबै मानव प्रेरणा।
विश्वचेतनाको मूल मानिस गर्न जे पनि
सक्दछ, यसको मात्रै महान् अजम्य शक्ति छ।

रुमा-- कृतकृत्य भएँ आज, गर्छु आत्म समर्पण !

# नेपाली जनगीतका विषयमा

—ईश्वर बराल

प्रत्येक देशको आफू जनगीत हुन्छ र यी जनगीतका विविध लय र सुर हुन्छन् । अब हामी विभिन्न जनगीत समुदयलाई 'भयाउरे' भनी न्वारन गर्छौं । तिनको सुर र लय कसैले भरिदियो, यो अवश्य हो तर ती गीत नेपाली माटोमा यसरी भिज्द-छन् जसले गर्दा हाम्रो जनजीवनको गीति-काव्यात्मकता नैसर्गिक भई आँकुरिन्छ, हाँगिन्छ, भाँगिन्छ र फल्छ-फुल्छ । पारिवारिक सम्पत्ति सरैभैं यो पुश्ता-दर-पुश्ता बुभाइन्छ । यस प्रकार प्रत्येक प्रकारका जनगीतका छन्द हाम्रो मातृभूमिको पेवा हुन जान्छ । यो आबालवृद्धवनिता सबैको साझे सम्पत्ति हो । यी गीतमा फलतः हामी जातीय जीवनको झलक र साथै मुखरित वाणी पाउँछौं । नेपालका सुन्दर जंगलको, पहाड़को, छाङाको, चराको संगीतका साथै हाम्रो दीनताको कारुणिकता, उत्कर्षको उच्चता, सामाजिक संस्कृतिको विभिन्नता, भाषाको अनेकरूपता जनगीतका सुरमा फुकिइन्छन् र यस प्रकार हाम्रा विविध भावना यी गीत व्यक्ताउँछन् । फलतः लोकगीतमा समाज, जातीयता अर्थात् संस्कृति शब्दित भएको हुन्छ । विद्वान् र पण्डित लेखकका कृतिमा सर्वसाधारणका निम्ति अबोध्य भई अन्वयजालोमा अल्भेका भाव जनगीतको रसिलो सुर, ध्वनि र भावमा फुकुवा हुन्छन् । हामी आफ्नो बाल्य-कालदेखिनै जनगीतका गेड़ाले आफ्नू भावलाई स्वतःस्फूर्त निर्झरभैं बगाउन थाल्छौं । अनुप्रास मिलेका, पदावली सरल भएका, भाव सरस र सुमधुर भएका भाषामा जनगीत हुन्छन्, त्यसैले ती साहित्यका सनातन अचार र साथै नवरस हुन जान्छन् । कुनै जातिमा पनि जनगीत नभएको हुन्न, तसर्थ जनगीतको ठूलो महत्व छ । हो, यो कुरा बढ़ता भन्न सक्छौं, जुन जातिमा जति रसिकता हुन्छ, त्यस जातिमा त्यति नै जनगीतको प्राधान्य र साथै बाहुल्य हुन्छ । हाम्रो नेपाली साहित्य प्रकाशन-द्वारा मुखरित भएको ७० वर्षभन्दा बढ़ता भएको छैन । जनगीतले नै साहित्यलाई टेवा दिरहेको छ; कारण यसको श्रावणिक असरले मात्र होइन कि वरन् यो अभिनयको पूर्वरूप तथा आख्यानको प्रारूप र कविताको परिपत्र भई छेकिएको हाम्रो साहित्यमा प्राणसंचार गर्नमा अपूर्व सहायक र सहयोगी भएको छ । जुआरीको प्रसङ्गमा गीतको बोल, मार्मिकता तथा गेड़ामा आफ्नू जीवनलाई हारजीतको दाउमा थापिदिने जाति नेपालीभन्दा बाहिर भएको हामीलाई थाहा छैन । त्यसैले स्वत्वको ममत्व, जातिमोह वा देशभक्तिले होस् वा केले, जनगीतको जुन विविधता, रसमयता र रमणीयता आफ्नू जनगीतमा भएको आफूलाई लाग्छ, अरु समाजमा भएको मलाई लाग्दैन । यो

दुराग्रहको अर्थेलाँइ होला तर मलाई "आफू" भन्ने वस्तु बुझन जनगीतले नै जाँगर दिएको जस्तो लाग्छ ।

अवस्थानुरूप, ऋतु-अनुसार, परिस्थितिबमोजिम हाम्रो जनगीतको धेरै प्रकारान्तर छ र साथै सुरमा पनि अनेकता । यस प्रकारको विभिन्नताले समाजको नसा-नसा माटोमा जरोझैं फैलिई नेपाललाई डल्लो बनाई बड़ो मनोरम ऐक्य स्थापित गरेको छ । सर्वप्रथम हाम्रो ध्यान बाल्यावस्थाका ( nursery rhyme ) पट्टि जान्छ । "आम झार, आम झार", "घुगूति" 'ची मुसी ची', 'मुसिले खायो धान, काट बिरालिका कान'', "हरे मुरारे बसुद्यौका छोरा, म जान्छु दरबार किनिद्यौन घोड़ा",

—"काँकरिको बान-बान, कुदिआयो हनूमान्,
हिंड़न लाग्यो छानै-छान्, काट्न आँट्यो तेरो कान्,
भाग्ने भए भागीजा, हे जी !"
"घाम् पानी घाम् पानी स्यालका बीहा,
कुक्कुर जन्ती बिरालो बाहुन्,
बिरालोले छोएको कोहि नहिं खाउन् ।"

यस प्रकार बाल्यावस्थाका टुक्कामा पर्याप्त रस छ जुन माताको दूधले झैं बालकलाई साहित्यको पुस्त्याइँ दिने साधन बन्न जान्छ ।

जनगीतको सबभन्दा बढ़ता चमत्कार यौवनमा हुन्छ । यौवनमा जस्तो सुकुकारता रहन्छ, मंगलकामनाले संसारको मनोहारिता देख्छ, प्राभातिक रागले हृदय प्रेरित हुन्छ, भावोच्छ्वास, रसोल्लासले अभिव्यञ्जना पर्युत्थित हुन चाइन्छ, यो निश्चय हो अरु अवस्थामा हुन्न । यस अवस्थामा प्रेमका अति मार्मिक र छड़के भनाइ पाइन्छन् :—

"लागेको पीर्ति म छोड्नेछैन गर्दन गए जाला ।"
"राजालाई बाइसँखी घोड़ा रानीलाई बिजूलि मोटर ।"
"बिरानो देशमा म मरिजाउँला रोइदिने कोइ छैन
सानोमा सानो कुसुमे रुमाल धोइदिने कोइ छैन ।"
"जान्छु मात्रै भनन कान्छी, रेलको भाड़ा म तीरि लैजाउँला ।"
"मलाई पनि लैजाउन दाजु, मोटरको धूलो उड़ाउँदै ।"
"दरबारबाट बिजूलि मोटर आयो जायो गूड़ेर,
नुवाँकोटे ढुक्कुर नुवाँकोटै पुग्यो भुरुरु ऊड़ेर ।"
"भाले र पोथी जुरेली आए बेलौंतीको झुप्पामा,
मितेरी दाजु पिंदबेसी होलान् म एक्ली छु टुप्पामा ।"

"पानीमा छाँया नहेर बैने, म दिउँला लैलै दर्पन,
गाईको नाउँ मालसिरि दाजै, बोलाउँदा लैलै बोल्दैन ।"
"आकाशको कालो नीलो बादलुले हो कि,
जेठीभन्दा कान्छी राम्री गाजलुले हो कि,
हजूर शर्मैं रिसाउने ।"
"धरहरा तिन टुक्रा भयो,
राजारानी, रूँदैमा दिन गयो ।"
"यो खोलाको धमीलो पानी,
यौटा रुमाल धूँदैमा दिन जाने ।"
"आकाशमा तीन तारा तेर्सियो,
माइत जाने मूल बाटो बिर्सीयो ।"
"झलमल मैयाँ पातली, बोलाउँदा बोल्दीनौ ।"
"बारीको दूबो झल्कन थाल्यो बिहानी शीतको,
मनको पीर कोसँग पोखूँ, कोइ छैन हितको ।"
"दाइ कहाँ को ?
म कालिपारीको ।"
"बहिनी कहाँको ?
देउरालि--पौवाको ।"
"दाइ कसमा ?
पीरति जसमा ।
"बहिनी कसमा ?
म पनि उसैमा ।"

यस प्रकारका गीतमा हामी अभिव्यञ्जनाको सूक्ष्मता, उक्तिको तीव्रता, व्यंग्यको तीक्ष्णता, भावको सुकुमारता, चित्रणको चमत्कारिता, सबै विशेषता पाउँछौं । वर्णनानुसार भाषाको र भावको सुमेली रूप हामी पाउँछौं—'गर्दन गए जाला' ले नेपालीको खुकुरीवृत्ति, 'बाईपंखी घोड़ा' ले राजकीय शौर्य, 'बिजुली मोटर' ले सुन्दरी नारीको धारिलो र चञ्चल रूपश्री, साथै रानीको अनुरूप मोटरको अन्तःपुर इत्यादि प्रकारले हामी ध्वनिको अति बढ़ता चमत्कार पाउँछौं । प्रौढ़ावस्था तथा वृद्धावस्था भगवद्भक्तितिर लागेकोले र भक्तिरसका पौराणिक ग्रन्थ बढ़ता हुनाले सम्भवतः यस अवस्थाका भाषामा बढ़ता जनगीत देखिन्नन् । युवावस्थाको नैसर्गिक भाव-सरितालाई संस्कृतले आलि थाप्न सकेन । वृद्धावस्थामा संस्कृतस्तोत्रको नै शरण पर्नुपर्‍यो होला । तापनि केही-न-केही फाटफुट जनगीत प्रौढ़ावस्थाको पनि पाउँछौं ।

"सुत सुत चेलाहो, ब्यान उठी पढ़ौला,
भान्सा गरी बिसी जाउला, गाईलाई घाँस द्यौला,
दूध-दही घर ल्याउला, खाउला, प्यौला, मोटाउला,
तब तिमी जन्त जाउला, सीलोकमा जिती आउला।"
"सानि नानि पुतली कति राम्री,
बीहा गरिदिउँला घर जाउली।"
"स्वामीका चरणको जल कस्तो
मालिगाइको दुधको तरजस्तो।"

यस प्रकार उमेरका अनुसारका गीत वा टुकड़ा भए। मौसमका अनुसार केही गीतका विभाजन यस प्रकार गर्न सकिन्छ: रसिया, रोपाइँ वा असारे (आषाढ़ महिनामा धान रोप्दा), लहरी लालीमाई (मकै गोड्दा, एक लहर=पंक्तिमा मकै गोड्ने हुनाले), मङ्सीरे (मङ्सीरमा धानको बाली काट्दा), धान-नाच इत्यादि। सामयिक परिस्थिति-अनुसारका गीतहरू यी हुन्:

१. **मादले**—यसमा रीतिपूर्वक नृत्त र संगीतको क्रम रहन्छ, शखि, बिरानी, सोहठी, अनि ख्याली। मादले गीतमा मुख्यांश मादले, मारुनी, र ढँटवारे हुन्छन् मण्डलीमध्ये, तसर्थ मादले गीतमा नृत्य, संगीत, कविता, आख्यान र अभिनय सबै थोकको सामञ्जस्य हुन्छ।

२. **रोदी**—अँध्यारो कुनामा रातभरी गाइने गीतविशेष गुरुङ् जातिको हो। यसमा पनि केही विधि र परम्परा हुन्छन्।

३. **छोकड़ा र टप्पा**—दुइ पंक्तिमा, भावको तारतम्य होइन कि वरन् ध्वनिको साम्य देखाइने चेष्टा यसमा हुन्छ। जस्तै:—

"पानीमा छायाँ नहेरबैनै, म दिउँला लैलै दर्पन,
गाईको नाउँ मालखिरि दाजै, बोलाउँदा लैलै बोल्दैन।"
"खत्रीसँग माँगी खानु, बाहुनलाइ दिनु,
दुइ जोइको पोइले सधैं कुना पसी रुनु।"
"हरिहर दूधको तर, लुगा च्याती धर,
जेठी चाँहिं गए जाओस्, कान्छी गरोस् घर।"
"गाइनेको लुगा फाट्यो, सत्र ठाउँमा टाल्यो,
हाम्रो घरको ठकुरीले दिउँसै बत्ती बाल्यो।"
"गाई बाँध्यो, भैंसी बाँध्यो
बनकेसी दाम्लाले,

कहिले पनि छोड़ेन मलाई
औंसी र नाम्लाले ।"

यस प्रकारका टप्पाहरूमा दुइ पंक्ति-बेग्ला-बेग्लै वाक्य विन्यास तथा अर्थका हुन्छन् , माथिलो पंक्तिले तलको पंक्तिलाई तान्दैन । प्रथम पंक्ति भने कुनै खास आकर्षक भनाइ-को निम्ति हुन्छ, अनि आकर्षण जमाएपछि जुन भाववस्तु छ त्यसको प्रकटीकरण गरिन्छ । यो बुझन हामीले अचेलको रेडियो सीलोनको विज्ञापन सुन्दा स्पष्ट हुन्छ । जस्तै स्यार्पाको सगरमाथा-अभियानतिर—

Mt. Everest is in the News. Everest Hotel.
Is always in the News. इत्यादि ।

आप नहीं जानते हैं कि आप कहाँ चूक रहे हैं—
कैंची सिगरेट पीजिए ।

बम्बईमें सोना
यानी गोल्ड लीफ सिगरेट ।

४. **लयबरी**—अथवा हाकपारे पनि कुनै सामाजिक उत्सव अथवा धार्मिक चाड़मा गाइन्छ । विशेषतः जुवारी-प्रधान यो हुन्छ र दुइ दलमा गायक र गायिका बाँढिन्छन् , कैले दुइ भिन्न-भिन्न गाउँका मानिस गीतमा जुद्धछन् र हारजीतको फलाफल बड़ो विचित्र हुन्छ । आफ्नू जीवनलाई गीतको दाउमा लगाइन्छ । लोग्ने मानिस हारेमा यति दिने भन्ने पहिले नै निर्णय हुन्छ, आइमाईले हारेमा हराउने मानिससित विवाह गर्नुपर्छ । संगीत-प्रधान गन्धर्व-विवाहको परम्परामा यो गीत यस प्रकार गराइन्छ ।

५. **मालश्री**—वीररसको र दुर्गास्तुतिको स्तुति गाइने गीत हो । यो दशैंताक मात्र गाइन्छ । यसको भाषाको अध्ययनमा, नेपाली भाषाको अन्य भाषाको परिवारसमेतको सम्बन्ध छर्लङ्ग देखिन्छ । (तुलनीय विद्यापतिका मालश्री गीतहरू) ।

६. **सिलोक**—विशेष गरेर विवाहमा भन्ने चलन छ । संस्कृत श्लोक सर्वसाधारणका निम्ति बुझिने नहुनाले भाषाको टुक्काले मनोरञ्जन दिने हुनाले उत्तिकै स्थान पाएको छ । यस प्रकार- का सिलोकमा धेरैजसो प्रश्न साथ-साथै उत्तर रहन्छन् :--

प्रश्न-- कति बाट्यौ नाम्ला-दाम्ला, कति बाट्यौ कुच्चा ?
कति आयौ बूढ़ा-पाका, कति आयौ फुच्चा ?

......... ......... .........

प्रश्न-- कहाँदेखि आयौ तमु जन्ती, कहाँसम्मकि दाऊ ?
धर्ति तुमरि भाञ्जे बुहारी केमा टेक्यौ पाऊ ?

......... ......... .........

तुलसीको लिंगो, नौ ठाउँमा बाङ्गो, नौ ठाउँ लायो चरिले गुँड !
थिनन चरीका हिरामोति नाऊँ, लाउँछौ अर्थ कि छोड्छौ ठाऊँ ?

......... ......... .........

आज राति सपनामा एक अचम्म देखें लामा चिल्ला पात,
कटकट कैंची, रुख चढ्ने भैंसी, क्या हो त्यसको जात ?

**७. सङ्गिनी**—यो गीत केवल आइमाईहरूको हो । विशेषतः यो गीत तीजको व्रत लिएको राती यूथमा विशेष नृत्यको तालमा र हारमा गाइन्छ । हुनत त्यस ताकको निम्ति नौसङ्गिनीको मुख्य प्रयोजन मानिन्छ तापनि अरु अरु बेला नौसङ्गिनीहरू भेला हुँदा गाइने चलन पनि छ । दुःख वा सुखमा, धार्मिक उत्सव, व्रतरात्रि-जागरण अथवा श्रमावस्था–ढिकी कुट्दा. जाँतो पिन्दा इत्यादि बेलामा– यो गाइन्छ ।

**८. गाइने गीत**—तीनतारे सारङ्गीमा गाइनेहरू गाउँछन् । तिनका गीतका विभिन्न लय हुन्छन् र विभिन्न आख्यान । गाइनेको एउटा जाति नै हुन्छ । यो जाति विशेषतः पश्चिम नेपालमा हुन्छ ।

**९. जुआरी**-को कुनै निश्चित समय वा मौसम हुन्न वरन् गाईवस्तु चराउँदा जङ्गलमा वा व्याँसीमा काम गर्दा कुनै पुरुष र नारीमा गीतमा प्रसङ्गमा प्रेमाभिव्यक्तिका पारस्परिक विचारका आदान-प्रदान हुन्छन् ।

**१०. सवाई**–एक किसिमको छन्द भएको खंड-काव्य वा आख्यान हो । यसमा नेपाली जनजीवनका प्रसङ्ग रहेका घटनावलीका अतिरिक्त कुनै महत्त्वपूर्ण ऐतिहासिक र साहसिक घटना त्रासद अथवा सुखान्तक अथवा दुवैको सन्तुलन भएको अथवा धार्मिक ग्रन्थका आधारमा आख्यानसहितका उपदेशावली रहन्छन् । जस्तै, जंगबहादुर राणाको सवाई, भोटको लडाईको सवाई, भुइँचालाको सवाई, समुद्रलहरीको सवाई इत्यादि । (तुलनीय सवाई-पचीसी) । हिन्दीको सवैयाबाट नेपालीको सवाई बनेको हो । जन गीतहरूमध्ये नेपालीमा सवाईको निकै महत्त्व छ । नेपाली साहित्यको विकासको अध्ययनमा सवाईद्वारा साहित्यको स्वरूपको पुख्यौली केलाइन्छ ।

११. **बालन**–यो विशेषतः धार्मिक उत्सवमा पुरुषद्वारा गाइन्छ । यसका आख्यानहरू धार्मिक ग्रन्थका हुन्छन् । गद्यलाई लयात्मक रूप दिई (तुलनीय वेदका ऋचा) लहरै-लहराले यति र अनुप्रासका आधारमा गेड़ा गाँस्दै पछि एउटा टेक, थेगो (refrain) मा अड़ाइन्छ । यसको पनि विशेष किसिमको नृत्यात्मक अभिनय हुन्छ । सङ्गिनीमा वाद्य-संगति हुन्न । तर बालनमा मादलको र खैंजड़ीको हुन्छ । सङ्गिनी जसरी नारीको पेवा हुन्छ त्यस्तै बालन पुरुषको निम्ति जगेरा ।

१२. **भैलो**–लक्ष्मीपूजाको दिन कुमारी कन्याहरूले आशीर्वचन र शुभेच्छा दिने गीत हो । सम्भवतः 'भलो होस्' बाट 'भैलो' भयो होला ।

१३ **देउसी**–लक्ष्मीपूजाको भोलिपल्ट परेवाको राती पुरुषवर्गद्वारा गाइन्छ । 'भैलो' मा 'भैलो' थेगो रहन्छ र 'देउसी ।' मा 'देउसिरे' यो पनि आशीर्वचन र शुभेच्छा दिने गीत हो । 'देहि श्रियाम्' (समृद्धि देऊ) बाट 'देउसीरे' भएको हो ।

१४. **रत्यौली**–यो पूर्णतया गीतविशेष होइन । घरबाट जन्ती गएको राती आइमाईहरूद्वारा गीत, नृत्य आदिको अभिनयद्वारा यो खेलिन्छ । यसमा विशेषतः प्रहसन हुन्छन् र स्थानिक लोकरुचिको अनुसार यो श्लील वा अश्लील पनि हुन सक्छ । यसमा कुनै खास गीत हुन्न ।

१५. **बारमासे**–पनि जनगीतको कड़ीमा आउँछ । तर यो संस्कृत वार्णिक हुन्छ । यसमा विभिन्न मौसम र महिनाका वर्णन हुन्छन् ।

१६. **प्रभाती**–विशेषतः पूर्वीय नेपाल तराईमा प्रचलित छ । जाड़ाको ताक ब्याहान ओछ्यानमा नै अथवा घूर ताप्दा यो गाइन्छ । यो विशेषतः शास्त्रीय संगीत–भैरव, भैरवी, इत्यादि सामयिक राग-रागिनीमा गाइन्छ ।

१७. **निर्गुण**–पनि पारमार्थिक गीत हो । निर्गुण गीत नेपालीमा नेवारी भाषामा धेरै भएको जस्तो लाग्छ । यसको एउटा विशेष छन्द हुन्छ, लय र राग पनि ।

१८. **भयाउरे**–विशेषतः शहरतिर प्रचलित हुंछ । यसको कुनै खास लय हुँदैन, वरन् विभिन्न लयका लोकगीतलाई 'भयाउरे' भनी समष्टिगत नामकरण गरिएको छ । यस प्रकार जनगीतको समुदय लय भयाउरेमा गाभिएका छन् । अरु जम्मै जनगीतको मूल शब्द र त्यसको अर्थ हुंछ—मादले गीत, डम्फू गीत, सङ्गिनी, जुआरी इत्यादि । तर भयाउरे शब्द 'भ्रामर' बाट आएको–यतिमात्र बाबुराम आचार्य भन्नुहुंछ र यो के हो खोजी-नीति गर्न बाँकी नै छ । सवाईको जति प्राचीनता छ त्यस्तै—भयाउरे पनि देखिएको छ । यो प्रगीतात्मक हुंछ ।

यस प्रकार हाम्रा जनगीत धेरै छन् । कति पहाड़का कुनाकाप्चामा अरू-अरू गीत पनि ध्वनित-प्रतिध्वनित भइरहेका होलान् । तिनको राम्रो संग्रह गर्ने आवश्यकता छ । यिनबाट लोक-संस्कृति र सामाजिक जीवनको साथसाथै भाषाको पनि राम्रो अध्ययन हुन्छ । प्रत्येक जातिको पनि पृथक्-पृथक् गति हुन्छ--गुरुङ्को मादले गीत र रोदी, तामाङ्को सेलो इत्यादि । यस लेखमा छोटकरीमा नै लोकगीतविषयक एउटा सानो विवेचनामात्र गरिएको छ । विस्तृतिको लागि अरु बढ़ता जानिफकारको ध्यान आकर्षित गरी यस विषयमा निम्तो पठाउनु नै लेखकको मुख्य ध्येय हो ।

# पंचेसुब्बा र नेपाली कर्पुटारे लोकगीत

—सत्यमोहन जोशी

अन्नपूर्णा हिमालको काखमा फुल्दै गएका निगालाहरुको वनका थुम्कामनि, डढेलो-ले सफाचट गरेका डाँडाहरुको आसपास मक्कैखोला र रूदीखोलाका बीच छेउमा, साना साना वन जंगल नजीक भएका लेकभन्दा केही होचा पश्चिम ३ नं लमजुङ छ-गाउँ, मध्येका नागीधारा र रबैडाँडाको अन्दाजी एक पाउ जति फासला भएको, सेता टल्किने ढुंगाका छाना भएका, गाऊँ घरका ओरालो, उकालो, नागबेली गोरेटाहरुमा अक्सर गरेर कहिलेकाहीं एउटा पचासेक वर्ष पुग्न लागेको, एउटा मास्तिरै खापेको बाँदरटोपी लाएर अझ एउटा लाहुरेले बक्सीस दिएको नयै मिलिटरी कोट, जापानको धावाबाट फर्केको एक जना एम्० सोते दिएको गन्जी, नेपाल इन्द्रचोकको संझनामा घांटीमा बेह्रिराखेको एउटा पसमिनाको गलेबन्द अनि थोत्रो भोटो र सादा कोराको कछाड, एक पाथी बालीमा सिउन लगाएको काने जुत्ता लगाएर लहुरो समेत टेकी साँझ बिहान जाडो हुँदा बख्खु समेत ओढी हिंडेको त्यो अधबैंसे पुड्को पुड्को हँसिलो आकृति भएको मानिसको कल्पना गर्नोस्—उसैको नाम हो पंचेसुब्बा। जुन नाम एकताक नेपाल शहरमा र गोरखपुर कूँडा-घाटमा गुंजिएको थियो र अद्यापि पश्चिममा गुंजदै छ। कालीगंडकीदेखि लिएर बूढीगंडकीसम्मका पश्चिमा बूढा-बूढीदेखि लिएर केटाकेटीसम्मले पनि लोकगीतको क्षेत्रमा पंचे-सुब्बाको नामलाई श्रद्धाले उच्चारण गर्दछन्। र वर्षको एक चोटि वा दुइ-चोटि शिवरात्रीका दिन कर्पुटार ईशानेश्वर महादेवको जात्रामा अथवा फागु-पुर्णिमाको दिन मादी र मिदिमखोलाको दोभान भएको सोही कर्पुटारको आसपासको धूलेपुलको बजार लाग्ने दिनमा पंचेसुब्बाले खोँकर लाएर, मादल भिरी नक्कले आँखाको इशारामा पंचम स्वरले गीत झिकी नाच्न लागेको हेर्ने लेकालीहरु उँधो झर्छन्, कछाडियाहरु उँभो लाग्छन् र मध्यवर्ती पहाडियाहरु माझ लाग्छन्। यही कर्पुटारको जात्रामा र धूलेपुलको बजारमा पंचेसुब्बाले हाँडीखोलाको दुरैनीसित बाह्र वर्षसम्म दोहरीगीत गाई जुहारी खेलेका थिए जसमा हार-जीत नहुँदै दूरैनीको मृत्यु भयो। यसै बेलादेखि पश्चिमा कर्पुटार भाकाको सृजना हुन गएको हो भन्ने कथन छ। अतः आज जुनसुकै ठिटाठिटीहरु पनि दोहरीगीतको शुरूमा याने कर्पुटारे भाकाको शुरुमा श्री-गणेशायनम गरे झैं एकचार पंचेसुब्बाको नाम उच्चारण गरी गीतको गेडा झिक्ने, भन्ने प्रथा गर्दछन्। हुन त, हांडीखोलाका देउबहादुर दुराको नाम पनि पंचेसुब्बाको साथसाथै गाउने चलन पनि अद्यापि छंदैछ। फेरि कोही यी दुइ कर्पुटारे चरो पंचेसुब्बा र देउबहादुर दुराको कर्पुटारमा सदैव गीतमा घमसान लडन्त भैरहने हुनाले उनैबाट पनि कर्पुटारे भाका सिर्जना हुन आएको भन्दछन्। परन्तु अपशोच देउबहादुर दुराको मृत्यु भैसकेको छ।

यही कपुँटारे भाकाको सृष्टि भएदेखिन् यता या त कपुँटारमा या त रोदीघरमा एक पार्टी ठिटा र एक पार्टी ठिटीले घेरा लाएको एउटा गोल गाउँघरे थिएट्रिकलको बीचमा-भमा गीत भिक्न कसिएको ठिटोले वरिपरि सारा दर्शकवृन्दहरूको सामुन्नेमा मादलको तालमा 'धरती'लाई आह्वान गरेर गीत खेलाउदछ। ठिटीहरु आलापका साथ गीत छोप्दछन्, अनि लोग्नेमान्छे ठिटाहरु कोरसमा "अभिमायो जालो वा दुई दिनको राम छाँया"–को टुक्रा गुंजाउँछन्। ठिटो हाउभाउ गरी भूईंमा एक घुंडो सोभयाई, अर्को ठड्याई खांकरको सुरमा, मादलको तालमा नाच्दै घुम्दै अलि अलि उठी, पछि झन् उठी सीधा भई फनफन घुमी नाच्दै गीतको एक चरण टुंग्याउँछ र यही रीतले एकोहरो दोहरो गीत खेलाई खेलाई कपुँटारे भाकाको अद्वितीय शोभा बढाउँदैजान्छ।

## कपुँटारे भाकाका लोकगीत

खोलाको भनुं दरसनढुंगा भगवान जस्तो छ
हातैमा औंठी छ, नभन्नु के छ।
मुखैले भने ललितै पार्ने हृदय कस्तो छ।
ए होला दे अभिमायो जालो
हृदय कस्तो छ।

बेहान उठी सनानै गर्‍यो बाहुनी कायाले
बाह्र गोरू दायो यति लामो बाटो आयो हजुरको मायाले।
बाबैलोज्यूको यो गैह्री खेत बाह्र गोरू दाउँला कि
बाह्र गोरू दाउँदा दाउँदा यति लामो बाटो आउंदा
हजुरको दर्शन पाउँला कि!

नेपालको तौलीको धान सबैले काढ्यो यो पातलो आंसीले
पैला गोर्खा सेकिन आयां छलाङदेखिन् मायाको फांसीले।
भातै र खाने चरेसै—थाल बाँडाले कमाएको
बाह्र गोरू दाउँदा, हजुरज्यूको दर्शन पाउँदा म क्यारी रमाएको!
झलकै हेर्दा टलकै टल्क्यो कास्कीको बैदामताल
सिमपानी सिमलाई हजुर तिम्लाइ
सुनिलेऊ कानले बुझिलेऊ मनले
छँदैछ मायाजाल!

तीनै शहर यो नेपालैमा चटक्कै छेड्यो शीशाको गोलीले
बाह्र गोरू दायो म फर्की आयो हजुरको बोलीले।

देउबहादुर दूरा पंचे सुब्बा टुहुरा कपाल काट्ने छुरा, द्वादशको कुरा
—कपुर्टार घम्सान !

रामसाली धानको हजुरै ज्यानको धरती धसी रामखालैंमा बसी,
सीसाकाटी गोली, हजुरको बोली
--गर्दै रहूँला संझना !

धानैमा लाग्यो यो पुतली मक्कैमा खायो घुनाले
बाह्र गोरू दायो, गरीबको छोरी यति लामो बाटो आयो
तिम्रो दरसन पायो भाग्य मेरो हुनाले !

वाली लाउने फाली, नेपाल पुग्यो हली
बाँझो रह्यो गैह्री खेत;
नदी जंघार तर्दा हजुर ज्यानको संझना गर्दा
बल्ल भयो जम्का भेट !

बेलोरी गाईको कलोरीबाछी नाम राखूं लाछी लाछी
हजुरको संझना कति गरुं म ता, जान्छु म त पछि पछि !

आकाशै घुम्यो गड्डरेपंछी, पातालै घुम्यो चील ।
आजको दिनमा पछि घुम्यो म ता हजुरलाई बस्यो दिल ।

सानुमा सानु गाइको बाछा नदी जंघार तर्छ कि तर्दैन
फूल लाउँछ रिङ्गै जिउदिन्छ सिंगै मन पर्छ कि पर्दैन ।
दुनियाको छोरोलाई फकायो मैले नकली बासले ।
फूल लायो रिंगै जिउ दियो सिंगै तुमरो आशले ।
पेटैमा मेरो कटकट खायो काकोको बियांले ।

हातमा लाउने चाचा छ म गरीबको छोरीले नभन्नु के छ
बाह्र गोरू दायो, दर्शन मलाई पायो, ईश्वरको निगाहाले
ए होला दे रामलीलाको माया
ईश्वरको निगाहाले !

# यूरोपको चिठ्ठी

—वाङ्देल

फ्रान्स

.................

प्रिय साथी,

जर्मनी छोडेर अस्ट्रियाभित्र पसी साल्सबुर्ग पुगेको कुरा तपाईँलाई अघिल्लो पत्रमा लेखेको थिएँ। अब यो पत्रमा साल्सबुर्ग, ग्राज र सेन्ट मार्टिनको विषयमा केही लेख्ने इच्छा छ।

साल्सबुर्गमा आधा घन्टा जति रेल थामियो। यतातिरका प्रायः सबै रेल-स्टेशनमा लाउड-स्पीकरले रेलको जाने आउने टायम, कुन कुन रेल कहाँ कहाँबाट जान्छ आदि विषयमा बताउने गर्दछ र यात्रीहरूलाई अनेक सुविस्ता हुन्छ। यहीं हामीले पनि अर्को रेलको डब्बा बदलिनु पर्‍यो किनभने हामी जुन डब्बामा चढेका थियौं त्यो डब्बा छुट्टिएर ग्राजतिर नगई सोझै इन्सबुर्क जाने रहेछ।

अग्ला अग्ला फुस्रा पहाडहरुको फेदिमा बसेको यो साल्सबुर्ग शहर साह्रै रमाइलो लाग्यो। हामीलाई प्रशस्त समय भएदेखि यहाँ पनि एक-दुइ दिन बस्ने ठूलो इच्छा थियो। हामी उहाँ पुगेको बेला साल्सबुर्ग म्युजिक फेस्टिवल तयारी हुँदै जहाँ केही दिनपछि सारा यूरोपका संगीतकार र आलोचक तथा संगीतप्रेमीहरु पनि आएर महिना दिनसम्म भाग लिएका थिए।

अलि अलि अग्लो हुंदै उठेको भूमिमा देखिएका त्यस नगरका सुन्दर सुन्दर घरहरु नीलो सफा आकाशमनि हाँसिरहेका देखिन्थे। क्षितिजमा सुनौला बादलका टुक्राहरु ढिलासँग हिंडिरहेका देखिन्थे। दाहिनेतिरका फुस्रा पहाडहरुमाथि डुब्नलागेको सूर्यको अन्तिम किरण खेलिरहेको देखिन्थ्यो। रेलको भयलबाट भावुक भएर मैले त्यो दृश्य एकोहोरो हेरिरहेको थिएँ। त्यो दृश्य हेर्दा मलाई कुनै कलाकारले भरखरै क्यानभसमा बनाएर सिध्याएको एउटा मनोहर चित्र जसतो लाग्यो।

कैयौं वर्षअघि यहीं प्रसिद्ध संगीतकार मोजार्टको जन्म भएथ्यो। यही ठाउँमा ती अमर कलाकारले अनेक संगीतको रचना गरेका थिए। यसरी साल्सबुर्गले मोजार्टको पनि संझना गरायो तथा उनको सातौं सिम्फोनी कानमा झंकृत भइरहे जसतो लाग्यो।

साल्सबुर्ग! कति राम्रो—! त्यस बेलुकीको आभामा यसले आफ्नो सौन्दर्य पृथ्वीमा फिजाइरहेको जसतो लाग्यो।

रेल हिँड्न लागेपछि मेरो दिवा-स्वप्न भङ्ग भयो ।

अास्ट्रियाको पहिलो सहरले मलाई यसरी मुग्ध पारेपछि अरु शहरहरु कस्ता होलान् भनेर मनमनै कल्पना गर्न थालें ।

साल्सबुर्ग छाडेर हेर्दाहेर्दै रेल अब मैदानै मैदान खेतहरुको बीचबाट दगुर्न थाल्यो । जर्मनी छाडेपछि कलकारखानाभन्दा खेतीपाति बढता देखिन्छन् । यसरी मैदानै मैदान केही बेर हिंडेपछि रेल एउटा खोलाको किनारै किनार भएर दगुर्छ । यो खोलाको नाउँ 'सालसा' रहेछ । यो खोला साह्रै ठूलो नभए पनि निकै छाती फुकाएर रबाफ-सित आफ्नो सधैंको बाटोमा दगुरिरहेको देखिन्छ । यसलाई हेर्दा टेनिसनको 'ब्रूक' को सम्झना हुन्थ्यो । जति जति यो खोलाको किनारै किनार रेल दगुर्दै जान्थ्यो उति उति सालसाको गति, चालढाल र सौन्दर्य देखेर म दङ्ग परें । किनभने कहीं कहीं यो खोलाले यसतो गजबसित फनक्क घुमेर आफ्नो चाल बदली गरेकी छ कि हिंड्दा हिंड्दै रेल एक छिन छक्किनु पर्दछ । फेरि कहीं कहीं वर रेलसितै टाँस्सिन पनि अाइपुगेकी छ । रेल एकोहोरा सोझै दगुरिरहन्छ तर रेलले पनि सालसाको यस्तो चाल देखेर ठाउँ ठाउँमा रिसाएर परतिर सरे जस्तो गरी निकै टाढाबाट हिंड्दछ । तर कहिले त रेल पनि सालसाको वक्षस्थलमाथि कोमल स्पर्श गरेर पारिपट्टि पुग्दछ । यो हेर्दा रेलको हिंडाइ र सालसाको गतिमा होड छ कि जस्तो लाग्दथ्यो ।

अब रेलको झयालबाट बाहिर हेर्दा वारिपारि दुवैपट्टि पहाड देखिन्छन् । ती पहाड-हरु प्रायः धुपीको वनले ढाकेको तथा कहीं कहीं फुग्रा पनि देखिन्छन् । खोलाको तिरै तिर रेल दगुरि रहँदा त्यहाँबाट देखिने दृश्यले यात्रीहरुको मन नलोभ्याइ छोड्दैन । अनि सालसाको गतिको त वर्णन गरेर साध्यै छैन ! म त सब थोक बिर्सेर सालसाको सौन्दर्यलाई लोभी आँखाले हेरि रहें ।

रेलको झयालबाट बाहिर हेर्दा ठाउँठाउँमा ससाना गाउँ पनि देखिन्छन् । ती गाउँहरुका साना साना फुट्टा घरहरु सेता र सफा देखिन्छन् । तीस-चालीस घरहरु भएका यसता गाउँमा एउटा न एउटा चर्च थियो जो टाढैबाट छर्लङ्ग देखिन्थ्यो ।

यसरी बाह्र-चौध माइलसम्म यही चालले रेल दगुरी रहन्छ । अब सालसाको गति पनि शान्त हुंदै गएको देखिन्छ । तर पहाडी खोला हुनाले उसको गति साधारणतः निकै तीव्र नै थियो । रेल एउटा उपत्यकाको फेदिमा आइपुगेपछि सालसालाई त्यहीं विदा दिएर आफू देब्रेपट्टि लाग्छ । अनि क्रमशः दृश्यहरु पनि बदलिदैं जान्छन् ।

अब मैदान, खेत र सोझा बाटाहरु छोडी रेल कहिले अग्लो पूलबाट कहिले अप-ठ्यारो चट्टानको बीचबाट, कहिले पर्वतको कुना कुना फेदिबाट भएर दगुर्छ । यसता रोमाञ्चकारी दृश्यहरुले यात्रीहरुको थकावट र श्रान्ति सब बिर्साइ दिन्छन् । कतै कतै

रेल सामुन्नेको अग्लो चट्टानकै अघिल्तिर दगुर्छ—एकासी अन्धकार हुन्छ–ग्याँसको गन्ध नाकमा आउँछ र केही बेरपछि त्यस चट्टानको छाती पार गरेर रेल अर्कोपट्टि फुत्त निस्कन्छ। यूरोपमा यसरी टनेल खनेर निकालेको रेलका बाटाहरु अनेक छन्। यसो हुंदा ठूला ठूला पाहाड र चट्टान घुमेर जान पर्ने लामो घुमौरो बाटो एकै छिनमा काटिन्छ। रेल धूवँ उडाउँदै एकनाससित दगुरि रहेको देखिन्छ। दिन ढलिक सकेको तथा सूर्य अस्ताइ सकेको हुन्छ। यसैले रेलको गति पनि तीव्र हुंदै जान्छ—आफ्नो निश्चित स्थान पुग्न रेललाई पनि हतार लागिरहेको जसतो भान हुन्छ।

आज-स्टेशन आइपुग्दा बेलुकी साढै नौ भइ सकेको थियो। अंध्यारो विस्तारै लम्किँदै आइरहेको थियो। यहाँ विशेष यूरोपका उत्तर देशहरुमा ग्रीष्ममा ज्यादै ढीलो रात पर्दछ अनि विहान पनि चाँढै हुन्छ। जाडामा यसको ठीक उल्टो हुन्छ। अर्थात् ग्रीष्ममा रात साह्रै छोटो र जाडामा रात ज्यादै लामो हुन्छ। त्यसो हुनाले हामी साढे नौ बजे पुग्दा पनि रिम रिम उज्यालो छँदै थियो

हाम्रो यात्राको अन्तिम सीमा यही थियो। यही ठाउँमा रेलबाट ओर्ली अन्तर्राष्ट्रीय सेमिनारको कन्फरेन्स हुने ठाउँ सेन्ट मार्टिन जानु पर्थ्यो। शहरबाट यो ठाउँ बाहिर पर्थ्यो तथा आधाबाटो ट्राममा गई आधा बाटो हिंडेर जानु पर्दथ्यो। हामी आउनु भन्दा अघिबाटै यो ठाउँमा कसरी जानु पर्छ, कुन बेला पुग्नु पर्छ इत्यादि कुराको सूचना हामीलाई मिलि सकेको थियो। तै पनि नयाँ स्थान हुनाले हाम्रो मनमा अलिकति चिन्ता त छँदै थियो।

यात्रीहरु सबै यहीं ओर्लने हुनाले स्टेशनमा निकै भीड थियो। यही भीडलाई चिरेर हामी बाहिर निस्कन लागेका थियौं, यसै वखत बाहिर गेटको अघिल्तिर एक जना अग्लो कदको गोरो सुन्दर युवक हातमा ठूलो कागत लिएर उभिरहेको देख्यौं। कागतमा यति मात्र लेखेका रहेछन्—"इन्टरनेशनल सेमिनारको मेम्बर!"

यो देख्ना साथ हृदयमा आनन्दको लहर दौड्यो। युवकको अगाडि पुगेर आफ्नो आफ्नो कार्ड र नाउँ देखाएपछि परस्परमा चिना-पर्चि भयो। त्यस युवकको नाउँ बेन्ट रहेछ। उनी नखेबाट सेमिनारमा भाग लिन दुइ दिन अघि सेंन्ट मार्टिन आइपुगेका रहेछन्। आफू प्यारिसमा हुंदै हामी कुन दिन हिड्ने र कुन बेला आइ पुग्ने इत्यादि कुरा लेखेर मैले सेन्ट मार्टिन पठाइसकेको थिएँ। यसैले हामीलाई लिन उनी आएका रहेछन्। त्यसै दिन आइ पुग्ने अरु दुइ जना प्रतिनिधि पनि रहेछन् र एक छिन उनीहरुलाई पर्खनु पर्‍यो। एउटी ग्रीसबाट आउने र अर्की कानाडाबाट आउने दुइ युवति रहेछन्। उनीहरु सित पनि त्यहीं परिचय भयो। यति भएपछि बेन्टले आफ्नो गाडीमा हाली हामीलाई सेन्ट मार्टिन तिर लगे।

सेन्ट मार्टिन पुगेपछि बेन्टकी परिवार श्रीमति बेन्ट, सेमिनारकी सेक्रेटरी मिस नान्सी रिचार्डसन र दक्षिण अफ्रिकाबाट आउने अंग्रेज परिवारकी मिस लोरा-यी तीन महिलाहरुले हाम्रो स्वागत गरे। यहाँ पनि एउटा अज्ञात आनन्दको लहर हृदयभित्र लहरिन गयो। उनीहरुले हाम्रो खाने, बस्ने, सुत्ने इत्यादि कुराको बन्दोबस्त अघिबाटै गरिराखेका रहेछन्।

यसै बखत एक जना अग्लो कद भएको, अनुहारमा निस्किक्कि हाँसो लिएकी वयस्क महिला मेरो अघिल्तिर आइन् र सामुन्ने ठिङ्ग उभिइ मलाई हेरेर मुसुक्क हाँसिन्। म एकछिन अकमकिए। तर उनले मुस्कराहटले भरिएको आँखाले मतिर हेरेर हात बढाउँदै दार्शनिक भाषामा यसो भनिन्— "मैले विराइन भने······आज बेलुकी यहाँ आइ पुग्ने नेपालको एक जना हाम्रो साथी तपाइँ नै हुनु हुन्छ कि ?"

तिनको स्वरमा कसतो व्यक्तित्व थियो ! तिनको व्यवहार कसतो आत्मग्राही थियो। तिनी मेरियां कोम्वार्टी थिइन्। पछि थाहा भयो तिनी इटालीबाट आएकी रहिछन्। तिनी यूरोपका प्रायः सबै भाषा बोल्न सक्थिन्। तिनमा विशेष अंग्रेजी, फ्रेंच, जर्मन र इटालियन भाषामा दखल पनि रहेछ। तिनको विषयमा मलाई प्रोफेसर आनन्दसिंहले प्यारिसमा हुँदै अलिकति परिचय दिइसकेका थिए। यिनै महिलाले मेरो सुत्ने-बस्ने कोठा देखाइ दिइन्। त्यो कोठा चार व्यक्तिकानिम्ति रहेछ। बाहिरपट्टि ढोकामा कागतका टुक्रामा नेपाल, इजिप्ट, इटाली र युगोस्लाभियाबाट आउने प्रतिनिधिको नाउँ र तिनका देशको नाउँ समेत लेखेर राखिदिएका रहेछन्।

मेरा बन्धु जयदिपुत्रलाई तल्लो कोठा परेछ जहाँ स्पेन, इटाली, अफ्रिका (नाइजेरिया) बाट आउने प्रतिनिधिहरुकोनिम्ति थियो। त्यस बेलुकी भोजनपछि एक छिन कुरा कानी भयो र विश्राम लिन आफ्नो आफ्नो कोठामा गयौं।

यात्राले निकै थकित भइ सकेको थिएँ। त्यस रात म एक्लो त्यहाँ थिएँ। भयालनेरैको पलङ्ग रोजेर सुतें। भोलि आइ पुग्ने आफ्ना कोठाका अरु तीनजना प्रतिनिधिहरु कसता होलान्, कसरी व्यवहार गर्दा हुन्, कस्ता विचारका होलान्, यसतै कुराहरु ती अपरिचित व्यक्तिहरुको विषयमा विचार गर्दा गर्दै निद्रामा परि हालेछु।

भोलि बिहानै चार बजे निद्राले छाड्यो। आँखा उघारेर यसो भयालबाट बाहिर हेरेको त उसबेला सूर्योदय हुनलाई बादल सुन्तले रङ्गमा रँगिएर फागु खेल्न लागेका रहेछन्। एक त उषाकालको त्यो पवित्र वातावरण उसमाथि सेन्ट मार्टिनको त्यो महल अग्लो डाँडामा थियो। बिहानको चिसो चिसो हवा आइ रहेथ्यो। यहाँबाट सामुन्ने देखिने मैदान र खेतहरु प्रातःकालको भिसमिसे उज्यालोमा सफासित नदेखिने हुनाले अर्कै किसिमको सुन्दरताले ढाकेको—अवनिन्द्र नाथ ठाकुरको 'ल्याण्डस्केप' जसतो—देखिन्थ्यो।

पूर्वतिर निकै टाढामा आज सहर अझै सुतिरहेको देखिन्थ्यो । परतिर कारखाना को अग्लो अग्लो चिम्निबाट केही फुस्रो रङ्गको पातलो धूवाँ हावा बगिरहेको दिशातिर बहिरहेको थियो । सेन्ट मार्टिनको देब्रे तिर अग्लो हुँदै गएको धुपिको वन त्यस उषा-कालको वातावरणमा कसतो मनोहर देखिन्थ्यो ! यो बेलाको प्राकृतिक सौन्दर्य अर्कै किसिमको हुन्छ । तर यो सौन्दर्यले मानिसको हृदयभित्र रहेको आध्यात्मिक सौन्दर्यको पनि विकास गर्न सक्तो रहेछ भन्ने कुरा त्यसै दिन मलाई थाहा भयो ।

यो सेन्ट मार्टिन महल सन् १६७२ मा उस बेलाका कुनै अस्ट्रियन सम्राटका आत्मि-यले बनाएका रहेछन् । आफू बस्नलाई उस बेला बनाएको यो महल, आज समयको परिवर्तनले एग्रिकलचरको कलेज भएको छ । यहाँ आधुनिक किसिमले तथा वैज्ञानिक ढङ्गमा कसरी खेती-पाती गर्न पर्छ सो शिक्षा दिइन्छ । पुरुष स्त्री दुवैले बराबर यहाँ शिक्षा लिन्छन् । अहिले सम्ममा आस्ट्रियाका सात हजार जवान स्त्री-पुरुषले खेती-पाती को शिक्षा लिइ सकेका रहेछन् ।

यो महलको तलतिर दश बाह्र घरहरु तथा गाइगोठ पनि देखिन्थे । पुराना समय-मा त्यस महलका चाकरहरू त्यहाँ बस्दा हुन् । म जुन कोठामा अहिले सुतिरहेको थिएँ त्यहाँबाट यी घरहरू देखिन्थे । अहिले त्यस ठाउँबाट कहिले भले बासेको, कहिले कुकुर भुकेको तथा कहिले गाइ वाँ वाँ गरेर कराइ रहेको आवाज आइ रहेथ्यो । आफू यूरोपतिर आएछि लण्डन र प्यारिसको जन-समुद्रमा गाडिहरूको घाँ घाँ घुइँ घुइँको कर्कश स्वरले कानलाई अर्कै बनाई सकेको थियो । आज यतिका दिनपछिको ती पशु-पक्षिको मधुर परिचित स्वरले फेरि आफूलाई गाउँ घरको सम्झना गरायो ! मानिस जब दुर प्रदेशमा पुग्दछ उस बेला आफ्नो देश, आफ्नो जाति, तथा आफ्नो जन्म स्थान उसलाई कति प्यारो लाग्दो रहेछ !

हात मुख धोएर आठ बजे 'ब्रेक फास्ट' मा रग्नु पर्ने दिन्हुँको नियम थियो । त्यस दिन बिहानै डा० बेर र उनकी श्रीमती आइ पुगेका थिए । उनैले हाम्रो लेक्चर र छलफलको प्रोग्राम बनाउने तथा प्रतिनिधिहरूलाई बाहिरतिर डुलाउन लैजाने प्रबन्ध पनि मिलाउनु पर्थ्यो । त्यस बेलुकी प्रायः २४ देशका प्रतिनिधिहरू जम्मा ३७ जना भेला भएका थिए । मेरा कोठाका तीनजना साथी पनि आइ सकेका थिए । तिनमा अग्लो, गोरो, लाम्चो 'मोडिल्यानी'को अनुहार भएको इटालीयन युवक जियोभानीको व्यक्तित्व र प्रकृति साह्रै चाख लाग्दो थियो

देश देशका प्रतिनिधिहरूको बीचमा परिचय हुन त्यस बेलुकी ठूलो हलमा जम्मा भएका थियौं । विभिन्न देशबाट आएका जवान उत्साहित प्रतिनिधिहरू यसरी पहिलो पटक एक ठाउँमा भेला हुँदा सबैको अनुहार आनन्द र जोशले भरिएको देखिन्थ्यो ।

उसमाथि सेन्ट मार्टिन कलेजका प्रिन्सिपल डा० मार्कस आएर घमा जाने दुइ-चार कुरा गरे। संसारका प्रायः सबै देशबाट आएका मानिसहरूलाई यसरी एक ठाउँमा एक घरमा भेला भएको, बसेको देख्न पाउँदा र संसारको शान्तिको निम्ति र मनुष्यको कल्याणको निम्ति अनेक विषय लिएर छलफल गरेको हेर्न पाउँदा उनलाई कति आनन्द र खुशी लागिरहेछ सो कुरा उनले आफ्नो छोटो व्याख्यानमा खूब राम्रो सँग भने। उनी जाने बेलामा डा० बेरले मलाई उनीसित व्यक्तिगत परिचय गराउन लागे—किनभने म, नेपालको पहिलो प्रतिनिधि मात्र होइन विशेष एभरेष्ट माथि विजय प्राप्त गर्ने वीर तेञ्जीङ सेर्पाकै जिल्लाबाट आएको छिमेकी पनि थिएँ। डा० मार्ससित निकै कुराकानी भयो। अस्ट्रियनहरू केही बर्षअघि हिमाल पर्वत उक्लन गएको कुरा पनि गर्थे। छुट्टिने बेलामा उनले "पहिलो नेपालीलाई भेटेर खुशी मात्र होइन कि गर्वित पनि भएँ" भनेर आफ्नो प्रशन्नता प्रकट गरे।

त्यस बेलुकी अरू विशेष उल्लेख योग्य विषय भएन। बरू भोलिपल्ट सबै प्रतिनिधिहरू ग्राज शहर हेर्न जानु पर्छ भन्ने डा० बेरको विचार भयो।

अब तपाईंलाई धेरै गन्थन नलेखेर यो पत्रमा ग्राज सहरको अलिकति वर्णन गरेर आजको पत्रलाई यहीं शेष गर्दछु। बरू अर्को पत्रमा तीन-साता सम्मन् सेन्ट मार्टिनमा के के भयो तथा अस्ट्रियनहरूको आहार व्यवहार कस्ता कस्ता छन् इत्यादि विषयमा लेख्नेछु।

भोलिपल्ट अस्ट्रियाको दोस्रो ठूलो शहर ग्राज हेर्न गयौं। हामीलाई शहर हेराउनाको निम्ति ग्राज युनिभर्सिटिकी एउटी युवती 'एडिथ' आएकी थिइन्। उनले ग्राजको मुख्य मुख्य स्थान र पुराना ऐतिहासिक विषयले महत्वपूर्ण भएका ठाउँतिर लगिन्। तिनमा विशेष ग्राज शहरको बीचमा भएको 'केथेड्रल' उल्लेख योग्यको छ। यो गिर्जाघर तेह्रौं शताब्दी अघि बनिएको रहेछ। शताब्दी पिच्छे यो गिर्जाघरमा केही-न-केही परिवर्तन हुँदै आएका अनेक चिन्ह देखिन्थे। एक जना फिस्सफेन एल्ला नामक प्रसिद्ध कलाकारले (सन् १६८३-१७२२) त्यस गिर्जाघरका भित्ताहरुमा बनाएका बडा बडा फ्रेस्को आज पनि जीवित र सुन्दर देखिन्छन्। यो गिर्जाको भुइँमनि अस्ट्रियाको सम्राट चार्ल्स द्वितियको चिहान छ। अँध्यारो ढुंगाको साँगुरो सिँडिबाट तलतिर ओर्लेपछि शून्य ढुंगाको गुफा जस्तो ठाउँमा त्यो चिहान राखिएको छ।

त्यसपछि हामी ग्राजको 'अपेरा हाउस' हेर्न गयौं। साधारणतः यूरोपका सबै देशहरूमा ग्रीष्ममा अपेरा र नाटकहरू बन्द हुन्छन्। त्यस बेला त्यो अपेरा पनि बन्द थियो। तर देशदेशका मानिसहरूले हेर्न चाहन्छन् भनेर थाहा पाएपछि त्यस अपेरा हाउसका कर्मचारीले खुशीसाथ हामीलाई एक एक कुना लगेर देखाए। उनीहरूलाई

आफ्नो देशको कला र संस्कृतिसित कति गर्व छ । यहाँका हरेक राष्ट्रले कलाका हरेक अङ्गलाई देशको गौरव सम्झन्छ ।

त्यो अपेरा हाउस पचास वर्ष अघि, चार वर्ष लाएर बनाएको रहेछ । यो यूरोपको तेस्रो ठूलो अपेरा रहेछ जहाँ पन्द्रह सये मानिस बसेर हेर्न सक्छन् तथा चार सये मानिस उभिएर पनि सक्छन् । यूरोपको सबभन्दा ठूलो अपेरा हाउस त भिएनामा थियो—म यूरोप आउनु भन्दा अघि भारतका एक महान् कलाकार पृथ्वीराज कपूरले 'यूरोपका देशहरू हेर्न जाँदा भिएनाको अपेरा हाउस पनि जरूर हेर्नु होला' भनेका थिए परन्तु अफसोस, आफू भिएना गएको बखत समयको अभावले त्यो हेर्न नपाई त्यसै फर्कनु पर्‍यो ।

आजको यो अपेरा हाउसमा नायक नायिकाले कहाँ कसरी गाउँछन्, कसरी स्टेज सजिन्छ-बदलिन्छ, कसरी दृश्य फेरिन्छ, कहाँ अरकेष्ट्रा बस्तछ तथा कसरी बत्तीको रोशनी फ्याँकेर दृश्यलाई बद्लिन सकिन्छ इत्यादि कुरा सब राम्रोसित हामीलाई एक जना त्यहाँका कर्मचारीले बताए । कुनै अपेरा हाउसको स्टेजमा गएर यस्ता कुरा हेर्नै मौका परेको त्यसै दिन हो ।

त्यस दिन एक अस्ट्रियन रेस्तुराँमा हाम्रो लंच भयो । यहाँ अस्ट्रियन भोजनको निम्ति विशेषता थियो । अस्ट्रियामा जहाँ पनि रेस्तुराँमा स्वास्नी मानिस नै काम गर्दछन् । उनीहरूको व्यवहार बडो भद्र र सहानुभूतिपूर्ण छ । विशेष विदेशीहरू भनेपछि बडो आदरको दृष्टिले हेर्दछन् ।

आजको अर्को महत्वपूर्ण ठाउँ स्लोसबर्ग टावर छ । सहरकै माझमा हुत्त उठेको अग्लो डाँडा छ—यहाँ जाने तीन बाटा छन् । लिफ्टबाट पनि जान सकिन्छ, चट्टानबाट काटेर निकालेको सिँडी-सिँडी उकालोबाट पनि जान सकिन्छ, तथा यसको पछिल्तिर-बाट बनाएको ठूलो चौडा सडकबाट पनि घुमेर जान सकिन्छ ।

टर्कीहरूले यूरोपमा दुई पटक आक्रमण गरेका हुन् । पहिलो पटकको आक्रमण पन्ध्रौं शताब्दीमा भएको थियो—उनै ताक यो स्लोसबर्ग बनिएको रहेछ । उस बेला यो स्लोसबर्गको घन्टाघरदेखि टर्कीहरूले शत्रुहरूलाई हेर्न बनाएका रहेछन् । यस ठाउँ-देखि अलि मास्तिर एउटा उनै ताक बनाएको, सात सए फिट तल पृथ्वीमा खनी निकालेको कुवा पनि छ । अलि पर्सनिर एउटा किल्ला पनि छ । छ सए वर्ष अघि निर्माण गरेको त्यो किल्ला आज पनि भग्नावशेष अवस्थामा छँदैछ । तर अचेल त्यहाँ गर्मीको याममा बेला बेलामा 'ओपन एयर थिएटर' हुन्छ रे ।

स्लोसबर्गको टावर जहाँबाट पनि देखिन्छ तथा यो घन्टाघरलाई उहाँका नगरबासीले बडा आदरका दृष्टिले हेर्दछन्। नेपोलियनले अस्ट्रिया माथि विजय गर्दा हुँदि यो स्लोसबर्गलाई तोड्ने बिचार गर्दा सारा नगरबासीले घर घर चन्दा उठाई यसको सट्टा अनेक सम्पति नेपोलियनलाई दिएको कुरा अस्ट्रियनहरुले आज पनि बिर्सेका छैनन्। देशका यस्ता ऐतिहासिक घटनाले परिपूर्ण भएका स्थानलाई यहाँ बडो जगेरा गरेर राख्तछन्। यी देशहरूलाई हेर्दा थाहा हुन्छ कि यिनीहरू वर्तमानमा मात्रै होइन अतीतको संस्कृतिमा पनि बाँचिरहेका छन्।

दिन ढल्कन लागेको थियो। अन्त्यमा त्यहाँको कला-प्रदर्शनी हेरेर आफ्नो वासस्थानमा फर्कने हाम्रो विचार भयो। कुन्थिस्टोरिकन म्युजियममा कला प्रदर्शिनी भइरहेको थियो जहाँ ड्यूरेर, आल्डोरफर तथा होलबीनका महत्वपूर्ण चित्रहरू थिए। यो चित्र-प्रदर्शनी उहाँको सरकारबाट भएको हो तथा यसको प्रचारको निम्ति सहरभरी बडा बडा पोष्टर टाँगेका थिए। यहाँ फ्लेमित स्कूलका बडाबडा कलाकारहरूले शताब्दी-अघि बनाएका चित्रहरू आज त्यो देशको महान् सम्पत्ति भएको छ। तिनको जगेरा गर्न र तिनको महत्व बढाउन सरकार र जनता दुवै प्रयत्नशील छन्। देशको गौरव यसैमा छ।

यस्ता देशहरूबाट आज हामीले पनि अनेक शिक्षा लिनु पर्दछ। हाम्रो देश नेपालको अनेक बहुमूल्य कलाका टुक्राहरू आज कसरी देशबाहिर गइरहेकाछन्--त्यो कुरा हामी नेपालीलाई थाहा छ के त? यस कुरामा हामीले विचार गरेका छौं के त? अनि ती कलाका एक एक टुक्राको मोल कति छ हामीलाई थाहा छ के त?

देशले आफ्नो कलाको र संस्कृतिको रक्षा गर्न सक्नु पर्दछ। यसमा देशवासीको मात्रै हैन सरकारको अझ ठूलो दायित्व छ। मैले लण्डन, प्यारिस तथा जुरिखका म्युजियमतिर नेपाली कलाका कैयन बहुमूल्य टुक्राहरू तथा मूर्तिहरू देखें। यस्ता अरु अरु देशका म्युजियममा कति थुप्रेका होलान्। यस्ता अनमोल नेपाली मौलिक कलाका टुक्राहरू विदेशीहरू द्वारा प्रतिवर्ष देशबाहिर जाँदैछन्। हामीले आफ्नो देशको कलालाई देशको सम्पत्ति संझेर रक्षा गर्न सकेनौ भने हाम्रो देश गरीब हुनेछ--हाम्रो मौलिक कला र संस्कृति लुटिने छ। यस्ता कुराहरूमाथि विचार र ध्यान राख्नु हामी सबै नेपालीको कर्तव्य हुनु पर्दछ।

किनभने हामीले पनि आफ्नो देशलाई हरेक विषयले महत्वपूर्ण बनाउन सक्नेछौं। कला र संस्कृतिको रक्षा गर्नु जनता र सरकार दुबैको ठूलो कर्तव्य हो। यदि आजको बितिरहेको यस्तो महत्वपूर्ण युगमा जन्मेर पनि हामीले आफ्नो कला र संस्कृतिको रक्षा गर्ने र तिनलाई पुनरुद्धार गर्ने भावना लिएनौं भने भोलिको नेपाल पनि उत्तिकै

अँध्यारोमा बसिरहने छ। हैन भने देशको कला र संस्कृतिको उन्नति र वृद्धि गरी सभ्य संसारको सामू गर्वले मुस्कुराएको अनुहार हामीले पनि देखाउनु सक्नु पर्छ। किनभने हामी त्यस् देशमा जन्मेका छौं––जहाँ दुइ महान् देश–भारत र चीनलाई छेउछेउमा राखेर कुनै दिन एशियाको कला र संस्कृतिको केन्द्र बनाउन सक्नेछौं।

आजलाई यहीं विदा पाऊँ। जाँगर चलेको बेला अस्ट्रियाको बारेमा अरू पनि लेख्ने छु।

सप्रेम।

तपाईंको स्नेही

बाङ्देल

——०००——

# कथाकार विश्वेश्वरप्रसाद कोइराला

शंकरप्रसाद लामिछाने

हाम्रो प्रथम परिचयको दिन जीवनमा कहिल्यै नबिसने गरी महत्त्वपूर्ण छ। त्यो हो ३० जनवरी १९४८ को दिन—महात्मा गान्धीको हत्याकाण्ड भएको दिन! म र मेरा एक जना साथी—सागरदत्त कोइराला काशीबाट पटना जान हिंडेका थियौं। हामी दुबैकोनिम्ति पटना एकदम नौलो थियो। विश्वेश्वरजीको नाउँको एक-दुइ परिचय-पत्रको भरमा हामीले दुइ बजेको ट्रेन चढेका थियौं। अभागिहरू !! ट्रेनको झ्यालबाट धानको खेततिर हेर्दै विश्वेश्वरको रूपरेखा एवं स्वभावको हामीले जुन कल्पना गरेर समय बिताउने प्रयत्न गरेका थियौं त्यो सब त पटना जक्शनमा प्लेटफार्ममा ओर्लनासाथ हावा भयो। हामी ट्रेनमा छँदै बापूको दुःखद मृत्युको समाचार प्रसारित भयो र हामीले आफूलाई नयाँ ठाउँको स्टेशनमा कुली, टाँगा, मोटर, रिक्शा, पसल, गाइड प्रत्येक वस्तु रहित निराधार एवं निस्सहाय पायौं। वरिपरिको हरेक मानिसको मनमा दंगा-फसादको संभावना थियो—कारण त्यस बेलासम्म हत्यारो हिन्दु हो अथवा मुसलमान त्यो जानिएको थिएन। कुन मुसिबतमा एउटाले ट्रन्क र अर्कोले गुण्टा बोकेर पटनाको राजपथमा कोजीनूक, ब्याङ्करोड खोज्यौं होला—त्यसको कल्पना गर्दा आज पनि रौं ठाडो हुन्छ। कोही कसैसँग बोल्न नचाहने—मानिस मानिस बीचमा एउटा अदृश्य भय, शंका र अविश्वास थियो— शायद त्यस पिचरोडमा टिलपिल गर्ने सडकको बती बाहेक सबैतिर अन्धकार थियो। वातावरणमै त्रास थियो।

विश्वेश्वरजीको बारेमा हामीले बनाएको कल्पना र उत्साह सब पखलिए-परिश्रमको पसिना र डरको धडकनमा। कोजीनूकमा मृत्युको श थियो। हामी पुग्यौं। नोकरको हाथ सामान कोठामा पुर्‍याउन लगाएर हामी सङ्कैको बंगालामा वकील साहेब खोज्न पस्यौं। कुनै अर्कै वकील परिवार रहेछन्। आँखा भरि आँसु सबैका, झोक्रिएका र जिज्ञासा रहित। हामीने कसैले, को, किन, कहाँ? सोधेन। मानो हामी त्यस बैठकमा पस्नु अर्थरहित थियो। एकलै रेडिओ बोलिरहेको थियो। यस्तो भान भो मानो त्यस रेडिओ बाहेक अरू सबै चित्र निष्प्राण एवं निर्जीव छन्। नेहरुले बोल्न थाले~~~~The light has gone and I find darkness everywhere. त्यसै बेलातिर ढोकामा उभिन आयो, एउटा यस्तो मानिस

जसकोनिम्ति हामीले १७१ माइलको यात्रा गरेका थियौं। कसलाई थाहा थियो, हामी दुइ जनाकोनिम्ति यस क्षण नेहरुको उल्टो भावना मनमा उदायो— The light has come and I find darkness nowhere. हामीहरुकोनिम्ति त्यस बेला विश्वेश्वरजी नै त्यस घडीको आशा-विन्दु हुनु हुन्थ्यो। त्यस दिन एकै घरमा बसे पनि हाम्रो राम्रो बोलचाल भएन। भेट भयो र वहांले भन्नु भयो—"अब आज के कुरा गर्नें? भोलि कुरा गरौंला!"

दुब्लो, अग्लो, गोरो, सांच्चि भनुँ भने प्रथम परिचयमा उनको कुनै यसतो व्यक्तित्व झल्केन कि हामी प्रभावमा परौं। उनमा मैले एउटा खास कुराको अनुभव गरेको छु कि दुःख, आपत अथवा कष्टमा विश्वेश्वरजी आफ्नो अनुहारमा यसतो एउटा आवरण हालीदिनु हुन्छ कि वास्तविकता बेपत्ता हुन्छ। मेकानिकल मुस्कान तथा लापरबाहीलाई जसले नजिकबाट अध्ययन गरेको छैन, त्यसले तुरून्त सोच्दछ कि उनी कठोर र क्रूर छन्। तर फेरि जसले उनलाई दङ्ग परेर खुला दिलले हांसेको देखेका छन् उनी जान्दछन कि विश्वेश्वरमा बाल-चपलता झैं एउटा नरमिलो कुना पनि छ। आफूलाई खोलेर हाँस्दा उनी दुबै हाथ अगाडि लगेर फरक पल्टाएर, तसवीरमा अथवा झ्याल बाहिर हेरिरहन्छन्—हासुञ्जेल। हाँस्न सकेर फेरि श्रोताको मुखमा उनको नजर फिर्दछ।

यसरी हाम्रो परिचय भयो। दुइ दिन साथ बस्यौं। तेस्रो दिन साथै काशी फर्क्यौं। रेलको डिब्बामा हामीले त्यस बेलाको राजनीतिक परिस्थितिको बारेमा निकै कुरा गर्‍यौं। मलाई थाहा थिएन कि विश्वेश्वरजीलाई जोशमा ल्याउन हुँदो रहेनछ र सकेसम्म छोटकरी कुरा गर्नु पर्दो रहेछ। यसै बीचमा एकचोटि ठूलो ठूलो स्वरमा हामी बहस गर्दै थियौं—अकस्मात उहाँको घाँटी ख्याप्प बस्यो। साथको ह्याण्डबेगबाट गोली र थर्मसबाट एक गिलास पानी लिएर वहांले त्यो औषधि खानु भयो। अनि मेरो अनुहारमा फैलिएको आश्चर्यलाई सोहर्दै वहांले भन्नु भयो— "यो क्यान्सर आजकल फेरि बढेको छ। डाक्टरले धेरै नबोल्नु भनेको थियो। माफ गर्नोस है।"

त्यस बेला मलाई माया लाग्यो। र त्यही वर्ष जब केही महिना पछि नै मलाई आफ्ना एक जना आत्मीयलाई लिएर बम्बैमा क्यान्सरको औषधि गर्न जानु पर्‍यो र मैले टाटा मेमोरियल हास्पिटलमा क्यान्सर-पीडित रोगीहरु देखें, मेरो माया उनी प्रति झन् बढ्यो। पछि, क्यान्सरबाट मेरै पिताको जब दुःखद मृत्यु भयो—मेरो उनी प्रतिको माया कहिले पनि नटुट्ने गरी स्नेहमा परिणत भयो।

त्यसपछि समयले हामीलाई कहिले ज्यादै नजिक ल्यायो कहिले टाढा हुत्त्याइ दियो। हुन सक्दछ विश्वेश्वरजीको आँखाले मलाई कलेजको विद्यार्थीबाट सरकारी नोकर अनि पछि एउटा लेखक भइ टोपल्दा आश्चर्य मान्नुभयो होला। मैले पनि आश्चर्य साथ उनीमा धेरै परिवर्तन देखें। म जसरी राजनीतिबाट किनार लागें त्यसरी नै उनी राजनीतिमा हेलिए।············

······हिजो चाँहो भेट्न गएँ। यही लेखको सिलसिलामा। राजनीतिक विश्वेश्वरलाई होइन, कथाकार विश्वेश्वरलाई अलि राम्ररी चिन्नु परेको थियो।

मेरो पहिलो प्रश्न थियो~~~"तपाइँको साहित्यिक जीवन कहिलेदेखि शुरू हुन्छ ?" जवाफ दिनु भयो~~~"सन् २९ देखि।"

मैले मनमनै गुने ~~~"मेरो दुइ वर्षको उमेरदेखि। चौबीस वर्ष भएछ।"

"चौबीस वर्षको यो लामो अवधिमा तपाइँका कथाका रूप एवं शैली देखेर नेपाली साहित्यमा तपाइँले निकै दान दान पो दिनु पर्ने ! खै, उसतो केही देखिदैन।"

"मैले त पहिले हिन्दीमा लेखें। नेपालीमा धेरैपछि लेख्न थालें।"

मैले सोधें~~~"मूल प्रेरणा तपाइँले कसका लेखनीबाट पाउनु भयो ? कृपया हिन्दी, अंग्रेजी र नेपाली तीनै दिशातिर प्रकाश डाल्नुहोस्।"

"अंग्रेजीमा त भिक्टर ह्यु्गोका उपन्यासबाट। पहिले पहिले म उनको किताबहरु अति चाख मानेर पढ्दथें। हिन्दीमा भने प्रेमचन्द्रजीबाट। तपाइँ-लाई शायद थाहा छैन होला प्रेमचन्द्रसँङ मेरो व्यक्तिगत परिचय थियो। उनकै भनाइमा मैले आफ्नो जीवनमा सर्वप्रथम कथा लेख्न थालें। प्रेमचन्द्रजी तिनताक ।'का सम्पादक हुनु हुन्थ्यो। मेरो प्राथमिक कथाहरु 'हंश'मा नै छापिएका थिए। शायद तिनको नाम~~~घोसला, पथिक इत्यादि थिए। नेपालीमा भने सन् १९३६ तिर श्री सूर्यविक्रमजीको सल्लाहबाट लेख्न थालें। त्यस बेला नेपालीको मेरो प्रथम कथा 'इन्द्रवदन' छापियो।'

मैले अर्को प्रश्न गरें ~~ "अँ ! राजनीतिक जीवनले तपाइँको साहित्यिक जीवनलाई मारेन ? हुन सक्थ्यो कि विश्वेश्वर राजनीतिक नेताभन्दा बढी लेखकका नाउँमा नेपालको गगनमा चम्कन सक्थे !"

"हुन सक्छ, आफ्नो आफ्नो विचार हो।"

मैले सोधेँ ---- "तपाईँका कथामा जुन मनोवैज्ञानिक भावनाले प्राधान्य पाएका छन्, त्यसलाई केही मानिस फ्रायडको असर भनी ठान्दछन्—— कसो ? " र मैले दृष्टान्तको रूपमा भने—'प्रगति' मा छापिएको देवेन्द्रराजको- 'विश्वेश्वरका कथामा नारीको वासना प्रधान रूप !'

एउटा मीठो मुस्कान आफ्नो अनुहारमा छरेर वहाँले मतिर हेर्नु भो। अनि थाहा छैन मेरो मुखमा के देख्नु भयो वहाँ दङ्ग परेर हास्न थाल्नु भयो। दंग परेर हाँस्दा वहां के गर्नु हुन्छ मैले माथि बयान गरि सकेको छु।

अनि भन्न थाल्नु भयो——"मेरा कथाबाट अरूले जे माने लगाउन्, त्यो त उनीहरूको आफ्नो दृष्टिकोण हो, तर मैले जैले पनि आफ्ना कथाबाट सामाजिक कुनै एक विन्दुलाई लिएर त्यसमा आफ्नो दृष्टिकोण राख्न चाहेको छु। तपाईँले मेरो कथा 'सखी' पढ्नु भयो ?"

मैले भने----- "पढ्न त पढें तर तपाईँको विशेष दृष्टिकोण सुनुँ !"

"सखीको कथामा एक सुखी नवयुवक दम्पतिको चित्रण गरेको छु। उनीहरूलाई केही कुराको कमी छैन। जीवन-क्रम स्थापित भइसकेको छ, त्यसमा कुनै हलचल कुनै बाहिरी शक्तिको प्रवेश छैन। त्यसतैमा एउटा मित्रले त्यस शान्त वातावरणमा प्रवेश गरेर त्यहाँ खलबली ल्याइ दिन्छ। गृहस्थीको हृदयको वेग अर्केतिर आलोडित हुन्छ। पाहुना चांडै जान्छ तर आफूपछि एउटा खलबल र हलचल छाडेर ! यस कथाबाट मैले देखाउन चाहेको छु कि आत्मशान्ति तथा तृप्तिकोनिम्ति बीचबीचमा एउटा क्रान्ति भैरहनु आवश्यक छ।......।'

मैले बीचमा कुरा काटेर भने——"पखनोस्, मैले यसतै किसिमको कथा अंग्रेजीमा पनि पढेको छु। तपाईँले मों पासाँको.........कथा पढनु भएको छ ?"

'भन्नोस् !' वहाले भन्नु भयो।

"धेरै वर्ष अगाडि पढेको मोपामाँको त्यस कथाको सार शायद यस प्रकार छ। एउटा प्रेम-विवाह गरेर अधबैंशै भइसकेका दम्पतिले एकदिन पाउछन् कि उनीहरूको जीवनमा एक किसिमको शिथिलता एउटा जडता आएको छ। पैसा भएको दुःखको समेत अनुभव तथा सुखको चाहना रहेन। उमेरमा जुन जोश थियो उनीहरूको प्रेममा एउटा रोमान्टिक वातावरण तथा एउटा अपराध-गर्न-लाग्दाको भय त्यो पनि छैन। उनीहरू छलफल गरेर यो निर्णयमा पुग्दछन् कि अब आफ्नो प्रेमलाई स्फुरित गर्न बाहिरी शक्तिको मद्दत लिनु

पर्‌यो। उनीहरू होटेलमा प्रेमी-प्रेमीका झैं भेंट गर्ने मिलाउछन्। अनि होटेलको ब्यायले त्यस स्त्रीलाई सोसाइटी गर्ल ठानेर रक्सी तथा खाना ल्याउँदा विचित्र किसिमले अनुहारमा हेरी मुस्काइ दिन्छ, उनीहरूको हृदयमा एउटा धड्कन बढ्दछ। वातावरण नै रोमान्टिक भएर आउँछ र उनीहरू आफ्नो जीवनको पन्ध्र वर्ष अघाडिको त्यस क्षणलाई सम्झन्छन् जब तिनी-हरूको विवाह भएको थिएन तथा उनीहरू यसरी नै होटेलका कोठामा रात बिताउँथे। यस नयाँ परिस्थितिमा उनीहरूलाई आत्मशान्ति तथा तृप्ति हुन्छ। तपाइँको कथा पनि मोपासांको कथा झैं········"

वहांले बीचमै भन्नु भयो----- "हुन सक्छ ! हाम्रो यस विचारको सामञ्जस्य झल्कनु असम्भव होइन। मेरो विचार छ एउटा खलबली भइ रहनु पर्दछ कि त्यसले एउटा प्रगति ल्यावोस्। जस्तै------- एउटा साधारण उपमा लिउँ! सानो बिरुवा रोप्ने बित्तिकै काम खतम हुँदैन। त्यसलाई सपार्न बीचबीचमा गोड्न पनि पर्दछ। नत्र जुन मलिलो माटोमा त्यो रोपिएको छ त्यो समयको थिचाईमा परेर जमदै जान्छ।" अकस्मात मैले एउटा चिनीयाँ पत्रिकामा विश्वेश्वरको बारेमा लेखिएको एक लाइन झलक्क सम्झें। त्यस लेखमा एउटा पत्रकारले दुइ दाजु-भाइको विश्लेषण यस प्रकार गरेको थियो— The difference between B. P. and M. P. is simply this, while the former is revolutionary evolutionist the latter is evolutionary revolutionist. कुरा पल्टाउदै मैले सोधें.......... "तर चौबीस वर्षमा बाह्रवटा कथाले के त्यो गोडाइ त पूर्ण हुँदैन ?"

विश्वेश्वरजी हाँस्नु भयो~~~~~~~~~ "के गरूँ हेर्नोस न, यो राजनीतिक जीवनले गर्दा अचेल म लेख्नै पाउँदिन। उहांको राजनीति अलि सँभालियोस् अनि म फेरि कथा लेख्न थाल्ने छु।"

"तपाइँ अब त नेपालीमा नै लेख्नु होला ?" मैले जिज्ञासा साथ सोधें।

"भन्न सक्दिन त्यो भविष्यको कुरा। अँ, तपाइँलाई एउटा कुरा भनि दि हालुँ। मेरो उपयुक्त वातावरण छैन या वातावरण उपयुक्त म छैन; तर एउटा कुरा मैले निकै नै अनुभव गरेको छु कि म आफूलाई नै समाजको एउटा विचित्र परिस्थितिमा नमिल्दो गरी जडिएको पाइ रहेछु। काठमाण्डू अथवा नेपालको समाजमा बस्दा मलाई भारतीय समाज र संस्कृति आफ्नो हो जस्तो लाग्छ। यस्तो भान हुन्छ कि म हिंदुस्थानमा हुर्के, बढे, उहांकै

वातावरण मेरालागि उपयुक्त छ । अनि म जब भारतमा हुन्छु, मलाई लाग्छ यस नौलो देशमा म किन आएँ । यहांको संस्कृति तथा समाजभन्दा म त निकै भिन्न छु । अनि मलाई नेपालको याद आउँछ ! त्यसतै छ मेरो भाषा, हिन्दीमा लेख्न बस्दा नेपाली शब्दहरु मगजमा जोरसंङ घुम्न थाल्दछन् अनि मेरो लेखन-शक्ति शिथिलिन्छ । अनि जब म नेपालीमा लेख्न थाल्छु, हिन्दीका शब्दहरुले मलाई ज्यादै सताउछन् । त्यसैले हुन सक्छ त्यस शिथिलतालाई मार्न म त्यस बेला जुन भाषा मगजमा आउँछ त्यसैलाई माध्यम मान्न सकुँ । अहिले म कसरी भनुँ म नेपालीमै लेखुँला अथवा हिन्दी मा !"

मैले सोधें——"तपाइँको यो अनौठो परिस्थिति, (माफ गर्नु होस् यसको उपयुक्त शब्द मैले पाइन, यसलाई कमजोरी भनौं) यो कमजोरीको मूल कारण के हुन सक्छ, भन्न सक्नु हुन्छ ?

"कमजोरी भन्ने र ? खैर………" वहाँ शब्द खोज्न लाग्नु भो क्यार ।

अकस्मात मेरो मनमा फ्रायडको एक पंक्ति बिजुली झैं चम्क्यो——Our civillization is, generally speaking, founded on the suppression of instincts. यही पंक्तिको उदाहरणसाथ मैले सोधें——"तपाइँको पनि यही किसिमको हालत सम्झुँ ?"

वहांले उल्टो मसँङ प्रश्न गर्न लाग्नु भो——"तपाइँले फ्रायडका कृतिहरु पढ्नु भएको छ ?"

मैले हांसेर भने——"अलि, अलि, ।" अनि वहाँलाई केही सोध्ने मौका दिनु अगाडि मैले आफैंले प्रश्न गरें—"फ्रायडको विचार-धारा तपाइँलाई कसतो लाग्छ ?"

तुरन्त जवाफ पाएँ—"मलाई त राम्रो लाग्छ ।"

मैले आफ्नो विचार वहाँको अगाडि राख्दै भने—"अरू सब ता ठीक हो, तर फ्रायडले जुन यौनवृत्तिलाई ज्यादै महत्त्व दिएको छ त्यो मलाई चित्त बुझेन । उनको भनाईमा दुधे-बच्चाले आमाको स्तनसँङ आफ्नो ओठ रगडेर पनि आफ्नो वासनाको तृप्ति गर्दछ ! आफ्नो यौन-चेतनालाई मार्ने उसको एक मात्र उपाय नै उसलाई त्यस बेला त्यही स्तन मात्र लब्ध छ ! यो कुरा मलाई चित्त बुझ्दैन ।"

"किन ?"

"मेरो रायमा, त्यस उमेरको बालकमा Sex organ नै विकसित भइसकेको हुंदैन । अनि विकसित अंगमा तृप्तिको अनुभव कसरी आउँछ ? हामीले

विचार गर्यौं भने मनुष्यका शरीरमा यसता धेरै क्रिया छन् जो पहिले हुँदै हुँदैनन् तर उमेर बढ्नासाथ विकसित भएर आउछन्—जसतै जुँगा, दाह्री !"

"हुन सक्छ, डाक्टरी दृष्टिबाट तपाइँ कुनै हदसम्म ठीक हुनु होस्। तर एउटा कुरा न भुल्नोस, फ्रायडले जब सम्पूर्ण मनोविज्ञानलाई वासनामा केन्द्रीभूत गरेर त्यसैको माध्यमबाट आफ्नो कलम चलाए, उनले आफ्नो कुरा प्रमाणित गर्न बालकको त्यस युक्तिलाई पनि छोड्न सकेनन्। उनको दृष्टि-कोणबाट उनको कुरा एकदम सत्य छ।"

म यसको खण्डनमा केही बोल्न चाहिरहेको थिएँ, वहाँले बीचमै मेरो कुरा पन्छाएर भनि हाल्नु भो——"मेरो कुरा नै सुन्नोस् न। कार्ल मार्क्सले जसरी संसारका प्रत्येक वस्तु र क्रियालाई आर्थिक दृष्टिकोणबाट लेखे र उनी आफ्ना भनाईका ढंगले सत्य छन्, उसै गरी नै फ्रायडले संसारका प्रत्येक वस्तु र क्रियालाई वासनायुक्त दृष्टिकोण दिए। तपाइँले अहिले जुन टाई बाध्न् भएको छ यसैलाई लिउँ। फ्रायडको दृष्टिकोणबाट तपाइँले आफ्नो Sex pleasure कोनिम्ति लाउनु भयो। तपाइँ चाहनु हुन्थ्यो कि अरू तपाइँतिर आकर्षित हुन् र उनीहरुको आकर्षणबाट तपाइँलाई आनन्द मिलोस। तृप्तिको उपाय यो एउटा। अब यसै चीजलाई मार्क्सको दृष्टिकोण-बाट हेरौं। तपाइँले यस टाई लाउनुको माने हो तपाइँ आफ्ना सूटलाई पुग्ने र चाहिने पैसा भन्दा बढी पैसा कमाउन् हुँदो रहेछ र अनि त्यति दामको टाई तपाइँको घाँटीमा झुन्डिन सक्दो रहेछ। यसबाट यो भन्न सकिन्छ कि तपाइँ खान लाउन पुग्ने एउटा कुनै स्तरको आर्थिक परिस्थितिको मान्छे हुनु हुँदो रहेछ। दुबै आफ्ना दृष्टिकोणमा सत्य छन्। तपाइँ अस्वीकार गर्न सक्नु हुन्न। अनि म यो पनि मान्दछु कि आज या सधैं तपाइँले टाई बाध्नुमा तपाइँको आफ्नो भिन्न दृष्टिकोण होस्।"

विषय-वस्तुभन्दा कति पर हामी बहकि सके छौं, त्यो मैले त्यस घरी चाल पाएँ जब विश्वेश्वरजीले आफ्नू व्याख्या सिध्यानु भो र मतिर केही बोलोस् भने झैं गरी हेरिरहनु भएको !

घडी हेरें। समय प्रायः समाप्त भै सकेको रहेछ। म हाँसि दिएँ।

अनि त्यस वातावरणलाई सेलाउने मौका दिएर एक छिन पछि मैले सोधें——"कुनै दिन उपन्यास लेख्ने विचार छ ?"

"अहं ! समयको बरबादी मात्र हुन्छ——लेख्ने पढ्ने दुबैको। लेखें भने म त लघुकथा मात्र लेखुँला।"

"तपाइँलाई उपन्यास मनै पर्दैन र ? भिक्टर ह्यूगो त शायद उपन्यासकार नै हुन् !"

"त्यस बेला म उपन्यास पढ्थें पनि ! अनि तपाइँको मूल प्रेरणा कसले दिया ? भन्ने प्रश्नको जवाफमो मैले उनको नाउँ लिएको हुँ। फेरि, यो नठान्नु होस् कि मलाई उपन्यास पटक्कै मन पर्दैन। देशाको व्यापक रूपमा, समय, समाज र साहित्यको विश्लेषण गर्दै लेखिएको उपन्यास मलाई मन पर्दछ जसतै—The Good Earth"

"नेपालीमा त्यसता उपन्यासको कमी नै छ !" मैले भने।

"कमी ? छँदै पो छैनन् !"

मैले उठ्दै भने——"अच्छा, विश्वेश्वरजी तपाइँका कृति चांडै फिंजियोस् भन्ने सूभकामना साथ म अब विदा पो हुन्छु !"

हामी दुबैले हाथ जोडिदियौं।

# जहाजी मामा

**मेरि लाम्**

आमवेलदेखि अढाइकोस जति पर एउटा गाउँले गिर्जाघर छ। मेरो बा त्यहाँको क्युरेट हुनुहुन्छ। मेरो जन्म मुर्दा गाड्ने जग्गाको दोसाँधमा पार्सनको निम्ति भनी बनेको घरमा भएको थियो। मेरो बालक-कालको संझन सकेकोमा सबभन्दा पल्लो कुरो के हो भने—मेरी आमाको च्याहानको सिह्रानमा संझौनीको लागि उभ्याइराखेको जुन शिलापत्र छ त्यसमा खोदिएका लिपिबाट बाले साँवा अक्षर पढ्न सिकाउनु भएको थियो। यही हो मेरो पहिलो संझना। सँधै म जान्थें,, बाको पढ्ने कोठाको ढोका घचघचाउँथें। अनि उहाँले—"को हो त्यहाँ? किन, सान्छोरी?" अथवा—"ए! सान्छोरी? हो? जाऊ वा, जाऊ! आमाकहाँ जाऊ। त्यहाँ गई राम्रा बान्किला अक्षर बाँच्न सिक है" भन्नुहुन्थ्यो, उसको ध्वनि अझै कानमा कता कता झट्का लाग्दछ। दिनभरीमा कैय्यौं पटक बाले किताप-सिताप एकातिर पन्छाएर डोर्याउँदै लैजानु हुन्थ्यो मलाई त्यो ठाउँमा, अनि अक्षरहरूलाई औंलाले देखाई देखाई—"यो के? "यो के?" भनी सोध्नु हुन्थ्यो। अनि "यसको हिज्जे भन त लौ" "यसको नि?" भन्दै मेरो जाँच लिनुहुन्थ्यो। आमाको च्याहानको सिह्रानमा ठड्याइराखेको ढुंगामा खोपिएको लिपि नै थियो मेरो वर्णमाला र पहिलो पुस्तक!

एक दिनको कुरो। म मुर्दा गाड्ने जग्गाको साँधमा बार-संगैको एउटा खुड्किलोमाथि थपक्क बसी, पहिलेबाट जुन अक्षरहरू मिली आमाको नाउँ बन्दछ त्यो एक एक गरी भट्याई, त्यसपछि "एलिजावेथ मिलि अर्स" भन्दै बडो ठूलो पराक्रम गरे झैं ठाडो स्वर-ले उच्चारण गरिरहेको, बाटोबाट गइरहेको एक जना मानिसको कानमा पर्न गयो। त्यो मानिस मेरो मामा "जेम्स" हुनुहुँदो रहेछ। मलाई त त्यसवेला पत्तै नाइँ। आमा-को बिहे भएको थोरै दिन-भित्रमा नै उहाँ जलसेनाको लप्टनी पाई घरबार छोडी जानु भएको रहेछ। अहिले, धेरै वर्षसम्म समुद्रमा अनि कहिले कहाँ, कहिले कहाँ घुमी मेरी आमाको मुख हेर्दछु भनी आउनु भएको रहेछ। आमा खस्नु भएको एक वर्षभन्दा बढी भैसकेको थियो, उहाँलाइ त्यो कुराको पत्तै नाइँ।

त्यसरी खुट्किलोमा बसी आमाको नाम उच्चारण गरिरहेकी मलाई जब उहाँले देख्नु भयो खूब निहालेर हेर्नु भयो धेरैबेरसम्म, अनि मेरो अनुहारमा आफ्नी बहिनी-संग मिल्दाजुल्दा केही झझल्काहरू देख्नु भयो क्यारे, यिनी त फलानाकी छोरी पो हुन् कि भन्ने मनमा लाग्यो होला। म त आफ्नो काममा मग्न थिएँ, मेरो नगीचै कोही उभिएको छ अथवा कसैले मेरो मुखमा खोर्याईखोर्याई हेरिरहेको छ भन्ने कुराको

शुद्धि पटक्कै थिएन मलाई। एक टंकारसित "एलिजाबेथ भिलिअर्स" "एलिजाबेथ भिलिअर्स" भनेर जोर जोरसंग दोहर्‍याइरहनुमा नै तनमन लगाइरहेको थिएँ।

"यति प्रष्ट हिज्जे गर्न तिमीलाई कसले सिकायो नानी?"—मामाले सोध्नुभो। मैले जवाफ दिएँ—"आमाले।" आमाले भनें, किन भनें त्यो शिला-लिपि, कसरी भनूँ, आमाकै एक अंग जस्तो र पढ्न सिकाएको पनि आमाले नै हो भन्ने मेरो धारणा थियो।

"तिम्री आमा नि?"—मामाले सोध्नु भयो। "एलिजाबेथ भिलिअर्स" भनेर मैले जवाफ दिनु के थियो उहांले—"ओहो तिमी त मेरी भान्जी पो रहिछौ, जाऊँ सँगै आमाकहाँ"—भनेर, सँगै घर लगूँ भनेर होला मेरो हात समाउनु भयो। म को हुँ, चिनेर उहाँ निकै दंग हुनुभयो। किन भने आफ्नी छोरीबाट धेरै दिनदेखि बिछोढ भइरहेका जहाजी मामालाई हात समाई घर ल्याएको देख्ता आमाको मनमा आश्चर्य र खुशीयालीको लुछाचुन्डी हुन्दो हो भन्ने उहांको मनको आँखाले देखिसकेका थिए।

आमा भएको ठाउँमा जान मैले मंजूर गरें, हाम्रो दुई राय भयो खालि त्यहां जाने बाटो कुन हो भन्ने कुरामा। मूल सडकबाट सोझै हाम्रो घरतर्फको बाटो तताऊँ भन्ने उहांको मनसाय थियो, तर मैले भने मूर्दा गाड्ने ठाउँतिर औंल्याउँ दै भनें—"होइन भनेको क्या, आमाकहां जाने बाटो यो चाहिं पो त!"

बहिनीसंग भेट गर्न उहांलाई हतारो थियो, मन कलिपरहेको थियो, त्यसैले एकछिन पनि बिलम्ब नगरी सोझोबाटो समाल्न उहां चाहनुहुन्थ्यो। तैपाने उहांले आफ्नी नौली भांजीको वचन हार्न सक्नुभएन, किन तात्तातै चित्त कुढाऊँ भन्ने ठान्नुभो होला। कुरो जे होस् उहांले मलाई जुरुक्क उचाली बार कटाउनु भयो र आफू पनि फाल हालेर आउनु भयो। मूर्दा गाड्ने जग्गाको एकापट्टि छेउमा हाम्रो बगैंचा-पछिल्तिरको ढोका-सम्म पुग्ने एउटा गोरेटो छ, त्यतै तर्की उहांले मलाई समेत लिई जान खोज्नु भयो। मेरो सुर अर्कै थियो। उहांको मुठ्ठीबाट बलजफ्ती आफ्नो हात फुस्काई मैले—"छी: तपाईंलाई त बाटै थाहा रहेनछ—आउनोस् म जहां जहां जान्छु—बाटो देखाउँदै, यी, म अघि लागें"—भनेर लामा लामा दुबोको माझै-माझ होचा होचा च्याहानहरू फड्की सकेसम्म चांडो पाइला चाली म दगुरें र मेरा 'पागल पाइला' पछ्याउँ दै उहांले भन्नु भयो—"कस्तो ढिपी यी मेरी भान्जीको बुझयौ तिम्री आमाको घर जाने बाटो तिमी जन्मनु-भन्दा धेरै धेरै अघिदेखिन् मलाई थाहा छ।" निदानमा हामीहरू आमाको च्याहाननेर आइपुग्यौं, म अडें र शिलापत्रलाई औंलाले देखाई भनें—"आमा यहां हुनुहुन्छ।"—मेरो स्वरमा खुशियाली थियो, कुतकुती थियो, बाटो मलाई थाहा छ भनी उहांको आंखै-अगाडि सावित गरिदिएँ भन्ने घमण्ड थियो। आफ्नो भूल सकार्नु होला भनेर मैले उहांको मुखतिर आंखा उठाएँ! तर—आम्मै कस्तो निन्याउरो मुख उहांको!

म यति आत्तिएँ कि त्यसपछि के भयो सम्झनै सक्तिन । च्याहाननेर उभिई उहांले त्यसरी बरबरी आंसु काढेको देखी, होन न हो मैले पो केही बिराएँ कि भन्ने ठानी मलाई थक-थकी लाग्यो । मेरो लेखा त त्यो च्याहान एउटा रसिलो रमाइलो ठाउँ थियो । घरमा मेरो कचकचघचघचले हैरान भई बाले धेरैजसो—"एक छिन सुसनसंग खेल्न जाऊ" भनेर मलाई धपाउनुहुन्थ्यो । (सुसन हाम्री नोकरनी थिई) तर यहां म जति-सुकै चकचक गरूँ उहां दिक्क मान्नुहुन्न, एक वचन बोल्नु हुन्न । वहां त रामराज्य न हो, म मनपरी गर्थें चोथालो चलाउँथें । जे बोल, उफ्री कुदी जति खेल— छेका हुंदैन । आमासंग भेट घाट गर्न जाने भनेर हामी यहां आउँथ्यौं र यहां वसुन्जेल औधी रमाइलो हुन्थ्यो, पेट भरी हाँस्दथ्यौं । बा मलाई—तिम्री आमा कति मजासंग त्यहाँ चिहानभित्र सुतिरहेकी छन्, एक दिन त्यही ठाउँमा त्यत्तिकै मजासंग तिमी र म पनि सुतौंला भनेर बराबर सुनाउनु हुन्थ्यो । अनि घरमा मेरो सानु टाउकोलाई सानु तकिया माथि राखी जब म लेट्दथें, म कल्पना गर्दथें—चिहानभित्र बा र आमासंग सुत्न पाए कति आनन्द हुंदो हो, कति गाढा नींद लाग्दो होला । कहिले काहीं सपना-मा म त्यहाँ पुग्दथें र देख्थें—जमीनमन्तिरको त्यो ठाउँ, जो सँधै चिल्लो, नरम कमलो र हरियो हुन्थ्यो । आमाको अनुहारचाहिँ कहिले देख्तिनथें, देख्थें—शिलापत्र, बा र चिल्लो, हरियो दूबो, र मेरो टाउको बाको कुहिनामा बिसाई राखेको ।

मामाले कतिबेरसम्म शोक गरिरहनुभयो म भन्न सक्तिन, उहाँको आँसुको धारा थामिन निक्कैबेर लागेको जस्तो मैले अनुभव गरें । —अन्तमा, उहांले मलाई दुबै हातले अँगाली यति जोरसँग किच्नु भयो कि म रोएँ र दौड्दै गई—आमाका राम्रा अक्षरनेर खडा भई एक जना नौलो, चिन्नु न जान्नुको मानिस रोइरहेको छ भनेर बासंग गुनासो गरें ।

बा र मामाको भेट साच्चै नै मुट्ठु पगाल्दो थियो । बा रुनु भएको मैले देखेको, म सम्झन्छु, पहिलो दिन त्यही थियो । त्यो दृश्यले मेरो मनमा के के, असजिलो जस्तो गह्रौं जस्तो भएर आयो र भान्छामा गएर सुसनसित—बा रोइरहनु भएको छ भन्ने समाचार बिसाएँ । बा र मामाको कुरामा नचाहिंदो चकचक गरी मैले भांजी नहालोस् भनेर होला उसले मलाई आफूसितै राखिछोड्न खोजी । तर म कहाँ मान्थें । "मेरो बालाई कस्तो भैरहेको छ उहां"—भन्दै म उसको पंजाबाट फुत्की मूसा झैं सुस्तरी कोठामा पसें र बाको काखमा लुटपुटिएं । बाले मलाई आफूसंग बसालेर फकाउनु फुल्या-उनु हरतरह गर्नु भयो । तर रिसले भुटभुटिंदै मैले फेंदपसारें र बासंग झन् टांसिएँ । मामासँग मेरो वैरभाव थियो किनभने उहांले मेरो बालाई रूवाउनु भयो ।

त्यस दिन पो मैले चाल पाएँ आमाको मरण एउटा दुख्खपूर्ण घटना रहेछ । त्यस

दिन बाको मुखबाट-उहांको लामो बिमारीपछि मरण र त्यो मरणले कसरी उहांको संसारै अँध्यारो भयो भन्ने कथा सुन्न पाएँ। कथाको अन्तमा मामाले मलाई देखाई—"यस्ती कलिली केटीलाई छोडी उनी मनु—कस्तो विओग तपाईंलाई"—भन्नु भयो, जसको जवाफमा बाले भन्नुभयो—"मेरी यो हीरा जस्ती छोरी, बेट्सि नै त हो नि मेरो टेक्ने खुड्किलो र समाउने हाँगो। यिनकै मुख हेरी प्राण धानेर बसेको छु। नत्र बिछोडको पीरले उहिल्यै नै मरिसक्थें म।" म उहांको टेक्ने खुड्किलो र समाउने हाँगो रे! म त छक्क परें। मलाई राम्रै थाहा थियो मसंग उहांले खेलिदिंदा र कुरा गरिदिंदा म बिघ्नै आनंदित हुन्थें। तर उहांले मसंग खेल्नु वा कुरा गर्नु त आफूलाई त्यताबाट कुनै स्वाद आएकोले हैन, मेरो दिल बहलाउनलाई ममाथि विशेष कृपा गर्नु भएको हो भन्ने मेरो समझ थियो। मलाई पट्टै थाहा थिएन उहांको सुखको मुहान म कसरी बन्न पुगें। उहांले आफूले भोग्नु परेको दुःख भनेर जुन वृत्तान्त सुनाउनु भयो त्यो पनि मेरो निम्ति एकदम नौलो र विरानु थियो। उहाँले निन्याउरो मुख लाउनु भएको मैले कहिल्यै देखेकी थिइन। स्वर सँधै मायालु र लयालु हुन्थ्यो, कहिले रुनुहुन्नथ्यो। रोइ-हाल्नु त टाढाको कुरो थियो, रुनु-बाहेक अरु जुन जुन किसिमबाट म आफ्नो मनको सानातिना दिकदारी पोख्दथें ती मध्ये कुनैको धमिलो छाया या मेटिंदो चिनोसम्म पनि उहांको मुखमा एक चोटि त देखेकी थिएँ भनेर म किरियां हाल्न सक्तिन।

आमाको देहान्तको सिलसिलामा त्यो दिन मैले जति बयान सुनें, त्यसमाथि मैले रीतपूर्वक विचारै गर्न सकिन, तैपनि, यति त अवश्य हो, त्यो दिनदेखि मेरो आमाको करुणकथा मेरो मनमा खुकुलो पेच झैं खेल्न थाल्यो।

भोलिपल्ट, लागेको बानी, जाऊँ त्यो प्यारो चिहानमा भनेर बाको पढ्ने कोठाको ढोकामा पुगें। त्यहाँ पुगेपछि मनमा नाना-रंगका शंका उब्जनथाले। ढोका घच्का-उनलाई उठेको हात पनि तल झर्‍यो। म भान्छाबाट पढ्नेकोठा पढ्नेकोठाबाट भान्छामा ओहोर दोहोर गर्न थालें। म दोधारमा थिएँ; त्यही बीचमा मामासंग मेरो जम्का भेट भयो। मलाई देख्ने बित्तिकै उहांले भन्नुभयो—"ओहो, बेटसि, हिंड बगैंचामा टहलिन जाऔं।"

"ताइँ जान्न"—मैले ठाडो जवाज दिएँ। मैले खोजेको बगैंचामा घुम्न जाने होइन। म चाहन्थें, मेरो इच्छा थियो, उही पुरानो रमिता—चिहानमाथि बसी बासंग मनमाफिक कुरा गर्ने। मेरो मन फर्काउन मामाले अनेक जुक्ति गर्नु भयो, तर मैले कानमा बतासै लाइन। अति भएपछि रूँदै कराउँदै भान्छामा दौड्दै पसें। मलाई खेद्दै मामा पनि त्यहीं आइपुग्नु भयो र उहांलाई सुसनले भनी—"यो नानी आज केही भनेको पनि नमान्ने—यसो पनि नाइँ, उसो पनि नाइँ। कस्ती पिराही भइरहिछन् भने, मेरो जीउनै अमिलो भइसक्यो।"

"बुभ्कौं एक्ली छोरी, त्यो पनि टुहुरी भनेर ज्वाईंले प्रशस्त पुल्पुल्याइर खेको रहेछ क्यारे"—मामाले भन्नुभयो ।

छुच्चो मुख गरी बालाई यसरी दोष लगाएको सुनेर मलाई झोक चल्यो, कन्सिरीको रौं तातेर आयो । यो कहांको नौलो मामा आएकै दिन रुवावासीले हाम्रो दैलोभित्र पहिलो पटक पाइलो हालेको हो भन्ने कुरा पनि मैले बिर्सेकी थिइन । म डांको छोडी रुन थालें । हल्ली-खल्ली सुनेर बा पनि "के भो हँ ?" भन्दै थलोमा आइपुग्नुभयो र मामालाई--"भैगो कोठामा जानोस्, यो झगडालु ठिटीलाई म तह लगाउँल" भनेर पठाउनु भयो । मामा जानु भयो, म रून छोडें; बाले पनि रोएकोमा हप्काउनु वा झाँस्नु त कता हो कता, किन रोएकी भनेर सोध्न पनि बिर्सिदिनुभो । आपसमा हात समाई, हातेमालो बनाई हामी लमलम गयौं र बस्यौं चैनसंग चिहानमाथि । त्यो दिन नयाँ पाठ शुरु गरेनौं, हरियो चिहानभित्र सुतिरहेकी आमाको गफ चलेन, चिहानबाट भईँमा फाल हालाहाल गर्दु बन्द, रमाइला ठट्टा वा चाखलाग्दा कथा पनि बन्द । बाको घुंडामाथि घोडा चढी मैले उहांको मुख आंखै नझिम्काई हेरिरहें र सोचिरहें--"बाको मुख आज किन यस्तो निन्याउरो ।"—यत्तिकैमा म तरोएर थाकेकी र यो नयाँ तर्कनाले थिचिएकी न थिएँ--भुसुक्क निदाएछु ।

हामीहरू हरदिन आमाको चिहानमा जान्छौं भन्ने कुरा सुसन मोरीले उही दिन मामालाई परिपाठ लाइदिइछ । त्यत्ति मात्र पनि हैन जब-सम्म चिहानको शिलालिपि-लाई गुरु पुस्तक बनाई बाले मलाई पढाउनुहुनेछ, आमाको मरणले बाको मनमा जुन असर परेको छ त्यसको छाप मेटिएला भन्नु पर्दैन. किन भने त्यस प्रकारको बसिबियाँ-लोले, केही न केही मन बहलाउ भइहाले पनि उहाँको मनमा मृत आत्माको संझना आलो रहिरहनेछ भन्ने राय पनि खोली छ । अपर्झटमा आमाको चिहान देख्ता मामा-लाई यस्तो मार्मिक झट्का लागेको थियो कि उहांले अलिकति पनि हिचकिच नगरी सुसनको रायमा सही थाप्नु भयो । अनि मलाई पढाउने काम अरू कुनै तरीकाबाट हुनसक्यो भने आमाको चिहानमा जान बाले निहुँ पाउनु हुन्न भन्ने अठोठ गरी मेरा मामा टाडै खुट्टा जानुभयो सबभन्दा नगीचको शहरमा—मेरो निंति केही पुस्तक किनेर ल्याउन भनेर ।

घर फर्केर आउँदा सुनें मामा र सुसनको बीचमा भएको सल्ला-साउतीको सबै हाहा । हाम्रो मनोविनोदको बाटोमा उहांले काँढा छर्ने आंट गरेको धृष्ठताको नमूना सम्झें । अनि जब टोपसोप लगाई उहां साच्चै घरबाट निस्कनु भयो, यो 'समुद्रपारीबाट आएको' भनेर सुसनले भनेको मानिस फेरि समुद्र-पारी नै गएको होओस् भनी मैले मनमनै जपें । समुद्र-पारी भनेको कहां होला भन्न सक्तिनथें, होला टाढा कहीं । म साविकको ठाउँ,

मूर्दा गाड्ने जग्गाको सिमानानेर खुट्किलोमा गज्धम्म बसी शहर जाने बाटो हेरिरहें र भट्ट्याइरहें--"हे ईश्वर मेरो मामाको मुख फेरि हेर्न नपरोस्! ऊ समुद्रपारीबाट कहिले फर्केर नआओस्"--यो कुरा मैले ज्यादै सुस्तरी मूसाले सुन्ला कि भनी डराई डराई गुन गुनाइ-रहेकी थिएँ र आज मेरो मिजास ज्यादै बिग्रेको छ भन्ने पनि मलाई याद नभए-को होइन ।

शहरबाट जो चाहिंदो किनमेल गरी मामा नफर्कुन्जेल म त्यहां एकै आसनमा बसिरहें । निदानमा एउटा सानु सानु पोको काखी च्यापी मामा आइहाल्नुभयो । मैले उहांलाई टाढैबाट देखें । देख्ने बित्तिकै मेरो मनै अँधेरो, मेरो आशा, मेरो जपना, सबै चकनाचूर भयो । मैले झट्ट आखिभौं गाँठो पारें र अनुहारलाई रिसाएको जस्तो देखा-उन सकभर कोशीश गरें । मामाले केही वास्तै नगरी आफूले ल्याएको पोको फुकाउनु भयो र भन्नु भयो—"यता हेर त, वेट्सि मैले तिमीलाई भनेर कति राम्रा कितापहरू ल्याइदिएको छु, हेर त ।" भित्तातिर मुख फर्काई मैले भनें—"चाहिंदैन मलाई किताप-सिताप ।" भन्न त मैले त्यसो भनें तर मन थाम्न सकिन, बिस्तारै चोरेर हेरिहालें । पोको फुकाउने हतपतमा उहांले कितापहरू जम्मै भूइँमा कौडा झैं छरिदिनु भएको रहेछ । त्यसैले आँखाको कुनाबाट चिहाउनु के थियो छेउ छेउमा सुनौला पोतिएका जिल्दामा रङ्गी-विरङ्गी चित्रहरुले भरिएका कितापहरूको इन्द्रेणीले एक छिन त मेरो आंखै तिर्मिरायो । कति राम्रो मन चोर्दो दृश्य थियो । मेरो रिसराग जम्मै समन भयो, बिलायो, र मैले म्वाइँ खानलाई मुख चोस्याएँ । बाले चिताएको भन्दा बढ़ी लोलोपोतो गर्नु भएको बेलामा चोसो पसारी म्वाइँ खाई उहांलाई आफ्नो कृतज्ञता जनाउने मेरो चलन थियो । प्यारको मोल म त्यसरी चुकाउँथें ।

मामाले मलाई पढाउन अघि सर्नु के थियो एउटा लेथा अम्भर गर्नु थियो । मैले हिज्जे गरेको जम्मा एक पटक उहांको कानमा परेको थियो र त्यसैको भरमा उहांले लख काट्नु भएको होला किताप हातमा राखिदिनुपर्छ, पढिहाल्दछे । हो, म हिज्जे गर्न खप्पीस थिएँ तर मेरो नयाँ पाठ्य-पुस्तका का अक्षरहरू साविककाभन्दा यति ससाना थिए कि मैले त सिङपुच्छरै पक्रन सकिन—कालो अक्षर भसी बराबर भने झैं । तर त्यो तगारोलाई उहाँले रौं जति पनि गन्नु-भएन । हुन त, कसैलाई पढाउने काम उहांले गर्नु भएकै थिएन, तैपनि अथक परिश्रम र असीम धैर्य गरी उहांले अन्तमा ती जीरा-सरि छापा अक्षर पढाइ छाड्नु भयो । अनि बाको र मेरो मुखमा चिहानको मेला फेरि आरंभ गर्न पाए हुन्थ्यो भन्ने लालसाको मीनो झल्का कुनै बखत देखाहा पर्ने बित्तिकै, उहांले तुरुन्तै कुनै रमाइलो ठाउँको नाम लिई त्यहां घुमफिर गर्न जाऊँ भन्ने प्रस्ताव राखिहाल्नु हुन्थ्यो र बाले बाटो लामो छ छोरी हिंड्न सकोइन भनी अत्तो थाप्नु भयो अथवा अड्को लाउनु भयो भने उहांको हाजिरी जवाफ हुन्थ्यो—"कत्रो कुरा हो र

त्यो ! वेटसिलाई म बोकु ला नि ।" यस्तै प्रकारसंग कैय्यौं कोस उहांले मलाई कहिले बुइ चढाई, कहिले पीठमा बोकी लानु भएको छ ।

यी रमाइला सफरहरूमा जांदा मामाले सुसनको कान फुकी अलिकति खानेकुरो साथमा लान सँधैको अटूट नियम भए तापनि कुनै रुखको छहारीमा थकाइ मार्न बसिर-हँदा जब उहांले खल्तीबाट सट्ट खानेकुरोको पोको झिकी भाग लाउनुहुन्थ्यो, बा र म आँसीमा जून देखिएको झैं अचम्भ मान्थ्यौं, आखिभौं माथि साथ्यौं त्यहांपछि म चाहिं रक्सी र मेरो निम्ति पानीको सानु शीशी ल्याउनु भएको छ छैन भनेर अर्को खल्तीको ढकनी उचाली बिस्तारै च्याउँथें । जोगामेसोले पानी ल्याउन बिर्सिएको रहेछ भने, कठै विचरी वेट्सिलाई पानीको सट्टा अलिकति रक्सी खाइदेऊन भनी हात जोड्नु पर्ने भयो, लौ"—भनेर ठट्टा गर्ने पालो आउँथ्यो । यी त हुन् केटाकेटी कुरा । मेरो आफ्नो डोको न डालोको इतिहासभन्दा बरू छहारिलो रुखमनि बसी खाने कुरो खांदाखांदै मामा-ले हाल्नुभएका आफ्नू सनुद्रयात्राका चाख लाग्दा कथाहरू सम्झन सक्दो हुं त, हरे कति जाति हुने थियो ।

गर्मी महीना बिते तर त्यति छिटोसंग होइन—रमाइला सफर र देश विदेशको भ्रमणमा मामाले अनुभव गर्नु भएका रौं ठाडठाडा पार्ने घटनाहरूका रसिला बयानले ती महिना त मेरो लेखा वर्ष पनि हैन, इक जुग झैं भान भएको थियो । आज भोलि भन्दा भन्दै जाडो शुरू भयो । मामाले मलाई एउटा न्यानो कोट ल्याइदिनु भयो । उत्ताउली केटाकेटी मलाई त के केन पाएको जस्तो भयो । फुलेर म आफैमा नअटाउने भएको थिएँ त्यस वेला जब पहिलोबाजि त्यो कोट मैले लाएँ । उहांले मलाई "लिटल रेड राइडिङ हुड" भन्ने नाम दिनु भयो साथै "हेर है हुँडारहरूदेखि जोगिएर हिंडे" भन्ने जनाउ पनि । मैले हांसेर भने—"के कुरा गर्नु भएको होला ! उहिले पो थिए हुंडारहरू, अहिले त छैनन्, निखिसकें ।"

अनि उहांले भन्नु भयो—"रविन्सन क्रुजोको टापू होला जस्तो सुनसान ठाउँहरूमा हुंडार भए, बाघ भए भालू भए कति देखेको छु मैलें, भनिसाध्य छैन ।

कति रमाइला जुनेली दिन थिए ती !

जाडोमा पनि डुल्न त निस्कन्थ्यौं हामीहरू । तर धेरै दिन बिराएर मात्रै घर फर्कन्थ्यौं, अलि चांडै नै । मेरा दिन-कटनीका मुख्य सरजाम अब मेरा कितापहरू भए । हरघडी पढाइमा नै संलग्न रहन्थें । कहिलेकाहीं पढाइलाई एकातिर पन्छाई मामासंग काने-काने पिच खेलिटोपल्थें । तर खेल्नु के थियो, झगडाको बीउ छर्नु थियो । किन-भने उहांको चालै यस्तो भद्दा र खस्रो हुन्थ्यो कि ज्यादाजसो झगडा परिहाल्दथ्यो, खेल बीचैमा बन्द हुन्थ्यो । भनाभन बाझाबाझ हुनु त पहिलो कुरो थियो, त्यो भन्दा धे

अघिबाटै मैले उहांलाई भित्र दिलदेखिन् माया गर्न थालिसकेको थिएँ। उहांको सहवासमा रही मैले आफ्नो चाल चलन धेरै सपारें। राम्ररी पढ्न सक्ने भएँ, र बा र मामाको बीचमा हुने कुराकानी दिनहूँ सुनी सुनी बुद्धि र समझको हकमा आफ्ना सँगातीहरूभन्दा धेरै पाकी भएँ, जसउसले बाले मामालाई बराबर भनिरहनु हुन्थ्यो— "हेर्नोस् तपाईँको संगत र तालीमले मेरी छोरी धेरै समझदार र बुद्धिमती भइसकी।"

बाका हजार टंटा थिए—धर्मोपदेश लेख्नु, बिरामी हेर्न जानु, आपदमा फँसेका छरछिमेकीहरूलाई सल्लाह दिनु इत्यादि। घरमा खालि मामा र म, हामी दुई जीउ घर कुरुवा हुन्थ्यौं। त्यस्तो मौकामा बालाई सुखी तुल्याउन मैले के के गर्नपर्दछ, मामा जानु भएपछि मैले आफूलाई सुधार्न के के गर्नपर्दछ भन्ने विषयमा उहांले लामो गन्थन गर्नु हुन्थ्यो। अब बल्ल मैले राम्ररी बुझन थालें आमाको चिहानमा बा जानु होला भनेर उहांले किन त्यसरी मरीमेटी कोशीश गर्नु भएको। बालाई त एक न एक थोकमा अल्मलाएर उहांले घरै वा अन्त कतै राख्नुहुन्थ्यो। तर म त सबैको आँखामा छारो हाली पुग्थें त्यहाँ आकुल-भुकुल र आंखा भरी हेर्थें र श्रद्धा र भक्तिले नुहुन्थें, किन भने आमा एउटी भद्र महिला थिइन् भन्ने कुराको मामाले मेरो मनमा अमिट छाप मारिराख्नु भएको थियो। अघि आमालाई एउटा शब्द ठान्थें, जीवनसंग सम्बन्धै नभएको एउटा आदर्श वस्तु ठान्दथें; अब पो उहांको यथार्थताको ज्ञान भयो। कुनै दिन उहां पनि हामी जस्तै रगतमासुको जीव हुनुहुन्थ्यो भन्ने कुरा मनमा भिज्यो। गाउँ घरका मुखियाका छोरीबेटीहरूसंग त्यति गहक छैन र गाउँभरमा सबभन्दा गुणी कहलिएकीसंग त्यति गुण छैन जति आमासंग थियो, र, उनी जिउँदी हुँदी हुन् त तिमीलाई म जस्तो धुस्रे-फुस्रे जहाजीसंग लेखापढी सिक्न कर लाग्ने थिएन, न सुसनसंग सिउन बुन्न सिक्नु पर्ने थियो, उनी आफैले मिहिनेत गरी हाड घोटी महिला-सुहाउँदा सूक्ष्म कलाहरू तिमीलाई सिकाउने थिइन्, शिष्टाचार लोकाचार सिकाउने थिइन्, कुन कुन पुस्तक पढाउन उचित होला भनी रोज्ने थिइन् भन्ने कुरा मलाई सविस्तार सुनाउनुहुन्थ्यो। यो जुनीमा पछि कुनै दिन आदर्श महिला त्यो हो जसमा यो यो गुण सामेल हुनुपर्दछ भन्ने उचित चेतना मेरो मनमा संचार हुनगयो भने मैले त्यसलाई मेरो यो धुस्रे-फुस्रे मामाको शिक्षाको फल हो भन्ठान्ने छु, किन भने आमाले भए तिमीलाई यस्तो बनाउने थिइन् भन्ने व्याख्यान गरी उहांले एउटा आदर्श, एउटा ध्रुवतारो, मेरो जीवन-गोरेटोमा चम्काइदिनुभयो र मामा जानु भएको केही दिनपछि, जब मुखियाका छोरीबेटीहरूसंग मलाई चिन्हाइयो, मैले एउटी लाटी गाँउले ठिटीले भैं लाजले खुम्ची एकै डल्लो हुनुको साटो-( मामाको शिक्षा र सुसंगत पाउनु भन्दा अघि भए अवश्य धक मानी टाउको उठाउन सक्ने थिएन ) मामाको बयान अनुसार—आमाले भए त्यस अवस्थामा जसरी व्यवहार गर्नु हुने थियो—त्यसै नै मैले गर्ने कोशीश गरें। अर्थात् मैले असजिलो

मानिन, पासोमा परेको चरोझैं उम्कनैको छटपटी गरिन, अहंकार देखाइन, विनयले नुही चाहिंदो कुरा स्पष्ट शब्दमा गर्न कोशीश गरें, रातो मुख गरी टाउको झुकाउनुको साटो, उनीहरूको आँखाको तहमा आफ्नो आँखा उचाली उनीहरूको मुख राम्ररी हेरें र सभ्य महिला भनेका भला, आँखामा हाले पनि नबिझाउने जस्ता हुँदा रहेछन, आमा त अझ उनीहरू भन्दा पनि सभ्य शिष्ट हुनुहुन्थ्यो रे भने कस्तो देखिनु हुन्थ्यो होला भन्ने अनुमान गरें;.अनि जब उनीहरूले बालाई कति राम्रो शील स्वाभाव तपाईंकी छोरीको, कति फरासिली, बडो रामोसंग हुर्काउनु भएको रहेछ भनेर सहुनीको पुल बाँध्न थाले, मैले आफैंसंग भनें--"म ज्ञानी भएर बसिदिनुपर्दछ, बालाई पुगिहाल्दछ। मेरो चाल-चलन आनीबानी कस्तो छ, अथवा कस्तो बनाउनु पर्दछ, उहाँलाई उत्तिको चासो हुँदैन। आमाको साँचोमा मलाई ढाल्नु भएको मामोले पो त।" मामाले आफूलाई धुस्रो मानिस भनेर घोषणा गर्नुहुन्थ्यो। तर म त त्यसो हो भन्न सक्तिन, किन भने उहाँले दिनुभएको शिक्षा यति चाहिंदो र गहकिलो थियो कि, म आश गर्दछु त्यसको संझना पछिसम्म रहिरहने छ र पछिसम्म त्यसले जंघारको लहुरोले झैं काम दिइरहला। मीठो वचन, साधा तर सुहाउँदो पहिरन, नम्र स्वभाव, सभ्य चलन साथै फोस्रो धाक, बाहिरी ढाँचा, नकल झक्कल आदि शब्दहरू जब कुरै कुरामा प्रयोग हुन्थे, उहाले तिनीहरूको अर्थ बुझाइदिनुहुन्थ्यो र गिर्जाघरको प्रार्थना सभामा हिस्सा लिन आउने महिलाहरू र कुर्कुरे बैंसका ठिटीहरूको मिल्दो दृष्टान्त देखाई मनमा वज्र-लेप गराइ-दिनु हुन्थ्यो। बाको धर्मोपदेश विछट्टै मनतान्दो र चाख लाग्दो हुन्थ्यो, त्यसैले भेगभित्रका जम्मैजसो स्वास्नीमानिस लोग्नेमानिस केटाकेटी बूढाखाढा, मुखियाका छोरीबेटीहरू समेत त्यहीं टिनु लाग्दछे।

मेरो मामा जानुभएको वसन्त ऋतुको शुरूमा हुनुपर्दछ किन भने तिनताक बगैंचाको शून्यतामा कोयली चरीको गीत भख्खर भख्खर गुंज्न थालेको थियो र पहलाउँदो काँढा-को झाडको कापबाट अत्तर गुलाफहरू च्याउन थालेका मात्र थिए। विदावादी भएर जसै उहाँ जानु भयो र रूखको बीचमा एउटा साँघुरो सोतोबाट जब मैले उहाँको अन्तिम झल्का पाएँ, म अजार-बजार गरी रोएँ--मुटु नै फुटाल्छु भने झैं। शहरसम्म उहाँ-लाई पुर्याउन बा जानु भयो। त्यहाँबाट भाडा-बग्गी चढी मामा लण्डन जाने र बा घर फर्कने भन्ने थियो। मलाई फुल्याउन, मेरो शोकको बेग थाम्न, सुसनले अनेक उपाय गरी। सबै फुस्सा! कस्तो न्याम्रो लाग्दो थियो उसको प्रयास। मलाई संझना भयो त्यस ठाउँको जहाँ मामासँग पहिलो भेट भएको थियो। अनि मैले विचार गरें गएर बसुँला त्यो ठाउँमा, र त्यो दिनको यावत् घटना जपमाला झैं मनमा फिरा-उँला। त्यहाँ गएँ, बसें, तर त्यहाँ त शान्ति मिल्ला भन्ने जुन आश थियो त्यो पुगेन। त्यहाँ गई बसेकी मात्र थिएँ— जानी नजानी उहाँलाई आमाको चिहानमा लगी झस्क्या-

एको,अर्को पटक त्यही ठाउँमा बसी मेरो निंति किताप खरीद गर्न भनी त्यति टाढा शहरमा जानु भएको मानिसलाई कहिले फर्केर न आओस् भनी सरापिरहेको, उहाँसंग खेल्ने, जिस्किने औसर सँधैको निंति अस्ताइसकेको थियो, खेल्दा-खेल्दै मैले उहाँसंग गरेको झगडा, मच्चाएको बिनाकारणको रडाको—सबै एक एक गरी पीपलका पात झैं मेरो मनमा काँप्नथाले--मेरो मुटु फुट्ला जस्तो भयो। केही लागेन, मनको व्यथा साम्य गर्न सकिन, दौड्दै सुसनकहाँ जान मलाई कर लाग्यो त्यो सान्त्वनाको निंति जसलाई एक दिन अघि मात्रै मैले थुकी छोडेकी थिएँ।

केही दिनपछिको कुरो। म बासंग अगेना अगाडि बसिरहेकी थिएँ। अँध्यार अँध्यारो भइसकेको थियो, तर बत्ती बलेको थिएन। मामा जानु भएको दिनदेखि मेरो आत्मालाई भार भइरहेका कुराहरू जति थिए ती जम्मै—मूर्दा गाड्ने जग्गाको समीपमा। मामासंग पहिलो भेट भएको, त्यस वेला मैले उहाँलाई गरेको निठुरी व्यवहार, उहाँसंग आफैं अघैंलो भइ गरेका झगडाहरू र त्यसको संझनाले मेरो मुटुमा कसैले खस्रो करौंती चलाएझैं भइरहेको व्यथा, इत्यादि उहाँको अगाडि पसारो पारिदिएँ।

बाले मुसुक्क हाँसी मेरो हात समाती भन्नुभयो—"छोरी वास्तवमा कुरो के हो म संझाउँछु, सुन। जसलाई हामी माया गर्दछौं त्यो व्यक्तिसंग जव हाम्रो साथ छुट्दछ, हामी सबैको भावना यस्तै हुन्छ,—हाम्रा प्यारा साथीहरू जबसम्म हाम्रो साथमा हुन्छन्, उनीहरूको सहवासमा बसी हामी स्वाद लिन्छौं, उनीहरूसंग बस्न पाउनु ठूलो भन्ने कुरापट्टि विचारै गर्दैनौं, न उनीहरूसंग गरेको व्यवहार ठीक छ छैन विचार गर्दछौं—हाम्रो मनोभावना स्वादिलो वा खल्लो जस्तो छ त्यही उनीहरूमा बाँड्दछौं र कहिलेकाहीं कुनै किसिमबाट हामीले उनीहरूलाई केही भनी वा गरी बिझायौं भने हाम्रो गाँठो खुकुलो भएको जस्तो हुन्छ हो, तर केही दिनपछि रहँदा बस्दा हाम्रो मिजाज थातमा फर्कन्छ, अबि हाम्रो गाँठो पहिलेभन्दा झन् बलियो हुन्छ। बीच वीचको झगडाले हाम्रो मायाको मोल बढाउँछ। तर जब हाम्रो मायाको भाँडो सँधैको लागि हामीबाट बिछोड हुन्छ त्यसवेला हाम्रो आँखा खुल्दछन्, हामीले उसलाई गरेको व्यवहारमा हुन गएको बिरामहरु देख्दछौं र हामीलाई थकथकी लाग्छ। हाम्रा विरामहरु सच्याउनै पाउँदैनौ। तिम्री आमा र मेरो बीचमा कहिल्यै झगडा भएन; तै पनि विछोडको पहिलो झम्टामा, यस्ता कैयौं स्याहार-संभार संझें जुन यदि मैले बेलैमा गरिदिइहालेको भए तिनको दुई दिनको जुनी अझ सुखमय हुने थियो। मलाई असह्य पीर लागेको थियो। तिमीलाई पनि मलाई जस्तै भएछ छोरी। मामालाई खुशी पार्न एउटी सानी केटीबाट जति हुन सक्छ त्यति तिमीले गर्‍यौ र तिम्रो मामाले पनि तिमीलाई अतिशय माया गर्नु भयो। अहिले जे संझी तिम्रो कमलो मन कल्पिरहेछ ती सासाना कुराहरु संझी

तिम्रो मामा रमाइरहनु भएको थियो । उहाँलाई शहरसम्म पुर्‍याउन जाँदाखेरि उहाँले तिम्रो मन चोर्न पहिले कति गाहारो भएको थियो भन्ने कुराको चर्चा बाटो भरी सुनाउँदै जानु भएको थियो । त्यसवेला तिम्रो मनमा पनि त्यही कुराहरु खेलिरहेका हुँदा हुन् र तिमी अपशोच मानिरहेकी हुँदी हौ । तिमो यहाँ छौ, उहाँ अर्कै देशमा । तर, त्यसो भए तापनि तिमिसँगको उठवस उहाँले कहिल्यै बिर्सनु हुनेछैन ! पन्छाऊ मनबाट यो बेफ्वाँकको पछुतो । अब उप्रान्त तिमी जसलाई माया गर्दछ्यौ, आफ्नू भन्दछ्यौ, उसलाई सकेसम्म राम्रो व्यवहार गरी रिझाउनु पर्दछ भन्ने पाठ यो घटनाले तिमीलाई पढाओस्, त्यत्ति हो । अर्को कुरा मनमा यो पनि लिइराख-जब तिमीले माया गरेको मानिसले तिमीलाई छाडेर जान्छ, त्यस वेला मैबे हरे यो कुरा बिराइछु अथवा त्यहाँनिर यति माया देखाउने ठाउँ थियो भनेर चित्त दुखाउनु हुँदैन । तिमीले आफ्नो मनको अवस्थाको जुन चित्रण अहिले भरखर गर्‍यौ त्यो त छोरी मनुष्यजातिको कर्मलेखा हो । त्यस्तै तिमी अनुभव गर्लेऊ-जब म मर्दछु, त्यस्तै तिम्रा छोरा-छोरीले जब तिमी मर्लेऊ । तर वेटसि, तिम्रो मामा त एकदिन फर्केर आउनुहुनेछ । अब अरु जम्मै कुरा छोडिदिऊँ, उहाँले ल्याऊँला भन्नुभएको बोलैया सुगा राख्नलाई पिंजरा एउटा कहाँ खोजूँ कहाँ पाऊँ भन्ने विचार गरौं । अंधेरो भएछ, लौ जाऊ त वेटसि, सुसनलाई बत्ती चाँडो ल्याउनू भन । उसले हामीलाई चिया संगै केक पनि ल्याइदिन्छु भनेकी थिई हगि, त्यो तयार भयोको छैन ? भनेर पनि सोध, है, !"

[ अनुवादक-तीर्थराज ]

## सम्पादकीय :—

# साहित्यको यथार्थवादी परिभाषा

परोक्षलाई अनुभूत गरी शब्दका माध्यमले प्रत्यक्ष गर्नु साहित्यकारको कर्म हो। यो परोक्ष भूत, वर्तमान र भविष्य तीनै अवस्थाको हुनसक्दछ र ज्ञात्, अज्ञात्, व्यक्ति, समाज, प्रकृति, विचार, कल्पना, भावना आदि यावत् पनि। साहित्यको विषय-वस्तुलाई यस अर्थमा परोक्ष भनिएको छ कि त्यो परोक्षवस्तु श्रोता र पाठकको चर्मचक्षु अथवा मनका-आँखाको सन्मुख त्यस रूपमा उपस्थित हुँदैन, जुन रूपमा साहित्यकारले त्यसलाई देखिरहेको अथवा देखिसकेको हुन्छ। कुरा के हो भने साहित्यकार कथ्थक अथवा बयान-लेख्ने मानिस अथवा फोटोग्राफर होइन; न साहित्य एउटा अड्डाको फैसला अथवा फोटो हो। यो त सर्वमान्य नै भएको छ कि आजको साहित्य सिर्जनाको मूल उद्देश्य सामाजिक मनुष्यको मंगल विधान हो; पृथ्वीलाई स्वर्ग बनाउनु आजको साहित्यकारको लक्ष्य छ। परन्तु, यस महान् कार्यलाई जब उसले आफ्नो कर्तव्य सम्झन्छ, तब उसले आफूमाथि पर्न आएको दायित्वलाई बुझ्नु पर्दछ। बिलकुलै यो ठीक हो कि साहित्यकारले समाजको दोष, दुर्गुण आदिलाई जानोस्, तर उसले जानेको, बुझेको र देखेको कुराले मात्र एक सच्चा साहित्यकारको कर्तव्य सम्पन्न हुँदैन। जसरी एक अनुभवी डाक्टरले रोगीको समस्त विकारलाई पत्तालाएर रोगको निदान गर्छ र रोगीको स्वास्थ्य-वृद्धि हुने लक्षणलाई जानेर उपचार गर्दछ त्यसैगरी साहित्यकारले समाजको सम्पूर्ण अंगको विकारहरुलाई जानेर समाजलाई हृष्ट-पुष्ट तथा स्वच्छ र स्वस्थ बनाउने लक्षण पनि पत्तालाउनु पर्दछ। यहाँ प्रश्न उठ्न सक्दछ कि यसो हो भने त साहित्य र राजनैतिक-वादमा के भिन्नता रह्यो ? साहित्यले पनि 'वाद'-को प्रचार गर्ने ? कुरा यस्तो होइन। साहित्य कुनै 'वाद'-सँङ बाधिन सक्दैन; बांधियो भने त्यो आफ्नो लक्ष्यबाट च्यूत हुन्छ। त्यस्तै साहित्य प्रचार पनि होइन; तर भनाइको तात्पर्य साहित्यको सामाजिक उपादेयता छैन भन्ने पनि बुझिनु हुन्न। हामीले बुझ्नु छ कि हाम्रा महान् साहित्याचार्यहरुले साहित्यलाई उपयोगिताको आधार भूमिमा प्रतिष्ठित गर्दै 'शिवेतरक्षतये'-लाई पनि प्रतिपादित गरेका छन्। अशिवको नाश, साहित्यको परम पवित्र अनुष्ठान हो। अशिवको क्षति नै समाजको मंगल विधान हो। साहित्यिकले अवलोकन र निरिक्षण गर्नुपर्दछ कि अशिवको नाश पारी आफ्नो समाजलाई कतातिर लैजाने; कहीं त्यो पथभ्रान्त नहोस् जसमा अझ असुन्दर र अशिवको उत्पत्तिले त्यो झन गहिरो गर्तमा नजाकियोस्। साहित्यकारलाई स्रष्टा र द्रष्टा भनेको अभिप्राय नै यही हो।

साहित्यकारले अनुभूत गरेको यथार्थलाई क्यामेराको प्लेटमा कुनै वस्तु जस्तो छ ठीक त्यस्तै रूपमा प्रतिबिम्बित भएभैं व्यक्त गर्ने र गराइने अपेक्षा कसैले लिन्छ भने त साहित्यको सिर्जना नै निष्प्रयोजन जस्तो देखिन आउँछ; कला र सौन्दर्यको उपासनाको प्रवृत्ति नै कुण्ठित हुन बेर लाग्दैन। साहित्यकारको चर्म-चक्षुले ठोस यथार्थलाई दृष्टि-गोचर गरे पनि उसको आभ्यन्तर-नयनले त्यस यथार्थको सूक्ष्मभन्दा पनि सूक्ष्मलाई हेरेको हुनुपर्दछ र उसको हृदयमा त्यो यथार्थको छाप क्यामेरामा प्रतिबिम्ब उत्रेभैं हुनुहुन्न। यथार्थको जुन अनुभूति लेखकको हुन्छ, त्यो न यान्त्रिक हुन्छ, न सामान्य नै। साहित्य—श्रेष्ठ साहित्य—उदाहरणार्थ महाभारतलाई नै लिउँ—, महाभारत आफ्नो युगको यथार्थहरूको काव्य हो। एउटा गम्भीर यथार्थवादी लेखक भएकाले व्यासले आफ्नो युगको व्यापक र महत्वपूर्ण समस्याहरुलाई लिएर एक उत्कृष्ट काव्यको रचना गरे। युद्धका उपकरणहरु एकत्र हुनु, अनि युद्धको अनिवार्यताले चिन्तित भएर युगपुरुष कृष्णले त्यसलाई हटाउने विराट् प्रयत्न गर्दागर्दै पनि युद्ध-अनिवार्य-परिस्थिति हुनु र युद्ध भएपछि त्यसबाट उत्पन्न दयनीय परिस्थिति देखेर काव्यकारले स्थायी शान्तिको महान् प्रयत्न देखाउनु इत्यादि पढ्दा हाम्रो मनोदशा कस्तो हुन्छ ? हामीमा त्यसले कस्तो प्रभाव पार्दछ ? हाम्रो सहानुभूति कता जान्छ ? तथा हामी के खोज्दछौं ? यी कुराको स्पष्ट उत्तर एउटा इमान्दार साहित्यिकले दिन हिचकिचाउने छैन। हामी भन्दछौं महाभारत सम्पूर्ण, सर्वाङ्गपूर्ण र व्यापक यथार्थवादी काव्य हो। 'यथार्थ' भनेर खलबल गर्नुभन्दा पहिले महाभारत जस्ता विश्वसाहित्यका कृतिहरूलाई पढेर, बुझेर, मनन गरेर मात्र यस दिशातिर बढ्नु उचित देखिन्छ।

साहित्यकार र सर्वसाधारणको बीचमा भिन्नता यहीं देखिन्छ कि दुबैको अनुभूति क्षेत्र एकै भएर पनि हेराइमा विशाल अन्तर हुन्छ, तथा दुबैको भाषा एकै भएर पनि अभिव्यक्तिमा विशाल अन्तर हुन्छ। एउटाले भनेकोबाट हामी प्रभावित भएर विचित्र आनन्दको अनुभव गर्दछौं, अर्काको भनाइबाट हामी प्रभावित् हुन्नौ। कलाकारले अनुभूत गरेको यथार्थ उसको प्राण-रसमा भिज्न पाएर तथा उसको कला-कौशल द्वारा सजिएर अभिव्यक्त हुने हुनाले त्यसमा प्रभाव पार्न सक्ने, अरुको मर्मलाई स्पर्श गर्नसक्ने सामर्थ्य हुन्छ।

समाजका सडे गलेका एवं समाजलाई मक्क्याउने घुनलाई नाशेर सामाजिक मनुष्यको अभिनव-विकासमा पूर्णरूपेण सहयोग गर्दै पृथ्वीलाई स्वर्ग बनाउनु आजको यथार्थ हो। यसलाई सम्भवतः आजको कुनै पनि कलाकारले अवहेलना गरोइन। तर, हामीले भनिसकेका छौं कि वर्तमान र प्रत्यक्ष मात्र यथार्थ होइनन्; न जन-जीवन मात्र हो, न-त आर्थिक तथा वर्ग-संघर्ष मात्रै मनुष्य-जीवनको यथार्थ हो। शोषक र शोषित

को संघर्ष तथा वर्ग-समाज र वर्ग-मुक्त-समाजको ह्रास र विकास आदि पनि सत्य—यथार्थ हुन्; तर, यतिलाई मात्र सत्य–यथार्थ भनेर साहित्यको विराट् यथार्थवादी क्षेत्र-लाई उपेक्षा गर्नसकिन्न, न त यी समस्याहरुलाई राजनैतिक रूपबाटझैं साहित्यमा उपयोग गर्न सकिन्छ। साहित्य जीवन जस्तै अजस्र वैचित्र्य छ। यसको उत्स अनन्त छ, असीमित छ। मनुष्यको वैविध्यपूर्ण जीवय नै साहित्यकारको अनुभूति क्षेत्र हो। तसर्थ कसैको वेदनाबाट विचलित भएर, प्रकृतिको मनोरम दृश्यले प्रवाहित भएर, कसैको विरह-व्यथामा व्यथित भएर, कसैको उत्फुल्ल आनन्दले खुशी भएर लेखकले साहित्य सिर्जन्छ भने त उसलाई यसानिम्ति हेय, निकृष्ट भन्नु कि उसले वर्ग-संघर्ष-लाई तीक्ष्ण बनाउने साहित्य रचेन अथवा शोषकलाई गालिगरेन, बिलकुलै अयथार्थ-वादी र असाहित्यिक दृष्टिकोण हो। विश्वका प्रत्येक प्राणीको आशा-अभिलाषा, सुख-दुःख र भावना, कल्पना केवल वर्ग-संघर्ष र आर्थिक विषम समस्याहरुसँग मात्र सम्बन्धित छैनन्। हो, यो कुरा त कलाकारको कुशलतामा निर्भर गर्दछ कि उसले अनुभूत गरेको यथार्थलाई कहाँसम्म उसले साधारिकरण र प्रभावशाली बनाउन सक्दछ।

आजको शोषित र पीडित मान्छे आफ्नो गाँस, बास र कपास तथा अधिकारका-लागि संघर्षरत छ भने उसलाई मेघदूत, शकुन्तला, मुना-मदन, अन्धवेग, पवित्रा, कृष्णे र खुकुरी, गुनकेशरी आदि कृतिले कसरी आनन्द दिन सक्दछन् भन्ने पनि सुनिएको छ। किन्तु यो कुरा तथ्यहीन जस्तो देखिन्छ। शोषित र पीडितहरु पनि मनुष्य नै हुन्, कुनै यन्त्र होइनन्। पेटको ज्वाला मेटिएर मात्र मनुष्यको जीवन सुखी र शान्त हुँदैन, यसभन्दा पनि बढता उ आफ्नो मनलाई शान्त, स्वस्थ र निर्मल पार्नुको सङ्सङ्गै विचित्र आनन्दको रसास्वादन गर्न पनि खोज्दछ। यस कुरालाई हामी यसरी प्रष्ट देखाउन सक्दछौं कि माथि उद्धृत गरिएका कृतिलाई त आभिजात्य वर्गका लेखकको कृति भएकाले आँखाचिम्लेर मनमा आएको कुरा भन्न सक्दछौं; तर हाम्रा पहाडका कुना काप्चामा बसेका शोषित पीडित जनताको हृदयबाट निस्केको रोमानी भावनामय उद्गारलाई के भन्ने ? बुर्जुआ-साहित्य अथवा लोक-साहित्य ? हामी भन्न सक्दछौं कि यी रोमानी उद्गार पनि यथार्थकै अभिव्यक्ति हुन् जसले हामीलाई जन-जीवनको सत्य-यथार्थसङ्ग परिचित् गराउँदछन्। अर्को कुरा लोक-साहित्यमा गाँस, बास र कपास अथवा शोषक र शोषितका कुरा त्यति पाइँदैनन् जति प्रेम, विरह, वियोग, भक्ति, वीरता आदिको अभिव्वक्ति पाइन्छ। यस अवस्था-मा शोषित जनता संघर्ष बाहेक अरू केही चाहन्नन् भन्न सकिन्न। हामीले त सौन्दर्य-को सिर्जना गर्नै पर्दछ—यसमा त कुनै विवाद हुनै सक्तैन; हो सौन्दर्यको उपभोग कुनै वर्ग अथवा व्यक्तिमा मात्र सीमित हुनु हुँदैन; यसको रसास्वादन सबैले समान रूपमा उपभोग गर्नसक्ने अनुकूल परिस्थितिको निर्माण गर्नु पर्दछ। साहित्यकारसँङ यस्तो

यथार्थलाई मात्र लेख्नु, यस्तो नलेख्नु भनी एक प्रकारको हुकूम चलाउनु घोर विडम्बना हो । आश्चर्य ! छ कि समस्त जीवनको यथार्थलाई अभिव्यक्त गर्नु संकुचित देखिन्छ र अर्कोतिर दुइ-चारओटा दाउ-पेच लडाउने विषयमा मात्र लेख्ने चाहीं उदार र यथार्थवादी कहिन्छ ।

साहित्य शब्दबाटै जीवनसँङ यसको कति घनिष्ट सम्बन्ध छ सो यहाँ देखाइरहनु पर्दैन र मानवीय उत्कर्षमा साहित्यको महत्वपूर्णयोगपनि यहाँ उल्लेख गर्ने जरूरत छैन । परन्तु, साहित्यमा श्लील र अश्लीलको पार्थक्य त हुनै पर्दछ एवं समाजलाई अकल्याण गर्ने कुरामा साहित्यकारले आफूलाई नियन्त्रण गर्नै पर्दछ । यो नियन्त्रण पनि कसैको दबाब अथवा आदेशले होइन, अपितु यसनिम्ति कि साहित्यकार पनि सामाजिक मनुष्य हो र समाजको अकल्याण भएमा उसको पनि हानी हुन्छ; यसनिम्ति उसलाई आफ्नो समाजको अकल्याण गर्ने अधिकार छैन । अतः उसले यस्तो यथार्थको चित्रण कदापि गर्नु हुँदैन जस्ले पाठकको हृदयमा कुत्सित भावनाहरु उत्पन्न गर्दछन्, पशुवृत्तिलाई उत्तेजित पार्दछन् । अश्लील, घृणीत र बीभत्स वर्णनदेखि सच्चा साहित्यकारले सदैव पृथक रहनु पर्दछ । यथार्थवादको नाउँमा 'नांगी-स्त्री' जस्त यौन-भावना र क्रियालाई यथार्थ ठानेर वर्णन गर्ने केही प्रवृत्ति पनि देखापरेक छन्; ता यीप्रवृति बाहेक साहित्य होइनन् । विचार गर्नु पर्दछ कि मनुष्य पशु होइन र साहित्यकार मनुष्य भएकाले यस्तो गर्न सक्दैन । समाजको दुःख, पीडा, बन्धन तथा हीतका कुरालाई साहित्यकारले बिर्सन सक्दैन; साहित्यकारको यथार्थ—'सत्य'सङ 'शिव' पनि हुनुपर्दछ जो मनुष्यलाई पशुवृत्ति र पार्थिवता भन्दा माथि लैजाने कार्यमा सहायक हुन्छ । यहाँ साहित्यले नीति—उपदेशात्मक हुने ? भन्ने प्रश्न गर्नसकिन्छ; तर साहित्य र नीतिमा यही भेद छ कि साहित्यले सामाजिक हितको कुरा साक्षात् उपदेश द्वारा गर्दैन । सौन्दर्य सृष्टि द्वारा आनन्दको वितरण साहित्यकारको प्रधान उद्देश्य हो र यस आनन्दद्वारा व्यक्तिलाई पशुवृत्तिभन्दा माथि उठाएर नै साहित्यकार, प्रधानतया परोक्षरूपले, समाजको हित गर्दछ—यद्यपि यदा-कदा उ कलात्मक ढंगले कुनै आदर्श उपस्थित गरी उपदेश पनि दिन सक्दछ ।

साहित्यमा यथार्थको चित्रण हुनु अत्यावश्यक छ तर यथार्थ चित्रणको आशय केवल शोषित जीवनका ती अंगलाई मात्र चित्रण गर्नु, जसको सम्बन्ध आजको आर्थिक एवं वर्गिक समस्यासँङ मात्र छ, भन्ने होइन । यदि यस्तो संकुचित अर्थ लगाइन्छ भने स्पष्टतः यस प्रकारको दृष्टिकोण एकांगी हो । जीवनको व्यापक यथार्थलाई उपेक्षा गरी श्रेष्ठ-साहित्यको निर्माण हुन सक्दैन; उपेक्षा गरिन्छ भने स्वस्थ साहित्यको श्रीवृद्धि असम्भव छ तथा यस्तो प्रवृत्तिलाई भविष्यले अनुदार असाहित्यिक एवं अस्वाभाविक भन्ने छ ।

नरेन्द्र यन्त्रालय काशी